अध्याय २९

# ख्रीष्टका पदहरू

# The Offices of Christ

***ख्रीष्ट कसरी अगमवक्ता, पूजाहारी र राजा हुनुहुन्छ ?***

## व्याख्या र धर्मशास्त्रीय आधार

पुरानो करारमा इस्राएलका मानिसहरूमाझ तीनवटा प्रमुख पद वा ओहोदाहरू थिए – *अगमवक्ता* (जस्तै नातान, २ शमू ७:२), *पूजाहारी* (जस्तै अबियाथार, १ शमू ३०:७), र *राजा* (जस्तै राजा दाऊद, २ शमू ५:३)। यी तीनवटा पदहरू पृथक थिए। अगमवक्ताले इस्राएलीहरूलाई परमेश्वरको वचन बोलिदिन्थे; पूजाहारीले इस्राएलीहरूका पक्षमा परमेश्वरलाई बलिदान, प्रार्थना र प्रशंसाहरू चढ़ाउँथे; अनि राजाले परमेश्वरका प्रतिनिधिका रूपमा प्रजालाई शासन गर्थे। यी तीनवटा पदहरूले विभिन्न तरिकामा ख्रीष्टका कामको पूर्वाभास दिए। यी तीनवटा पदहरू वा संवर्गहरूको परिप्रेक्ष्यबारे विचार्दै त्यसकारण अब हामी फेरि ख्रीष्टको कामलाई हेर्न सक्छौं।[1] ख्रीष्टले निम्निलिखित तरिकामा यी तीनवटा पदहरू निर्वाह गर्नुहुन्छ – *अगमवक्ताका रूपमा* उहाँले हामीकहाँ परमेश्वर प्रकट गर्नुहुन्छ र हामीलाई परमेश्वरको वचन बताइदिनुहुन्छ; *पूजाहारी*का रूपमा उहाँले हाम्रो पक्षमा बलिदान चढ़ाउनुहुन्छ अनि चढ़ाइएको बलिदान उहाँ नै हुनुहुन्छ; राजाका रूपमा उहाँले मण्डली साथै विश्वलाई शासन गर्नुहुन्छ। अब हामी यी पदहरूलाई अझ विस्तारित रूपमा छलफल गर्नलाई अघि बढ्नेछौं।

### क. अगमवक्ताका रूपमा ख्रीष्ट

पुरानो करारका अगमवक्ताहरूले इस्राएलीहरूलाई परमेश्वरका वचनहरू भन्थे। मोशा प्रथम प्रमुख अगमवक्ता थिए अनि उनले बाइबलका प्रथम पाँच पुस्तकहरू, अर्थात्, पेन्टटुक, लेखे। मोशापछि क्रमागत रूपमा अन्य धेरै अगमवक्ताहरू आए जसले परमेश्वरका वचनहरू बोले अनि लेखे।[2] तर मोशाले यो पूर्वाणी गरे कि

[1]ख्रीष्टको कामलाई यी तीनवटा संवर्गहरूमा छुट्ट्याउने प्रमुख ईश्वरशास्त्री John Calvin (१५०९-६४) थिए। (हे. उनको *Institutes of the Christian Religion*, भाग २, अ. १५)। ख्रीष्टका कामका विभिन्न पक्षहरूलाई बुझ्ने उपायको रूपमा ती संवर्गहरूलाई पछिका धेरै ईश्वरशास्त्रीहरूले अपनाएका छन्।

[2]हे. पुरानो करारको क्याननमा पुस्तकहरू लेखनबारे छलफल, अ. ३ भित्र।

कुनै समय उनी (मोशा) स्वयम्‌जस्तै अर्का अगमवक्ता आउनेवाला थिए।

> परमप्रभु तिमीहरूका परमेश्‍वरले तिमीहरूका आफ्नै दाजु-भाइबाट *मजस्तै एउटा अगमवक्ता* तिमीहरूका निम्ति खड़ा गर्नुहुनेछ। तिमीहरूले तिनको कुरा सुन्नू। ... परमप्रभु तिमीहरूका परमेश्‍वरसँग तिमीहरूले यही बिन्ती गरेका थियौ ... परमप्रभुले मलाई भन्नुभयो ... "तिनीहरूका निम्ति तिनीहरूका दाज्यु-भाइमध्येबाट तँजस्तै म एउटा अगमवक्ता खड़ा गर्नेछु। म मेरो वचन तिनको मुखमा हालिदिनेछु, र मैले आज्ञा गरेका सबै कुरा तिनले तिनीहरूलाई भन्नेछन्" (व्यव १८:१५-१८)।

तर हामीले सुसमाचारका पुस्तकहरू हेर्‍यौं भने हामी यो देख्छौं कि येशूलाई *मुख्यत:* अगमवक्ताका रूपमा वा मोशाजस्ता अगमवक्ताका रूपमा हेरिँदैन, यद्यपि यस्तै रूपमा हेरिनुभएको यदाकदाका सन्दर्भहरू छन्। जसले येशूलाई एक "अगमवक्ता" भन्थे तिनीहरूले उहाँबारे प्राय: धेरै कम जान्दछन्। उदाहरणार्थ, येशूका बारेमा विभिन्न मतहरू फैलिरहेका थिए, "कसैले बप्तिस्मा-दिने यूहन्ना, कसैले एलिया, र कसैले यर्मिया वा *अगमवक्ताहरूमध्ये कुनै एक जना हुन्* भन्छन्" (मत्ती १६:१४; तु. लूक ९:८)। येशूले नाइनकी विधवाको एउटै छोरालाई मृतकहरूबाट जीवित बनाउनुहुँदा मानिसहरू डराएका थिए र तिनीहरूले भने, "एउटा महान् अगमवक्ता हाम्रा बीचमा प्रकट भएका छन्!" (लूक ७:१६)। येशूले त्यो कुवामा सामरी स्त्रीलाई तिनको विगतको जीवनबारे केही बताइदिनुहुँदा तिनले तुरुन्तै उत्तर दिइन्, "हजूर, तपाईं *अगमवक्ता* हुनुहुन्छ भनी म थाहा पाउँछु" (यूह ४:१९)। तर त्यस बेला तिनले उहाँका बारेमा धेरै कुरा जान्दैजानेकी थिइनन्। जन्मैको अन्धो मानिसको पनि यस्तै प्रतिक्रिया थियो जसलाई मन्दिरमा दृष्टि दिइएको थियो, "उहाँ *अगमवक्ता* हुनुहुन्छ" (यूह ९:१७, यस कुरामा ध्यान दिनुहोस् कि पछिबाट येशूसँग जबसम्म तिनको कुराकानी भएन तबसम्म, अर्थात् ३७ पदमा मात्र येशूका मसीहपन र परमेश्‍वरत्वमा तिनको विश्‍वास जागृत भयो)।[३] त्यसकारण "अगमवक्ता" येशूको मूलभूत पद होइन, वा उहाँद्वारा वा उहाँको बारेमा प्राय: नै प्रयोग गरिएको पद होइन।

तरै पनि मोशाजस्तै एक जना अगमवक्ता आउनेछन् भन्ने प्रत्याशा थियो (व्यव १८:१५, १८)। उदाहरणार्थ, येशूले रोटी र माछाको संख्यालाई बढ़ाइदिनुभएपछि मानिसहरू विस्मित् बने, "संसारमा आउने अगमवक्ता साँच्चै उहाँ नै हुनुहुँदोरहेछ!" (यूह ६:१४; तु. ७:४०)। पत्रुसले पनि येशूलाई मोशाद्वारा पूर्वघोषित अगमवक्ता भनी चिन्हित गरे (हे. प्रे ३:२२-२४, व्यव १८:१५ उद्धृत गर्दै)। अत: येशू वास्तवमै मोशाद्वारा पूर्ववाणी गरिनुभएको अगमवक्ता नै हुनुहुन्छ।

तथापि, यो महत्त्वपूर्ण कुरा हो कि धर्मपत्रहरूमा येशूलाई कहिल्यै पनि अगमवक्ता वा पूर्ववाणी गरिनुभएको अगमवक्ता भनिएको छैन। हिब्रूको आरम्भिक अध्यायहरूमा

[३]लूका २४:१९ मा इम्माउसको बाटोमा ती दुई यात्रीहरूले ती अपरिचित व्यक्तिलाई येशूको जीवनसित सम्बन्धित घटनाहरूबारे केही थाहा छैन भन्ठानेर येशूलाई "अगमवक्ता" भन्दै उहाँलाई परमेश्‍वरबाट पठाइएका धर्मका अगुवाको सामान्य संवर्गमा राख्छन्।

यो कुरा विशेष गरी महत्त्वपूर्ण छ किनभने लेखकले यदि यस्तै इच्छा गरेका भए येशूलाई अगमवक्ता भनी चिन्हित गर्ने स्पष्ट अवसर थियो। यो भन्दै उनी आफ्नो कुरा आरम्भ गर्छन्, "प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो। तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ" (हिब १:१-२)। पुत्रको महानताबारे छलफल गरिसकेपछि लेखकले अध्याय १-२ मा यसो भन्दै यो खण्ड समाप्त गर्छन्, "यसकारण स्वर्गीय बोलावटमा सहभागी भएका पवित्र भाइ हो, हामीले दृढ स्वीकार गरेका प्रेरित तथा प्रधान पूजाहारी येशूलाई विचार गर" (हिब ३:१)।

किन नयाँ करारका धर्मपत्रहरूले येशूलाई अगमवक्ता भन्न तर्किन्छन्? स्पष्टै कारण यो हो कि येशू मोशाले पूर्ववाणी गरेका अगमवक्ता हुनुभए तापनि दुई प्रकारले उहाँ पुरानो करारका कुनै पनि अगमवक्ताभन्दा कता हो कता महान् हुनुहुन्छ :

१. पुरानो करारमा *जसको बारेमा* अगमवाणी गरिएको थियो उहाँ येशू नै हुनुहुन्थ्यो। इम्माउसको बाटोमा येशू दुई चेलाहरूसँग बोल्नुहुँदा अगमवाणीहरूले उहाँलाई औँल्याएका थिए भनी उहाँले तिनीहरूलाई सम्पूर्ण पुरानो करारको शिक्षा दिनुभयो, "तब मोशा र *सबै अगमवक्ताहरूबाट* शुरू गरेर उहाँले धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका कुराहरूको अर्थ तिनीहरूलाई खोलिदिनुभयो" (लूक २४:२७)। "के ख्रीष्टले यी कष्टहरू भोग्नु र आफ्नो महिमामा प्रवेश गर्नु आवश्यक थिएन र?" (लूक २४:२५-२६; तु. १ पत्र १:११, जसले यो भन्छ कि पुरानो करारका अगमवक्ताहरूले "ख्रीष्टको कष्ट र त्यसपछि आउने महिमा"-बारे पूर्ववाणी गरिरहेका थिए) भन्ने कुरा देखाउनुहुँदै उहाँले ती चेलाहरूलाई यो भन्नुभयो, "तिमीहरूका हृदय यति सुस्त भएको छ, कि *अगमवक्ताहरूले भनेका कुराहरू* विश्वास गर्दैनौ!" तसर्थ पुरानो करारका लेखकहरूले जे लेखे त्यहीअनुसार उनीहरूले ख्रीष्टलाई आतुरीसित *प्रतीक्षा गरे* अनि नयाँ करारका प्रेरितहरूले ख्रीष्टलाई *फर्केर हेरे* र मण्डलीको हितको निम्ति उहाँको जीवन व्याख्या गरे।

२. येशू (अरू सबै अगमवक्ताहरूजस्तै) परमेश्वरबाट आएको प्रकटीकरणका सन्देशवाहक मात्र हुनुहुन्थेन तर उहाँ स्वयम् नै परमेश्वरबाट प्राप्त प्रकटीकरणको स्रोत हुनुहुन्थ्यो। पुरानो करारका सबै अगमवक्ताहरूले "परमप्रभु यसो भन्नुहुन्छ" भन्नुको सट्टामा येशूले यो उदेकको वक्तव्यसित परमेश्वरीय अख्तियारपूर्ण शिक्षा आरम्भ गर्नुहुन्थ्यो, "तर म तिमीहरूलाई भन्दछु" (मत्ती ५:२२; इत्यादि)। परमप्रभुको वचन पुरानो करारका अगमवक्ताहरूकहाँ *आयो* तर येशू परमेश्वरको अनन्त वचनको रूपमा उहाँको आफ्नै अख्तियारमा बोल्नुभयो (यूह १:१) जसले पितालाई हामीकहाँ सिद्धतासित प्रकट गरिदिनुभयो (यूह १४:९; हिब १:१-२)।

विस्तृत अर्थमा, *अगमवक्ता* ती व्यक्ति हुन् जसले हामीलाई परमेश्वर प्रकट गरिदिन्छन् र हामीलाई परमेश्वरको वचन भनिदिन्छन्। यस अर्थमा ख्रीष्ट साँच्चै नै र पूर्ण रूपले अगमवक्ता हुनुहुन्थ्यो। पुरानो करारका सबै अगमवक्ताहरूले उनीहरूका बोली र काममा पूर्वकल्पना गरेका व्यक्ति वास्तवमा उहाँ नै हुनुहुन्छ।

## ख. पूजाहारीका रूपमा ख्रीष्ट

पुरानो करारमा, पूजाहारीहरू बलिहरू चढ़ाउनलाई परमेश्वरद्वारा नियुक्त गरिन्थे। उनीहरूले इस्राएलीहरूका पक्षमा परमेश्वरलाई प्रार्थनाहरू र प्रशंसा चढ़ाउँथे। यसो गरी उनीहरूले इस्राएलीहरूलाई "पवित्र तुल्याउँथे" तथा तिनीहरूलाई पुरानो करारको युगमा सीमित रूपमै भए तापनि परमेश्वरको उपस्थितिमा आउनलाई स्वीकार्य बनाइदिन्थे। नयाँ करारमा येशू हाम्रा महान् प्रधान पूजाहारी बन्नुहुन्छ। यस मुख्य विषयलाई हिब्रूहरूका पत्रमा विस्तृत रूपमा विकसित गरिएको छ। जहाँ येशूले दुई प्रकारले पूजाहारीको काम गर्नुहुन्छ।

**१. येशूले पापको निम्ति सिद्ध बलि चढ़ाउनुभयो।** येशूले पापको निम्ति चढ़ाउनुभएको बलि गोरु वा बाख्राहरूको जस्तै रगत थिएन, "किनकि साढ़े र बोकाहरूको रगतले पाप हरण गर्नु असम्भव छ" (हिब १०:४)। तर यसको सट्टा, येशूले आफूलाई सिद्ध बलिको रूपमा अर्पित गर्नुभयो, "तर यस युगको अन्त्यमा *आफ्नै बलिद्वारा* पाप हटाउनलाई उहाँ सधैंको निम्ति एकै पल्टमा प्रकट हुनुभएको छ" (हिब ९:२६)। यो फेरि कहिल्यै पनि नदोहोराइने र चढ़ाइसिध्याइएको र अन्तिम बलि थियो; हिब्रूको पत्रमा यस मुख्य विषय-वस्तुमा बारम्बार जोड़ दिइएको छ (हे. ७:२७, ९:१२, २४-२८; १०:१-२, १०, १२, १४; १३:१२)। तसर्थ येशूले पुरानो करारका बलिहरूमा मात्र होइन तर ती बलिहरू चढ़ाउने पूजाहारीहरूका जीवन र कार्यमा पनि पूर्वकल्पित आशाहरू पूर्ण गरिदिनुभयो : उहाँ बलि र बलि चढ़ाउने पूजाहारी दुवै हुनुहुन्थ्यो। येशू अहिले "आकाश छिचोलेर जानुभएका ... हाम्रा महान् प्रधान पूजाहारी" हुनुहुन्छ (हिब ४:१४) जो "हाम्रो पक्षमा परमेश्वरको सामु" (हिब ९:२४) उपस्थित हुनुभएको छ, किनकि उहाँले त्यो बलि चढ़ाउनुभएको छ जसले सबै समयको निम्ति आवश्यक पर्ने अरू बलिहरूलाई समाप्त गरिदिएको छ।

**२. येशूले हामीलाई निरन्तर परमेश्वरको नजिक ल्याउनुहुन्छ।** पुरानो करारका पूजाहारीहरूले बलिहरू मात्र चढ़ाएनन् तर इस्राएलीहरूको पक्षमा समय-समयमा तिनीहरूका प्रतिनिधिहरू भएर परमेश्वरको उपस्थितिमा आए। तर येशूले योभन्दा अझ धेरै काम गर्नुहुन्छ। हाम्रा सिद्ध प्रधान पूजाहारीका रूपमा उहाँले *हामीलाई निरन्तर* परमेश्वरको उपस्थितिमा ल्याउनुहुन्छ, ताकि हामीलाई अब उसो यरूशलेमको मन्दिर आवश्यक छैन वा हामी र परमेश्वरको बीचमा उभिनलाई विशेष पूजाहारी आवश्यक पर्दैन। यरूशलेममा भएको सांसारिक मन्दिरको (महा-पवित्रस्थानमा) भित्री भागमा येशू आउनुहुन्न। तर स्वर्गमा भएको त्यस्तै महा-पवित्रस्थानभित्र, अर्थात् स्वर्गमा परमेश्वर स्वयम्‌को उपस्थितिमा जानुभएको छ (हिब ९:२४)। त्यसकारण उहाँलाई त्यहाँ पछ्याउने हाम्रो आशा छ, "हाम्रा आत्माको निम्ति दृढ़ र सुरक्षित लङ्गरको रूपमा यो आशा हामीसित छ। यो आशा पर्दाभित्रको पवित्रस्थानमा प्रवेश गर्दछ, जहाँ हाम्रा पक्षमा अग्रदूत भएर मल्कीसेदेकको दर्जाअनुसार येशू प्रधान पूजाहारी भई प्रवेश गर्नुभएको छ" (हिब ६:१९-२०)।

यसको अर्थ यो हो कि हाम्रो विशेषाधिकार पुरानो करारको मन्दिरको समयमा जिउने मानिसहरूको भन्दा अझ धेरै ठूलो छ। तिनीहरूले पहिलो कोठा, अर्थात् पवित्रस्थानभित्र पनि प्रवेश गर्न सक्दैनथिए किनकि पूजाहारीहरू मात्र त्यहाँ जान सक्थे। मन्दिरको भित्री कोठा, अर्थात् महा-पवित्रस्थानभित्र पूजाहारी मात्र जान सक्थे, त्यो पनि वर्षमा एकपटक (हिब ९:१-७)। तर येशूले पापका निम्ति सिद्ध बलि चढ़ाउनुहुँदा महा-पवित्रस्थानलाई ढाक्ने मन्दिरको त्यो पर्दा वा घुम्टो माथिदेखि तलसम्म दुई भागमा च्यातियो (लूक २३:४५)। र यसरी स्वर्गमा परमेश्वरकहाँ प्रवेशाधिकार येशूको मृत्युद्वारा खोलियो भन्ने तथ्य पृथ्वीमा प्रतीकात्मक रूपमा सङ्केत दिइयो। त्यसकारण हिब्रूका लेखकले सबै विश्वासीहरूलाई यो उदेकको उपदेश दिन सक्छन् :

> यसकारण भाइ हो, येशूको रगतद्वारा *महा-पवित्रस्थानमा* [अक्षरशः 'पवित्रस्थानहरू,' यसको अर्थ 'पवित्रस्थान' र महा-पवित्रस्थान' हो] *प्रवेश गर्ने* साहस हामीलाई हुन्छ परमेश्वरको घरानामा हाम्रा एक जना महान् पूजाहारी हुनुभएको हुनाले ... *साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔं*। (हिब १०:१९-२२)।

येशूले हाम्रा निम्ति परमेश्वरकहाँ प्रवेशाधिकार खोलिदिनुभएको छ ताकि हामी निरन्तर विनाडर तर "साहस"-सित र "विश्वासको सम्पूर्ण भरोसामा" परमेश्वरकै उपस्थितिको "समीप जाऔं"।

**३. पूजाहारीका रूपमा येशूले हाम्रा निम्ति निरन्तर प्रार्थना गर्नुहुन्छ।** पुरानो करारमा पूजाहारीको अर्को काम इस्राएलीहरूका पक्षमा प्रार्थना गर्नुथियो। येशूले पनि यो काम गर्नुहुन्छ भनी हिब्रूका लेखकले हामीलाई भन्छन्, "फलस्वरूप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ। किनभने तिनीहरूका निम्ति *मध्यस्थताको प्रार्थना चढ़ाउन* उहाँ सदैव जीवित रहनुहुन्छ" (हिब ७:२५)। "हाम्रा निम्ति मध्यस्थ" (रोम ८:३३) गर्नुहुने ख्रीष्ट येशू नै हुनुहुन्छ भनी पावलले भन्दा उनले यही बुँदालाई पुष्टि गर्छन्।

केही मानिसहरूले यो तर्क गरेका छन् कि पूजाहारीको मध्यस्थताको काम पिताको उपस्थितिमा रहने काम मात्र हो जसले अविच्छिन्न रूपमा यो निरन्तर सम्झना गराउँछ कि प्रधान पूजाहारी आफैले हाम्रा सबै पापहरूका मोल चुकाउनुभएको छ। यो दृष्टिकोणअनुसार, येशूले हाम्रा जीवनका एकएक अभावहरूबारे पिता परमेश्वरलाई वास्तवमा नै विशेष प्रार्थनाहरू गर्नुहुन्न तर यस अर्थमा मात्र उहाँले मध्यस्थ गर्नुहुन्छ कि उहाँ हाम्रा प्रधान पौरोहिती प्रतिनिधिका रूपमा परमेश्वरको उपस्थितिमा रहनुहुन्छ।

रोमी ८:३४ र हिब्रू ७:२५ मा प्रयोग गरिएको भाषासित यो दृष्टिकोण मिलेको देखिँदैन। यी दुवै पदहरूमा *मध्यस्थ* शब्द ग्रीक शब्द *entygchano*-को अनुवाद हो। यस शब्दले "अर्को व्यक्ति सामुने कसैको प्रतिनिधिको रूपमा उभिनु" मात्र होइन तर यसको स्पष्ट अर्थ कसैको अघि विशेष अनुरोधहरू वा बिन्तीहरू गर्नु हो।

उदाहरणार्थ, फेसटसले राजा अग्रिपालाई यसो भन्नलाई यो शब्द प्रयोग गर्छन्, "'सारा यहूदीहरूले यो मानिस ... जिउने योग्यको छैन भनी' ... मसँग बिन्ती गरेका थिए" (प्रे २५:२४)। पावलले एलियाको विषयमा पनि यो शब्द प्रयोग गर्छन् जब एलियाले "इस्राएलको विरुद्धमा ... बिन्ती गर्दछन्" (रोम ११:२)। यी दुवै घटनाहरूमा अनुरोधहरू अति नै विशेष किसिमका छन्, सामान्य बिन्ती मात्र छैनन्।[४]

हामी तसर्थ यो निष्कर्ष निकाल्न सक्छौं कि पावल र हिब्रूका लेखक दुवैले यो भनिरहेका छन् कि येशू हाम्रा पक्षमा विशेष अनुरोधहरू गर्न र विशेष बिन्तीहरू गर्नलाई निरन्तर परमेश्वरको उपस्थिति सामुन्ने रहनुहुन्छ। यो यस्तो भूमिका हो जसलाई निर्वाह गर्न परमेश्वर-मानिसका रूपमा येशू असाधारण प्रकारले योग्यका हुनुहुन्छ। परमेश्वरले हाम्रा सबै अभावहरू सोझै देख्नुभएर हाम्रा बिन्तीको उत्तरमा उहाँले वास्ता गर्न सक्नुहुन्छ (मत्ती ६:८) तर पनि मानवजातिसित भएको उहाँको सम्बन्धको कारण परमेश्वरले प्रार्थनाको उत्तर दिनुको सट्टामा आफ्नै इच्छाले काम गरिदिनहुने निर्णय गर्नुहुन्छ, स्पष्ट रूपमा यसकारण कि प्रार्थनाको माध्यमबाट देखाइएको विश्वासले उहाँको महिमा गरून्। विशेष गरी उहाँको प्रतिरूपमा सृष्टि गरिएका पुरुष र स्त्रीहरूका प्रार्थनाहरू नै परमेश्वरको दृष्टिमा आनन्ददायी हुन्छन्। ख्रीष्टमा हाम्रा एउटा साँचो मानिस हुनुहुन्छ, एउटा सिद्ध मानिस हुनुहुन्छ – प्रार्थना गरिरहनुहुने र त्यसरी प्रार्थनाको माध्यमबाट परमेश्वरलाई निरन्तर महिमा दिइरहनुहुने। तसर्थ मानव पुरुषार्थलाई अति उच्च स्थानमा उठाइएको छ: "किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ – मानिस, ख्रीष्ट येशू" (१ तिमो २:५)।

तथापि उहाँको मानव स्वभावमा मात्र उहाँ सारा संसारमा भएको उहाँका जनका लागि येशू निश्चय नै यस प्रकारका महान् प्रधान पूजाहारी बन्न सक्नुहुनेथिएन। उहाँले टाढ़ामा भएका व्यक्तिहरूका प्रार्थना सुन्न सक्नुहुन्थेन, नता उहाँले एउटा व्यक्तिले मनमा गरेका प्रार्थना सुन्न सक्नुहुन्थ्यो। उहाँले सबै बिन्तीहरू एकैसाथ सुन्न सक्नुहुन्थेन (किनकि संसारमा जुनै पनि समयमा उहाँलाई प्रार्थना गर्ने लाखौं-करौड़ौं मानिसहरू छन्)। त्यसकारण हाम्रा निम्ति मध्यस्थ गरिदिनहुने सिद्ध प्रधान पूजाहारीका रूपमा उहाँ परमेश्वर साथै मानिस पनि हुनैपर्दछ। उहाँ त्यस्ता व्यक्ति बन्नैपर्दछ जसले आफ्नो परमेश्वरीय स्वभावमा सबै कुरा जान्नैपर्दछ र पिताको सामुन्ने ल्याउनैपर्दछ। तर पनि उहाँ मानिस बन्नुभयो र मानिस नै रहनुभएको कारण परमेश्वरको सामुन्ने हामीलाई प्रतिनिधित्व गर्ने उहाँको अधिकार छ र हामीले के-कस्तो झेल्नुपर्दछ ती अनुभवद्वारा बुझ्ने व्यक्ति र सहानुभूतिशील प्रधान पूजाहारीको दृष्टिकोणबाट उहाँले आफ्ना बिन्तीहरू व्यक्त गर्न सक्नुहुन्छ।

[४] "अनुरोध वा बिन्तीहरू ल्याउनु"-को अर्थमा *entygchano* शब्दको प्रयोग भएका अरू उदाहरणहरू नयाँ करारबाहेकका अन्य साहित्यले उपलब्ध गराउँछ। उदाहरणार्थ हे. बुद्धिको पुस्तक ८:२० ("मैले परमप्रभुलाई अनुरोध गरें र उहाँलाई बिन्ती गरें"); १ मक्काबी ८:३२; ३ मक्काबी ६:३७ ("तिनीहरूलाई घर फिर्ता गरिदिऊन् भनी तिनीहरूले राजालाई *अनुरोध गरे*"); १ क्ले. ५६:१; फिलिप्पीहरूलाई Polycarp-को धर्मपत्र ४:३; Josephus, *Antiquities* 12:18; 16:170 (कुरेनीका यहूदीहरूले तिनीहरूका देशमा भएका ती मानिसहरूका विरुद्धमा Marcus Agrippa-लाई *बिन्ती* चढ़ाए जसले झुटा प्रकारले कर उठाइरहेका थिए)। धेरै उदाहरणहरू पनि पाउन सकिन्छ (तु. रोम ८:२७ पनि, र एक सहार्थी शब्द प्रयोगमा, प २६)।

त्यसकारण सारा विश्‍वमा येशू मात्र अनन्तको निम्ति ती व्यक्ति हुनुहुन्छ जो यस प्रकारका स्वर्गीय प्रधान पूजाहारी बन्न सक्नुहुन्छ, जो अनन्तको निम्ति आकाशमाथि उचालिनुभएको साँचो परमेश्‍वर र साँचो मानिस हुनुहुन्छ।

येशूले हाम्रा निम्ति निरन्तर प्रार्थना गरिरहनुभएको छ भन्ने सोचले हामीलाई ठूलो प्रोत्साहन दिनुपर्दछ। उहाँले हाम्रा निम्ति पिताको इच्छाअनुसार सदैव प्रार्थना गर्नुहुन्छ, ताकि हामी यो जान्न सक्छौं कि उहाँको अनुरोध पूरा गरिनेछ। Berkhof भन्छन् :

> हाम्रो प्रार्थनाको जीवनमा हामी लापरवाह भए तापनि ख्रीष्टले हाम्रा निम्ति प्रार्थना गरिरहनुभएको छ, हाम्रा विचारमा नभएका अनि हाम्रा प्रार्थनाहरूमा राख्न हामीले प्रायः नै लापरवाह गरेका हाम्रा आत्मिक अभावहरू पिताकहाँ उहाँले टक्राइरहनुभएको छ, हामीले नसोचेका जोखिमहरूका विरुद्धमा उहाँले हाम्रो सुरक्षाको निम्ति अनि हामीलाई जोखिम, जसलाई हामी ध्यान पनि दिँदैनौं, उत्पन्न गराउने शत्रुहरूका विरुद्धमा उहाँले प्रार्थना गर्नुहुन्छ भन्ने विचार सान्त्वनाप्रद छ। हाम्रो विश्‍वासको अवसान नहोस्, हामी अन्त्यमा विजयी बनौं भनी उहाँले प्रार्थना गरिरहनुभएको छ।[५]

## ग. राजाका रूपमा ख्रीष्ट

पुरानो करारमा इस्राएली जातिलाई शासन गर्ने राजाको अख्तियार छ। नयाँ करारमा येशू यहूदीहरूका राजा बन्नलाई जन्मनुभएको थियो (मत्ती २:२)। तर उहाँलाई सांसारिक सेना र राजनीतिक शक्ति भएका सांसारिक राजा बनाउने मानिसहरूद्वारा गरिएको प्रयासलाई उहाँले अस्वीकार गरिदिनुभयो (यूह ६:१५)। उहाँले पिलातसलाई भन्नुभयो, "मेरो राज्य यस संसारको होइन। मेरो राज्य यस संसारको हुँदो हो त मेरा सेवकहरू मेरो निम्ति लड्नेथिए, र म यहूदीहरूका हातमा पर्नेथिइनँ। तर मेरो राज्य संसारको होइन" (यूह १८:३६)। तर पनि येशूको एउटा राज्य साँच्चै थियो जसको आगमन उहाँले आफ्नो प्रचारमा घोषणा गर्नुभयो (मत्ती ४:१७, २३; १२:२८, इत्यादि)। उहाँ वास्तवमा परमेश्‍वरका नौला जनका साँचो राजा हुनुहुन्छ। तसर्थ यरूशलेममा उहाँको विजयी प्रवेशमा "परमप्रभुको नाउँमा आउने *राजा* धन्यका हुन् !" (लूक १९:३८; तु. पह. ३९-४०; मत्ती २१:५ पनि; यूह १:४९; प्रे १७:७) भनी चेलाहरूले जयध्वनि गर्दा येशूले तिनीहरूलाई हप्काउन अस्वीकार गर्नुभयो।

उहाँको पुनरुत्थानपछि पिता परमेश्‍वरद्वारा येशूलाई मण्डली र विश्‍वमाथि अति ठूलो अख्तियार दिइएको थियो। परमेश्‍वरले उहाँलाई पुनर्जीवित पार्नुभयो र "स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो। सबै शासन, र अधिकार, र शक्ति र राज्यमाथि, र यस युगका मात्र होइन, तर आउने युगका पनि जति नाउँ छन्, ती सबैमाथि उहाँलाई राख्नुभयो, र परमेश्‍वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो" (एफि १:२०-२२; मत्ती २८:१८; १ कोर १५:२५)। येशू शासन गर्नलाई पृथ्वीमा

शक्ति र महामहिमामा फर्किआउनुहुँदा मण्डलीमाथि र विश्वमाथिको त्यो अख्तियार मानिसहरूद्वारा अझ पूर्ण रूपमा मानिलिइनेछ (मत्ती २६:६४; २ थेस १:७-१०; प्रका १९:११-१६)। त्यो दिन उहाँ "*राजाहरूका राजा* र प्रभुहरूका प्रभु" (प्रका १९:१६) भनी स्वीकार गरिनुहुनेछ र हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ (फिलि २:१०)।

## घ. अगमवक्ता, पूजाहारी र राजाका रूपमा हाम्रो भूमिकाहरू

हामीले यदि पतनअघिका आदमको स्थितितिर फर्केर हेऱ्यौं भने र स्वर्गमा अनन्तका लागि ख्रीष्टसँग हाम्रो भविष्यको दर्जातिर अघिल्तिर हेऱ्यौं भने हामीले यो देख्न सक्छौं कि अगमवक्ता, पूजाहारी र राजाका यी भूमिकाहरू परमेश्वरले आरम्भमै मानिसको निम्ति तोकिदिनुभएको थियो र यी भूमिकाहरू स्वर्गका हाम्रा जीवनमा पूरा गरिनेछन्।

अदनको बगैंचामा आदम यस अर्थमा "अगमवक्ता" थिए कि उनमा परमेश्वरबारे साँचो ज्ञान थियो, उनले परमेश्वर र उहाँको सृष्टिबारे सदैव साँचो बोल्थे। उनी यस अर्थमा "पूजाहारी" थिए कि उनले स्वतन्त्र र खुल्ला रूपले परमेश्वरलाई प्रार्थना र प्रशंसा चढ़ाउन सक्थे। पापहरूका मोल तिर्नलाई बलि आवश्यक थिएन। तर बलिको अर्को अर्थमा आदम र हव्वाका काम कृतज्ञता र धन्यवादज्ञापनको रूपमा परमेश्वरलाई चढ़ाउन सकिन्थ्यो, अनि त्यो त्यसरी अर्कै किसिमको "बलि" हुनेथियो (तु. हिब १३:१५)। आदम र हव्वा यस अर्थमा "राजाहरू" (वा राजा र रानी) थिए कि उनीहरूलाई सृष्टिमाथि राज्य र यसमाथि शासन दिइएको थियो (उत १:२६-२८)।

पापले संसारमा प्रवेश गरेपछि, पतित मानवजातिले अब अगमवक्ताहरूका रूपमा काम छोड़े, किनकि तिनीहरूले परमेश्वरबारे झुटा जानकारीमा विश्वास गरेर अरूहरूलाई उहाँबारे झुटा कुराहरू गरे। त्यहाँदेखि यता, परमेश्वरको सामुन्ने पूजाहारीहरूका रूपमा तिनीहरूको प्रवेशाधिकार थिएन किनभने पापले तिनीहरूलाई उहाँको उपस्थितिबाट विच्छेद गरिदियो। राजाहरूका रूपमा शासन गर्नुको सट्टामा तिनीहरू सृष्टिको कठोरता खपे, बाढ़, खड़ेरी र अनुत्पादक जमीन साथै अत्याचारी शासकहरूका शिकार बने। परमेश्वरले मानिसलाई जुन कुलीनतामा सृष्टि गर्नुभएको थियो – साँचो अगमवक्ता, पूजाहारी र राजाका रूपमा – त्यो पापको माध्यमद्वारा गुमाइयो।

इस्राएली राज्यमा अगमवक्ता, पूजाहारी र राजाका यी तीन आहोदाहरूका स्थापनामा यी तीनवटा भूमिकाहरूको शुद्धता आंशिक रूपमा फेरि प्राप्त त भयो। समयसमयमा धार्मिक मानिसहरू यी पदहरूमा बसे। तर झुटा अगमवक्ताहरू, बेइमान पूजाहारीहरू र अधार्मिक राजाहरू पनि थिए अनि जुन सुरुको शुद्धता र पवित्रतासित मानिसले यी ओहोदाहरू सम्हालोस् भन्ने परमेश्वरको उद्देश्य थियो त्यो कहिल्यै पूर्ण रूपमा पूरा भएन।

ख्रीष्ट आउनुहुँदा हामीले पहिलोपटक यी तीनवटा भूमिकाहरू निर्वाह गरिएका

देख्यौं किनकि उहाँ सिद्ध अगमवक्ता हुनुहुन्थ्यो जसले हामीलाई परमेश्वरका वचनहरू अति पूर्ण रूपमा घोषणा गर्नुभयो; उहाँ सिद्ध प्रधान पूजाहारी हुनुहुन्थ्यो जसले पापका निम्ति सर्वोच्च बलि चढ़ाउनुभयो अनि जसले उहाँका जनलाई परमेश्वरनजिक ल्याउनुभयो, जो विश्वका साँचो र आधिकारिक राजा हुनुहुन्छ र जसले धार्मिकताको राजदण्डसित नयाँ आकाश र नयाँ पृथ्वीलाई अनन्तसम्म राज गर्नुहुनेछ।

यो उदेकको कुरा हो कि हामी ख्रीष्टियानहरू यी भूमिकाहरूमध्ये प्रत्येकमा अहिले पनि ख्रीष्टको अनुकरण गर्न आरम्भ गर्दछौं – अधीनस्थ रूपमा नै किन नहोस्। मानिसहरूकहाँ मुक्तिको वचन ल्याउँदै हामीले सुसमाचार घोषणा गर्दा हाम्रो भूमिका "अगमवक्ता"-को हुन्छ। वास्तवमा, जब पनि हामी विश्वासी वा अविश्वासीहरूलाई परमेश्वरका बारेमा सत्यतासित बोल्छौं तब हामीले "अगमवक्ता"-को कार्यभार पूरा गरिरहेका हुन्छौं (यहाँ *अगमवक्ता* शब्द व्यापक अर्थमा प्रयोग गरिएको छ)।

हामी पूजाहारीहरू पनि हौं किनभने पत्रुस हामीलाई "राजकीय पूजाहारीगिरी" भन्छन् (१ पत्र २:९)। हामी आत्मिक मन्दिरको रूपमा निर्माण होऔं अनि "राजकीय पूजाहारीगिरी" बनौं साथै "ख्रीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान" चढ़ाऔं (१ पत्र २:५) भनी पावल हामीलाई निमन्त्रणा दिन्छन्। हिब्रूका लेखकले पनि हामीलाई ती पूजाहारीहरूका रूपमा हेर्छन् जसले महा-पवित्रस्थानमा प्रवेश गर्न सक्छन् (हिब १०:१९, २२) अनि "परमेश्वरलाई येशूद्वारा प्रशंसाको बलि निरन्तर" चढ़ाउन सक्ने मानिसहरूका रूपमा हेर्छन् जुन "प्रशंसा उहाँको नाउँ स्वीकार गर्ने ओठको फल हो" (हिब १३:१५)। उनले हामीलाई यो पनि भन्छन् कि हाम्रा असल कामहरू परमेश्वरलाई प्रसन्न बनाउने बलिहरू हुन् : "भलाइ गर्न र आफूसँग भएका कुरा बाँड़चुँड़ गर्न नभुल, किनकि यस्तै बलिहरूमा परमेश्वर प्रसन्न हुनुहुन्छ" (हिब १३:१६)। पावलले "यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने *जिउँदो बलिको रूपमा* अर्पण गर" (रोम १२:१) भनी लेख्दा हाम्रो पूजाहारीको भूमिका छ भनी उनले पनि ठानेका छन्।

ख्रीष्टको राजकीय शासनमा अहिले हामी पनि आंशिक रूपमा सहभागी हुँदछौं किनकि हाम्रा विरुद्धमा पङ्क्तिबद्ध भएका दुष्ट आत्मिक शक्तिहरूमाथि (एफि ६:१०-१८; याक ४:७; १ पत्र ५:९; १ यूह ४:४)। केही मात्रासम्म अख्तियारमा सहभागी बन्दै स्वर्गीय स्थानहरूमा ख्रीष्टसँग बस्न (एफि २:६) हामीलाई पुनर्जीवित पारिएको छ। परमेश्वरले अहिले पनि हामीलाई यस संसारमा विभिन्न क्षेत्रहरूमा वा मण्डलीमा – कसैलाई धेरै कुराहरूमा र कसैलाई थोरै कुराहरूमा – अख्तियार दिनुभएको छ। तर प्रभु फेरि आउनुहुँदा थोरै कुराहरूबारे विश्वस्त रहनेहरूलाई धेरै कुराहरूमाथि अख्तियार दिइनेछ (मत्ती २५:१४-३०)।

ख्रीष्ट फर्किआउनुभएर उहाँले नयाँ आकाश र नयाँ पृथ्वीमा शासन गर्नुहुँदा

हामी फेरि साँचा “अगमवक्ताहरू” बन्नेछौं किनभने त्यस बेला हाम्रो ज्ञान सिद्ध बनेको हुन्छ र जस्तो गरी हामी चिनिएका छौं त्यस्तै गरी हामीले पनि चिन्नेछौं (१ कोर १३:१३)। हामीले त्यस बेला परमेश्वर र उहाँको संसारबारे सत्य कुरा मात्र बोल्नेछौं र परमेश्वरले आदम अगमवक्ता बनोस् भनी आरम्भमा जुन उद्देश्य राख्नुभएको थियो त्यो हामीमा पूरा हुनेछ। हामी अनन्तको निम्ति पूजाहारीहरू बन्नेछौं किनकि हामीले उहाँको मुहार हेर्दा र उहाँको उपस्थितिमा वास गर्दा हामी सदाकालको निम्ति परमेश्वरको उपासना गर्नेछौं, उहाँलाई प्रार्थना चढ़ाउनेछौं (प्रका २२:३-४)। हामीले आफैहरूलाई अनि हामी जे काम गर्छौं वा हामीसित जे छन् ती सबैलाई हामी हाम्रा अति योग्यका राजालाई निरन्तर चढ़ाउनेछौं।

तर पनि परमेश्वरको अधीनमा रहेर विश्वको शासनमा सहभागी बन्नेछौं किनकि उहाँमा हामी “सदासर्वदै” राज्य गर्नेछौ (प्रका २२:५)। येशू भन्नुहुन्छ, “जसले जित्छ, त्यसलाई म *मेरो सिंहासनमा मसित बस्न* दिनेछु, जसरी म आफैले पनि जितें, र मेरा पितासँग उहाँको सिहांसनमा बसेको छु” (प्रका ३:२१)। पावलले कोरिन्थीहरूलाई वास्तवमा भन्छन्, “सन्तहरूले संसारको न्याय गर्छन् भन्ने कुरा के तिमीहरूलाई थाहा छैन र? ... के तिमीहरूलाई थाहा छैन, *हामी स्वर्गदूतहरूको न्याय गर्नेछौं* (१ कोर ६:२-३)। त्यसकारण हामी अनन्तको निम्ति अधीनस्थ अगमवक्ता, पूजाहारी र राजाहरूका रूपमा काम गर्नेछौं, तथापि प्रभु येशूको अधीनमा हुनेछौं जो सर्वोच्च अगमवक्ता, पूजाहारी र राजा हुनुहुन्छ।

## व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. के तपाईंले यस्तो कुनै उपायहरू देख्न सक्नुहुन्छ जसअनुसार अगमवक्ता, पूजाहारी र राजाका रूपमा ख्रीष्टको भूमिकाको ज्ञानले पुरानो करारमा अगमवक्ता, पूजाहारी र राजाहरूका भूमिकाहरूलाई अझ पूर्ण रूपमा बुझ्न सहायता गर्नेछ? १ राजा ४:२०-३४ र १ राजा १०:१४-२९ मा सोलोमनको राज्यको वर्णन पढ्नुहोस्। के तपाईंले सोलोमनको राज्यमा ख्रीष्टका तीनवटा पदहरूको कुनै पूर्वाभास देख्नुहुन्छ? ख्रीष्टको अनन्त राज्यको कुनै पूर्वाभास देख्नुहुन्छ? नयाँ करारको युगमा मण्डलीका सदस्यको रूपमा तपाईं जिउनुहुँदा तपाईंका विशेषाधिकारहरू ठूला छन् भनी ठान्नुहुन्छ वा साना?

२. तपाईंको जीवनमा अहिले अगमवक्ताको कुनै भूमिका पूरा भएको देख्नसक्नुहुन्छ? पूजाहारीको भूमिका? राजाको भूमिका? तपाईंको जीवनमा यी सबै भूमिकाहरू कसरी विकास गर्न सकिएला?

## विशेष शब्दावली

| | |
|---|---|
| मध्यस्थता | पूजाहारी |
| राजा | अगमवक्ता |

## पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे. । सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट चयनित खण्डहरू


१. एङ्गलिकन (इपिस्कपलियन)
    १८८२-९२ लिट्टन, २१९-३८
२. अर्मिनी (वेजलियन वा मेथडिस्ट
    १८७५-७६ पोप, २:१९७-२६२
    १९४० विली, २:१८७-२१६
    १९८३ कार्टर, १:४८३-५०५
    १९८३ कटरेल, ३:३६३-६४
३. ब्याप्टिस्ट
    १७६७ गिल, १:६०२-४४
    १८८७ बोइस् ,२९१-९५
    १९०७ स्ट्रङ्ग, ७०१-७६
    १९१७ म्यूलिन्स्, ३०३-४
    १९८३-८५ एरिक्सन, ७६२-६३
४. डिसपेन्सेशनल
    १९४७ शेफर, ३:१७-३०
    १९८६ राइरि, २५४-५९
५. लुथरन
    १९१७-२४ पाइपर, २:३३०-९६
    १९३४ म्यूएलर, ३०१-१८
६. रिफमर्ड (वा प्रेज्बिटरियन)
    १५५९ क्यालभिन, १:४९४-५०३ (२.१५)
    १८७१-७३ होज, २:४५५-९०, ५९२-६०९
    १८७८ डेबनी, ४७५-७७, ४८३-८७
    १९३७-६६ मरे, *CW*, 1:44-58
    १९३८ बर्खोफ, ३५६-६६, ४०६-१२


### रोमन क्याथलिक प्रणालीगत ईश्वरशास्त्रहरूबाट प्रातिनिधिक खण्डहरू


१. रोमन क्याथलिक : परम्परावादी
    १९५५ ओट्, १७९-९१
२. रोमन क्याथलिक : भेटिकनोत्तर द्वितीय
    १९८० म्याकब्राइन (कुनै प्रस्ट छलफल छैन)

## भजन

"गर रमाहट प्रभु राजा हुनुहुन्छ"

यस सशक्त भजनले हामीलाई ख्रीष्टको उपस्थिति र भविष्यको राजत्वको निम्ति रमाहट गर भनी प्रोत्साहित गर्छ (पूजाहारीका रूपमा ख्रीष्टको भूमिकाबारे एउटा उत्कृष्ट भजन Charles Wesley-कै भजन "उठ, मेरो आत्मा, उठ" हो। यसलाई वैकल्पिक भजनको रूपमा गाउन सकिन्छ। अर्को वैकल्पिक भजन, विशेष गरी प. ४, John Seqwton-को भजन "सुनिन्छ कति मीठो येशूको नाउँ" हो।

गर रमाहट, प्रभु राजा हुनुहुन्छ; पुज तिम्रा प्रभु र राजालाई;
गर रमाहट, देऊ धन्यवाद र गाऊ, र बन विजयी सदा :
उचाल तिम्रो हृदय, उचाल तिम्रो सोर;
गर रमाहट, भन्छु फेरि म गर रमाहट।

मुक्तिदाता येशू, सत्यता र प्रेमका परमेश्वर गर्नुहुन्छ शासन;
हाम्रा दागहरू हटाइदिनुभइसकेपछि उहाँले, लिनुभो
आसन माथि उहाँको;
उचाल तिम्रो हृदय, उचाल तिम्रो सोर;
गर रमाहट, भन्छु फेरि म गर रमाहट।

सक्नेछैन राज्य उहाँको, गर्नुहुन्छ शासन उहाँले पृथ्वी र स्वर्गमा;
दिइएका छन् साँचाहरू मृत्यु र नरकका हाम्रा येशूलाई;
उचाल तिम्रो हृदय, उचाल तिम्रो सोर;
गर रमाहट, भन्छु फेरि म गर रमाहट।

गर्दैनन् समर्पण उहाँका वैरीहरूले बस्नुहुनेछ
उहाँ परमेश्वरको दाहिने बाहुलीपट्टि,
अनि झुक उहाँको आज्ञामा र झर उहाँको पाउमुनि;
उचाल तिम्रो हृदय, उचाल तिम्रो सोर;
गर रमाहट, भन्छु फेरि म गर रमाहट।

*रचयिता* : Charles Wesley, 1746

अध्याय ३०

# पवित्र आत्माको काम

# The Works of the Holy Spirit

***बाइबलको सम्पूर्ण इतिहासभरि पवित्र आत्माका विशिष्ट कामहरू के-के हुन् ?***

## व्याख्या र धर्मशास्त्रीय आधार

हामीले यस अघिका अध्यायहरूमा पिता परमेश्‍वरको व्यक्तिता र कामबारे, तथा हालैमा, पुत्र परमेश्‍वर, येशू ख्रीष्टका व्यक्तिता र कामबारे केही विस्तारपूर्वक छलफल गर्‍यौं। पवित्र आत्माको परमेश्‍वरत्व र छुट्टै व्यक्तित्वबारे (त्रिएकत्वको धर्मसिद्धान्तको सम्बन्धमा) बाइबलीय प्रमाण पनि हामीले जाँच गरेका छौं। अब यस अध्यायमा पवित्र आत्माका विशिष्ट काममा ध्यान दिनु उपयुक्त ठहर्दछ। त्रिएकत्वका सदस्यहरूका विभिन्न क्रियाकलापहरूमध्ये कुन-कुन क्रियाकलापहरू विशेष गरी परमेश्‍वर पवित्र आत्माका काम हुन् भनिन्छ ?

हामीले सुरुमै यो बुझ्नुपर्दछ कि यस पुस्तकका अरू अध्यायहरूले पवित्र आत्माको कामका कुनै निश्‍चित पक्षहरूबारे सोझै छलफल गर्छन्। पवित्र आत्मामा बप्तिस्मा र उहाँद्वारा भरपूरीबारे (३९) र पवित्र आत्माका वरदानहरूबारे (५२-५३) अध्यायहरूले पवित्र आत्माका विशेष कामहरूबारे प्रायः सम्पूर्णतः छलफल गर्छन्। यसबाहेक, धर्मशास्त्रको अख्तियार (४), प्रार्थना (१८), सुसमाचारको बोलावट (३३), नवजीवन (३४), पवित्रीकरण (३८), अध्यव्यसाय (४०), महिमाकरण (४२), मण्डलीको अनुशासन (४६), मण्डलीभित्र अनुग्रहका साधनहरू (४८) र उपासना (५१) आदि सबैले संसारमा अनि विशेष गरी विश्‍वासीहरूका जीवनमा, पवित्र आत्माको विशेष कामका पक्षहरूबारे छलफल गर्छन्। तैपनि हामी यस अध्यायमा पिता परमेश्‍वर र पुत्र परमेश्‍वरद्वारा पवित्र आत्मालाई विशेष गरी कस्ता कामहरू जिम्मा दिइएका छन् भन्ने तथ्य बुझ्नुलाई धर्मशास्त्रका सबै शिक्षाहरूको सरसरी जानकारी (overview) प्राप्त गर्ने प्रयास गर्नेछौं।

पवित्र आत्माको कामलाई हामी यस प्रकारले परिभाषित गर्न सक्छौं – *पवित्र आत्माको काम संसारमा, विशेष गरी मण्डलीमा, परमेश्‍वरको सक्रिय उपस्थिति प्रकट गर्नु हो*। यो परिभाषाले देखाउँछ कि पवित्र आत्मा त्रिएकत्वका सदस्य हुनुहुन्छ

जसलाई संसारमा परमेश्वरको काम गर्नलाई *उपस्थित* हुनुहुन्छ भनी धर्मशास्त्रले प्रायः नै बताउँदछ। सम्पूर्ण बाइबलमा केही हदसम्म यो सत्य भए तापनि यो तथ्य नयाँ करारको युगमा विशेष गरी सत्य छ। पुरानो करारमा परमेश्वरको उपस्थिति धेरैपटक परमेश्वरको महिमा र परमेश्वरदर्शनहरू (theophanies)-मा प्रकट गरिएको थियो, अनि सुसमाचारहरूमा येशू स्वयम्ले मानिसहरूमाझ परमेश्वरको उपस्थिति प्रकट गरिदिनुभयो। तर येशू स्वर्गारोहण हुनुभएपछि, र मण्डलीको सम्पूर्ण युगमा अविच्छिन्न रहँदै, अहिले हामीमाझ त्रिएकत्वका उपस्थितिको *प्राथमिक* प्रकटीकरण पवित्र आत्मा हुनुहुन्छ। अहिले हामीसँग मुख्य रूपमा *उपस्थित हुनुहुने* उहाँ नै हुनुहुन्छ।[1]

पिता परमेश्वरले जुन योजना गर्नुभएको छ अनि पुत्र परमेश्वरले जुन काम आरम्भ गर्नुभएको छ त्यसलाई पूरा गर्नु र सम्भरण गर्नु (sustain) नै पवित्र आत्माको काम हो भन्ने सङ्केत हामीले सृष्टिको आरम्भदेखि नै पाएका छौं किनकि उत्पत्ति १:२ ले भन्छ "*परमेश्वरका आत्मा* पानीमाथि परिभ्रमण गर्दैरहनुहुन्थ्यो।" अनि पेन्तिकोसमा, ख्रीष्टमा नयाँ सृष्टिको सुरुसितै मण्डलीलाई शक्ति दिनलाई आउनुहुने पवित्र आत्मा नै हुनुहुन्छ (प्रे १:८; २:४, १७-१८)। पवित्र आत्मा त्रिएकत्वका ती व्यक्ति हुनुहुन्छ जसका माध्यमबाट परमेश्वरले नयाँ करारको युगमा उहाँको उपस्थिति विशेष गरी प्रकट गर्नुहुने हुनाले, पावलले पवित्र आत्मालाई "प्रथम फल" (रोम ८:२३) र हामीले नयाँ आकाश र पृथ्वीमा थाहा पाउने परमेश्वरको उपस्थितिको पूर्ण प्रकटीकरणको "प्रत्याभूति" (वा "बैना," २ कोर १:२२; ५:५) भन्नु समुचित ठहरिन्छ।

पुरानो करारमै पनि यो पूर्ववाणी गरिएको थियो कि पवित्र आत्माको उपस्थितिले परमेश्वरबाट प्रशस्तै आशिषहरू ल्याउनेछ। यशैयाले त्यो समयको पूर्ववाणी गरे जब आत्माले महान् जागृति ल्याउनुहुनेथियो।

> किल्ला त्यागिनेछ, गोलमाल भएको शहर सुनसान हुनेछ। ... *माथिबाट हामीमाथि आत्मा नखन्याइञ्जेलसम्म* र मरुभूमि मलिलो खेतबारी र मलिलो खेतबारी वनजस्तो नबनुञ्जेलसम्म। त्यस मरुभूमिमा न्यायले वास गर्नेछ, र मलिलो खेतबारीमा धार्मिकताले वास गर्नेछ। धार्मिकताको फल शान्ति हुनेछ, र धार्मिकताको फलको नतीजाचाहिँ (सदाको निम्ति शान्ति र भरोसा हुनेछ। मेरो प्रजाचाहिँ शान्तिको वासस्थान, सुरक्षित घरहरू, र हल्ला नहुने विश्रामका ठाउँहरूमा बस्नेछन्। (यशै ३२:१४-१८)।

यस्तै प्रकारले परमेश्वरले यशैयाको माध्यमबाट याकूबलाई यो अगमवाणी गर्नुभयो, "किनकि म सुकेको जमीनमा पानी र सुक्खा भूमिमा खोलाहरू खन्याइदिनेछु। *म तेरो वंशमाथि मेरो आत्मा खन्याउनेछु*, तर तेरो सन्तानलाई आशिष् दिनेछु" (यशै ४४:३)।

[1]अ. ११ मा परमेश्वरको सर्वशक्तिसम्पन्नतासम्बन्धी खण्डमा छलफल गरिएअनुसार यस छलफलमा मैले "उपस्थित" शब्द प्रयोग गर्दा मेरो तात्पर्य हो, "आशिष् दिनलाई उपस्थित"। उहाँ पूर्ण रूपमा परमेश्वर हुनुभएको कारण पवित्र आत्माको अस्तित्व सदैव चारैतिर (उहाँ सर्वज्ञ हुनुहुन्छ) निश्चय नै उपस्थित छ, तर आशिष् ल्याउने क्रियाकलापमा उहाँले हर समय उहाँको उपस्थिति देखाउनुहुन्न (हे. अ. ११)।

यसको विपरीत, पवित्र आत्मा निक्लिजानुभएको कारण मानिसहरूबाट परमेश्‍वरका आशिषहरू हटाइए, “तरै पनि तिनीहरू बागी भए, र उहाँका पवित्र आत्मालाई दुःखित तुल्याए। यसैकारण उहाँ तिनीहरूको शत्रु हुनुभयो, र उहाँ आफैले तिनीहरूका विरुद्धमा लड्नुभयो” (यशै ६३:१०)। तरै पनि पुरानो करारका विभिन्न भविष्यवाणीहरूले एउटा यस्तो समयको पूर्ववाणी गरे जब पवित्र आत्मा अझ ठूलो परिपूर्णतामा आउनुहुनेथियो – एउटा यस्तो समय जब परमेश्‍वरले उहाँका जनसँग एउटा नयाँ करार बाँध्नुहुनेथियो (इज ३६:२६-२७; ३७:१४; ३९:२९; योए २:२८-२९)।

पवित्र आत्माले कुन निर्दिष्ट तरिकाहरूमा परमेश्‍वरका आशिषहरू ल्याउनुहुन्छ ? परमेश्‍वरका उपस्थिति र आशिष्का प्रमाण ल्याउनलाई पवित्र आत्माको कामका चारवटा पक्षहरू हामी छुट्ट्याउन सक्छौं – (१) पवित्र आत्माले *शक्तिसम्पन्न बनाउनुहुन्छ* (*empowers*); (२) पवित्र आत्माले *शुद्ध गर्नुहुन्छ* (*purifies*); (३) पवित्र आत्माले *प्रकट गरिदिनुहुन्छ* (*reveals*); (४) पवित्र आत्माले *एकीकरण ल्याउनुहुन्छ* (*unifies*)। हामी तल यी सबै क्रियाकलाप एक-एक गरी जाँच गर्नेछौं। अन्त्यमा हामीले यो बुझ्नपर्दछ कि पवित्र आत्माका यी कामहरूलाई सामान्य काम भनी ठान्नु हुँदैन, र ती कामहरू परमेश्‍वरका जनमाझ स्वचालित रूपमा हुँदैनन्। यसको विपरीत, परमेश्‍वरका जनमा विश्‍वास र आज्ञाकारिता छ भने उहाँ प्रसन्न बन्नुभएको र तिनीहरूमा अविश्‍वास र अनाज्ञाकारिता छ भने उहाँ अप्रसन्न बन्नुभएको पवित्र आत्माले प्रतिविम्बित गर्नुहुन्छ। यसैकारण पवित्र आत्माको क्रियाकलापको पाँचौं पक्ष हेर्नु हामीलाई आवश्यक छ – (५) उहाँप्रति हाम्रो प्रतिक्रियाअनुसार नै पवित्र आत्माले परमेश्‍वरको उपस्थिति र आशिष्को *बलियो वा दुर्बल प्रमाण दिनुहुन्छ*।

## क. पवित्र आत्माले शक्ति प्रदान गर्नुहुन्छ (empowers)

**१. उहाँले जीवन दिनुहुन्छ।** प्रकृतिको राज्यमा, चाहे धरतीमा भएका हुन् वा आकाशमा, सबै जीवित प्राणीहरूलाई जीवन दिने भूमिका पवित्र आत्माको हो किनकि “तपाईंले आफ्ना आत्मा पठाउनुहुँदा, तिनीहरूको सृष्टि हुन्छ” (भज १०४:३०)। यसको विपरीत, परमेश्‍वरले यदि “जीवन दिने उहाँका आत्मा र सास फर्काइलानुभयो भने, क्षणभरमा नै सबै जीवित प्राणीहरू नष्ट हुनेछन्, र मानिस फेरि माटामा नै फर्किजानेछ” (अयू ३४:१४-१५)। हामी यहाँ पवित्र आत्माको मानव र पशु जीवन दिने र सम्भरण गर्ने भूमिका देख्छौं।

हाम्रो नवजीवनमा हामीलाई नयाँ जीवन दिनुहुने पवित्र आत्माको भूमिका यसकै हाराहारीमा देख्दछौं।[२] येशूले निकोदेमसलाई भन्नुभयो, “शरीरबाट जन्मेको शरीर हो, र *पवित्र आत्माबाट जन्मेको* आत्मा हो। ‘मैले तिमीलाई आत्माबाट जन्मनुपर्छ भन्दा अचम्म नमान’” (यूह ३:६-७; तु. ५, ८ पह.; ६:६३; २ कोर ३:६)। उहाँले यो पनि भन्नुभयो, “*जीवन दिनुहुने आत्मा हुनुहुन्छ*, शरीरबाट केही फायदा हुँदैन” (यूह ६:६३;

[२]हे. अ. ३४ मा नवजीवनको छलफल। हामीले अध्याय ३९ मा तर्क गर्दा हामी यो देख्छौं कि “पवित्र आत्मामा बप्तिस्मा” भन्ने वाक्यांश हामी ख्रीष्टियान बन्दा पवित्र आत्माका कामबारे बताउनका लागि नयाँ करारद्वारा प्रयोग गरिन्छ [उदा. १ कोर १२:१३] (यद्यपि, धेरै इभ्यानजेलिकल्हरूले, विशेष गरी

तु. २ कोर ३:६; प्रे १०:४४-४७; तीत ३:५)।[३] जीवन दिने पवित्र आत्माको कामकै अनुरूप यो तथ्य पनि छ कि उहाँकी आमा मरियमको गर्भमा उहाँलाई गर्भधारण गराउनुहुने पवित्र आत्मा नै हुनुहुन्थ्यो (मत्ती १:१८, २०; लूका १:३५)। ख्रीष्ट फेरि फर्किआउनुहुने दिनमा हाम्रा नश्वर शरीरलाई नयाँ पुनरुत्थान जीवन दान दिने कामद्वारा नयाँ जीवन दिनुहुने काम पूरा गर्नुहुने उहाँ पवित्र आत्मा नै हुनुहुन्छ: "तर यदि येशूलाई मरेकाबाट जीवित पार्नुहुनेका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, ख्रीष्ट येशूलाई मरेकाबाट जीवित पार्नहुनेले नै तिमीहरूमा वास गर्नहुने *उहाँका आत्माद्वारा* तिमीहरूका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ" (रोम ८:११)

## २. उहाँले सेवाको निम्ति शक्ति दिनुहुन्छ।

**क. पुरानो करार :** पुरानो करारमा पवित्र आत्माले मानिसहरूलाई विशेष सेवाको निम्ति प्राय: नै शक्ति प्रदान गर्नुभयो। उहाँले यहोशूलाई नेतृत्वका सीपहरू र बुद्धिसित शक्तिसम्पन्न बनाउनुभयो (गन्ती २७:१८; व्यव ३४:९) अनि इस्राएललाई तिनीहरूका शत्रुहरूबाट छुटकारा दिनलाई न्यायकर्ताहरूलाई शक्तिसम्पन्न तुल्याउनुभयो (न्याय ३:१० मा आत्निएलमाथि, न्याय ६:३ मा गिदोनमाथि, ११:९ मा यिप्तामाथि र १३:२५; १४:६, १९; १५:१४ मा कसरी "परमप्रभुका आत्मा आउनुभयो," सोमाथि ध्यान दिनुहोस्)। इस्राएलका शत्रुहरूका विरुद्धमा लड़ाइँ गर्नलाई शाऊललाई जागृत गराउनलाई उनीमाथि शक्तिशाली तरिकामा पवित्र आत्मा आउनुभयो (१ शमू ११:६) अनि यस बेला दाऊदलाई परमेश्वरले जुन राजपदको निम्ति बोलावट दिनुभएको थियो सो काम पूरा गर्नलाई परमेश्वरले तिनलाई सुसज्जित बनाउनुहुँदै राजा अभिषेक गर्नुहुँदा "परमप्रभुका आत्मा दाऊदमाथि आउनुभयो, र त्यस दिनदेखि उसो तिनीसँग रहनुभयो" (१ शमू १६:१३)।[४] पालको पवित्र स्थान र यसमा चाहिने चीजहरूका निर्माणको निम्ति (प्रस ३१:३; ३५:३१) र यी सीपहरू अरूहरूलाई सिकाउने योग्यतासित पवित्र आत्माले केही भिन्नै तरिकामा बजलेललाई कलात्मक दक्षताहरूसित सम्पन्न बनाउनुभयो (प्रस ३५:३४)।[५]

पवित्र आत्माले परमेश्वरका जनलाई रक्षा पनि गर्नुभयो र तिनीहरूका शत्रुहरूलाई पराजित गर्न सक्षम बनाउनुभयो। उदाहरणार्थ, प्रस्थानको समयमा परमेश्वरले

---

क्यारिज्म्याटिक् र पेन्टिकोस्टल समूहहरूकाले, हृदय परिवर्तनपछि पवित्र आत्माले गर्नुहुने कामलाई "पवित्र आत्माको बप्तिस्मा" भनी बुझ्दछन्)।

[३]जीवन प्रदान गर्ने पवित्र आत्माको कामसित सम्बन्धित एउटा यो तथ्य पनि छ कि उहाँले हामीमा उहाँका कामको छाप लगाउनुहुन्छ, जसो हुँदा साँचो विश्वासीहरू परमेश्वरबाट टाढ़िन र तिनीहरूले आफ्ना मुक्ति गमाउनदेखि तिनीहरूलाई सुरक्षा दिनुहुन्छ (एफि १:१३)।

[४]"मलाई तपाईंको उपस्थितिबाट नहटाउनुहोस्, *नता मबाट तपाईंका पवित्र आत्मा लैजानुहोस्*" (भज ५१:११) भनी दाऊदले जुन बिन्ती गर्छन् त्यो बिन्ती उनलाई राजपदको निम्ति सुसज्जित बनाइयोस् भन्ने प्रस्टै अर्थमा गर्छन्। जसरी पवित्र आत्मा दाऊदमाथि आउनुभएकै समयमा राजपदको निम्ति शाऊललाई अभिषेक गर्ने पवित्र आत्माको भूमिका शाऊलबाट हटेर गयो (तु. १ शमू १६:१३ सित १४ प) त्यसरी नै, अत:, बतशेबासँग भएको दाऊदको पापपछि (हे. भज ५१) उनले आफूबाट पवित्र आत्मा त्यसरी नै नलगिऊन् भनी प्रार्थना गर्छन्।

[५]पुरानो करारका अगमवक्ताहरूलाई बोल्ने प्रकाश दिएर पवित्र आत्माले ती अगमवक्ताहरूलाई पनि शक्तिसम्पन्न बनाउनुभयो तर मैले त्यस कार्यभारलाई तल खण्ड "ग"-मा राखेको छु ("पवित्र आत्माले प्रकट गर्नुहुन्छ")।

तिनीहरूका माझमा उहाँको आत्मा राखिदिनुभयो (यशै ६३:११-१२) र पछिबाट निर्वासनबाट तिनीहरूका फर्किएपछि तिनीहरूलाई रक्षा गर्न र तिनीहरूलाई डरबाट बचाउनलाई उहाँका आत्मा तिनीहरूमाझ राखिदिनुभयो (हग्गै २:५)। शाऊलले दाऊदलाई बल प्रयोग गरी पक्रने प्रयास गरिरहेका बेला, पवित्र आत्मा शाऊलका सन्देशवाहकहरूमाथि (१ शमू १९:२०) र अन्ततः शाऊल स्वयम्माथि आउनुभयो (२३ प.) र उहाँले तिनीहरूलाई अनिच्छैले (involuntarily) भुइँमा लड्न र घण्टौंघण्टासम्म अगमवाणी बोल्न बाध्य तुल्याउनुभयो; र दाऊद र शमूएलका विरुद्धमा तिनका बलको दुर्भावनापूर्ण प्रतिक्रियामा त्यसरी शाऊलको उद्देश्यलाई विफल बनाइदिनुभयो। यस्तै प्रकारले इजकिएलले पवित्र आत्माको शक्तिद्वारा इस्राएलका केही अगुवाहरूविरुद्ध दण्डको अगमवाणी बोलिरहेका थिए (यज ११:५), ती अगुवाहरूमध्ये एक पलत्याह नामक अगुवा वास्तवमै मरे (यज ११:१३)। यसरी पवित्र आत्माले तिनीमाथि तुरुन्तैको दण्ड ल्याउनुभयो।

अन्त्यमा, पुरानो करारले त्यो समयको पूर्ववाणी गऱ्यो जब पवित्र आत्माले एक जान सेवक-मसीहलाई महान् पूर्णता र शक्तिमा अभिषेक गर्नुहुनेथियो :

> *परमप्रभुका आत्मा उहाँमा रहनुहुनेछ* – बुद्धि र समझका आत्मा, सल्लाह र शक्तिका आत्मा, ज्ञान र परमप्रभुको भयका आत्मा अनि परमप्रभुको भयमा नै उहाँ प्रसन्न हुनुहुनेछ। (यशै ११:२-३)

आउनुहुने यी सेवकको बारेमा यशैयाले अगमवाणी गरे कि परमेश्वरले यसो भन्नुहुन्छ, "तिनमा म मेरो आत्मा राखिदिनेछु" (यशै ४२:१) र उहाँ आफैले यसो भन्नुहुन्छ, "परमप्रभु परमेश्वरका आत्मा ममाथि छ, ... परमप्रभुले मलाई अभिषेक गर्नुभएको छ" (यशै ६१:१; तु. लूक ४:१८)।

परानो करारमा पवित्र आत्माले शक्ति प्रदान गर्नुहुनेसम्बन्धी यो छलफललाई थन्काउनुभन्दा पहिला हामीले यस कुरामा ध्यान दिनुपर्दछ कि पुरानो करारका मानिसहरू*भित्र* पवित्र आत्माको काम थिएन भनी कहिलेकाहीं भनिन्छ। यो धारणा येशूले यूहन्ना १४:१७ मा चेलाहरूलाई भन्नुभएको विशेष यो वचनबाट अनुमान गरिएको हो "उहाँ तिमीहरूसँग वास गर्नुहुन्छ, र उहाँ तिमीहरूमा रहनुहुनेछ।" तर हामीले यस पदबाट यो निर्ष्कष निकाल्नु हुँदैन कि पवित्र आत्माले पेन्तिकोसअघि मानिसहरूभित्र काम गर्नुहुन्थेन। पवित्र आत्माद्वारा भरपूर भएका मानिसहरूबारे पुरानो करारले बारम्बार नबताए तापनि, यस्ता केही उदाहरणहरू भने निश्चय नै छन्, जस्तै, यहोशूमा पवित्र आत्मा थियो भनिन्छ (गन्ती २७:१८; व्यव ३४:९), त्यसरी नै इजकिएलमा (यज २:२; ३:२४), दानिएलमा (दान ४:८-९, १८; ५:११) र मीकामा (मीका ३:८)।[६] यसको अर्थ यो हो कि येशूले उहाँका चेलाहरूलाई पवित्र आत्मा "तिमीहरूसँग वास गर्नुहुन्छ, र उहाँ तिमीहरूमा रहनुहुनेछ" (यूह १४:१७) भन्नुहुँदा उहाँको अर्थ यो हुनै सक्दैन कि पुरानो करारमा पवित्र आत्माले काम

[६]नयाँ करारको पेन्तिकोसअघि हामी बप्तिस्मा-दिने यूहन्ना (लूक १:१५), एलीशिबा (लूक १:४१) र जकरिया (लूक १:६७) पवित्र आत्माद्वारा भरपूर थिए भनी हामीलाई भनिएको छ।

गर्नुहुन्थेन र नयाँ करारमा पवित्र आत्माको काममा गर्नुहुन्छ। नता यूहन्ना ७:३९ ("पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन")-को अर्थ पेन्तिकोसअघि मानिसहरूका जीवनमा पवित्र आत्माको *कुनै* काम नै थिएन भन्ने हुन सक्छ। यी दुवै खण्डहरू यो तथ्य बयान गर्ने भिन्न-भिन्नै तरिकाहरू हुनुपर्दछ कि पेन्तिकोसपछिको जीवनको विशेषता जो पवित्र आत्माको झन् शक्तिशाली र पर्याप्त काम थियो, त्योचाहिँ चेलाहरूका जीवनमा अझसम्म आरम्भ भएको थिएन। नयाँ करार कार्यान्वयन भएपछि उहाँका मानिसहरूभित्र जसरी पवित्र आत्मा हालिदिनेछु भनी परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो (हे. इज ३६:२६, २७; ३७:१४) पवित्र आत्मा तिनीहरूभित्र त्यसरी नै आउनुभएको थिएन, नता त्यो विशाल बाहुल्य र पूर्णतामा पवित्र आत्मा खन्याइनुभएको थियो जो नयाँ करार युगको विशेषतासूचक हुनुथियो (योए २:२८-२९)। नयाँ करारको यस शक्तिशाली अर्थमा, चेलाहरूभित्र पवित्र आत्मा अझसम्म कार्यरत हुनुहुन्थेन।[७]

**ख. नयाँ करार :** नयाँ करारमा पवित्र आत्माका शक्ति प्रदान गर्ने कार्य मसीहका रूपमा येशूको अभिषेक र सशक्तीकरणमा सर्वप्रथम र अति पूर्णतामा देख्न सकिन्छ। येशूको बप्तिस्मामा उहाँमाथि पवित्र आत्मा ओर्लिआउनुभयो (मत्ती ३:१६; मर्क १:११; लूक ३:२२)। बप्तिस्मा दिने यूहन्नाले भने, "मैले पवित्र आत्मालाई ढुकुरको रूपमा स्वर्गबाट ओर्लेर आई उहाँमाथि बस्नुभएको देखें" (यूह १:३२)। त्यसकारण येशूले "पवित्र आत्माले परिपूर्ण भएर" त्यो उजाड़-स्थानको परीक्षामा प्रवेश गर्नुभयो (लूक ४:१) र उहाँको परीक्षापछि, अर्थात् उहाँको सेवाकार्यको प्रारम्भमा "येशू *पवित्र आत्माको शक्तिमा* गालीलमा फर्कनुभयो" (लूक ४:१४)। येशू नासरतको सभाघरमा प्रचार गर्न आउनुहुँदा उहाँले यो घोषणा गर्नुभयो कि यशैयाको अगमवाणी उहाँमा पूरा भएको थियो – "परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ" (लूक ४:१८)। येशूले वचनद्वारा भूतहरूलाई धपाउनुहुँदा अनि उहाँकहाँ आउने सबैलाई निको बनाउनुहुँदा उहाँका ती पछिल्ला आश्चर्यकर्महरूमा येशूको जीवनमा पवित्र आत्माको शक्ति देखिएको थियो (लूक ४:३६, ४०-४१)। येशूमा वास गर्न र उहाँलाई सशक्तीकरण गर्न पवित्र आत्मा पूर्ण रूपमा प्रसन्न बन्नुभयो किनकि पवित्र आत्मा येशूको जीवनको परम नैतिक शुद्धतामा प्रसन्न हुनुहुन्थ्यो। उहाँको आफ्नै सेवाकार्य र त्यस सेवाकार्यमाथि पिताको आशिष्बारे कुरा गर्नुहुँदै येशू भन्नुहुन्छ, "परमेश्वरले विनानाप पवित्र आत्मा दिनुहुन्छ। पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र सबै थोक उहाँकै हातमा दिनुभएको छ" (यूह ३:३४-३५)। येशूमा पवित्र आत्माको विनानापको अभिषेक थियो र यो अभिषेक उहाँमा रहचो

[७]पुरानो करार र नयाँ करारमा पवित्र आत्माका कामहरूमाझ भएका भिन्नताहरूबारे अझ पूर्ण छलफलको निम्ति हे.अ. ३९ भित्र।

(यूह १:३२; तु. प्रे १०:३८)।

पवित्र आत्माले विभिन्न कामहरूका निम्ति येशूका चेलाहरूलाई पनि शक्तिसम्पन्न बनाउनुभयो। येशूले तिनीहरूलाई यो प्रतिज्ञा गर्नुएको थियो, “*तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ,* र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ” (प्रे १:८)।[८] आरम्भका ख्रीष्टियानहरूले सुसमाचारको घोषणा गर्दा आश्चर्यकर्म गर्नलाई तिनीहरूलाई पवित्र आत्माले शक्तिसम्पन्न बनाउनुभएको विभिन्न निर्दिष्ट उदाहरणहरू छन् (ध्यान दिनुहोस् प्रे ६:५ मा स्तिफनसमा र रोम १५:१९; र १ कोर २:४ मा पावलमा)। तर पवित्र आत्माले पनि आरम्भिक मण्डलीको प्रचारमा ठूलो शक्ति दिनुभयो, तसर्थ चेलाहरू पवित्र आत्माद्वारा परिपूर्ण हुँदा तिनीहरूले निर्भयता र ठूलो शक्तिसित वचन घोषणा गरे (प्रे ४:८, ३१; ६:१०; १ थेस १:५; १ पत्र १:१२)। सामान्यतया, हामी यो भन्न सक्छौं कि सुसमाचारको सन्देश मानिसहरूका हृदयमा प्रभावकारी प्रकारले घोषणा गरिँदा पवित्र आत्मा सुसमाचारको सन्देशमार्फत् बोल्नुहुन्छ। नयाँ करार पवित्र आत्मा र मण्डलीको निमन्त्रणासित समाप्त हुन्छ; यी दुवैले मानिसहरूलाई मुक्तिमा बोलाउँछन्: “पवित्र आत्मा र दुलही भन्नुहुन्छ, ‘आउनुहोस्।’” जसले सुन्छ त्यसले भनोस् “आउनुहोस्।” (प्रका २२:१७)। वास्तवमा सुसमाचारको सन्देशमा मात्र होइन तर धर्मशास्त्रको पठन र शिक्षणमा पनि पवित्र आत्माले हरेक दिन मानिसहरूका हृदयसित निरन्तर बोल्नुहुन्छ (हे. हिब ३:७ र १०:१५; यहाँ लेखकले पुरानो करारको खण्डलाई उद्धृत गरिरहेका छन् अनि उनी भन्छन् कि पवित्र आत्माले अहिले त्यो खण्ड उनका पाठकहरूलाई बताइरहनुभएको छ)।

सेवाको निम्ति ख्रीष्टियानहरूलाई समर्थ बनाउने अर्को पक्षचाहिँ सेवाकार्यका लागि ख्रीष्टियानहरूलाई सुसज्जित बनाउनलाई वरदानहरू दिनमा पवित्र आत्माको क्रियाकलाप हो। विभिन्न आत्मिक वरदानहरूको तालिका बनाएर पावल भन्छन्, “तर *यी सबै उनै एक पवित्र आत्माका कामहरू हुन्*। उहाँले हरेकलाई उहाँको इच्छाअनुसार वरदान दिनुहुन्छ” (१ कोर १२:११)। संसारमा परमेश्वरको उपस्थिति देखाउने वा प्रकट गर्ने व्यक्ति पवित्र आत्मा हुनुभएको कारण पावलले आत्मिक वरदानहरूलाई पवित्र आत्माका “प्रकटीकरणहरू” भन्नु कुनै छक्कलाग्दो कुरो होइन

[८]यहाँ अनूदित “शक्ति” (*dynamis*) शब्द प्रेरितहरूको पुस्तकमा अन्य नौपटक देखापर्दछ (अङ्ग्रेजी बाइबलमा)। एउटा मुद्दामा (४:३३), यो शब्दले श्रोताहरूलाई विश्वास दिलाएको सशक्त प्रचारतिर सङ्केत गरेको हो वा त्यस प्रचारमा देखिएका आश्चर्यकर्मका चिन्हहरूतिर सङ्केत गरेको हो, स्पष्ट छैन। तर अन्य आठवटा उदाहरणहरूमा (२:२२; ३:१२; ४:७; ६:८; ८:१० [यस पदमा मूर्तिपूजक आश्चर्यकर्म गर्ने शक्तिहरूतिर सङ्केत गरिएको छ], १३; १०:३८; ९:११) यो शब्दले *आश्चर्य कामहरू गर्ने शक्ति*तिर इङ्गित गर्छ। *dynamis* शब्दको यो अर्थ लूकाको सुसमाचारमा यसलाई बारम्बार आश्चर्यकर्म गर्ने शक्तितिर सङ्केत गर्न प्रयोग गरिएकोबाट अझै पुष्टि गरिएको छ। त्यसकारण चेलाहरूमाथि पवित्र आत्मा आउनुहुँदा तिनीहरूले “शक्ति” पाउनेछन् भनी येशूले प्रेरित १:८ मा प्रतिज्ञा गर्नुहुँदा, उहाँले कमसेकम पवित्र आत्माको आश्चर्यकर्म गर्ने शक्तिबारे बताइरहनुभएको थियो जसले सुसमाचारको सत्यतालाई पुष्टि गर्नेथियो भनी उनीहरूले बुझ्ने थिए। किनभने तात्कालिक सन्दर्भले येशूका निम्ति साक्षी बन्ने कुराबारे बताएको कारण, उनीहरूको प्रचारद्वारा काम गर्न र मानिसहरूका हृदयलाई पापको कायल गराउन र हृदयमा विश्वास जगाउनका लागि उनीहरूले पवित्र आत्माको शक्ति प्राप्त गर्नेछन् भन्ने पनि उहाँको अर्थ थियो भनी पनि उनीहरूले सायद बुझेका हुन सक्छन्। तिनीहरूका प्रचारमा यो शक्ति पछिका घटनाहरूमा प्रस्टै थियो, जस्तै पत्रुसका श्रोताहरूका हृदय “छियाछिया भयो” (प्रे २:३७), वा “वचन सुन्नेहरूमध्ये धेरैले विश्वास गरे, र विश्वास गर्ने मानिसहरूको संख्या प्राय पाँच हजार भयो” (प्रे ४:४)।

(१ कोर १२:७)।[९] आत्मिक वरदानहरू सक्रिय हुनु मण्डलीमा परमेश्वर पवित्र आत्माको उपस्थितिको अर्को सङ्केत हो।[१०]

विभिन्न विश्वासीहरूका प्रार्थना-जीवनमा हामी यो पाउँदछौं कि पवित्र आत्माले प्रार्थनालाई शक्ति प्रदान गर्नुहुन्छ अनि यसलाई प्रभावकारी बनाउनुहुन्छ। "कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ" (रोम ८:२६)।[११] अनि पावल भन्छन् कि हामीले "एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं" (एफि २:१८)। पवित्र आत्माद्वारा शक्ति प्रदान गरिएको भनी नयाँ करारले भन्ने एउटा विशेष किसिमको प्रार्थना अन्य भाषाहरूमा गरिने प्रार्थनाको वरदान हो (१ कोर १२:१०-११; १४:२, १४-१७)।[१२]

सेवाको निम्ति ख्रीष्टियानहरूलाई समर्थ बनाउने पवित्र आत्माका कामको अझ अर्को पक्ष सुसमाचारको प्रचार र मानिसहरूका जीवनमा परमेश्वरको कामप्रति गरिने आत्मिक विरोधलाई परास्त गर्नलाई मानिसहरूलाई गरिने सशक्तीकरण हो। आत्मिक युद्धको यो शक्ति सर्वप्रथम येशूको जीवनमा देखिएको थियो जसले भन्नुभयो, "तर यदि *परमेश्वरका आत्माद्वारा* म भूतहरू धपाउँछु भने परमेश्वरको राज्य तिमीहरूमा आइसकेको छ" (मत्ती १२:२८)। पावल पाफोस आउँदा उनले जादुगर एलुमासबाट विरोधको सामना गर्नुपर्‍यो तर उनले "*पवित्र आत्माले भरिएर* त्यसमाथि एकटक लाएर हेरे र भने, "'तँ दियाबलसको छोरो, सारा धार्मिकताको शत्रु, सम्पूर्ण छल र दुष्टताले भरिएको ! के तँ प्रभुको सोझो मार्ग बङ्ग्याउन छोड्दैनस् ? अब हेर, प्रभुको हात तँमाथि परेको छ, र तँ अब केही समयसम्म घामको प्रकाशमा नदेख्ने भई अन्धो हुनेछस्।'" "अनि उतिखेरै कुइरो र अन्धकारले त्यसलाई छोप्यो, र कसैले त्यसको हात पक्रेर डोऱ्याइदेला कि भनेर त्यो यताउता जान लाग्यो" (प्रे १३:९-११)। पवित्र आत्माद्वारा दिइएको "आत्माहरू छुट्ट्याउने" वरदान (१ कोर १२:१०) पनि अन्धकारका शक्तिहरूका विरुद्धमा हतियार बन्नुपर्दछ जस्तो गरी परमेश्वरको वचन हतियार हो जसले आत्मिक संघर्षमा लड़ाइ गर्ने "आत्माको तरवार"-को काम गर्छ (एफि ६:१७)।

### ख. पवित्र आत्माले शुद्ध गर्नुहुन्छ (Purifies)

त्रिएकत्वका यी सदस्यलाई *पवित्र आत्मा* भनिएको हुनाले, उहाँका मूल क्रियाकलापहरूमध्ये एउटाचाहिँ हामीलाई पापबाट शुद्ध बनाउनु र "हामीलाई पवित्र गर्नु" वा जीवनको वास्तविक आचरणमा हामीलाई अझ पवित्र बनाउनु हो।

[९]"प्रकटीकरण"-लाई ग्रीकमा *phanerosis* भनिन्छ, जसको अर्थ यस्तो कुनै थोक जसले खुलस्त बनाइदिन्छ, यस्तो कुनै थोक जसले सार्वजनिक रूपले प्रत्यक्ष वा स्पष्ट बनाइदिन्छ। यस शब्दसित सम्बन्धित विशेषण *phaneros*-को अर्थ "देख्न सकिने, स्पष्ट, सजिलै देख्न सकिने, खुल्ला, प्रत्यक्ष, जानिएको" हो (BAGD, पृ. ८५२)।

[१०]पवित्र आत्माले ख्रीष्टियान जीवनकालमा परमेश्वरप्रति आज्ञाकारितलाई पनि शक्तिसम्पन्न बनाउनुहुन्छ (हे. पवित्र आत्माको शुद्धीकरणको कामबारे तलको छलफल)।

[११]हे. अ. १८ भित्र; र अ. ५३ भित्र रोमी ८:२६ बारे छलफल।

[१२]हे. अ. ५३ भित्र अन्यभाषामा बोलीबारे छलफल।

पवित्र आत्माले संसारलाई पापको दोषी ठहराउनुहुँदा, अविश्वासीहरूका जीवनमा पनि उहाँको कुनै प्रकारको प्रतिरोधक प्रभाव हुन्छ (यूह १६:८-११; प्रे ७:५१)। तर मानिसहरू ख्रीष्टियान बन्दा पवित्र आत्माले तिनीहरूमा प्रारम्भिक शुद्धकारी कार्य गर्नुहुन्छ, र यसो गर्दा तिनीहरूको जीवनमा पहिले भएका पापहरूका ढाँचाहरूबाट तिनीहरूलाई निर्णायक ढङ्गमा अलग गर्नुहुन्छ।[१३] पावल कारिन्थीहरूका बारेमा भन्छन्, "तिमीहरू कोही यस्तै थियौ, तर तिमीहरू धोइयौ, पवित्र पारियौ, प्रभु येशू ख्रीष्टको नाउँमा हाम्रा परमेश्वरका आत्माद्वारा निर्दोष ठहराइयौ" (१ कोर ६:११; हे. तीत ३:५ पनि)। येशूले मानिसहरूलाई "पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ" (मत्ती ३:११; लूक ३:१६) भनी बप्तिस्मा-दिने यूहन्नाले भन्दा आगोको त्यो रूपक (*metaphor*)-ले प्रतीकद्वारा पवित्र आत्माको यही निर्मल र शुद्ध बनाउने काम बुझाउँछ।

हामी ख्रीष्टियान बन्दा पवित्र आत्माले हाम्रो पापबाट हामीलाई प्रारम्भिक अलग गराउनुपछि, उहाँले हाम्रो जीवनमा पवित्रताको वृद्धि पनि ल्याउनुहुन्छ। उहाँले हामीभित्र *"आत्माको फल"* उत्पन्न गर्नुहुन्छ ("प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम," गला ५:२२-२३); यी ती गुणहरू हुन जसले परमेश्वरको चरित्र प्रतिविम्बित गर्छन्। हामी निरन्तर रूपमा "एउटा महिमादेखि अर्को महिमातिर उक्लिँदै उहाँको रूपमा" बदलिँदैजाँदा हामीलाई यो कुरा स्मरण गराइनुपर्दछ कि "परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ" (२ कोर ३:१८)। पवित्रीकरण पवित्र आत्माको शक्तिद्वारा आउँछ (२ थेस २:१३; १ पत्र १:२; तु. रोम ८:४, १५-१६) जुन कारण हामी *"पवित्र आत्मा"*-द्वारा "शरीरका कार्यहरू ... निर्मूल" पार्न सक्छौं र व्यक्तिगत पवित्रतामा अघि बढ्न सक्छौं (रोम ८:१३; हे. ७:६; फिलि १:१९)।[१४]

आज कति मानिसहरू भन्छन् कि पवित्र आत्माको शुद्ध बनाउने काम (वा निको बनाउने काम) त्यस बेला हुन्छ, जब तिनीहरू "आत्मामा मारिएका हुन्छन्" ("slain in the Spirt")। यो यस्तो अनुभव हो जब तिनीहरू अचानक अर्ध-चेतनाको अवस्थामा भुइँमा लड्दछन् र त्यहीँ केही मिनट वा घण्टासम्म रहन्छन्। "आत्मामा मार्नु" भन्ने वाक्यांश धर्मशास्त्रमा कहीँकतै लेखिएको नभए तापनि मानिसहरू भुइँमा लड़ेका, वा परमेश्वरको उपस्थितिमा, समाधीस्थ बनेका ("trance") उदाहरणहरू छन्।[१५] मानिसहरूका जीवनमा तिनले कस्ता स्थायी परिणामहरू ("फल") ल्याउँछन् (हे. मत्ती ७:१५-२०; १ कोर १४:१२, २६ग) सोहीअनुसार समकालीन अनुभवहरूको मूल्याङ्कन गरिनुपर्दछ ।

## ग. पवित्र आत्माले प्रकट गर्नुहुन्छ (Reveals)

[१३]यसबारे छलफल हे. John Murray, *Collected Writing of John Murray,* "Definitive Sanctification," (एडिनबर्ग ब्यान्ड कार्लआइल, पेन्सिलभिनिया, ब्यानर अव् ट्रूथ, १९७७), पृह. २७७-८४ मा।

[१४]शुद्धीकरणबारे अझ विस्तृत छलफलको निम्ति हे. अ. ३८ भित्र।

[१५]हे. उत १५:१२; प्रस ४०:३५; १ शमू १९:२४; १ राज ८:११; इज १:२८; ३:२३; दान ८:२७, यूह १८:६; प्रे ९:४; १०:१०; प्रका १:१७, ४:१० (तु. दान ८:१७-१८; १०:७-१७ मा स्वर्गदूतहरूलाई हठात् भेटेका घटनाहरू)।

१. **अगमवक्ता र प्रेरितहरूलाई प्रकटीकरण ।** पुरानो करारका अगमवक्ताहरू र नयाँ करारका प्रेरितहरूलाई परमेश्वरको वचन प्रकट गरिदिनमा, ताकि धेरै मुद्दाहरूमा ती वचनहरू धर्मशास्त्रमा गाभ्न सकिऊन् (उदा., हे. गन २४:२; एज ११:५; जक ७:१२; आदि), पवित्र आत्माको कामबारे हामीले अध्याय ४ मा विस्तृत रूपले छलफल गऱ्यौं । "पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका" (२ पत्र १:२१) हुनाले सम्पूर्ण पुरानो करार बनियो । अन्य अनेकौं खण्डहरूले पुरानो करारका अगमवक्तहरूमा पवित्र आत्माको यो काम उल्लेख गर्छन् (हे. मत्ती २२:४३; प्रे १:१६; ४:२५; २८:२५; १ पत्र १:११) । नयाँ करारका प्रेरितहरू र नयाँ करारको धर्मशास्त्रका वचनहरू लेख्ने अरूहरू पनि पवित्र आत्माद्वारा "सबै सत्यतामा" डोऱ्याइएका थिए (यूह १६:१३), जसले प्रेरितहरूलाई ती कुराहरू पनि बोलिदिनुभयो जो उहाँले पिता र पुत्रबाट सुने अनि तिनीहरूलाई "हुने घटनाहरूबारे" घोषणा गरिदिनुभयो (यूह १६:३; तु. एफि ३:५) । पवित्र आत्माद्वारा भरिएका अरूहरूले पनि ती वचनहरू बोले वा गाए जो धर्मशास्त्रको भाग बने, जस्तै एलिशिबा (लूक १:४१), जकरिया (लूक १:६७) र शिमियोन (लूक २:२५) ।

२. **उहाँले परमेश्वरको उपस्थितिको प्रमाण दिनुहुन्छ ।** कहिलेकाहीँ यो भनिएको छ कि पवित्र आत्माको काम आफैप्रति ध्यानाकर्षण गर्नु होइन, तर येशू र पिता परमेश्वरलाई महिमा दिनु हो। तर यो भनाइ धर्मशास्त्रद्वारा समर्थन नगरिएको एउटा झुटो द्विभाजन (dichotomy) हो भन्ने देखिन्छ। पवित्र आत्माले अवश्य नै येशूको महिमा गर्नुहुन्छ (यूह १६:१४) अनि उहाँको साक्षी दिनुहुन्छ (यूह १५:२६; प्रे ५:३२; १ कोर १२:३; १ यूह ४:२) । तर यसको अर्थ यो होइन कि उहाँले आफ्नै काम र वचन ज्ञात गराउनुहुन्न ! बाइबलका यस्ता सयौं पदहरू छन् जसले *पवित्र आत्माको कामबारे बताउँछन् र उहाँको काम ज्ञात* गराउँछन्, अनि बाइबल आफै नै पवित्र आत्माद्वारा बोलिएको वा उत्प्रेरित गरिएको हो !

यसबाहेक, *पवित्र आत्माले बारम्बार यस्ता घटनाहरूद्वारा आफैलाई प्रकट गराउनुभयो जुन घटनाहरूले उहाँको काम सङ्केत गर्थ्यो।* मोशासँग भएका सत्तरी अगुवाहरूमाथि पवित्र आत्मा आउनुभएपछि र उनीहरूले अगमवाणी गर्दा यस्तै भयो (गन्ती ११:२५-२६) अनि शक्तिका महान् कामहरू गर्न न्यायकर्ताहरूलाई सक्षम बनाउनलाई उनीहरूमाथि पवित्र आत्मा आउनुहुँदा (न्याय १४:६, १९; १५:१४ आदि) पनि यस्तै नै भयो। परमप्रभुका दासहरूमाथि पवित्र आत्मा आउनुहुँदा भएको प्रभाव मानिसहरूले यी उदाहरणहरूमा देख्न सके। शाऊलमाथि शक्तिशाली रूपमा पवित्र आत्मा आउनुहुँदा पनि यस्तै नै भयो अनि उनले अगमवक्ताहरूको दलसित अगमवाणी बोले (१ शमू १०:६, १०) अनि सार्वजनिक अगमवाणीहरू बोल्नलाई पवित्र आत्माले पुराना करारका अगमवक्ताहरूलाई शक्तिसम्पन्न बनाउनुहुँदा प्रायः यस्तै हुन्थ्यो।

पवित्र आत्मा ढुकुरको रूपमा येशूमाथि ओर्लिनुहुँदा (यूह १:३२) वा पेन्तिकोसको दिनमा ठूलो बतासको झोक्काजस्तै र आगोका जिब्राहरूजस्तै बनी चेलाहरूमाथि

बस्नुहुँदा (प्रे २:२-३) पनि पवित्र आत्माले उहाँको उपस्थिति देखिने गरी प्रत्यक्ष बनाउनुभयो। यसबाहेक, मानिसहरूमाथि पवित्र आत्मा खन्याइनुहुँदा र तिनीहरूले अन्य भाषाहरूमा बोल्नथाल्दा वा असाधारण र स्वतःप्रवर्तित (spontaneous) रूपमा परमेश्वरको प्रशंसा गर्न थाल्दा (हे. प्रे २:४; १०:४४-४६; १९:६) पनि पवित्र आत्माले उहाँको उपस्थिति अवश्यै ज्ञात गराउनुभयो। अनि येशूले प्रतिज्ञा गर्नुभयो कि हामीभित्र पवित्र आत्मा यति शक्तिशाली बन्नुहुनेथियो कि उहाँ हाम्रो अन्तस्करणबाट बगिनिस्केको जिउँदो पानीका खोलाहरू नदीजस्तै बन्नुहुनेथियो (हे. यूह ७:३९) – यो यस्तो उपमा हो जसले यो बताउँछ कि मानिसहरू एउटा उपस्थितिबारे भिज्ञ बन्नेथिए जो कुनै पनि प्रकारले इन्द्रियगोचर (perceptible) हुनेथियो।

अलग अलग विश्वासीहरूका जीवनमा पवित्र आत्माले उहाँको काम पूर्ण रूपले लुकाउनुहुन्न, तर उहाँले आफैलाई विभिन्न तरिकाहरूमा ज्ञात गराउनुहुन्छ। हामी परमेश्वरका छोराछोरीहरू हौं भनी उहाँले हाम्रो आत्मासँग गवाही दिनुहुन्छ (रोम ८:१६) र "हे अब्बा, पिता !" भनी पुकार्नुहुन्छ (गला ४:६)। स्वर्गमा उहाँसँग हाम्रो भविष्यको सङ्गतिका लागि उहाँले प्रत्याभूति उपलब्ध गराउनुहुन्छ वा त्यसको बैना दिनुहुन्छ (२ कोर १:२२; ५:५), र हामीलाई उहाँका ती इच्छाहरू प्रकट गरिदिनुहुन्छ जसो गरिँदा हामी ती इच्छाहरूद्वारा डोऱ्याइन सक्छौं र हामी ती इच्छाहरूलाई पछ्याउन सक्छौं (रोम ८:४-१६; गला ५:१६-२५)। उहाँले आफ्नो उपस्थितिलाई प्रकट गर्ने वरदानहरू हामीलाई दिनुहुन्छ (१ कोर १२:७-११)। अनि उहाँले समय-समयमा आश्चर्यकारी चिन्हहरू देखाउनुहुन्छ र उदेकका कामहरू गर्नुहुन्छ जसले सुसमाचारको प्रचारमा परमेश्वरको उपस्थितिको पुष्टि सशक्त रूपमा गर्छन् (हिब २:४; तु. १ कोर २:४; रोम १५:१९)।

त्यसकारण यो भन्नु अझ सही देखिन्छ कि पवित्र आत्माले येशूको महिमा गर्नुभए तापनि उहाँले प्रायः नै आफ्नोकामप्रति ध्यानाकर्षण गराउनुहुन्छ र *यस्ता चिन्न सकिने प्रमाणहरू दिनुहुन्छ जसले उहाँको उपस्थिति थाहा गर्न सकिने बनाउँछन्* । निश्चय नै यस्तो भान हुन्छ कि नयाँ करारको युगमा उहाँको एउटा प्राथमिक उद्देश्य *परमेश्वरको उपस्थिति प्रकट गर्नु हो,* यस्ता सङ्केतहरू दिनु जसले परमेश्वरको उपस्थितिलाई ज्ञात गराउँछन्। विश्वासी र अविश्वासीहरूद्वारा बोध गर्न सकिने विभिन्न तरिकाहरूमा पवित्र आत्माले काम गर्नुहुँदा, त्यस कामले परमेश्वर नजिक हुनुहुन्छ र मण्डलीमा उहाँका उद्देश्यहरू पूरा गर्नलाई र उहाँका जनकहाँ आशिष् ल्याउनलाई उहाँले काम गरिरहनुभएको छ भन्ने मानिसहरूको विश्वासलाई प्रोत्साहित गर्दछ।

**३. उहाँले परमेश्वरका जनलाई मार्गदर्शन गर्नुहुन्छ र निर्देशन दिनुहुन्छ।** पवित्र आत्माबाट विभिन्न मानिसहरूलाई प्रत्यक्ष मार्गदर्शन भएको धेरैवटा उदाहरणहरू धर्मशास्त्रले दिन्छ। वस्तुतः, पुरानो करारमा परमेश्वरले भन्नुभयो कि मानिसहरूका निम्ति अरू जातिहरूसित सम्झौता गर्न पाप हुन्थ्यो यदि ती सम्झौताहरू "मेरो आत्माले" मार्गदर्शन गरेका होइनन् (यशै ३०:१) भने। प्रस्टै हुन्छ कि यस्ता

सम्झौताहरू गर्नुभन्दा अघि मानिसहरूले परमेश्वरका पवित्र आत्माको मार्गदर्शन खोज्नुको सट्टामा आफ्नै बुद्धि र सामान्य ज्ञानको आधारमा निर्णयहरू लिइरहेका थिए। नयाँ करारमा, पवित्र आत्माले येशूलाई उहाँको परीक्षाको समयावधिको निम्ति उजाड़-स्थानमा डोऱ्याइलैजानुभयो (मत्ती ४:१; लूक ४:१); वास्तवमा पवित्र आत्माको यो डोऱ्याइ कति सशक्त थियो भने मर्कसले भन्न सक्छन् कि "पवित्र आत्माले उहाँलाई तुरुन्तै उजाड़-स्थानमा लैजानुभयो" (मत्ती १:१२)।[१६]

अन्य सन्दर्भहरूमा पवित्र आत्माले मानिसहरूलाई मार्गदर्शनका प्रत्यक्ष वचनहरू दिनुभयो, उदाहरणार्थ, फिलिपलाई, "जाऊ र त्यस रथको साथ लाग" (प्रे ८:२९), वा पत्रुसलाई कर्नेलियसको घरपरिवारबाट उनलाई भेट्न आएका ती तीन जना मानिसहरूसँग जाऊ भन्ने आदेश दिनुभयो (प्रे१०:१९-२०; ११:१२), वा एन्टिओखियाका ख्रीष्टियानहरूलाई यो आदेश दिनुभयो, "मेरो निम्ति बारनाबास र शाऊललाई त्यस कामको लागि अलग्ग गर, जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु" (प्रे १३:२)।

अझ प्रत्यक्ष र बाध्य बनाउने किसिमको "मार्गदर्शन दिने" संवर्गमा, यस्ता विभिन्न उदाहरणहरू पनि छन् जसमा पवित्र आत्माले व्यक्तिलाई वास्तवमै एउटा ठाउँदेखि अर्को ठाउँमा उठाएर लैजानुभयो। "प्रभुका आत्माले फिलिपलाई पक्रेर लैजानुभयो, र ती नपुंसकले उनलाई फेरि देखेनन् ... तर फिलिप अश्दोदमा देखा परे" (प्रे ८:३९-४०) – यस घटनामा दिइएको मार्गदर्शन यसभन्दा अझ स्पष्ट हुन गाहे थियो ! तर यस्तै किसिमका घटनाहरू पुरानो करारका केही अगमवक्ताहरूका जीवनमा पनि घटे, किनकि एलियालाई चिन्नेहरूले उनलाई परमेश्वरका आत्माले उठाउनुभएर अन्यत्रै लानुहुनेथियो भनी आशा गरेका देखिन्छ (१ राज १८:१२; २ राज २:१६, "शायद परमप्रभुका आत्माले तिनलाई उठाएर कुनै पहाड़ अथवा कुनै बँसीमा राखिदिनुभएको छ")। इजकिएल भन्छन् कि परमप्रभुका आत्माले धेरैपटक "मलाई उठाएर" एउटा वा अर्के ठाउँमा ल्याउनुभयो (इज ११:१; ३७:१; ४३:५), जुन अनुभव प्रकाशको पुस्तकमा यूहन्नाका पछिल्ला दर्शनहरूको पनि एउटा भाग थियो (प्रका १७:३; २१:१०)।[१७]

तर विराट् बहुसंख्यक मुद्दाहरूमा, पवित्र आत्माद्वारा गरिने अगुवाइ र मार्गदर्शन यस्तै नाटकीय हुँदैन। धर्मशास्त्रले बरु पवित्र आत्माद्वारा दिनहुँको मार्गदर्शनबारे बताउँछ – पवित्र आत्माद्वारा "डोऱ्याइएको" हुनु (रोम ८:१४; गला ५:१८), र पवित्र आत्माअनुसार चल्नु (रोम ८:४; गला ५:१६)। अब यहाँ पावलले धर्मशास्त्रका नैतिक आज्ञाहरूप्रति आज्ञाकारितातिर मात्र सङ्केत गरिरहेका छन् भनी बुझ्न सम्भव छ, तर यो व्याख्या अति नै असम्भाव्य देखिन्छ, विशेष गरी यसकारण कि यो सम्पूर्ण सन्दर्भले संवेग र इच्छाहरूबारे बताइरहेको छ जसलाई हामीले अझ अधिक व्यक्तिनिष्ठ

[१६]यहाँ अनूदित क्रियापद "लैजानुभयो" एक सशक्त शब्द *ekballo* हो, जसको अर्थ हो "जोड़जब्बरजस्ती लानु, निष्कासित गर्नु" र अझ अक्षरशः भन्नुपर्दा "बाहिर फालिदिनु" हुन्छ।

[१७]इजकिएल र यूहन्नाले अक्षरशः शारीरिक यात्राभन्दा दर्शनमा लगिएका कुरा बताइरहेका हुनु सम्भव छ (इज ८:३ र ११:२४ मा जस्तै)। पावलले २ कोर १२:२-३ मा यी दुवै कुराहरू सम्भव हुन सक्छन् भनी स्वीकार गर्छन्।

तरिकामा महसुस गर्छौं, अनि यसकारण पनि कि पावलले यहाँ आत्माद्वारा डोऱ्याइनु र शरीरका चाहनाहरू वा पाप-स्वभावको पछि लाग्नुबीच तुलना गर्छन् :

> तर म भन्दछु, पवित्र आत्माद्वारा हिँड़, र पाप-स्वभावका लालसा पूरा नगर। किनकि पाप-स्वभावका लालसा पवित्र आत्माको विरुद्ध हुन्छन्, अनि पवित्र आत्माको इच्छा पाप-स्वभावको विरुद्ध। ... पाप-स्वभावका कामहरू प्रत्यक्ष छन्, जो यिनै हुन् – व्यभिचार, अपवित्रता, लम्पटपना, मूर्तिपूजा, मन्त्रतन्त्र, दुश्मनी, झैंझगड़ा, ईर्ष्या, क्रोध ...। ... तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन्। ... हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिँड़ौं। हामी अहङ्कारी नहोऔं, एउटाले अर्कालाई रीस नउठाऔं, र एउटाले अर्कालाई ईर्ष्या नगरौं। (गला ५:१६-२६)

"पाप-स्वभाव" र "पवित्र आत्माको इच्छा"-माझ तुलनाको अर्थ यो हो कि हाम्रा जीवनले पलप्रति पल पवित्र आत्माको इच्छाको पालन गरिरहेका हुनुपर्दछ, पाप-स्वभावका लालसाको होइन। हुनसक्छ, ती इच्छाहरूप्रति प्रत्युत्तर जनाउनुको एउटा बृहत् भाग प्रेम, आनन्द, शान्ति (आदि) के हुन् भनी बुझ्ने कार्यको बौद्धिक प्रक्रिया हो, अनि त्यसपछि प्रेमिलो वा आनन्ददायी वा शान्तिपूर्वक ढङ्गमा काम गराइ हो। तर यसले पवित्र आत्माको त्यस्तो समग्र मार्गदर्शन मुस्किलैले गठन गर्छ सक्छ, किनभने यी संवेगहरू हामीले सोच्ने कुराहरू मात्र होइनन्; ती यस्ता कुराहरू हुन् जसलाई हामी अनुभूति पनि गर्छौं अनि अझ गहिरो तहमा महसुस गर्छौं। वास्तवमा, लालसा (ग्रीक *epithymia*) अनुवाद गरिएको शब्दले सशक्त मानव इच्छाहरू बुझाउँछ, बौद्धिक निर्णयहरू मात्र होइन। पावल यो उपलक्षित गर्छन् कि हामी ती इच्छाहरूअनुसार चल्नुपर्दछ किनकि पवित्र आत्माले हामीमा ती उत्पन्न गर्नुभएको हो। यसबाहेक, पवित्र आत्माद्वारा "डोऱ्याइनु" भन्ने धारणाले (गला ५:१८) हामीलाई डोऱ्याउने काममा पवित्र आत्माको सक्रिय *व्यक्तिगत* सहभागितातिर इङ्गित गर्दछ। यो बाइबलीय नैतिक मापदण्डहरूबारे हाम्रो चिन्तनभन्दा पनि कुनै ठूलो कुरा हो, अनि यसमा व्यक्तिहरूका रूपमा हामीसँग सम्बन्ध गाँस्नुमा र हामीलाई अगुवाइ र निर्देशन गर्नुमा पवित्र आत्मा सम्मिलित हुनु पनि समाविष्ट हुन्छ।

पवित्र आत्माले मानिसहरूलाई प्रत्यक्ष रूपमा मार्गदर्शन गर्नुभएका निश्चित उदाहरणहरू प्रेरितहरूका पुस्तकमा छन्। यरूशलेमको परिषद्को निर्णयपछि अगुवाहरूले उनीहरूका पत्रहरूमा मण्डलीहरूलाई लेखे, "किनभने *पवित्र आत्मा* र हामीहरूलाई *यो उचित लाग्यो,* कि यी आवश्यक कुराहरूबाहेक अरू बढ़ी बोझ तपाईंहरूलाई बोकाउनुहुँदैन" (प्रे १५:२८)। यो पदले यो सङ्केत दिन्छ कि यी कुराहरूबारे पवित्र आत्मालाई के उचित लागेको थियो सो परिषद्लाई थाहा भएको थियो, "पवित्र आत्मालाई" के "उचित लाग्यो" सो तिनीहरूले जाने। पावलको दोस्रो मिशनरी यात्रामा लूका लेख्छन्, "पवित्र आत्माबाट एशियामा वचन प्रचार गर्न

मनाई" भएको थियो अनि त्यसपछि "तिनीहरूले बिथिनियातर्फ जाने विचार गरे। तर येशूका आत्माले तिनीहरूलाई जान दिनुभएन," (प्रे १६:६-७)। पुरानो करारको धर्मशास्त्रको कुनै पनि लिखित सिद्धान्तले तिनीहरूले एशिया वा बिथिनियामा प्रचार गर्न पाउनेथिएनन् भनी निष्कर्ष निकाल्न तिनीहरूलाई अगुवाइ गरेको हुनसक्थेन। तिनीहरूले यी विभिन्न इलाकाहरूमा यात्रा गर्ने प्रयास गर्दा पवित्र आत्माले बरु कुनै विशेष तरिकामा, अर्थात् कानले सुनिएको वा मनमा सुनिएको वचनद्वारा, वा पवित्र आत्माको अनुपस्थिति र आशिष्को कमी भएको दह्रो व्यक्तिनिष्ठ छापको माध्यमबाट उहाँको प्रत्यक्ष मार्गदर्शन तिनीहरूलाई बताइदिनुभएको थियो। यसपछि पावल यरूशलेमको यात्रामा हुँदा उनी भन्छन्, "अब हेर्नोस्, म *पवित्र आत्मामा बाध्य भएर* यरूशलेमतिर जाँदैछु, त्यहाँ मलाई के-कसो परिआउने हो सो म केही जान्दिनँ। म यति मात्र जान्दछु, कि हरेक शहरमा कैद र कष्ट ममाथि परिआउँछ भन्ने पवित्र आत्माले मलाई गवाही दिनुहुन्छ" (प्रे २०:२२-२३)। उनले रोज्न सक्ने अर्को कुनै थोक थियो भनी पावललाई लागेन, पवित्र आत्माले यति स्पष्टतासित उहाँको उपस्थिति र इच्छा प्रकट गर्नुभयो कि आफू पवित्र आत्मामा "बाध्य" भएका कुरा पावलले बताउन सके।[१८]

अन्य मुद्दाहरूमा पवित्र आत्माले मानिसहरूलाई विभिन्न सेवाकार्यहरूमा वा मण्डलीका पद (ओहोदा)-हरूमा स्थापित गर्ने मार्गदर्शन दिनुभयो। यसर्थ पवित्र आत्माले एन्टिओखियामा भएको मण्डलीका कोही मानिसहरूलाई भन्नुभयो, "मेरो निम्ति बारनाबास र शाऊललाई त्यस कामको लागि अलग्ग गर, जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु" (प्रे १३:२)। अनि पावलले यो भन्न सक्थे कि पवित्र आत्माले एफिसीका मण्डलीका एल्डरहरूलाई तिनीहरूका ओहोदामा स्थापना गर्नुभएको थियो किनभने उनले भने, "तपाईंहरू आफ्ना निम्ति र आफ्नो समस्त बगालको निम्ति सावधान रहनुहोस्। पवित्र आत्माले तपाईंहरूलाई बगालका जिम्मावाल बनाउनुभएको छ" (प्रे २०:२८)। अन्त्यमा, अगमवाणीजस्ता आत्मिक वरदानहरूका माध्यमद्वारा पवित्र आत्माले केही मार्गदर्शन उपलब्ध गराउनुभयो (१ कोर १४:२९-३३)।[१९]

**४. पवित्र आत्माले उहाँको उपस्थिति प्रकट गर्नुहुँदा उहाँले परमेश्वरीय वातावरण उपलब्ध गराउनुहुन्छ।** पवित्र आत्मा पूर्ण रूपमा परमेश्वर हुनुभएको कारण अनि उहाँ परमेश्वरका सबै गुणहरूमा सहभागी हुनुभएकाले, उहाँ सक्रिय रहनुभएका परिस्थितिहरूमा परमेश्वरीय चरित्र वा वातावरण ल्याउनलाई उहाँले आफ्नो प्रभाव

[१८] "बाध्य भएर" भनी अनूदित शब्द *deo*-को पूर्णकालिक कर्मप्रधान कृदन्त हो र यसले अगावै पूरा भएको घटना बुझाउँछ (सायद पवित्र आत्माबाट प्राप्त एउटा बलियो विश्वास जसले अन्तिम समयको निम्ति यरूशलेमको यात्रा गर्ने निर्णय लिन पावललाई सक्षम बनायो), तर यस्तो घटना जसको वर्तमान कालमा पनि कायम रहने परिणाम हुन्छ, यसर्थ पावलले यो कुरा भन्दा उनी "बाध्य" भएका थिए (यस घटनाले पावललाई अझै पनि यति सशक्त प्रभाव पार्‍यो कि यरूशलेमतर्फ आफ्नो यात्रालाई जारी राख्नुबाहेक उनको अरू कुन उपाय थिएन)।

[१९] तर आजको मण्डली-युगमा मार्गदर्शनको निम्ति स्वस्फूरित अगमवाणीहरूलाई मात्र अनुसरण गर्नु सदैव जोखिमपूर्ण हुन्छ, किनकि हामीले आज कुनै पनि अगमवाणीहरू त्रुटिहीन छन् वा सय प्रतिशत सही छन् भनी कहिल्यै पनि ठान्नु हुँदैन। विशेष गरी व्यक्तिगत मागदर्शनको क्षेत्रमा भुलहरू उत्पन्न हुन सक्छन्। सामान्यतः व्यक्तिपरक मार्गदर्शन र विशेष गरी अगमवाणीको वरदानबारे हे. अ. ८, अ. ५३ भित्र।

प्रयोग गर्नुहुन्छ। उहाँ *पवित्र* आत्मा हुनुभएको कारण उहाँले कहिलेकाहीँ पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुन्छ (यूह १६:८-११)। परमेश्वर प्रेम हुनुहुन्छ, यसकारण पवित्र आत्माले परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइदिनुहुन्छ (रोम ५:५; १५:३०; कल १:८) अनि पवित्र आत्माको प्रायः नै सशक्त रूपमा प्रकट भएको उपस्थितिले प्रेमको वातावरण सृष्टि गर्दछ। परमेश्वर "गोलमालका परमेश्वर हुनुहुन्न, तर शान्तिका परमेश्वर" हुनुभएको कारण (१ कोर १४:३३) पवित्र आत्माले परिस्थितिहरूमा शान्तिको वातावरण ल्याउनुहुन्छ, "परमेश्वरको राज्य भनेको खानु र पिउनु होइन, तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो" (रोम १४:१७; तु. गला ५:२२)। यो अन्तिम पदले पनि यो शिक्षा दिन्छ कि पवित्र आत्माले आनन्दको वातावरण प्रदान गर्नुहुन्छ (प्रे १३:५२; हे. १ थेस १:६ पनि)। यी कुराहरूको तालिका विस्तृत नभए पनि पावलले गलाती ५:२२-२३ मा पवित्र आत्माको फलका विभिन्न तत्त्वहरू तालिकाबद्ध गर्दा पवित्र आत्माले उत्पन्न गर्नुहुने यी धेरैवटा परमेश्वरीय गुणहरू संक्षिप्तमा लेखे।

पवित्र आत्माले प्रदान गर्न सक्नुहुने वातावरणका अन्य तत्त्वहरू सत्यता (यूह १४:१७; १५:२६; १६:१३; १ यूह ५:७), बुद्धि (व्यव ३४:९; यशै ११:२), सान्त्वना (प्रे ९:३१), स्वतन्त्रता (२ को ३:१७), धार्मिकता (रोम १४:१७), आशा (रोम १५:१३; तु. गला ५:५), पुत्रत्व वा धर्म-पुत्रबारे जागरुकता [awareness] (रोम ८:१५-१६; गला ४:५-६) र महिमा (२ कोर ३:८) पनि हुन्। पवित्र आत्माले एकता (एफि ४:३), र शक्ति (प्रे १:८; १ कोर २:४; २ तिमो १:७; तु. प्रे १:८) पनि ल्याउनुहुन्छ। पवित्र आत्माका क्रियाकलापका यी सबै तत्त्वले त्यस वातावरणका विभिन्न पक्षहरूलाई सङ्केत गर्छन् जसमा उहाँले स्वयम्‌को उपस्थिति – र त्यसद्वारा उहाँ स्वयम्‌को चरित्र – आफ्ना जनलाई ज्ञात गराउनुहुन्छ।

**५. उहाँले हामीलाई आश्वासन दिनुहुन्छ।** "हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही" दिनुहुन्छ (रोम ८:१६), अनि हामीभित्र भएका परमेश्वरका कामको प्रमाण दिनुहुन्छ, "*उहाँले हामीलाई आफ्ना आत्माबाट दिनुभएको* छ, र ... हामी उहाँमा रहन्छौं र उहाँ हामीमा रहनुहुन्छ" (१ यूह ४:१३)। हामी परमेश्वरका सन्तान हौं भनी मात्र पवित्र आत्माले हामीलाई गवाही दिनुहुन्न, तर परमेश्वर हामीमा रहनुहुन्छ र हामी उहाँमा रहिरहेका छौं भन्नुभएर पनि गवाही दिनुहुन्छ। यहाँ फेरि एकपटक हाम्रो बुद्धिभन्दा धेरै कुरा संलग्न छ – पवित्र आत्माले हामीलाई आत्मिक र संवेगीय प्रत्यक्ष ज्ञानका व्यक्तिपरक तहमा पनि आश्वासन दिनलाई काम गर्नुहुन्छ।

**६. उहाँले शिक्षा दिनुहुन्छ अनि प्रकाश पार्नुहुन्छ** (Illumines)। पवित्र आत्माको प्रकटीकरणका कामको अर्को पक्ष परमेश्वरका जनलाई कुनै विशेष कुराहरू सिकाउनु हो अनि तिनीहरूलाई प्रकाश पार्नु हो ताकि तिनीहरूले कुराहरू बुझ्न सकून्। येशूले उहाँका चेलाहरूलाई "पवित्र आत्माले ... तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ" भन्नुहुँदा

उहाँले विशेष गरी तिनीहरूलाई शिक्षणको यो कार्यभार सिकाउनुहुने प्रतिज्ञा गर्नुभयो अनि उहाँले भन्नुभयो, “उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ” (यूह १६:१३)। यसबाहेक, उहाँले यो प्रतिज्ञा गर्नुभयो कि सतावटको कारण उहाँका चेलाहरू अदालतमा उभाइँदा तिनीहरूले के बोल्नुपर्ने हो सो तिनीहरूलाई पवित्र आत्माले सिकाउनुहुनेछ (लूक १२:१२; तु. मत्ती १०:२०; मर्क १३:११)। उदाहरणार्थ, शिमियोनले मसीहलाई नदेखेसम्म तिनी मर्नेछैनन् भनी बताइदिनुभएर (लूक २:२६), वा अगाबसलाई अनिकाल पर्नेछ भनी प्रकट गरिदिनुहुँदै (प्रे ११:२८), वा पावललाई यरूशलेममा कैदी बनाइनेछ भन्ने कुरा बताइदिनुभएर (प्रे २०:२३; २१:४) पवित्र आत्माले अरू बेला मानिसहरूलाई निश्चित जानकारीहरू प्रकट गरिदिनुभयो अनि उहाँले पछिल्ला दिनहरूमा के हुनेछन् सो स्पष्ट रूपमा पावललाई बताइदिनुभयो (१ तिमो ४:१) अनि परमेश्वरलाई प्रेम गर्नेहरूका निम्ति उहाँले के तयार गर्नुभएको छ सो पावललाई प्रकट गरिदिनुभयो (१ कोर २:१०)।

पवित्र आत्माको प्रकाश पार्ने काम यस तथ्यमा देखिन्छ कि उहाँले हामीलाई कुराहरू बुझ्नलाई सक्षम बनाउनुहुन्छ, “अब हामीले संसारको आत्मा पाएका छैनौं, तर परमेश्वरले हामीलाई दिनुभएका वरदानहरू *बुझ्न सकौं भनेर* उहाँबाट पवित्र आत्मा पाएका छौं” (१ कोर २:१२)। त्यसकारण, “जो मानिस आत्मिक छैन, त्यसले परमेश्वरका आत्माका कुराहरू (अक्षरशः थोकहरू) ग्रहण गर्दैन” तर “आत्मिक मानिसले सबै कुराको जाँच गर्दछ” (१ कोर २:१४-१५)। पवित्र आत्माले हामीलाई उहाँको प्रकाश पारून् र हामीले धर्मशास्त्र अध्ययन गर्दा वा हाम्रो जीवनका परिस्थितिहरूबारे चिन्तन गर्दा त्यस प्रकाशद्वारा सही प्रकारले कुरा बुझ्न हामीलाई सहायता होस् भनी हामीले प्रार्थना गर्नुपर्दछ। भजनकारले निश्चित रूपमा पवित्र आत्माको उल्लेख नगरेका भए तापनि, उनले परमेश्वरलाई “मेरा आँखा खोलिदिनुहोस्, र म तपाईंको व्यवस्थाका उदेकका कुराहरू देख्न सकूँ” (भज ११९:१८) भनी बिन्ती गर्दा, उनले यस्तै प्रकारको प्रकाशको निम्ति प्रार्थना गरे। यस्तै प्रकारले पावलले एफिससमा र यसवरिपरि भएका ख्रीष्टियानहरूका निम्ति प्रार्थना गरे :

> ... हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर, महिमाका पिताले तिमीहरूलाई उहाँको विषयको ज्ञानमा बुद्धि र प्रकाशको आत्मा दिऊन्। ... तिमीहरूको हृदयका आँखा उज्यालो होस्, र कुन आशाको निम्ति उहाँले तिमीहरूलाई बोलाउनुभएको छ, र सन्तहरूमा उहाँको महिमित उत्तराधिकारको सम्पत्ति के हो, सो तिमीहरूले जान्न सक। अनि हामी विश्वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो तिमीहरू जान्न सक। (एफि १:१७-१९)

### घ. पवित्र आत्माले एकताबद्ध पार्नुहुन्छ (Unifies)

पेन्तिकोसको दिन मण्डलीमा पवित्र आत्मा खन्याइनुहुँदा योएल २:२८-३२ को अगमवाणी पूरा भयो भनी पत्रुसले घोषणा गरे :

तर योएल अगमवक्ताद्वारा भनिएको कुरा यही हो :

आखिरी दिनहरूमा यस्तो हुनेछ भनी
परमेश्वर भन्नुहुन्छ,
म सबै मानिसहरूमाथि मेरा आत्मा खन्याइदिनेछु,
म तिमीहरूका छोराहरू, र
तिमीहरूका छोरीहरूले अगमवाणी बोल्नेछन्,
र तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्,
र तिमीहरूका बूढ़ापाकाहरू स्वप्नदर्शी हुनेछन्।
हो, म आफ्ना दास-दासीहरूमाथि
ती दिनमा मेरा आत्मा खन्याइदिनेछु,
र तिनीहरूले अगमवाणी बोल्नेछन्।" (प्रे २:१६-१८)

मोशा वा यहोशूजस्ता अगुवाहरूमाथि मात्र होइन, तर छोरा र छोरीहरूमाथि, वृद्ध र जवान मानिसहरूमाथि, दास-दासीहरूमाथि मात्र होइन तर विश्वासीहरूका समुदायमाथि पनि पवित्र आत्मा आउनुहुने कुरामाथि जोड़ दिइएको छ – यस समयमा सबैमा पवित्र आत्मा खन्याइनेछ।[२०]

पेन्तिकोसको घटनामा पवित्र आत्माले एउटा नौलो समुदाय सिर्जना गर्नुभयो जुन समुदाय थियो मण्डली। जस्तो गरी हामीलाई लूकाले स्मरण गराउँछन् यो समुदायको चिन्हारी अपूर्व एकता थियो :

> विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे, र तिनीहरूका सबै थोक साझा थिए। तिनीहरूले आफ्ना सम्पत्ति र मालमत्ता बेचीकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँड़िदिन्थे। तिनीहरू एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र घर-घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे, र परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे। (प्रे २:४४-४७)

पावलले "प्रभु येशू ख्रीष्टको अनुग्रह, परमेश्वरको प्रेम र *पवित्र आत्माको सङ्गति*[२१] तिमीहरू सबैसँग रहून्" (२ कोर १३:१४) भन्दा उनले कोरिन्थी मण्डलीलाई त्यो आशिष् दिन्छन् जुन आशिष्ले तिनीहरू सबैका लागि पवित्र आत्माको एकीकृत बनाउने सङ्गति खोज्छ। यो महत्त्वपूर्ण छ कि यस त्रिएकत्वीय पदमा (२ कोर १३:१४) विश्वासीहरूमाझको गहिरो बन्दैजाने सङ्गतिको श्रेय उनले पिता वा पुत्रलाई

[२०]परमप्रभुले उहाँका सबै जनमा उहाँका आत्मा खन्याइदिऊन् भन्ने मोशाको इच्छाको (गन्ती ११:२९) परिपूर्णता पनि हो यो, साथै इजकिएल ३७ को सुकेका हाड़हरूको बँसीका हाड़हरूलाई आत्माले जीवित तुल्याउनुभएको दर्शनको परिपूर्णता पनि हो। साथै हे. Donald Guthrie, *New Testament Theology,* पृह. ५१२-१३, ५४०, ५६२।

[२१]*Koinonia,* अर्थात् "सङ्गति" शब्दले "पवित्र आत्माको सहभागिता" पनि बुझाउन सक्छ, तर विश्वासीहरूका रूपमा तिनीहरूसँग अघिदेखि नै भइरहेको थोकको (अर्थात्, पवित्र आत्माको सहभागिता) चाहना गर्नुमा पावलका लागि विशेष अर्थपूर्ण हुनेथिएन। यो पदलाई "पवित्र आत्माको सङ्गति" भनी अनुवाद गर्नु उत्तम हुन्छ, र त्यसरी पवित्र आत्माबाट पाइने एउटा आशिष्मा जोड़ दिइन्छ जो कोरिन्थी मण्डलीमा वृद्धि हुनेछ भनी पावलले आशा गरे।

होइन तर पवित्र आत्मालाई दिन्छन्; यो यस्तो वक्तव्य हो जो मण्डलीमा एकता ल्याउने पवित्र आत्माको व्यापक कामअनुरूपको छ।

त्यसकारण पवित्र आत्माको एकतामा ल्याउने यो काम पावलले फिलिप्पीका मानिसहरूलाई यसो भन्दा प्रस्टै हुन्छ, "यदि ख्रीष्टमा केही प्रोत्साहन छ भने, प्रेमको केही प्रेरणा, पवित्र आत्माको केही सङ्गति ... छ भने, तिमीहरू एउटै मनका भएर, एउटै प्रेम राखेर, पूर्ण सम्मतिसाथ एउटै चित्तका भएर मेरो आनन्द पूरा गर" (फिलि २:१-२)।[२२] यसरी नै मण्डलीमा यहूदी र अन्यजातिहरूमाझको नौलो एकतामाथि जोड़ दिँदा उनी भन्छन् कि "किनकि उहाँद्वारा नै हामी दुवैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं" (एफि २:१८), अनि उनले यो पनि भन्छन् कि तिनीहरू "पवित्र आत्मामा" परमेश्वरको एउटा नयाँ वासस्थानमा प्रभुमा निर्माण भएका छन् (एफि २:२२)। ख्रीष्टियानहरू भएर तिनीहरूमाझ हुनुपर्ने एकताको बारेमा तिनीहरूलाई स्मरण गराउँदा उनले तिनीहरूलाई "शान्तिको बन्धनमा *पवित्र आत्माको एकता* कायम राख्न प्रयत्न गर" (एफि ४:३) भनी शिक्षा दिन्छन्।

पवित्र आत्माका वरदानहरूबारे पावलको छलफलले पनि एकता ल्याउने पवित्र आत्माका कामको यो मूल विषय दोहोऱ्याउँछ। विभिन्न वरदानहरू भएका मानिसहरू एका-अर्कासँग असल सम्बन्ध राख्न नसक्लान् भनी हामीचाहिँ सायद सोचौंला तर पावलको निष्कर्ष भने यसको ठीक विपरीत छ, भिन्न-भिन्नै वरदानहरूले हामीलाई नजिक ल्याउँछन् किनभने हामी एका-अर्कामाथि भर पर्न बाध्य छौं। "आँखाले हातलाई 'मलाई तेरो दरकार छैन' भन्न सक्दैन, र शिरले पनि खुट्टालाई 'मलाई तिमीहरूको दरकार छैन' भन्न सक्दैन" (१ कोर १२:२१)। "हरेकलाई उहाँको इच्छाअनुसार वरदान" दिनुहुने "एक पवित्र आत्मा" (१ कोर १२:११)-द्वारा यी भिन्न-भिन्नै वरदानहरू सक्षम बनाइएका छन् भनी पावलले हामीलाई भन्छन्, फलतः मण्डलीमा "सबैका हितको लागि नै *पवित्र आत्माको काम प्रकट हुन* हरेकलाई दिइएको छ" (१ कोर १२:७)। वास्तवमा "एउटै पवित्र आत्माद्वारा हामी सबैले एउटै शरीरमा बप्तिस्मा पाएका छौं – यहूदी वा ग्रीक, कमारो वा फुक्का, अनि हामी सबैलाई एउटै पवित्र आत्माबाट पिउन दिइयो" (१ कोर १२:१३)।[२३]

पवित्र आत्माले मण्डलीलाई एक बनाउँछ भन्ने धारणा यस तथ्यमा पनि प्रस्टै छ कि "झैंझगड़ा ... वाद-विवाद, फूट, गुटबन्दी" (गला ५२०) पाप-स्वभावका चाहनाहरू हुन् जो "पवित्र आत्माद्वारा" डोऱ्याइनुविरुद्धका कुरा हुन् (गला ५:१८; तु. प. २५)। हाम्रो हृदयमा प्रेम उत्पन्न गर्नुहुने व्यक्ति पवित्र आत्मा हुनुहुन्छ (रोम ५:५; गला ५:२२; कल १:८), अनि यस प्रेमले "सबै थोकलाई सम्पूर्ण एकतामा बाँध्छ" (कल ३:१४)। त्यसकारण मण्डलीमा परमेश्वरको उपस्थिति प्रकट गर्नलाई पवित्र आत्माले शक्तिशाली प्रकारले काम गरिरहनुभएको बेला यसको एउटा प्रमाण मण्डली समुदायमा सुन्दर सामञ्जस्य र एका-अर्काका निम्ति प्रशस्त प्रेम हो।

[२२]ग्रीक शब्द *Koinonia*-लाई यहाँ "सङ्गति" अनुवाद गर्नु उत्तम हुन्छ किनभने फिलि २:१-११ मा पावलको उद्देश्य फिलिप्पी मण्डलीलाई उत्साहित गर्नु हो। (हे. पूर्वगामी पादटिप्पणी।)

[२३]हे. अ. ३९ भित्र यस विषयबारे सविस्तार छलफल।

[२४]यस खण्डलाई अर्को संवर्गमा राख्न पनि सकिन्छ, जसबारे यसपछिको अनुच्छेदमा छलफल गरिएको छ।

## ङ. परमेश्वरप्रति हाम्रो प्रत्युत्तरअनुसार पवित्र आत्माले परमेश्वरको उपस्थिति र आशिष्‌को बलियो वा दुर्बल प्रमाण दिनुहुन्छ

पुरानो र नयाँ करार दुवैमा भएका धेरैवटा उदाहरणहरूले यो इङ्गित गर्छन् कि पवित्र आत्माले देख्नुहुने स्थिति के-कस्तो छ त्योसित उहाँ प्रसन्न हुनुहुन्छ वा हुनुहुन्न सोहीअनुसार उहाँले आशिष् दिनुहुन्छ वा सो फिर्ता लिनुहुन्छ। यो ध्यान दिन योग्यको कुरा छ कि येशू पूर्ण रूपमा पापरहित हुनुहुन्थ्यो र "पवित्र आत्मा ... उहाँमाथि बस्नु"-भयो (यूह १:३२) र सो उहाँलाई विनानाप दिइयो (यूह ३:३४)। पुरानो करारमा पवित्र आत्मा शिमशोनमाथि शक्तिशाली रूपमा धेरैपटक ओर्लनुभयो (न्याय १३:२५; १४:६, १९; १५:१४), तर उनी पापमा लागिरहँदा उहाँले तिनलाई अन्त्यमा छोड़िदिनुभयो (न्याय १६:२०)। शाऊलले अटेरी गरी नै रहँदा पवित्र आत्मा यस्तै प्रकारले तिनीबाट जानुभयो (१ शमू १६:१४)। अनि इस्राएलका मानिसहरूले उहाँको विरोध गर्दा र उहाँलाई दुःखित तुल्याउँदा पवित्र आत्मा तिनीहरूका विरुद्धमा जानुभयो (यशै ६३:१०)।

नयाँ करारमा पनि पवित्र आत्मा दुःखित तुल्याइन सक्नुहुन्छ अनि उहाँले कुनै स्थितिमा आशिष् ल्याउन बन्द गर्न सक्नुहुन्छ। स्तिफनसले यसो भन्दै यहूदी अगुवाहरूलाई हपारे, "तपाईंहरू सधैं *पवित्र आत्माको विरोध गर्नुहुन्छ*" (प्रे ७:५१)। पावलले एफिसीका ख्रीष्टियानहरूलाई चेताउनी दिन्छन्, "अनि *पवित्र आत्मालाई दुःखित नतुल्याओ,* जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ" (एफि ४:३०); उनले थेसलोनिकीहरूलाई शिक्षा दिन्छन्, "*पवित्र आत्मालाई ननिभाओ"* (१ थेस ५:१९; तु. श्रेष्ठ गीत ५:३, ६ मा ढोका खोल्नमा ढिलाइ र त्यसकारण आफ्नो प्रेमिकालाई निराश बनाइएको रूपक)। त्यस्तै रीतिमा, ख्रीष्टियानहरूका शरीरमा पवित्र आत्माले वास गर्नुहुने हुनाले तिनीहरूका शरीरलाई वेश्यासित एक बनाएर शरीरलाई अपवित्र नतुल्याउनू भनी पावलले ख्रीष्टियानहरूलाई गम्भीर चेताउनी दिन्छन्, "तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरूभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरूलाई थाहा छैन ? तिमीहरू स्वयम् आफ्नै होइनौ। तिमीहरू मोल तिरेर किनिएका हौ" (१ कोर ६:१९-२०)।

पवित्र आत्मालाई दुःखित तुल्याउनु वा निभाउनुभन्दा अझ गम्भीर काम उहाँप्रति अझ गम्भीर, अझ कठोर अनाज्ञाकारिता हो जसले कठोर दण्ड ल्याउँछ। पत्रुसले हननियालाई, "पवित्र आत्मासँग झुट बोल्ने र जमीनको बिक्रीको मोलबाट केही हिस्सा आफूसँग राख्ने कुरा शैतानले कसरी तिम्रो मनमा भरिदियो" (प्रे ५:३) भनी गाली गर्दा तिनी मरेर भूइँमा लड़े। यसरी नै पत्रुसले हननियाकी पत्नी सफीरालाई, "तिमीहरूले प्रभुका आत्माको परीक्षा गर्न कसरी मिलेर मतो गऱ्यौ ?" भन्दा तिनी पनि तुरुन्तै भुइँमा लड़िन् र मरिन् (प्रे ५:९)। पापमा लड़्ने जोखिममा परेका मानिसहरूलाई हिब्रूको पुस्तकले यो चेताउनी दिन्छ कि "परमेश्वरका पुत्रलाई खुट्टामुनि कुल्चने, आफूलाई पवित्र तुल्याएको करारको रगतलाई अपवित्र बनाउने र

*अनुग्रहका आत्मालाई अपमान*" गर्ने मानिसहरू कठोर दण्डको योग्य छ (हिब्रू १०:२९)। यस किसिमको व्यक्तिको निम्ति "इन्साफको डरलाग्दो प्रतीक्षा" मात्र रहन्छ (हिब्रू १०:२७)।[२४]

अन्त्यमा, पवित्र आत्माको विरुद्धमा अपराधको थप एक तह रहन्छ। यस प्रकारको अपराध उहाँलाई दुःखित तुल्याउने वा ताड्ना वा दण्ड ल्याउने हठी अनाज्ञाकारितासित गरिने कामभन्दा अझ धेरै गम्भीर अपराध हो। पवित्र आत्मालाई यसरी रुष्ट बनाउन सकिन्छ कि उहाँको कायल गर्ने काम मानिसको जीवनमा फेरि प्रयोगमा ल्याइनेछैन।

> मानिसले गरेको हरेक पाप र ईश्वर-निन्दा क्षमा हुनेछ, तर पवित्र आत्माको विरुद्धमा गरिएको निन्दा क्षमा हुनेछैन। कसैले मानिसको पुत्रको विरुद्धमा केही भन्यो भने त्यसलाई क्षमा हुनेछ, तर कसैले पवित्र आत्माको विरुद्धमा बोल्यो भने त्यसलाई यस युगमा र आउने युगमा पनि क्षमा हुनेछैन (मत्ती १२:३१-३२; तु. मर्क ३:२९; लूक १२:१०)।

यी वक्तव्यहरू त्यो सन्दर्भमा दिइएका हुन् जसमा फरिसीहरूले दुराग्रही भई र विद्वेषपूर्वक येशूको सेवाकार्यमा देखिएको पवित्र आत्माको शक्तिशाली कामको श्रेय शैतानलाई दिन्छन्। पवित्र आत्माले त्यति स्पष्टतासित परमेश्वरको उपस्थिति प्रकट गरिदिनुभएको कारण येशूको विरुद्धमा दुराग्रही र विद्वेषपूर्वक बोल्ने मानिसहरू र उहाँका क्रियाकलापको श्रेय उहाँलाई नदिएर शैतानको शक्तिलाई दिनेहरू "अनन्त पापकर्मको"[२५] दोषी छन् भनी येशूले भन्नुभयो।

यी सबै खण्डहरूले यो देखाउँछन् कि पवित्र आत्मालाई दुःखित नपारौं वा रुष्ट नबनाऔं भनी हामी अति नै होसियार रहनुपर्दछ। उहाँले उहाँका इच्छाहरू हामीमाथि जब्बरजस्ती लादनुहुन्न (हे. १ कोर १४:३२), तर यदि हामीले उहाँको प्रतिरोध गऱ्यौं अनि उहाँलाई निभायौं वा उहाँको विरोध गऱ्यौं भने उहाँबाट आउने सशक्तीकरण हामीबाट जानेछ अनि उहाँले हाम्रा जीवनबाट परमेश्वरका धेरैजस्ता आशिष्हरू हटाइदिनुहुनेछ।

यसको विपरीत, परमेश्वरलाई प्रसन्न बनाउने आचरण भएका ख्रीष्टियानहरूका जीवनमा ठूलो आशिष् ल्याउनलाई पवित्र आत्मा उपस्थित हुनुहुनेछ। पेन्तिकोसको दिनमा पवित्र आत्मा पूर्णतामा "खन्याइनुभएको थियो" (हे. प्रे २:१७-१८) अनि तिनीहरूलाई परमेश्वरका मन्दिर बनाउनुहुँदै उहाँ अहिले सबै विश्वासीहरूभित्र वास गर्नुहुन्छ (१ कोर ३:१६; ६:१९-२०)। हामी हाम्रा जीवनमा पवित्र आत्मासँग प्रगाढ सङ्गति र हिस्सेदारी जान्न सक्छौं (२ कोर ३:१४; फिलि २:१)। उहाँले हामीलाई वरदानहरू (१ कोर १२:११) र सत्यता (२ तिमो १:१४) अनि सेवाकार्य सुम्पिनुहुन्छ (प्रे २०:२८)। वास्तवमा, उहाँको उपस्थिति यति पूर्ण र प्रशस्त हुनेछ कि येशू हाम्रो अन्तस्करणबाट "जिउँदा पानीका खोलाहरू" (यूह ७:३८-३९)-झैं बगिनिस्कनुहुनेछ। पत्रुसले यो प्रतिज्ञा गरे कि उहाँको उपस्थिति विशेष गरी ती मानिसहरूमा रहनेछ

[२५]अक्षम्य पापबारे अझ पूर्ण छलफलको निम्ति हे. अ. २४ भित्र।

जसले ख्रीष्टको खातिर कष्ट भोग्नेछन्, "यदि ख्रीष्टको नाउँमा तिमीहरू निन्दित भयौ भने तिमीहरू धन्यका हौ। किनभने महिमाका र परमेश्‍वरका आत्मा तिमीहरूमाथि रहनुहुन्छ" (१ पत्र ४:१४)।

त्यसकारण यो कुरा महत्त्वपूर्ण छ कि हाम्रा सबै सेवाकार्यहरू *पवित्र आत्मामा* गरिएका होऊन्, अर्थात् पवित्र आत्माद्वारा सिर्जना गरिएको परमेश्‍वरीय वातावरणमा, अर्थात् शक्ति, प्रेम, सत्यता, पवित्रता, धार्मिकता, र शान्तिको वातावरणमा, हामी चेतनशील भएर वास गरौं। तर पवित्र आत्माद्वारा सिर्जना गरिएका वातावरणका यी विशेषताहरूभन्दा ठूलो पवित्र आत्मा स्वयम्‌का उपस्थितिको अनुभूति नै हो – *पवित्र आत्मामा हुनु वास्तवमै परमेश्‍वरको प्रकटित उपस्थितिमा हुनु हो*। यसैकारण नयाँ करारका मानिसहरू पवित्र आत्माको सान्त्वनामा जिउन सक्छन् (प्रे ९:३१) र त्यसैले प्रभुको दिनमा यूहन्ना "आत्मामा" भएजस्तै (प्रका १:१०; तु. ४:२) केवल आत्मामा हुनु सम्भव छ।

पवित्र आत्मा-"मा" कतिवटा विशेष क्रियाकलाप गरिनुपर्छ भनी नयाँ करारमा भनिएको छ सो आश्‍चर्यजनक छ : पवित्र आत्मामा *आनन्द मनाउनु* सम्भव छ (लूक १०:२१), पवित्र आत्मामा कुनै कुराको *निश्‍चय* वा निर्णय *गर्नु* सम्भव छ (प्रे १९:२१), पवित्र आत्मामा *विवेकले गवाही दिनु* सम्भव छ (रोम ९:१), पवित्र आत्मामा *परमेश्‍वरकहाँ प्रवेशाधिकार* पाउनु सम्भव छ (एफि २:१८), पवित्र आत्मामा *प्रार्थना गर्नु* सम्भव छ (एफि ६:१८; यहू २०) अनि पवित्र आत्मामा *प्रेम* गर्नु (कल १:८) सम्भव छ।

पवित्र आत्माद्वारा भरपूर हुनु पनि सम्भव छ (एफि ५:१८; तु. लूक १:१५, ४१, ६७; ४:१; प्रे २:४; ४:८; ६:३, ५; ७:५५; ९:१७; ११:२४; १३:९)। पवित्र आत्माले भरिनु भनेको परमेश्‍वर स्वयम्‌का समीपको उपस्थितिले भरिनु भनेको हो र यसको परिणाम हुन्छ परमेश्‍वरले जे अनुभूति गर्नुहुन्छ त्यही अनुभूति गर्नु, परमेश्‍वरले जे चाहनुहुन्छ त्यही चाहनु, परमेश्‍वरले चाहनुभएको काम गर्नु, परमेश्‍वरको शक्तिद्वारा बोल्नु, परमेश्‍वरको बलमा प्रार्थना गर्नु र सेवा गर्नु अनि परमेश्‍वर स्वयम्‌ले दिनुहुने ज्ञानद्वारा जान्नु।[२६] मण्डलीमा जागृति आएका समयहरूमा पवित्र आत्माले मानिसहरूका जीवनमा यी परिणामहरू विशेष गरी शक्तिशाली रूपमा उत्पन्न गर्नुहुन्छ।

त्यसकारण कुनै पनि महत्त्वपूर्ण काम "नता बलले, न शक्तिले, *तर मेरो आत्माले"* हुन्छ भनी "सर्वशक्तिमान् परमेश्‍वर भन्नुहुन्छ" (जक ४:६) भन्ने पहिचान गरेर पवित्र आत्मामाथि निर्भर गर्नु हाम्रो ख्रीष्टियान जीवनमा महत्त्वपूर्ण छ। पावल गलातीहरूलाई जोड़ दिएर भन्छन् कि तिनीहरूको ख्रीष्टियान जीवनको आरम्भमा विश्‍वासद्वारा पवित्र आत्मा प्राप्त गरिएको थियो (गला ३:२) अनि तिनीहरू ख्रीष्टियान बनेपछिको जीवनमा तिनीहरूको विश्‍वासअनुसार पवित्र आत्माले काम गरी नै रहनुहुनेछ, "आत्मामा शुरू गरेर शरीरमा शेष गर्दछौ ? ... जसले तिमीहरूलाई पवित्र आत्मा दिनुहुन्छ, र तिमीहरूका माझ आश्‍चर्यकर्महरू गर्नुहुन्छ, के यी सबै

[२६]पवित्र आत्माद्वारा भरिपूर्ण हुनेबारे व्यापक छलफलको निम्ति हे. अ. ३९ भित्र।

उहाँले व्यवस्थाका तिमीहरूका कामको कारणले गर्नुभएको हो, कि सुनेका वचनमा तिमीहरूले विश्वास गरेको कारणले गर्नुभएको हो ?" (गला ३:३, ५)।

त्यसकारण हामी पवित्र आत्माको मार्गदर्शनअनुसार हिँड्नुपर्दछ (रोम ८:१२-१६; गला ५:१६-२६) अनि पवित्र आत्माका कुराहरूमा मन लगाउनुपर्दछ (रोम ८:४-६)। हाम्रो सेवाकार्यले जुनै रूप लिए पनि त्यो पवित्र आत्माको शक्तिमा गरिइएको हुनुपर्दछ।

## व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. के तपाईंलाई विगतमा पवित्र आत्मा केवल एउटा उपस्थिति वा शक्तिको सट्टामा एउटा व्यक्ति हुनुहुन्छ भनी सोच्न कठिन हुनेगर्थ्यो ? पवित्र आत्मा एक व्यक्ति हुनुहुन्छ भनी अझ सहजै प्रकारले सोच्न यस अध्यायमा भएको कुन विषयले (यदि कुनै छ भने) तपाईंलाई सहायता गरेको छ ? के तपाईंको विचारमा पवित्र आत्मासँग, जो पिता परमेश्वर र पुत्र परमेश्वरभन्दा बेग्लै व्यक्ति हुनुहुन्छ, सम्बन्ध भएको चेतना तपाईंसँग छ ? त्रिएकत्वका सदस्यहरूले तपाईंसँग सम्बन्ध राख्नुहुँदा उहाँहरूमा भएको यस भिन्नताबारे अझ जागरुक बन्न तपाईंलाई कुन कुराले सहायता गर्ला ?

२. तपाईंको ख्रीष्टियान जीवनमा पिता, पुत्र र पवित्र आत्माले तपाईंसँग जुन किसिमले सम्बन्ध राख्नुहुन्छ, के त्यसमा तपाईंले कुनै भिन्नता देख्नुहुन्छ ? देख्नुहुन्छ भने त्यो भिन्नता के हो वा तपाईं यसबारे कसरी अवगत हुनुहुन्छ के सो व्याख्या गर्न सक्नुहुन्छ ?

३. सेवाकार्यको कुनै निर्दिष्ट स्थितिमा (प्रचारको काम गर्नुहुँदा वा परामर्श दिने काम गर्नुहुँदा, बाइबल शिक्षण वा प्रचारको काम, प्रार्थना वा उपासनामा वा अन्य कुनै सेवाकार्यको स्थितिमा) पवित्र आत्माको सशक्तीकरणसम्बन्धी के कुनै समय तपाईं विशेष गरी जागरूग हुनुभएको छ ? त्यस बेला तपाईंले पवित्र आत्माको उपस्थितिलाई कसरी अनुभव गर्नुभयो वा कुन कुराले तपाईंलाई उहाँको उपस्थितिबारे जागरुक गरायो ?

४. तपाईंको आफ्नै अनुभवमा, पवित्र आत्माको मार्गदर्शन तपाईंकहाँ कुन तरिकाहरूमा आउँछ ? के आधारभूत रूपमा (वा विशेष गरी) धर्मशास्त्रको वचनको माध्यमबाट आउँछ ? हो भने, के यस्ता समयहरू पनि हुन्छन् जब धर्मशास्त्रका कुनै विशेष खण्डहरू जीवन्त भएका देखिन्छन् वा त्यस बेला तपाईंसँग ठूलो प्रासङ्गिकता र सशक्त तरिकामा बोलेका प्रतीत हुन्छन् ? यस्तो भइरहेको छ भनी तपाईं कसरी थाहा पाउनुहुन्छ ? धर्मशास्त्रका वचनहरूको माध्यमद्वाराबाहेक अन्यै तरिकाहरूमा पवित्र आत्माको मार्गदर्शन आएको छ भने ती कस्ता तरिकाहरूमा आएका छन् ?

५. तपाईंले जुन दिशामा काम गरिरहनुभएको छ, त्यसबारे पवित्र आत्मा खुशी हुनुभएको वा दुःखी हुनुभएको कुरा के तपाईंले समय-समयमा अनुभूति

गर्नुहुन्छ ? यस बेला के तपाईंको जीवनमा यस्तो कुनै कुरा छ जसले पवित्र आत्मालाई दुःखित तुल्याइरहेको छ ? यसबारे के गर्ने तपाईंको योजना छ ?

६. शिमशोनले पाप गर्न सुरु गर्दा के पवित्र आत्माले तिनलाई तुरुन्तै छोड़िदिनुभयो (हे. न्याय १३:२५; १४:६, १९; १५:१४) ? किन छोड़िदिनुभयो वा भएन ? कुनै व्यक्तिको सेवाकार्यमा आत्मिक शक्तिको उपस्थिति के ती व्यक्तिको सम्पूर्ण जीवनसित पवित्र आत्मा प्रसन्न हुनुहुन्छ भन्ने प्रत्याभूति हो ?

## विशेष शब्दावली

| | |
|---|---|
| पवित्र आत्माको विरुद्धमा निन्दा | पवित्र आत्मामा |
| पवित्र आत्माले भरिएको | परमेश्वरको सक्रिय उपस्थितिको प्रकटीकरण |

## पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे. । सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट चयनित खण्डहरू

१. एङ्गलिकन (इपिस्कपलियन)

| | |
|---|---|
| १८८२-९२ | लिट्टन, २४२-४७ |
| १९३० | थोमस, ९०-९९ |

२. अर्मिनी (वेजलियन वा मेथडिस्ट)

| | |
|---|---|
| १८७५-७६ | पोप, २:३२१-३६ |
| १९४० | विली, २:३०३-३३ |
| १९६० | पुर्किसर, १८३-२०३ |
| १९८३ | कार्टर, १:४१५-७२ |

३. ब्याप्टिस्ट

| | |
|---|---|
| १९१७ | म्यूलिन्स्, ३५९-६५ |
| १९७६-८३ | हेनरी, ४:४७६-९३; ६:३७०-४०१ |
| १९८३-८५ | एरिक्सन, ८४५-८३ |

४. डिसपेन्सेशनल

| | |
|---|---|
| १९४७ | शेफर, १:३९७-४१४, ६:२६-२९८ |
| १९४९ | थीसन, २५१-५६ |
| १९८६ | राइरि ३४१-९० |

५. लुथरन

| | |
|---|---|
| १९१७-२४ | पाइपर, (कुनै विस्तृत छलफल छैन, तर हे. विस्तृत अनुक्रमणिका प्रविष्टि : ४:३९१-९९) |
| १९३४ | म्यूलर, ४४३ |

६. रिफमर्ड (वा प्रेज्बिटरियन)
१५५९ क्याल्भिन, २:५३७-४२ (३.१)
१८८७-१९२१ वारफिल्ड, *SSW*, 1:203-22; *BD* 101-32
१९३७-६६ मरे, *CW*, 1:138-42, 186-92; *CW*, 3:210-14
१९३८ बर्खोफ, ४२३-३१
७. रीन्यूअल (वा क्यारिज्म्याटिक्/पेन्टिकोस्टल)
१९८८-९२ विल्यम्स्, १:३५३-८०

**रोमन क्याथलिक प्रणालीगत ईश्वरशास्त्रहरूबाट प्रातिनिधिक खण्डहरू**

१. रोमन क्याथलिक : परम्परावादी
१९५५ ओट् (कुनै प्रस्ट छलफल छैन)
२. रोमन क्याथलिक : भेटिकनोत्तर द्वितीय
१९८० म्याकब्राइन, (कुनै प्रस्ट छलफल छैन)

**अन्य पुस्तकहरू**

Bruner, Frederick Dale. *A Theology of the Holy Spirit.* Grand Rapids: Eerdmans, 1970.
Carson, D. A. *Showing the Spirit: A Theological Exposition of 1 Corinthians 12 -14.* Grand Rapids: Baker 1987.
Carter, Charles. *The Person and Ministry of the Holy Spirit.* Grand Rapids: Baker, 1974.
Caulley, T. S. "Holy Spirit." In *EDT,* pp. 521 -27.
Gaffin, Richard B., Jr. "The Holy Spirit." *WTJ* 43:1 (Fall 1980), pp. 58-78. Green, Michael. *I Believe in the Holy Spirit.* Grand Rapids: Eerdmans, 1975.
Hawthrone, Gerald. *The Presence and the Power: The Significance of the Holy Spirit in the Life and Ministry of Jesus.* Dallas: Word, 1991.
Hoekea, Anthony A. "The Role of the Holy Spirit." In *Saved by Grace.* Grand Rapids: Eerdmans, Exeter: Paternoster, 1989, pp. 28-53.
Horton, S. M. *What the Bible Says About the Holy Spirit.* Springfield, Mo: Gospel Publishing House, 1976.
Ladd, George E. *The Presence of the Future: The Eschatology of Biblical Realism.* Grand Rapids: Eerdmans, 1974.
Moule, C. F. D. *The Holy Spirit.* Grand Rapids: Eerdmans, 1978.
Pache, Rene. The Person and Work of the Holy Spirit. Chicago: Moody,1954.
Packer, J. I. "The Spirit." In *NDT,* pp. 316 -19.
________. *Keep in Step with the Spirit.* Old Tappan, N. J.: Revell, 1984.
Palmer, Edwin H. *The Person and Ministry of the Holy Spirit.* Grand Rapids: Baker, 1958.
Ryrie, C. C. *The Holy Spirit.* Chicago: Moody, 1965.
Smeaton, G. *The Doctrine of the Holy Spirit.* 2nd ed. Edinburgh: T and T Clark, 1889.

Sproul, R. C. *The Mystry of the Holy Spirit.* Wheaton, Ill.: Tyndale, 1990.
Stott, John R.W. *Baptism and Fullness: The Work of the Holy Spirit Today.* Downers Grove, Ill.: InterVarsity Press, 1964.
Swete, Henry B. *The Holy Spirit in the New Testament.* 2nd ed. London: Macmillan, 1910.
White, John. *When the Spirit Comes with Power.* Downers Grove, Ill.: InterVarsity Press, 1988.
Wood, Leon J. *The Holy Spirit in the Old Testament.* Grand Rapids: Zondervan, 1976.

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**रोम ८:१२-१४:** *यसैले त भाइ हो, पाप-स्वभावअनुसार जिउनलाई हामी पाप-स्वभावप्रति बाध्य छैनौं। किनकि पाप-स्वभावअनुसार जिउँछौ भने, तिमीहरू मर्छौ, तर यदि पवित्र आत्माद्वारा शरीरका कार्यहरू तिमीहरूले निर्मूल पाऱ्यौ भने, तिमीहरू जिउनेछौ। किनभने सबै, जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन्।*

## भजन

"आउनुहोस्, हे सृष्टिकर्ता आत्मा"

यो भजन कुनै पनि भजनमा सबैभन्दा पुरानो भजन हो। यो एक अज्ञात लेखकद्वारा दशौं शताब्दी वा त्यसभन्दा पनि अघि लेखिएको हो। यस भजनले पवित्र आत्मालाई सोझै सम्बोधन गर्छ अनि हाम्रा हृदयमा आउनुभएर आशिष् ल्याइदिनुहुने निवेदन गर्छ अनि हामीलाई आनन्द र प्रेम र प्रशंसाले भरपूर बनाउनुहुँदै, हामीलाई शत्रुबाट सुरक्षा दिनुहुँदै र हाम्रा जीवनमा शान्ति दिनुहुने बिन्ती गर्छ।

आउनुहोस्, हे धन्यका सृष्टिकर्ता आत्मा,
लिनुहोस् हाम्रा हृदयमा विश्राम तपाईंको;
अनुग्रहका आत्मा, स्वर्गीय सहायतासित
आउनुहोस् ती आत्माहरूमा बनाउनुभयो जसलाई तपाईंले।

हुनुहुन्छ तपाईं सान्त्वनादाता, पुकार्छौं हामी
पठाइनुभएको अति उच्च परमेश्वरबाट पृथ्वीमा,
जीवनको फोहोरा र आगो प्रेमको,
अनि अभिषेक हाम्रो माथिबाटको।

ल्याउनुहुने स्वर्गबाट हाम्रा सात तहको प्रतिभा
परमेश्वरको दाहिने बाहुलीका शक्तिको चिन्ह,
प्रतिज्ञा गरिएका धेरै लामो समयअघि हे धन्यका आत्मा,
गराउँछ तपाईंको आगमनले हृदयलाई गाउन गीत।

बनाउनुहोस् सुस्त हाम्रा हृदयलाई हर्षले प्रज्वलित,
पोखियोस् मानव हृदय प्रेमले;
अनि निष्क्रिय बन्दा कमजोर हाम्रो शरीर,
जितोस् त्यसलाई अमर तपाईंको शक्तिले।

भगाइयोस् टाढ़ा हाम्रा आत्माबाट बैरी,
दिनुहोस् हामीलाई वास बस्न शान्तिमा अबोप्रान्त;
म आउनेछैन, नता हुनेछ हानि,
भइदिनुभयो भने मात्र तपाईं हाम्रो मार्गदर्शक।

देखाइदिनुहोस् हामीलाई पवित्र पिता,
जान्न अनन्त पुत्रलाई गर्नुहोस् हामीलाई सहायता;
परमेश्वरीय आत्मा अनन्तका
गर्छौं भरोसा, पुज्दछौं हामी तपाईंलाई।

*रचयिता* : अज्ञात, दशौं शताब्दी

**वैकल्पिक भजन :**

“परमेश्वरका आत्मा, ओर्लिआउनुहोस् मेरो हृदयमा”

परमेश्वरका आत्मा, ओर्लिआउनुहोस् मेरो हृदयमा; निर्बन्धित गरिदिनुहोस्
यसलाई पृथ्वीबाट, धड्कने यसका सबै धड्कनहरूबाट;
शक्तिशाली तपाईं हुनुभए तापनि झुकिदिनुहोस् मेरो दुर्बलतामा,
बनाउनुहोस् प्रेम गर्ने तपाईंलाई जसरी गर्नुपर्ने मैले तपाईंलाई।

प्रेम गर्न तपाईंलाई के दिनुभएको छैन आज्ञा हामीलाई, हे परमेश्वर र राजा ?
हुन् सबै तपाईंकै सबै आत्मा, हृदय र बल र मन।
देख्छु क्रूस तपाईंको – अँगाली राख्न सिकाउनुहोस् मलाई :
दिनोस् खोज्न अनि दिनोस् पाउन तपाईंलाई।

हुनुहुन्छ सधैं नजिक तपाईं भनी सिकाउनुहोस् मलाई;
सिकाउनुहोस् सहन आत्माका सबै संघर्षहरू,
थाम्न उर्लंदो शङ्का, विद्रोहीको सुस्केरा;
सकाउनुहोस् मलाई अनुत्तरित प्रार्थनामा हुन धैर्यवान्।

सकाउनुहोस् मलाई प्रेम गर्न तपाईंलाई गर्छन् जसरी तपाईंका स्वर्गदूतहरूले,
एउटै पवित्र संवेगले भरिएको मेरो सर्वाङ्ग;
ओर्लिआएको बप्तिस्माको ढुकुर स्वर्गको,
हो मेरो हृदय वेदी, अनि तपाईंको प्रेम हो ज्वाला।

*रचयिता :* George Croly, 1854.

BLANK PAGE

# भाग ५

# उद्धार-कार्यान्वयनसम्बन्धी धर्मसिद्धान्त

# Part 5

# The Doctrine of the Application of Redemption

अध्याय ३१

# आमअनुग्रह

# Common Grace

***परमेश्वरले सबै विश्वासी र अविश्वासी मानिसहरूलाई दिनुहुने अनर्जित आशिषहरू के-के हुने ?***

## व्याख्या र धर्मशास्त्रीय आधार

### क. परिचय र परिभाषा

आदम र हव्वाले पाप गर्दा तिनीहरू अनन्त दण्डको र परमेश्वरसँग सम्बन्धविच्छेदका योग्य बने (उत २:१७)। त्यसरी नै, आज मानिसहरूले पाप गर्दा तिनीहरू परमेश्वरको क्रोध र अनन्त दण्डका दायी हुन्छन्, "पापको ज्याला मृत्यु हो" (रोम ६:२३)। यसको अर्थ यो हो कि मानिसहरूले एकपटक पाप गरेपछि परमेश्वरका न्यायको माग एउटै मात्र हुन्छ – तिनीहरू सदासर्वदाको निम्ति परमेश्वरबाट अलग गरिऊन्, उहाँबाट *कुनै पनि* हित अनुभव गर्नबाट तिनीहरू वञ्चित् बनून्, अनि उहाँको क्रोधका भागी बन्दै तिनीहरू अनन्तसम्म नरकमा वास गरून्। वास्तवमा, पाप गर्ने स्वर्गदूतहरूलाई यस्तै नै भयो अनि हामीलाई पनि यस्तै हुन सक्थ्यो, "*स्वर्गदूतहरूले पाप गर्दा परमेश्वरले तिनीहरूलाई बाँकी राख्नुभएन,* तर तिनीहरूलाई नरकमा फालिदिनुभयो, र न्यायका दिनसम्मको निम्ति नरकलोकको अन्धकारमा जकड़िराख्नुभयो" (२ पत्र २:४)।

तर वास्तवमा आदम र हव्वा तुरुन्तै मरेनन् (यद्यपि तिनीहरूले पाप गरेकै दिनदेखि मृत्युदण्डले तिनीहरूका जीवनमा काम गर्न थाल्यो)। मृत्युदण्ड पूर्ण रूपमा तामेल गर्नमा धेरै वर्षसम्म विलम्ब गरियो। यसबाहेक, तिनीहरूका करोड़ौं सन्तानहरूले पाप गर्नेबित्तिक्कै तिनीहरू मर्दैनन् र नरक जाँदैनन्, तर यस संसारमा अनगन्ती आशिषहरू उपभोग गर्दै तिनीहरू धेरै वर्षसम्म बाँचिरहन्छन्। यो कसरी हुन सक्छ ? *परमेश्वरले ती पापीहरूलाई कसरी आशिषहरू दिइरहन सक्नुहुन्छ जो मात्र मृत्युको योग्य हुन्छन्* – ती मानिसहरूलाई मात्र होइनन् जसको उद्धार अन्ततः गरिनेछ, तर ती करोड़ौं मानिसहरूलाई पनि, जो कहिल्यै बचाइनेछैनन् र जसका पापहरू कहिल्यै पनि क्षमा गरिनेछैनन् ?

यी प्रश्नहरूका उत्तर यो हो कि परमेश्वरले *आमअनुग्रह* (common grace) *प्रदान गर्नुहुन्छ*। सामान्य वा आमअनुग्रहलाई हामी निम्नलिखित ढङ्गले परिभाषित गर्न सक्छौं – *सामान्य वा आमअनुग्रह परमेश्वरको त्यो अनुग्रह हो जसद्वारा उहाँले मानिसहरूलाई असंख्य आशिष्हरू दिनुहुन्छ जो मुक्तिका भाग होइनन्*। यहाँ *आम* शब्दको अर्थ यस्तो कुनै थोक हो जो सबै मानिसहरूका निम्ति साझा वा सार्वजनिक हुन्छ र विश्वासीहरूका निम्ति वा चुनिएकाहरूका निम्ति मात्र हुँदैन।

आमअनुग्रहको विपरीत, मानिसहरूकहाँ मुक्ति ल्याउने परमेश्वरको अनुग्रहलाई अक्सर "उद्धारकारी अनुग्रह" भनिन्छ। हामीले "आमअनुग्रह" र "उद्धारकारी अनुग्रह"-बारे कुरा गर्दा परमेश्वर स्वयम्मा दुई प्रकारका अनुग्रह छन् भनी लक्षित गरिरहेका छैनौं, तर यो मात्र सङ्केत गरिरहेका हुन्छौं कि परमेश्वरको अनुग्रहले संसारमा आफूलाई दुई विभिन्न किसिममा प्रकट गर्छ। आमअनुग्रह यसका *प्रापकहरू*मा (यो विश्वासीहरू र अविश्वासीहरू दुवैलाई दिइन्छ), यसका *परिणामहरू*को हिसाबले (यसले मुक्ति ल्याउँदैन), अनि यसको *स्रोत*मा (यो ख्रीष्टको प्रायश्चित्तकारी कार्यबाट साझै बग्दैन, किनकि ख्रीष्टको मृत्युले अविश्वासीहरूका निम्ति किञ्चित् क्षमा कमाएन, र त्यसकारण नता तिनीहरूका निम्ति आमअनुग्रहका आशिष्हरूको योग्य बन्यो) उद्धारकारी अनुग्रहभन्दा बेग्लै हुन्छ। तथापि, यस अन्तिम बुँदाबारे यो भन्नैपर्दछ कि आमअनुग्रह ख्रीष्टको उद्धारकारी कार्यबाट *परोक्ष रूपमा* निश्चय बहन्छ, किनभने संसारमा पापले प्रवेश गर्दा परमेश्वरले यसलाई तत्कालै दण्ड दिनुभएन भन्ने तथ्य मूलतः वा सायद केवल यही तथ्यकै कारण मात्र थियो कि उहाँले आफ्ना पुत्रको मृत्युद्वारा अनन्तः कतिपय पापीहरूलाई बचाउने योजना गर्नुभयो।[१]

### ख. आमअनुग्रहका उदाहरणहरू

यदि हामीले हामी वरिपरिको संसारलाई हेर्‍यौं भने अनि यसलाई नरकका ती आगाहरूसित तुलना गर्‍यौं भने जसको योग्य यो संसार छ, हाम्रो प्रतिदिनको जीवनमा परमेश्वरको आमअनुग्रहका प्रशस्त प्रमाणका हजारौं उदाहरणहरू हामी पाउँदछौं। हामी विविध विशेष संवर्गहरू छुट्ट्याउन सक्छौं जसमा यो आमअनुग्रह देखिन्छ।

**१. भौतिक क्षेत्र।** गैरविश्वासीहरू यस संसारमा परमेश्वरको आमअनुग्रहको कारण मात्र बाँचिरहेका छन् – मानिसहरूले लिने प्रत्येक सास अनुग्रहको सास हो किनभने पापको ज्याला जीवन होइन, मृत्यु हो। यसबाहेक, पृथ्वीले काँड़ा र सिउँड़ीहरू मात्र उत्पन्न गर्दैन (उत ३:१८), वा यो उतप्त मरुभूमि रहँदैन, तर परमेश्वरको सामान्य अनुग्रहद्वारा यसले भोजन र लुगाफाटा र आश्रयको निम्ति,

[१]मैले आमअनुग्रहको अध्याय यस पुस्तकको भाग ५ मा, अर्थात् "उद्धारको कार्यान्वयनसम्बन्धी धर्मसिद्धान्त"-मा राख्नुको कारण यो होइन कि आमअनुग्रह ख्रीष्टको उद्धारकारी कामबाट आउँछ, यो यसरी आउँदैन), तर यसकारण आउँछ कि विश्वासीहरूमा उद्धार ल्याउने परमेश्वरको कार्य तयारी पार्ने र त्यसमा सहयोग गर्ने यसको भूमिका छ।

प्रायः नै प्रशस्त मात्रामा र विभिन्न थरीहरूमा सामानहरू पनि उत्पन्न गर्छ। येशूले भन्नुभयो, "आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ। *उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ"* (मत्ती ५:४४-४५)। येशूले उहाँका चेलाहरूलाई प्रोत्साहनको रूपमा परमेश्‍वरको प्रशस्त आमअनुग्रहलाई हेर भनी यहाँ भन्नुहुन्छ ताकि तिनीहरूले पनि आशिष्‌को निम्ति अविश्‍वासीहरूलाई प्रेम र प्रार्थना प्रदान गरून् (लूक ६:३५-३६)। पावलले यस्तै प्रकारले लिस्त्राका मानिसहरूलाई भने, "उहाँले अघि बितिसकेका पुस्तामा सब जातिहरूलाई आ-आफ्नै रीतिअनुसार चल्न दिनुभयो। तापनि उहाँले आफूलाई गवाहीविना छोड्नुभएन, किनकि उहाँले भलो गरेर *तपाईंहरूलाई स्वर्गबाट पानीको झरी र फलवन्त ऋतु दिनुभयो र तपाईंहरूका हृदयलाई भोजन र आनन्दले सन्तुष्ट पार्नुभयो*" (प्रे १४:१६-१७)।

पुरानो करारले पनि आमअनुग्रहबारे बताउँछ जुन अनुग्रह अविश्‍वासी र विश्‍वासी दुवैकहाँ आउँछ। यसको एउटा उदाहरण योसेफलाई दासको रूपमा किन्ने मिश्री गार्डका कप्तान पोतीफर हुन् "उनले तिनलाई आफ्नो घरको र आफूसँग भएका सबै कुराको मुख्य कारिन्दा तुल्याएको समयदेखि परमप्रभुले योसेफको खातिर त्यस मिश्रीको घरमा आशिष् दिनुभयो" (उत ३९:५)। परमेश्‍वरले बनाउनुभएका सबै प्राणीहरूबारे दाऊदले अझ सामान्य रूपमा बताउँछन्, "परमप्रभु सबैमाथि भलो हुनुहुन्छ। र आफ्नो समस्त सृष्टिमाथि दया राख्नुहुन्छ। ... सबै प्राणीहरूका आँखाले तपाईंतिर हेर्दछन् अनि तपाईंले तिनीहरूको भोजन ठीक समयमा दिनुहुन्छ। तपाईंले आफ्नो मुट्ठी खोल्नुहुन्छ, र सबै प्राणीहरूका मनोरथ सन्तुष्ट पार्नुहुन्छ" (भज १४५:९, १५-१६)।

परमेश्‍वरको भलोपन र अनुकम्पाको कारण नै सम्पूर्ण सृष्टिमा भलोपन पाइन्छ भनी यी पदहरूले सम्झना गराउँछन्।

हामीले परमेश्‍वरको आमअनुग्रहको प्रमाण प्राकृतिक संसारको सौन्दर्यमा पनि देख्छौं। पतनको सरापको कारण (उत ३:१७-१९) प्रकृति नै पनि "विनाशको बन्धन"-मा छ अनि "व्यर्थताको वशमा" रहिआएको छ, तर पनि प्राकृतिक संसारमा धेरै सौन्दर्य अझै पनि छ। रङ्गबिरङ्गी फूलहरू, घाँस र वनस्थलीहरू, नदी र तालहरू अनि पहाड़ र सागरका किनारहरूको सौन्दर्य अझै पनि परमेश्‍वरको अटुट आमअनुग्रहको दैनिक साक्षीको रूपमा रहन्छ। अविश्‍वासीहरू कुनै पनि सौन्दर्यको आनन्द उठाउने योग्यका छैनन्, तर परमेश्‍वरको अनुग्रहद्वारा तिनीहरूले आफ्ना सम्पूर्ण जीवनमा यस सौन्दर्यको अधिकांश भागको आनन्द उठाउन सक्छन्।

२. **बौद्धिक क्षेत्र**। शैतान "झुटो हो र झुटको पिता हो" अनि "त्यसमा केही सत्य छैन" (यूह ८:४४) किनभने त्यसलाई खराबी र अविवेक अनि सामान्य मूल खराबीसितै आउने असत्यताप्रति पूर्ण रूपमा सुम्पिदिइएको छ। तर यस संसारमा भएका मानिसहरू अनि अविश्‍वासीहरूलाई पनि झुट बोलाइ, असङ्गति (irrationality)

र अज्ञानताको हातमा पूर्ण रूपमा सुम्पिदिइएको छैन। सबै मानिसहरूले केही मात्राको सत्यतालाई बुझ्न सक्छन्; वास्तवमा केही मानिसहरूमा ठूलो बुद्धि र समझ हुन्छ। यो पनि परमेश्‍वरको अनुग्रहको परिणाम नै हो भनी हेरिइनुपर्दछ। यूहन्नाले येशूलाई "हरेक मानिसलाई *ज्ञान प्रदान गर्ने* साँचो ज्योति" भनी बताउँछन् (यूह १:९) किनकि सृष्टिकर्ता र विश्‍वलाई सम्भाल्नुहुनेको भूमिकामा (विशेष गरी उद्धार कर्ताको भूमिकामा होइन), परमेश्‍वरका पुत्रले संसारमा सबै मानिसहरूकहाँ ज्ञान र समझ आउन दिनुहुन्छ।[२]

बौद्धिक क्षेत्रमा परमेश्‍वरको आमअनुग्रह यसमा देखिन्छ कि सबै मानिसहरूमा परमेश्‍वरबारे ज्ञान हुन्छ, "किनकि *परमेश्‍वरलाई चिनेर पनि तिनीहरूले* परमेश्‍वरलाई दिनुपर्ने महिमा दिएनन्, नता धन्यवाद नै चढ़ाए" (रोम १:२१)। यसको अर्थ यो हो कि परमेश्‍वरको अस्तित्वको बोध र परमेश्‍वरलाई चिन्ने भोक प्रायः नै हुन्छ जसलाई परमेश्‍वरले मानिसहरूका हृदयमा रहन दिनुहुन्छ, यद्यपि यसको प्रतिफल प्रायः नै धेरैवटा विभिन्न मानव निर्मित धर्महरू हुन्छ। तसर्थ झुटा धर्महरूमा विश्‍वास गर्नेहरूलाई पावलले सम्भाषण दिँदा पनि, उनले परमेश्‍वरको अस्तित्वको ज्ञानसम्बन्धी एउटा सम्पर्क-बिन्दु पाउन सके, जस्तो कि एथेन्सका दार्शनिकहरूसँग बोल्दा उनले भेट्टाए, "एथेन्सका मानिस हो, तपाईंहरूलाई म सब कुरामा अति धर्मानुरागी देख्तछु, ... । यसैले जसलाई तपाईंहरू नजानीकन पुज्नुहुन्छ उनलाई म तपाईंहरूका माझमा घोषणा गर्दछु" (प्रे १७:२२-२३)।

बौद्धिक क्षेत्रमा परमेश्‍वरको आमअनुग्रहको परिणाम यो हुन्छ – सत्यतालाई देख्न सक्ने र त्रुटिबाट यसलाई छुट्ट्याउन सक्ने क्षमता अनि ज्ञानमा त्यो वृद्धिको अनुभूति जसलाई विश्‍वको अनुसन्धान अनि पृथ्वीलाई वशमा पार्ने काममा प्रयोग गर्न सकिन्छ। यसको अर्थ यो हो कि *अन्यजातिहरूले पूरा गरेका सबै विज्ञान र प्रविधिका कामहरू आमअनुग्रहको परिणाम हो* जसले तिनीहरूलाई अविश्‍वसनीय खोजीहरू गर्न, आविष्कारहरू गर्न, पृथ्वीका संसाधनहरूलाई धेरैवटा भौतिक वस्तुहरूमा विकसित गर्न, अनि ती संसाधनहरूलाई उत्पादन र वितरण गर्न, अनि तिनीहरूका उत्पादनको काममा तिनीहरूलाई सीप दिन्छ। व्यावहारिक अर्थमा यसको माने यो हो कि प्रत्येकपटक हामी किरानाको पसलमा पस्दा वा गाड़ीमा हिँड्दा वा एउटा

[२]१ यूहन्नाको सन्दर्भले ख्रीष्ट संसारमा आउनुहुने कुरा बताएको हुनाले, हरेक मानिसको सट्टामा (जस्तो कि KJV, NASB, NIV-मा छ), "संसारमा आउँदैहुनुहुन्थ्यो" भन्ने वाक्यांशलाई साँचो ज्योतिलाई परिवर्तन गर्ने अर्थमा लिनु उत्तम हुन्छ (जस्तो कि KJV, NASB, NIV-ले गर्छन्), तथापि व्याकरणगत रूपमा दुवै सम्भव छन्। जुनै अर्थमा लिइए पनि यस पदले ख्रीष्टले हरेक मानिसलाई प्रबुद्ध गर्नुहुन्छ नै भन्छ। यो प्रबोधन संसारमा देहधारी ख्रीष्टको ज्योतिको चमक हो (D.A. Carson, *The Gospel According to John,* पृह. १२३-२४) भनी कसैले तर्क गरेका भए तापनि, यो अर्थ अझ सम्भव छ कि यो प्रबोधन सामान्य प्रकटनको प्रकाश हो जो सबै मानिसहरूले प्राप्त गर्छन्, जो परमेश्‍वर र विश्‍वबारे धेरै सत्य तथ्यहरू अवलोकन गर्ने र बुझ्ने क्षमता हो (Leon Morris, *The Gospel According to John,* पृह. ९४-९५)। यसको कारण यो हो (१) यूहन्नाले ख्रीष्टले "*हरेक मानिसलाई* प्रबोधित गर्नुहुन्छ" ("सबै मानिसहरू" वा "संसारलाई"-को सट्टामा) भनी निर्दिष्ट रूपमा भन्दा उनले हामीलाई यो सुझाउ राख्छन् कि हरेक व्यक्तिले यो ज्ञान पाउँछ; साधारण ज्ञानबारे यो कुरा सत्य हुन सक्छ तर ख्रीष्टको ज्ञानबारे सत्य हुन सक्दैन। (२) "प्रबोधित गर्नुहुन्छ" भन्ने वाक्यांशले यहाँ ख्रीष्टले सम्भाव्य रूपमा प्रबुद्ध बनाउनुहुने (ज्ञान) वा प्रबोधन (ज्ञान) दिनुहुने मात्र होइन तर *वास्तविक* ज्ञान दिनुहुने कुरा पनि अर्थाएको हुन सक्छ। (३) यस अर्थले पह. ९-१० मा भएको व्यङ्ग्यात्मक तुलनालाई अझ चड्काउँछ, यद्धपि ख्रीष्टले सबै मानिसहरूलाई ज्ञान दिनुहुन्छ अनि उहाँले सबै मानिसहरूलाई

घरमा प्रवेश गर्दा हामीले यो कुरा स्मरण गर्नुपर्दछ कि हामीले सबै मानिसहरूमाथि खन्याइएका परमेश्वरको प्रचुर आमअनुग्रहका परिणामहरू अनुभव गरिरहेका छौं।

३. **नैतिक क्षेत्र।** मानिसहरू जति खराब बन्न सक्छ त्यति नै खराब बन्नबाट परमेश्वरले मानिसहरूलाई आमअनुग्रहद्वारा रोक्नुहुन्छ। फेरि एक चोटि खराबी र विनाशतर्फ पूर्ण रूपले समर्पित शैतानको राज्य मानव समाजको तुलनामा स्पष्टतः विपरीत हुन्छ, र यो मानव समाजमा खराबी प्रस्टै रूपमा नियंत्रित राखिएको हुन्छ। यदि मानिसहरूले कठोर हृदयसित र बारम्बार एउटा समयावधिसम्म पाप गरी नै रहने हठ गर्छ भने, परमेश्वरले तिनीहरूलाई कालान्तरमा अझ महापापमा "छोड़िदिनुहुनेछ" (तु. भज ८१:१२; रोम १:२४, २६, २८), तर जहाँसम्म अधिकांश मानवको प्रश्न छ, तिनीहरूका पापले तिनीहरूलाई लाने गहिराइमा तिनीहरू डुब्दैनन्, कारण परमेश्वरले तिनीहरूका आचरणमा नियन्त्रण राख्नुहुन्छ। एउटा अति नै प्रभावकारी नियन्त्रण विवेकको शक्ति हो। पावल भन्छन्, "किनकि व्यवस्था नहुने अन्यजातिहरू स्वभावैले व्यवस्थाअनुसारका काम गर्दछन् भने, तिनीहरूको व्यवस्था नभए तापनि तिनीहरू आफ्ना निम्ति आफै व्यवस्था हुन्छन्। *व्यवस्थाले चाहेका कुराहरू आफ्ना हृदयमा लेखिएका* तिनीहरू देखाउँछन्, र *तिनीहरूको आफ्नै विवेकले पनि गवाही दिन्छ,* र तिनीहरूका विचारहरूले कहिले तिनीहरूलाई दोष्याउँछन्, र कहिले समर्थन गर्छन्" (रोम २:१४-१५)।

परमेश्वरले सबै मानिसहरूलाई दिनुहुने सही कुरा र गलत कुराबारे यो आन्तरिक ज्ञानको अर्थ यो हुन्छ कि तिनीहरूले बारम्बार ती नैतिक मानदण्डहरू अनुमोदन गर्छन् जसले धर्मशास्त्रका नैतिक मानदण्डहरूमध्ये अनेकौं प्रतिविम्बित गर्छन्। अति निकृष्ट पापमा लिप्त भएका मानिसहरूले पनि "यस्ता काम गर्नेहरू मृत्युको योग्य हुन्छन् भन्ने परमेश्वरको विधान" जान्दछन् (रोम १:३२) भनी पावल भन्छन्। अनि अन्य धेरै मुद्दाहरूमा विवेकको यो भित्रीय बोधले मानिसहरूलाई समाजमा यस्ता कानुन र रीतिथितिहरू बनाउन बाध्य तुल्याउँछ जो, तिनीहरूले अनुमोदन गर्ने वा निषेध गर्ने बाहिरी व्यवहारको सन्दर्भमा, धर्मशास्त्रका नैतिक व्यवस्थाहरूजस्तै नै हुन्छन्। मानिसहरूले प्रायः यस्ता कानुनहरू स्थापना गर्छन् वा तिनीहरूसित यस्ता प्रथाहरू हुन्छन् जसले विवाह र परिवारको पवित्रतालाई आदर गर्छन्, मानव प्राणको रक्षा गर्छन् अनि चोरी र झुटो बोलीलाई निषेध गर्छन्।[3] यसको कारण मानिसहरू प्रायः यस्ता चालचलनमा जिउँछन् जो नैतिक रूपले सोझा हुन्छन् अनि बाहिरी रूपले हेर्दा धर्मशास्त्रमा पाइने नैतिक माणदण्डअनुरूपका हुन्छन्। तिनीहरूका नैतिक व्यवहारले परमेश्वरको दृष्टिमा निगाह कमाउन नसके पनि (किनकि धर्मशास्त्रले प्रस्टै रूपमा भन्छ कि "परमेश्वरको दृष्टिमा व्यवस्थाबाट कोही मानिस धर्मी

---

सृष्टि गर्नुभयो तर पनि तिनीहरूले उहाँलाई चिनेनन् वा ग्रहण गरेनन्।

[3]यस जीवनमा पापी मानिसहरूका विवेकको काम निश्चय नै कहिल्यै पनि सही हुँदैन (जस्तो गरी पावलले रोम २:१५ मा बुझे), अतः जुन समाजहरूले परमेश्वरका नैतिक विधानहरूका विभिन्न पक्षहरू जुन मात्रामा पालन गर्छन् त्यही मात्रामा समाजहरू भिन्न-भिन्नै हुन्छन्। तरै पनि, प्रत्येक मानव समाजका कानुन र प्रथाहरूमा धर्मशास्त्रका नैतिक विधानहरूको महत्त्वपूर्ण समरूपता पाइन्छ।

ठहरिँदैन," गला ३:११, अनि "ती सबै बरालिएका छन्, तिनीहरू एकसाथ बेकम्मा भएका छन्। कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन," रोम ३:१२)। केही अर्थमा अविश्वासीहरूले परमेश्वरको अनन्तकालीन अनुमोदन वा निगाहभन्दा कम "असल काम" त गर्छन् नै। येशूले, "तिमीहरूको भलाइ गर्नेहरूलाई भलाइ गर्दछौ भने, तिमीहरूलाई के लाभ भयो र? *किनकि पापीहरूले पनि त्यसै गर्दछन्*" (लूक ६:३३; तु. २ राज १२:२ र २ इतिहास २४:२ जहाँ योआसले तिनको राजकाल असल काम गरेका थिए भनिन्छ, २ इति २४:१७-२५ सित, जहाँ योआसले यस्तो खराबी गरेका थिए जसले स्पष्ट पार्थ्यो कि तिनको जीवनमा उद्धारकारी विश्वास थिएन)। सुसमाचार कहिल्यै पनि नपुगेको ठाउँमा वा जहाँ यसको न्यूनतम नियन्त्रक प्रभाव छ (उदा. मानिसले मानिस खाने समाजहरूमा – वा आधुनिक पाश्चात्य समाजमा पनि जहाँ प्रभुत्वशाली संस्कृतिद्वारा सुसमाचार र नैतिक विधानहरू सबै त्यागिएको छ)-भन्दा सुसमाचारको ठूलो प्रभाव परेको ठाउँमा र मण्डली बलियो भएको ठाउँको समाजमा सुसमाचारको बलियो नैतिक प्रभाव हुन्छ।

*प्राकृतिक संसारको परिचालनामा अन्तिम न्यायका चेताउनीहरू* दिनुहुँदै पनि परमेश्वरले उहाँको आमअनुग्रह प्रदर्शन गर्नुहुन्छ। परमेश्वरले संसारलाई यस्तो सुव्यवस्थामा राख्नुभएको छ कि उहाँका नैतिक मानदण्डहरूअनुरूप जिउँदा, त्यसले प्राकृतिक क्षेत्रहरूमा प्रायः नै इनामहरू ल्याउँछ अनि परमेश्वरका मानदण्डहरू उल्लङ्घन गर्दा त्यसले मानिसहरूमाथि प्रायः नै विनाश ल्याउँछ। यी दुवै स्थितिहरूमा उक्त कुराले अन्तिम न्यायको सम्भावित दिशा सङ्केत दिन्छ : बेईमानी, आलस्य, क्रूरता, वैवाहिक विश्वासघात र मत्थुपन, दुर्व्यसन, चोरी आदिजस्ता अन्य गलत कामहरूले भन्दा इमानदारी, घोर परिश्रम, अरू मानिसहरूलाई प्रेम र दया देखाउने काम, अनि विवाहमा इमानदारीले (अति भ्रष्ट समाजहरूमा बाहेक) यस जीवनमा अत्यधिक भौतिक र संवेगात्मक इनाम ल्याउँछन्। पाप वा धार्मिकताका यी सामान्य परिणामहरूले आउने दण्डका चेताउनीको काम गर्नुपर्दछ र, यसरी, ती पनि परमेश्वरको आमअनुग्रहका उदाहरणहरू हुन्।

४. **सृजनात्मक क्षेत्र।** परमेश्वरले कलात्मक र साङ्गीतिक क्षेत्रहरूलगायत खेलकूद, पाककला, लेखन आदिजस्ता सृजनाशीलता र सीप व्यक्त गर्न सकिने अन्य क्षेत्रहरूमा धेरै मात्राहरूमा सीप दिनुभएको छ। यसबाहेक, परमेश्वरले हामीलाई जीवनका धेरैवटा क्षेत्रहरूमा सौन्दर्यको रसास्वादन गर्ने क्षमता दिनुहुन्छ। यस क्षेत्रमा साथै भौतिक र बौद्धिक क्षेत्रमा कहिलेकाहीँ विश्वासीहरूलाई भन्दा अविश्वासीहरूलाई आमअनुग्रहका आशिषहरू अझ धेरै प्रचुर मात्रामा प्रदान गरिन्छन्। तर पनि यी सबै मुद्दाहरूमा यो परमेश्वरको अनुग्रहको परिणाम हो।

५. **सामाजिक क्षेत्र।** मानव समाजमा भएका विभिन्न सङ्गठन र संरचनाहरूमा पनि परमेश्वरको अनुग्रह प्रस्टै छ। हामी यो कुरा सर्वप्रथम मानव परिवारमा देख्छौं, जसको प्रमाण पतनपछि आदम र हव्वा पतिपत्नी रहेका र त्यसपछि तिनीहरूले छोराछोरीहरू जन्माएका तथ्यमा पाइन्छ (उत ५:४)। आदम र हव्वाका सन्तानले

विवाह गरे अनि आआफ्ना परिवारहरू गठन गरे (उत ४:१७, १९, २६)। मानव परिवार आज यथावत् छ, केवल विश्वासीहरूका प्रथाको रूपमा मात्र होइन तर अविश्वासीहरूका पनि।

मानव सरकार पनि आमअनुग्रहको परिणाम हो। जलप्रलयपछि यो परमेश्वरद्वारा सैद्धान्तिक तहमा स्थापित गरियो (हे. उत ९:६), अनि रोमी १३:१ मा सरकार परमेश्वरद्वारा दिइएको हो भनी स्पष्ट गरी बताइएको छ, "परमेश्वरबाट आएको अधिकारबाहेक अरू कुनै अधिकार हुँदैन। जुन प्रशासकहरू छन्, ती परमेश्वरबाटै नियुक्त भएका हुन्।" सामान्यत: यो स्पष्टै छ कि सरकार मानवजातिको निम्ति परमेश्वरबाट प्राप्त वरदान हो किनकि पावल भन्छन् कि शासक "तिम्रो भलाइको निम्ति ... परमेश्वरका सेवक हुन्" अनि "खराब काम गर्नेमाथि परमेश्वरको दण्ड ल्याउने ... परमेश्वरका सेवक हुन्" (रोम १३:४)। संसारमा खराबीलाई रोक्नलाई परमेश्वरले प्रयोग गर्नुहुने आधारभूत साधनहरूमध्ये एउटा साधन मानव सरकार हो। मानव निर्मित कानुनहरू, पुलिस बल अनि न्यायिक प्रणालीहरूले खराब कामहरूका विरुद्धमा शक्तिशाली निवारक उपलब्ध गराउँछ, र यिनीहरू आवश्यक छन् कारण संसारमा धेरै असङ्गत खराबीहरू छन् जसलाई बलद्वारा मात्रा रोक्न सकिन्छ, किनभने यसलाई विवेक वा शिक्षाद्वारा निवारण गर्न सकिँदैन। मानिसको पापी स्वभावले सरकारहरूलाई पनि निश्चय नै प्रभाव पार्न सक्छ, फलस्वरूप सरकारहरू नै भ्रष्ट बन्न सक्छन् अनि तिनीहरूले असलको सट्टामा निश्चय नै खराबीलाई प्रोत्साहित गर्छन्। भन्नुको तात्पर्य यति मात्र हो कि परमेश्वरले दिनुहुने आमअनुग्रहका अन्य आशिषहरूजस्तै मानव सरकारलाई कि भलो वा खराब उद्देश्यहरूका लागि प्रयोग गर्न सकिन्छ।

मानव समाजमा भएका अरू सङ्गठनहरू यी हुन् – शैक्षिक संस्थानहरू, व्यापार र निगमहरू, स्वयम्-सेवक संघहरू (जस्तै दातव्य [charitable] अनि समाज-सेवी समूहहरू) अनि मानव मैत्रित्वका असंख्य सङ्गठनहरू। यी सबैले मानिसहरूकहाँ केही मात्राहरू भलाइ ल्याउनलाई काम गर्छन् अनि यी सबै परमेश्वरका आमअनुग्रहका अभिव्यक्तिहरू हुन्।

६. **धर्मको क्षेत्र।** मानव धर्मको क्षेत्रमा पनि परमेश्वरको आमअनुग्रहले अविश्वासी मानिसहरूकहाँ केही आशिषहरू ल्याउँछन्। येशूले हामीलाई भन्नुहुन्छ, "आफ्ना शत्रुहरूलाई प्रेम गर, र *तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर*" (मत्ती ५:४४), अनि यहाँ तिनीहरूका मुक्तिका लागि प्रार्थना नगर्नू भन्ने प्रतिबन्ध नभएको र हामीलाई सताउनेहरूका निम्ति प्रार्थना गर भन्ने आज्ञासित तिनीहरूलाई प्रेम गर भन्ने आदेश पनि भएको कारण यो निष्कर्ष निकाल्न न्यायोचित देखिन्छ कि जीवनका धेरैवटा क्षेत्रहरूमा हामीलाई सताउनेहरूसम्बन्धी पनि परमेश्वरले हाम्रा प्रार्थनाहरूका उत्तर दिने आशय राख्नुहुन्छ। वस्तुत:, पावलले हामीलाई निर्दिष्ट रूपमा "राजाहरू र सबै उच्च पदमा भएकाहरूका निम्ति पनि" (१ तिमो २:१-२) प्रार्थना गर्नू भनी आदेश दिन्छन्। हामीले अविश्वासीहरूका निम्ति भलाइ गर्न खोज्दा यो काम

परमेश्वरकै रीति, अर्थात् "दुष्ट र सज्जन दुवैलाई" घामको ताप र वृष्टि दिनुहुने (मत्ती ४:४५) कामअनुसारको छ अनि येशूको प्रारम्भिक सेवाकार्यको समयमा उहाँकहाँ ल्याइएका हरेक व्यक्तिलाई उहाँले निको बनाइदिनुभएको प्रथाअनुसारकै छ (लूक ४:४०)। उहाँले तिनीहरूलाई शारीरिक चङ्गाइ दिनुहुँदा तिनीहरू सबैले उहाँलाई विश्वास गर्नैपर्दथ्यो वा उहाँ मसीह हुनुहुन्थ्यो भनी तिनीहरूले मान्नैपर्दथ्यो भन्ने उहाँको आज्ञा थियो भन्ने कुनै किसिमको सङ्केत छैन।

के परमेश्वरले अविश्वासीहरूका प्रार्थनाहरूका उत्तर दिनुहुन्छ ? येशूको नाउँमा आउनेहरूका प्रार्थनाहरूका उत्तर दिने प्रतिज्ञा उहाँले गर्नुभएको छ, अनि अविश्वासीहरूका प्रार्थनाहरूका उत्तर दिनेछु भनी परमेश्वरले प्रतिज्ञा नगर्नुभएको भए तापनि अनि अविश्वासीहरूका प्रार्थनाहरूका उत्तरहरू दिनैपर्दछ भन्ने उहाँलाई कुनै बाध्यता नभएको भए तापनि, परमेश्वरले तर पनि आमअनुग्रहको कारण उहाँको करुणा र भलोपन अझ अर्कै तरिकामा प्रदर्शन गर्नुहुँदै (तु. भज १४५:९, १५; मत्ती ७:२२; लूक ६:३५-३६) अविश्वासीहरूका प्रार्थनाहरू सुन्न सक्नुहुन्छ र उत्तर दिन सक्नुहुन्छ। १ तिमोथी ४:१० को स्पष्ट तात्पर्य यही नै हो; यसले यो भन्छ कि परमेश्वर "सबै मानिसका, विशेष गरी उहाँमाथि विश्वास गर्नेहरूका मुक्तिदाता हुनुहुन्छ"। यहाँ "मुक्तिदाता"-को अर्थ "पाप क्षमा दिनुहुने र अनन्त जीवन दिनुहुने"-सम्म मात्र सीमित गर्नु हुँदैन कारण यी कुराहरू ती मानिसहरूलाई दिइँदैनन् जसले विश्वास गर्दैनन्; यहाँ "मुक्तिदाता"-को अझ सर्वसामान्य अर्थ हुनुपर्दछ, अर्थात् मुक्तिदाता ती व्यक्ति हुनुहुन्छ "जसले सङ्कटबाट उद्धार गर्नुहुन्छ, जसले छुटकारा दिनुहुन्छ।" दुःख-कष्ट वा सङ्कटको बेला परमेश्वरले प्रायः नै अविश्वासीहरूका प्रार्थनाहरू सुन्नुहुन्छ अनि अनुग्रहमयी ढङ्गमा तिनीहरूलाई तिनीहरूका दुःख-कष्टबाट छुटकारा दिनुहुन्छ। यसबाहेक, सृष्टिको उत्तमता, जोखिमबाट छुटकारा, परिवार, घर, मित्रता र देश दिनुभएर आशिष् दिनुभएका निम्ति अविश्वासीहरूमा पनि परमेश्वरप्रति प्रायः नै कृतज्ञताको भावना हुन्छ। यसबाहेक, मण्डलीको घनिष्ठ सम्पर्कमा आउने अनि सम्भवतः केही समयसम्म यससित सम्बन्ध राख्ने अविश्वासीहरूले यस्ता केही धार्मिक अनुभवहरू गर्न सक्छन् जुन अनुभवहरू मुक्ति पाएका विश्वासीहरूकै अनुभव निकटस्थ भएका देखिन्छन्। (हे. हिब ६:४-६; मत्ती ७:२२-२३)।[४]

अन्त्यमा, सुसमाचारलाई अन्ततः ग्रहण नगर्नेहरूलाई पनि सुसमाचारको उद्घोषणा परमेश्वरको करुणा र अनुग्रहको प्रस्टै घोषणा हो; यसले त्यो तथ्यको स्पष्ट साक्षी दिन्छ कि परमेश्वरले उहाँका सृष्टिमध्ये कुनै पनि प्राणीको मृत्यु वा दण्डाज्ञामा आनन्द लिनुहुन्न (तु. इज ३३:११; १ तिमो २:४)।

**७. आमअनुग्रह र विशेष अनुग्रहले एका-अर्कालाई प्रभाव पार्छ।** आमअनुग्रहले मण्डलीलाई निश्चय नै प्रभाव पार्दछ र सम्पन्न बनाउँछ किनकि सिकर्मी र अन्य थरीका कारीगरहरूलाई दिइएको परमेश्वरको आमअनुग्रहविना मण्डली भवनहरू

[४]हे. अ.४० भित्र हिब्रू ६:४ को सविस्तार छलफल।

बन्नेथिएनन्; छापाखानाका मुद्रकहरू, कम्प्यूटरमा अक्षर संयोजन गर्नेहरू र बुक-बाइन्डरहरू (र कागज कारखानाहरूमा काम गर्नेहरू वा कागज बनाउनलाई वनमा रूख काटनेहरू)-लाई दिइएको परमेश्वरको आमअनुग्रहविना बाइबलहरू हुनेथिएनन्। दिनहुँका क्रियाकलापमा मण्डली अनगन्ती किसिमले आमअनुग्रहबाट लाभान्वित बन्दछ।

अर्को पक्षमा, उद्धार पाएकाहरूलाई परमेश्वरले दिनुहुने विशेष अनुग्रहले मण्डलीको प्रभाव-क्षेत्रमा बसोबास गर्ने अविश्वासीहरूकहाँ आमअनुग्रहका धेरै नै आशिषहरू ल्याउँछ। अविश्वासीहरूले समाजमा ख्रीष्टियानहरूका जीवनको उदाहरणबाट लाभ उठाउँछन् – ख्रीष्टियानहरूले समुदायको निम्ति गर्ने प्रार्थनाहरू र दयाका कामहरूबाट, धर्मशास्त्रका शिक्षाको ज्ञानबाट र यसको प्रज्ञाबाट (*wisdom*) पाउने ज्ञानबाट, जसमा तिनीहरूले केही बौद्धिक र नैतिक लाभ पाउँछन्, अनि ख्रीष्टियानहरूका सामाजिक र राजनीतिक क्रियाकलापका माध्यमबाट एउटा समाजको कानुन, रीतिरिवाज, विश्वासमाथि पर्ने धर्मशास्त्रको प्रभावबाट। ऐतिहासिक रूपमा हेर्दा, प्रायः नै सुसमाचारद्वारा परिवर्तन भएका मानिसहरूको शक्तिशाली उपस्थितिको परिणामस्वरूप (अङ्ग्रेजहरूका उपनिवेशहरू र संयुक्त राष्ट्र अमेरिकामा) कमारा-कमारीहरूको स्वतन्त्रता, नारी अधिकार, व्यापक सार्वजनिक शिक्षा, प्राविधिक र वैज्ञानिक प्रगति, अर्थतान्त्रिक उत्पादनशीलतामा वृद्धि, काम र मितव्ययिता र इमानदारीलाई दिइएको उच्च मूल्य, आदि सम्भव भयो।

**८. आमअनुग्रहले मानिसहरूलाई मुक्ति दिँदैन।** यी सबै हुँदाहुँदै पनि, हामीले यो बुझ्नैपर्दछ कि आमअनुग्रह मुक्ति दिने अनुग्रहभन्दा बेग्लै कुरा हो। आमअनुग्रहले मानव हृदयलाई परिवर्तन गर्दैन वा मानिसहरूलाई साँचो पश्चात्ताप र विश्वासमा ल्याउँदैन – यसले मानिसहरूलाई उद्धार दिन सक्दैन र दिँदैन, यद्यपि बौद्धिक र नैतिक क्षेत्रमा यसले मानिसहरूलाई सुसमाचार ग्रहण गर्न उन्मुख बनाउनका लागि केही तयारी उपलब्ध गराउन सक्छ)। आमअनुग्रहले पापलाई लगाम लगाउँछ तर कुनै पनि मानिसमा पापप्रति भएको आधारभूत मनोवृत्तिलाई परिवर्तन गरिदिँदैन, नता यसले पतित मानव स्वभावलाई कुनै महत्त्वपूर्ण रूपमा शुद्ध बनाउँछ।[५]

हामीले यो पनि बुझ्नुपर्दछ कि आमअनुग्रहको बलमा गरिएका अविश्वासीहरूका कार्यहरू स्वतः परमेश्वरको अनुमोदन वा निगाहको योग्य हुँदैनन्। यी कार्यहरू

[५]यस अध्यायमा आमअनुग्रहबारे प्रस्तुत गरिएको दृष्टिकोण समग्रमा यस पुस्तकको रिफर्मड् वा क्याल्भिनवादी परिप्रेक्ष्यअनुरूप छ; यो त्यो परिप्रेक्ष्य हो जसको पक्षमा परमेश्वरको सर्वसत्तासम्पन्नता (अ. १३ भित्र), परमेश्वरको पूर्वप्रबन्ध (अ. १६), पाप (अ. २४), छनोट, सुसमाचारको बोलावट र नवजीवन (अह. ३२-३४)-बारे छलफलमा विशेष गरी तर्क गरिएको छ। हामीले यद्यपि यस कुरामा ध्यान दिनुपर्दछ कि आमअनुग्रहबारे अर्मेनीहरूको जुन बोध छ सो यहाँनेर भिन्नै हुनजान्छ; यसले यो भन्छ कि आमअनुग्रहले हरेक व्यक्तिलाई विश्वास र पश्चात्तापमा परमेश्वरतर्फ फर्कने *योग्यता* दिन्छ अनि वास्तवमा पापी व्यक्तिहरूले निर्दिष्ट रूपमा प्रतिरोध नगरे आमअनुग्रहले पापीहरूलाई यसरी परमेश्वरतर्फ फर्कने काममा *प्रभावित पार्दछ*। तसर्थ, अर्मेनी बोधमा आमअनुग्रहको त्यो काम छ जुन काम अझ प्रस्टै गरी मुक्ति दिने अनुग्रहसित सम्बन्धित छ – वास्तवमा आमअनुग्रह मुक्ति दिने अनुग्रहको प्रारम्भिक अभिव्यक्ति मात्र हो। यो दृष्टिकोण (अर्थात् पश्चात्ताप र विश्वास गर्ने क्षमता सबै मानिसहरूलाई दिइएको हुन्छ)-सम्बन्धी छनोटमाथि लेखिएको २ अध्यायमा, तथा सुसमाचारको बोलावट र नवजीवनमाथि लेखिएको ३३ र ३४ मा अध्यायहरूमा छलफल गरिएको छ।

विश्वासबाट प्रस्फुटित भएका हुँदैनन् ("विश्वासबाट उत्पन्न नभएको कुनै पनि कुरा पाप हो" (रोम १४:२३), नता ती कार्यहरू परमेश्वरप्रति प्रेमद्वारा उत्प्रेरित भएका हुन्छन् (मत्ती २२:३७), यसको सट्टामा बरु एउटा वा अर्को रूपमा आफैलाई गरिने प्रेमद्वारा उत्प्रेरित भएका हुन्छन्। त्यसकारण, बाहय रूपमा परमेश्वरको व्यवस्थाअनुरूप अविश्वासीहरूले गरेका कामहरू हामीले कुनै अर्थमा "असल" छन् भनी तत्परतासित भनौंला, तथापि, परमेश्वरका अनुमोदनको योग्य हुने अर्थमा ती कामहरू असल हुँदैनन्, नता यसले परमेश्वरलाई त्यस पापीप्रति कुनै पनि प्रकारले वचनबद्ध तुल्याउँछ।

अन्त्यमा, हामीले यो बुझ्नैपर्दछ कि प्रायः नै अविश्वासीहरूले विश्वासीहरूले भन्दा पनि अझ धेरै आमअनुग्रह प्राप्त गर्छन् – तिनीहरू अझ सीपयुक्त, घोर परिश्रमी, अझ ज्ञानी, अझ सृजनशील वा यस जीवनमा आनन्द उठाउन सकिने धेरैवटा भौतिक कुराहरू तिनीहरूसित हुन सक्छन्। यसले कुनै पनि अर्थमा यो सङ्केत गर्दैन कि परमेश्वरले तिनीहरूलाई निर्बाध अर्थमा अझ धेरै दया गर्नुभएको छ वा तिनीहरूले अनन्त मुक्तिको कुनै पनि भागीदारी हासिल गर्नेछन्, तर यति मात्र कि परमेश्वरले अति महत्त्वपूर्ण आशिष्‌हरू प्रायः नै अविश्वासीहरूलाई दिनुहुँदै आमअनुग्रह विभिन्न तरिकाहरूमा वितरण गर्नुहुन्छ। यी सबै कुराहरूमा, तिनीहरूले निश्चय नै परमेश्वरको भलोपनलाई स्वीकार गर्नैपर्दछ (प्रे १४:१७), र तिनीहरूले यो कुरा मानिलिनुपर्दछ कि परमेश्वरको प्रकट गरिएको इच्छा त्यो हो कि "परमेश्वरको कृपा"-ले तिनीहरूलाई अन्ततः "पश्चात्तापमा" डोऱ्याएको हुनुपर्दछ (रोम २:४)।

### ग. आमअनुग्रहका कारणहरू

मुक्तिमा कहिल्यै नआउने अयोग्य पापीहरूलाई पनि परमेश्वरले किन आमअनुग्रह प्रदान गर्नुहुन्छ ? हामी यसका कम्तीमा पनि चारवटा कारणहरू सुझाउन सक्छौं।

**१. उद्धार गरिएकाहरूलाई बचाउनु।** पत्रुस भन्छन् कि न्यायको दिन र दण्डाज्ञा पूरा गर्ने काम थाँतीमा राखिएको छ किनभने मुक्ति पाउने अरू थप मानिसहरू पनि छन्, "आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढीलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढीलो गर्नुहुन्न, तर *कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर* प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ। तर प्रभुको दिन त चोर जस्तै गरी झट्टै आउनेछ" (२ पत्र ३:९-१०)। वस्तुतः, इतिहासको आरम्भदेखि नै यो हेतु सत्य थियो किनकि परमेश्वरले सम्पूर्ण पापमय मानवजातिहरूमध्येको कुनै जातिलाई बचाउन चाहनुभएको भए उहाँले तत्कालै सबै पापीहरूलाई नष्ट गर्नुहुनेथिएन (किनकि मानवजाति रहनेथिएन)। यसको सट्टामा उहाँले पापमय मानिसहरूलाई केही समयको निम्ति जिउन दिनुभयो, ताकि तिनीहरूले पश्चात्ताप गर्ने अवसर पाऊन् अनि कारण यो पनि थियो कि तिनीहरूले सन्तान जन्माऊन् र त्यसपछिका पुस्ताहरू जिऊन् र तिनीहरूले सुसमाचार सुनेर पश्चात्ताप गरून्।

**२. परमेश्वरका भलोपन र कृपा प्रदर्शन गर्नु।** परमेश्वरका भलोपन र करुणा

विश्वासीहरूको मुक्तिमा मात्र देखिँदैन, तर उहाँले अयोग्य पापीहरूलाई दिनुहुने आशिष्‌हरूमा पनि देखिन्छन्। परमेश्वर "बैगुनी र स्वार्थी*प्रति* कृपालु हुनुहुन्छ" (लूक ६:३५) भने उहाँको दया उहाँको महिमाको निम्ति विश्वमा प्रकट गरिएको छ। दाऊद भन्छन्, "परमप्रभु *सबैप्रति भलो हुनुहुन्छ*। र आफ्नो समस्त सृष्टिमाथि दया राख्नुहुन्छ" (भज १४५:९)। जवान र धनी शासकसित येशूले कुरा गर्नुभएको घटनामा हामी यो पढ्‌दछौं कि "येशूले त्यसलाई हेर्नुभयो, र त्यसलाई *माया गर्नुभयो*" (मर्क १०:२१), यद्यपि त्यो अविश्वासी थियो अनि त्यसको असाध्यै धन-सम्पत्तिका कारण त्यो येशूबाट विमुख हुनेथियो। Berkhof भन्छन् कि परमेश्वरले "सबै मानिसहरूलाई बताउनै नसकिने आशिष्‌हरूका झरीहरू बर्साइदिनुहुन्छ अनि (उहाँले) स्पष्ट गरी सङ्केत गरिदिनुहुन्छ कि यी सबै परमेश्वरमा भएको कृपादृष्टिको चित्तवृत्ति (favorable disposition) हो जो तर तिनीहरूका पापलाई माफ गरिदिनुहुने, तिनीहरूका दण्डाज्ञालाई माफ गरिदिनुहुने र तिनीहरूलाई मुक्ति प्रदान गर्नुहुने सकारात्मक इच्छाशक्तिसम्म पुग्नबाट चुक्दछ।[६]

पापको दण्ड कार्यान्वयन गर्ने काममा विलम्ब गर्नु अनि मानिसहरूलाई अस्थायी आशिष्‌हरू दिनु परमेश्वरको निम्ति न्याय योग्यको कुरा होइन किनभने त्यो दण्ड भुलिइएको छैन तर केवल विलम्बित मात्र गरिएको छ। दण्डाज्ञा अबेर गरिइनुमा परमेश्वरले यो स्पष्टै गरी देखाउनुहुन्छ कि अन्तिम दण्डाज्ञालाई कार्यान्वयन गर्ने काममा उहाँ खुशी हुनुहुन्न तर उहाँ पुरुष र स्त्रीको मुक्तिमा प्रसन्न बन्नुहुन्छ। "जस्तो म जीवित छु, परमप्रभु भन्नुहुन्छ, दुष्टहरूको मृत्युमा म खुशी हुन्नँ, तर तिनीहरूले आफ्नो चाल त्यागेर बाँचूँन् भनी म चाहन्छु" (यज ३३:११)। परमेश्वरले, "सबै मानिसहरूले मुक्ति पाऊन् र तिनीहरू सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा" गर्नुहुन्छ (१ तिमो २:४)। यी सबै कुराहरूमा दण्डमा गरिने विलम्बले परमेश्वरको कृपा र भलोपन र प्रेमको स्पष्ट प्रमाण दिन्छ।

**३. परमेश्वरको न्याय प्रदर्शन गर्नु।** परमेश्वरले पापीहरूलाई विश्वासमा आउनलाई बारम्बार निम्तो दिनुहुँदा, अनि तिनीहरूले उहाँको निम्तोलाई बारम्बार अस्वीकार गर्दा, तिनीहरूलाई दण्ड दिनुमा परमेश्वरको न्याय अझ स्पष्ट गरी देखिन्छ। अविश्वासमा ढीट रहने मानिसहरूले आफ्ना निम्ति अझ धेरै क्रोध थुपारिरहेका मात्र हुन्छन् भनी पावलले चेताउनी दिन्छन्, "तर परमेश्वरको धार्मिक इन्साफ प्रकट हुने त्यस क्रोधका दिनको लागि आफ्नो कठोर र अपश्चात्तापी हृदयले गर्दा तिमीले आफ्नो निम्ति क्रोध थुपारिरहेछौ" (रोम २:५)। न्यायको दिन "हरेक मुख" "चुप" बनाइनेछ (रोम ३:१९) अनि परमेश्वर अन्यायी हुनुभयो भनी कसैले पनि आपत्ति उठाउन सक्नेछैन।

**४. परमेश्वरको महिमा प्रदर्शन गर्नु।** अन्त्यमा, आमअनुग्रह क्रियाशील भएको सबै क्षेत्रहरूमा मानवजातिका क्रियाकलापद्वारा परमेश्वरको महिमा अनेकौं किसिमले देखाइन्छन्। पृथ्वीमाथि अधिकार विकसित र प्रयोग गर्नुमा पुरुषहरू र स्त्रीहरूले

[६] Berkhof, *Systematic Theology,* पृ. ४४५।

तिनीहरूका सृष्टिकर्ताको बुद्धि प्रदर्शन गर्छन्, यसलाई प्रतिविम्बित गर्छन्, अनि विश्वमाथि सीप र नैतिक गुण अनि अख्तियारमा परमेश्वरका जस्तै योग्यताहरू प्रदर्शन गर्छन्। यी सबै क्रियाकलाप पापी उद्देश्यद्वारा दूषित् बनाइएका भए तापनि, तिनीहरूले हाम्रा सृष्टिकर्ताको उत्कृष्टता प्रतिविम्बित गर्छन् र त्यसकारण परमेश्वरलाई महिमा ल्याउँछन्, पूर्णतामा वा सिद्ध रूपमा होइन, तथापि महत्त्वपूर्ण मात्रामा।

## ग. आमअनुग्रहसम्बन्धी धर्मसिद्धान्तप्रति (The Doctrine of Common Grace) हाम्रो प्रत्युत्तर

परमेश्वरको प्रशस्त आमअनुग्रहको कारण अविश्वासीहरूका जीवनमा देखिने विभिन्न किसिमका भलोपनबारे विचार गर्दा, हामीले तीनवटा बुँदाहरू स्मरण गर्नुपर्दछ :

**१. आमअनुग्रहको अर्थ यसलाई प्राप्त गर्ने मानिसहरू बचाइनेछन् भन्ने होइन।** असाधारण मात्राको अत्यधिक आमअनुग्रहले पनि यो उपलक्षित गर्दैन कि यसलाई प्राप्त गर्नेहरू बचाइनेछन्। संसारका अति सीपयुक्त, अति बुद्धिमान्, असाध्यै धनाढ्य र शक्तिशाली मानिसहरूलाई पनि येशू ख्रीष्टको सुसमाचारको खाँचो परेकै हुन्छ वा यो खाँचो नरहे तिनीहरू अनन्तको निम्ति दण्डित हुनेछन्! हाम्रा अत्यधिक नैतिकतावादी र दयालु छिमेकीहरूलाई पनि येशूको सुसमाचार आवश्यक हुन्छ, नत्र त तिनीहरू अनन्तको निम्ति दण्डित हुनेछन्! बाहिरबाट हेर्दा तिनीहरूमा कुनै अभावहरू नभएका देखिएला तर धर्मशास्त्रले भन्छ कि अविश्वासीहरू परमेश्वरका "शत्रुहरू" हुन् (रोम ५:१०; तु. कल १:२१; याक ४:४) र तिनीहरू ख्रीष्टको "विरुद्धमा" छन् (मत्ती १२:३०)। तिनीहरू "ख्रीष्टका क्रूसका शत्रुहरूजस्तै जीवन बिताउँछन्" र "तिनीहरूको मन सांसारिक कुरामा लागिरहन्छ" (फिलि ३:१८-१९) अनि तिनीहरू "बाँकी मानिसजस्तै ... स्वभावैले क्रोधका सन्तान" थिए (एफि २:३)।

**२. अविश्वासीहरूले गर्ने असल कामहरूलाई पूर्ण रूपमा खराब छन् भनी रद्द नगरौं भनी हामी सतर्क हुनुपर्दछ।** अविश्वासीहरूले आमअनुग्रहद्वारा *कुनै-कुनै* असल काम गर्छन् र हामीले यसमा परमेश्वरको हात भएको देख्नुपर्छ अनि आमअनुग्रह प्रत्येक मित्रतामा, दयाको प्रत्येक काममा, अरूहरूलाई आशिष् ल्याउने जुनै पनि तरिकामा क्रियाशील बन्दा यसको निम्ति हामी धन्यवादी बन्नुपर्दछ। अविश्वासीहरूले नजाने तापनि यी सबै अन्ततः परमेश्वरबाट आएका हुन् र यसको निम्ति उहाँ महिमायोग्यको हुनुहुन्छ।

**३. सामान्य अनुग्रहसम्बन्धी धर्मसिद्धान्तले हाम्रा हृदयलाई परमेश्वरप्रति झन् ठूलो धन्यवाद ज्ञापनद्वारा स्पन्दित गराउनुपर्दछ।** हामी सड़कमा हिँड्दैजाँदा घर र बगैँचाहरू, परिवारहरू सुरक्षित भएर वास गरिरहेका देख्दा वा हामीले बजारमा

व्यापार गर्दा प्राविधिक प्रगतिका प्रचुर परिणामहरू देख्दा वा वनस्थलीबाट भएर हिँड्दा प्रकृतिको सौन्दर्य देख्दा वा हामी सरकारद्वारा रक्षा गरिइएका हुँदा,[७] वा हामी मानव ज्ञानको विपुल भण्डारबाट शिक्षित बनाइँदा हामीले यो मात्र बुझ्नु हुँदैन कि यी सबै आशिषहरूका निम्ति अन्ततः परमेश्वर उत्तरदायी हुनुहुन्छ, तर यो पनि बुझ्नुपर्दछ कि परमेश्वरले ती सबै आशीषहरू ती पापीहरूलाई प्रदान गर्नुभएको छ जो यीमध्ये एउटै आशिष् पाउन पनि *पूर्ण रूपमा अयोग्य* छन् ! संसारमा भएका यी आशिषहरू परमेश्वरका शक्ति र बुद्धिको प्रमाण मात्र होइन, तर उहाँका प्रशस्तैको *अनुग्रह*को अविच्छिन्न प्रकटीकरण हुन्। यस तथ्यलाई बोध गर्दा जीवनको प्रत्येक क्रियामा हाम्रो हृदयहरू परमेश्वरप्रति कृतज्ञताले भरिइनुपर्दछ।

## व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. तपाईंले यो अध्याय पढ्नुभन्दा अघि अविश्वासीहरू आफ्ना वरिपरिको संसारमा भएका सामान्य लाभहरू पाउनयोग्यका हुन्छन् वा हुँदैनन् भन्नेबारे के तपाईंको भिन्नै दृष्टिकोण थियो ? तपाईंको दृष्टिकोण वास्तवमै परिवर्तन भएको छ भने सो कसरी भएको छ ?

२. परमेश्वरले कठिनाइमा परेका अविश्वासीहरूका प्रार्थनाका उत्तर दिनुभएको वा अभावमा परेका तपाईंका मित्रको निम्ति तपाईंका प्रार्थनाका उत्तर दिनुभएको उदाहरणहरू के तपाईंलाई थाहा छ ? के यसले सुसमाचार बाँड्ने ढोका खोलिदिएको छ ? के ती अविश्वासी अन्ततः ख्रीष्टको मुक्तिमा आए ? के तपाईं यो ठान्नुहुन्छ कि मानिसहरूलाई सुसमाचार ग्रहण गर्न तयार बनाउने साधनको रूपमा परमेश्वरले आमअनुग्रहका आशिषहरूलाई प्रायः नै प्रयोग गर्नुहुन्छ ?

३. तपाईंले एउटा अविश्वासी छिमेकी वा मित्रसँग जुन तरिकामा सम्बन्ध गाँस्नुहुन्छ, त्यसलाई यस धर्मसिद्धान्तले कुन तरिकाहरूमा परिवर्तन गरिदिनेछ ? तिनीहरूका जीवनमा तपाईंले देख्नुहुने असलपनको निम्ति के तपाईंलाई उक्त कुराले धन्यवादी बन्ने झुकाउ भएको व्यक्ति बनाउनेछ ? यसले अझ सामान्य अर्थमा त्यस व्यक्तिसित तपाईंको सम्बन्धलाई कसरी प्रभाव पार्नेछ ?

४. तपाईं यस बेला जहाँ हुनुहुन्छ त्यसको वरिपरि हेर्नुहुँदा तपाईंले देख्नसक्ने आमअनुग्रहका कम्तीमा पनि बीसवटा विभिन्न उदाहरणहरूका नाउँ दिन सक्नुहुन्छ ? तीनले तपाईंलाई कस्तो अनुभूति दिन्छन् ?

५. सङ्गीत, कला, वास्तुकला वा कविताजस्ता, वा (प्रायः यस्तै किसिमका कुनै कुरा) खेलकूदका क्रियाकलापमा अभिव्यक्त भएका सृजनात्मकतालाई तपाईंले हेर्ने तपाईंको तरिकालाई के यस अध्यायले परिवर्तन गरिदिएको छ ?

[७] "राजाहरू र सबै उच्च पदमा भएकाहरूका निम्ति" परमेश्वरलाई "धन्यवाद चढ़ाइऊन्" भनी पावलले हामीलाई स्पष्ट निर्देशन दिन्छन् (१ तिमो २:१-२)।

६. तपाईं एउटा अविश्वासीप्रति दयालु हुनुहुँदा पनि त्यो व्यक्तिले कहिल्यै पनि ख्रीष्टलाई ग्रहण गर्दैन भने के त्यो दयाले परमेश्वरको दृष्टिमा कुनै असल काम गरेको छ (हे. मत्ती ५:४४-४५; लूक ६:३२-३६) ? यसले कुन असल काम गरेको छ ? कहिल्यै पनि मुक्ति नपाउने मानिसहरूप्रति पनि परमेश्वर किन भलो हुनुहुन्छ ? यसले विश्वको निम्ति उहाँका उद्देश्यहरूलाई कसरी अझ अगि बढाउँछ ? के अविश्वासीहरूलाई भन्दा विश्वासीहरूलाई भलोपन देखाउनलाई हामीले अझ धेरै प्रयत्न गर्नुपर्ने हाम्रो कर्तव्य छ ? यस प्रश्नको उत्तर दिने काममा सहायता पुऱ्याउने धर्मशास्त्रका कुनै खण्डहरू के तपाईं देखाउन सक्नुहुन्छ ?

## विशेष शब्दावली

*आमअनुग्रह*
*विशेष अनुग्रह*

## पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे. । सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट चयनित खण्डहरू

१. एङ्गलिकन (एपिस्कपलियन)
१९३० थोमस, २१०-१४

५. लुथरन
१९३४ म्यूएलर, २४२-५४

६. रिफमर्ड (वा प्रेज्बिटरियन)
१८७१-७३ होज, २:६५४-७४
१९३७-६६ मरे, *CW*, 2:93-119
१९३८ बर्खोफ, ४३२-४६

### रोमन क्याथलिक प्रणालीगत ईश्वरशास्त्रहरूका प्रातिनिधिक खण्डहरू

१. रोमन क्याथलिक : परम्परावादी
१९५५ ओट्, २३८-४२

### अन्य पुस्तकहरू/लेखहरू

Hoekema, Anthony A. "The Restraint of Sin." In *Created In God's Image*. Grand Rapids: Eerdmans, and Exeter: Paternoster,1986, pp. 187-202.
Hughes, P. E. "Grace." In *EDT*, pp. 479-82.

Kearsley, R. “Grace." In *NDT*, pp. 280-81.
Van Til, Cornelius. *Common Grace and the Gospel.* Nutley, N.J.: Presbyterian and Reformed, 1972.
Van Til, Cornelius. *In Defence of the Faith,* Vol. 5: *An Introduction to SystÉatic Theology.* n.p.: Presbyterian and Reformed Publishing Co., 1976, pp. 75-99, 253-62.

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**लूका ६:३५-३६ :** *तर आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिनीहरूको भलाइ गर। फेरि पाउने आशा नराखी ऋण देओ, र तिमीहरूको इनाम ठूलो हुनेछ, अनि तिमी सर्वोच्चका सन्तान ठहरिनेछौ, किनकि उहाँ बैगुनी र स्वार्थीप्रति कृपालु हुनुहुन्छ। तिमीहरूका पिता कृपालु हुनुभएझैं तिमीहरू पनि कृपालु होओ।*

## भजन

“पृथ्वीमा वास गर्ने सबै मानिसहरू”

यो भजन भजनसङ्ग्रह १०० को अति पुरानो रूपान्तरण परमेश्वरको अतिशय भलोपनको कारण उहाँको प्रशंसा गर भनी पृथ्वीका सबै मानिसहरूलाई दिइएको आह्वान हो।

वास गर्ने पृथ्वीमा हे सबै मानिस हो,
गर परमप्रभुको स्तुति आनन्दको सोरले;
गर सेवा उहाँको भयसित, गर पहिल्यै प्रशंसा उहाँको,
आऊ सबै तिमीहरू उहाँको सामुन्ने र मनाऊ हर्ष।

जान तिमीले परमप्रभु नै हुनुहुन्छ परमेश्वर;
विनाहाम्रो सहायता बनाउनुभयो हामीलाई उहाँले;
हौं हामी उहाँका भेड़ा, खुवाउनुहुन्छ उहाँले हामीलाई,
स्वीकार्नुहुन्छ उहाँले हामीलाई उहाँका भेड़ा भनी।

अहो ! तब गर प्रवेश प्रशंसासित उहाँको ढोकाभित्र,
पस उहाँको दरबारमा रमाहटसित;
गर प्रशंसा उहाँको ठूलो सोरले सधैं
किनकि यस्तै गर्नु देखिन्छ उत्तम।

केको निम्ति ? किनभने हुनुहुन्छ हाम्रा परमप्रभु परमेश्वर भला,
रहन्छ उहाँको करुणा सदाकाल निश्चय नै,
रहयो उहाँको सत्यता दह्रिलो बनी सदाकाल,
अनि रहनेछ अटल युगौंयुग सदाकाल।

*रचयिता :* William Kethe, 1561

अध्याय ३२

# चुनाव र परित्याग

# Election and Reprobation

### *परमेश्‍वरले हामीलाई कहिले र किन चुन्नुभयो ? के कति मानिसहरू चुनिएका हुँदैन ?*

यसअघिका अध्यायहरूमा हामीले यस तथ्यबारे कुरा गऱ्यौं कि हामी सबैले पाप गरेका छौं र हामी परमेश्‍वरको अनन्त दण्डको योग्यका छौं, अनि यस तथ्यबारे कि ख्रीष्ट मर्नुभयो र हाम्रा निम्ति मुक्ति *आर्जन* गरिदिनुभयो। तर यस एकाइमा (अह. ३२-३४) हामी यो हेर्नेछौं कि परमेश्‍वरले त्यो मुक्ति हाम्रो जीवनमा कसरी *काममा ल्याउनुहुन्छ*। हामी यो अध्याय परमेश्‍वरले गर्नुहुने चुनावको काम, अर्थात् संसारको जगभन्दा अघि हामीले उद्धार पाउनलाई हामीलाई चुन्नुभएको उहाँको निर्णयसित आरम्भ गर्नेछौं। (तोकेर भन्नुपर्दा) चुनावको यो कार्य निश्‍चय नै हाम्रो निम्ति *प्रयोग हुने* मुक्तिको भाग होइन किनकि ख्रीष्ट क्रूसमा मर्नुहुँदा उहाँले हाम्रो निम्ति कमाइदिनुभएको मुक्तिभन्दा पहिले नै यो चुनाव आयो। तर हामी यहाँ चुनावबारे यसकारण छलफल गर्छौं कि यो कालानुक्रमअनुसार परमेश्‍वरले हामीसँग गर्नुभएको कृपालु व्यवहारको *आरम्भ* हो। त्यसकारण, यसलाई परमेश्‍वरले हरेक व्यक्तिकहाँ मुक्ति ल्याउनुहुने प्रक्रियाको प्रथम खुड्किलो हो भनी सही ठहर गरिएको छ।[1]

हाम्रो जीवनमा मुक्ति ल्याउनुहुने परमेश्‍वरको कामका अन्य कदमहरूमा हामीले सुसमाचारको बोलावट सुन्ने, पवित्र आत्माद्वारा हामी पुनर्जीवित बनाइने, हामीले विश्‍वास र पश्‍चात्तापमा आज्ञा पालन गर्ने, अनि परमेश्‍वरले क्षमा दिनुहुने र उहाँको परिवारमा हामीलाई सदस्यता दिनुहुने, साथै ख्रीष्टियान जीवनमा हामीलाई वृद्धि दिनुहुने अनि आजीवन हामीलाई उहाँप्रति विश्‍वस्त बनाइराख्नुहुनेजस्ता कुराहरू समाविष्ट हुन्छन्। जीवनको अन्त्यमा हामी मर्दछौं र उहाँको उपस्थितिमा जाँदछौं

---

[1]छलफल गरिएका विषय-वस्तुहरूको अनुक्रममा यस अध्यायलाई अन्यत्र राख्न सकिन्थ्यो। उदाहरणार्थ, यसलाई परमेश्‍वरको पूर्वप्रबन्धसम्बन्धी अध्याय १६ को तत्कालैपछि राख्न सकिन्थ्यो, किनकि चुनावचाहिँ संसारमाथि परमेश्‍वरको परमेश्‍वरीय नियन्त्रणको एउटा भाग मात्र हो। वा यसलाई परमेश्‍वर र मानिसमाझका अनुग्रहको करारबारे छलफलको एउटा भागको रूपमा अध्याय २५ मा राख्न सकिन्थ्यो। वा यसलाई विशेष गरी मुक्तिको आश्‍वासनको प्रश्‍नसित सम्बन्धित अध्यवसायसम्बन्धी छलफलको एउटा भागको रूपमा अध्याय ४० मा राख्न सकिन्थ्यो, किनकि हामी बाँचौं भन्ने परमेश्‍वरको चयनले यो महान् आश्‍वासन दिन्छ कि उहाँले आफ्ना उद्देश्यहरू अवश्यै पूरा गर्नुहुनेछ। तर परमेश्‍वरले व्यक्तिगत रूपमा हामीसँग अनुग्रहमा व्यवहार गर्नुहुनेबारे छलफल गर्ने अध्यायहरूको आरम्भमा नै मेलै यसलाई राख्न रोजेको छु। (पावलले रोम ८:२९-३० मा विषय-वस्तुहरूलाई यस्तै अनुक्रममा राखेका कुरामाथि ध्यान दिनुहोला।)

अनि त्यसपश्चात् ख्रीष्ट फर्किआउनुहुँदा हामीले पुनरुत्थान शरीरहरू (resurrection bodies) प्राप्त गर्नेछौं, र मुक्ति प्राप्त गर्ने प्रक्रिया तब पूरा हुन्छ।

विभिन्न ईश्वरशास्त्रीहरूले यीमध्ये केही घटनाहरूलाई विशेष नामहरू दिएका छन् अनि तिनलाई प्रायः नै एउटा यस्तो विशेष क्रममा सूचीबद्ध गरेका छन् जुन क्रममा ती हाम्रो जीवनमा आउँछन् भनी उनीहरू विश्वास गर्छन्। घटनाहरूको त्यस्तो सूची जसमा परमेश्वरले हामीमा मुक्ति लागु गर्नुहुन्छ त्यसलाई *मुक्तिको अनुक्रम* (order of salvation) भनिन्छ, अनि यसलाई कहिलेकाहीँ ल्याटिनमा *ordo salutis* भनिन्छ, जसको अर्थ "मुक्तिको अनुक्रम" मात्र हो। हाम्रा जीवनमा मुक्ति प्रयोगका (लागु हुनुका) तत्त्वहरूमध्ये कुनै पनि तत्त्वबारे छलफल गर्नुभन्दा अघि, हामी यहाँ यसपछि आउने अध्यायहरूमा छलफल गरिने तत्त्वहरूको एउटा सम्पूर्ण सूची दिन सक्छौं :

"मुक्तिको अनुक्रम"

१. चुनाव (परमेश्वरद्वारा बचाइनुपर्ने मानिसहरू रोजिनु)
२. सुसमाचारको बोलावट (सुसमाचारको सन्देश घोषणा)
३. नवजीवन [regeneration](फेरि नयाँ गरी जन्मनु)
४. मतान्तरण [conversion] (विश्वास र पश्चात्ताप)
५. धर्मीकरण [justification] (सही वैधानिक प्रतिष्ठा)
६. धर्मपुत्रग्रहण [adoption] (परमेश्वरको परिवारमा सदस्यता)
७. पवित्रीकरण (जीवनको सही आचरण)
८. दृढ़ता (ख्रीष्टियान बनिरहनु)
१०. महिमाकरण [glorification] (पुनरुत्थान शरीरप्राप्ति)

हामीले यहाँ यो कुरालाई ध्यान दिनुपर्दछ कि विषय २-६ र ७ को भाग सबै "ख्रीष्टियान बन्नु"-मा समाविष्ट छन्। संख्या ७ र ८ यस जीवनमा स्वतः नै हुनआउँछन्, संख्या ९ यो जीवनको अन्त्यमा हुन्छ अनि संख्या १० ख्रीष्ट फर्किआउनुभएपछि हुनेछ।[२]

मुक्तिको अनुक्रमबारे हाम्रो छलफल हामी पहिलो तत्त्व, अर्थात् चुनावसित आरम्भ गर्छौं। यससम्बन्धी, यस अध्यायको अन्त्यमा हामी "अस्वीकार"-को प्रश्न, अर्थात् नबचाइनेहरूलाई छोड़िदिनुहुने, अनि तिनीहरूलाई तिनका पापको दण्ड दिने परमेश्वरको निर्णयबारे पनि छलफल गर्नेछौं। जस्तो गरी तल छलफल गरिनेछ, चुनाव र अस्वीकार विभिन्न महत्त्वपूर्ण पक्षहरूमा भिन्न-भिन्नै कुराहरू हुन्, अनि यिनीहरूका बीचको भिन्नता छुटयाउनु महत्त्वपूर्ण छ, ताकि परमेश्वरबारे वा उहाँको क्रियाबारे हामी गलत ढङ्गले सोच्न नपुगौं।

[२]यस तालिकामा भएका घटनाहरूको अनुक्रमको छलफलको निम्ति हे. John Murray, *Redemption Accomplished and Applied* (ग्यान्ड र्‍यापिड्स : ईर्डम्यान्स्, १९५५), पृह.७९-८९। मुक्तिको अनुक्रममा पावलका मुख्य विचारधाराको संश्लेषणप्रति नौलो दृष्टिकोणहरू Vern Poythress, "Using Multiple Thematic Centers in Theological Synthesis: Holiness as a Test Case in Developing a Pauline Theology" फिलेडेल्फिया, पी.ए., १९११८)।

यस छलफलमा *पूर्वनियति* (predestination) शब्द पनि बारम्बार प्रयोग गरिएको छ। यस पाठ्य-पुस्तक, र सामान्यतः रिफर्मड् ईश्वरशास्त्रमा, *पूर्वनियति* एउटा व्यापक शब्द हो अनि यसमा चुनाव (विश्वासीहरूका निम्ति) र अस्वीकार (अविश्वासीहरूका निम्ति)-झैं दुईवटा पक्षहरू संलग्न हुन्छन्। तर *दोब्बर पूर्वनियति* (*double predestination*) भन्ने वाक्यांश उपयोगी वाक्यांश होइन किनभने यसले यस्तो छाप दिन्छ कि परमेश्वरद्वारा चुनाव र अस्वीकार एउटै तरिकामा पूरा गरिन्छन् र यसकारण यी दुईबीच तात्त्विक भिन्नताहरू (*essential differences*) छैनन्, जो अवश्यै साँचो होइन। त्यसकारण, *दोब्बर पूर्वनियति* भन्ने वाक्यांश रिफर्मड् ईश्वरशास्त्रीहरूद्वारा सामान्यतः प्रयोग गरिँदैन, यद्यपि रिफर्मड् शिक्षाको आलोचना गर्नेहरूले यसलाई रिफर्मड् शिक्षातिर इङ्गित गर्नलाई यो प्रयोग गर्छन्। चुनाव र अस्वीकार बुझाउनलाई यस पुस्तकमा *दोब्बर पूर्वनियति* भन्ने वाक्यांश प्रयोग गरिनेछैन, किनकि यसले उक्त दुई कुराहरू माझका भिन्नताहरूलाई धमिलो बनाइदिन्छ अनि वास्तवमा के शिक्षण दिइरहिइएको छ त्यसको सही सङ्केत दिँदैन।

## व्याख्या र धर्मशास्त्रीय आधार

चुनावलाई हामी यसरी परिभाषित गर्न सक्छौं, *चुनाव सृष्टिभन्दा अघिको कार्य परमेश्वरको हो जसमा उहाँले कति मानिसहरूलाई बचाउनका लागि चयन गर्नुहुन्छ, तिनीहरूमा भएको कुनै पूर्वज्ञात गुणको कारण होइन, तर केवल उहाँको सर्वसत्तासम्पन्न उत्तम सुखको निम्ति।*

यस धर्मसिद्धान्तबारे मण्डलीमा अत्यधिक विवाद र गलत धारणा रहिआएका छन्। मानिसका इच्छा र उत्तरदायित्वसम्बन्धी अनि मानव चयनहरूसम्बन्धी परमेश्वरको न्यायबारे र यससित सम्बन्धित उहाँको पूर्वप्रबन्धबारे धेरैवटा विवादास्पद प्रश्नहरू यहाँ केही विस्तृत रूपमा छलफल गरिएको छ (अ. १६)। हामी यहाँ विशेष गरी चुनावको विषयसित सम्बन्धित अतिरिक्त प्रश्नहरूमा मात्र ध्यान दिनेछौं।

चुनावबारे छलफल गर्ने नयाँ करारका केही खण्डहरू उद्धृत गर्दै मात्र हामी यस अध्यायमा हाम्रो विषय-प्रवेश गर्नेछौं। त्यसपछि हामी चुनावसम्बन्धी धर्मसिद्धान्तमा नयाँ करारका लेखकहरूले देखेका परमेश्वरको उद्देश्यलाई बुझ्ने प्रयास गर्नेछौं। अन्त्यमा, हामी यस धर्मसिद्धान्तबारे हाम्रो बोधलाई स्पष्ट बनाउने प्रयत्न गर्नेछौं र केही आपत्तिहरूका उत्तर दिनेछौं र साथै अस्वीकारसम्बन्धी धर्मसिद्धान्तबारे छलफल गर्नेछौं।

### क. के नयाँ करारले पूर्वनियतिबारे (predestination) शिक्षा दिन्छ ?

नयाँ करारका धेरैवटा खण्डहरूले पूर्णतया यो पुष्टि गर्छन् कि परमेश्वरले ती मानिसहरूलाई पहिल्यै नै नियुक्त गर्नुभयो जो बचाइनेथिए। उदाहरणार्थ, पावल र बारनाबासले पिसिदियाको एन्टिओखियाका अन्यजातिहरूलाई (गैरयहूदीहरूलाई) प्रचार गर्न थाल्दा, लूकाले लेख्छन्, "जब अन्यजातिहरूले यो कुरा सुने, तिनीहरू

खुशी भए, र परमेश्‍वरको वचनको प्रशंसा गरे, र अनन्त जीवनको लागि नियुक्त भएकाहरू जतिले विश्‍वास गरे" (प्रे १३:४८)। लूका चुनावलाई प्रायः नै सामान्य रूपमा उल्लेख गर्छन्। सुसमाचार प्रचार गरिँदा यो एउटा सामान्य कुरा झैं थियो। कति जनाले विश्‍वास गरे? "अनन्त जीवनको लागि नियुक्त भएकाहरू जतिले विश्‍वास गरे।"

रोमी ८:२८-३० मा हामी यो पढ्छौं :

> हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्‍वरले भलाइ नै गर्नुहुन्छ। *जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूपसमान बनाउनलाई,* धेरै भाइहरूमध्ये उहाँचाहिँ ज्येष्ठ होऊन् भनेर *अघिबाटै नियुक्त गर्नुभयो।* *जस-जसलाई उहाँलाई अघिबाटै नियुक्त गर्नुभयो, तिनीहरूलाई उहाँले बोलाउनु पनि भयो, र जस-जसलाई उहाँले बोलाउनुभयो, तिनीहरूलाई उहाँले धर्मी पनि ठहराउनुभयो, र जस-जसलाई धर्मी ठहराउनुभयो तिनीहरूलाई उहाँले महिमित पनि पार्नुभयो।*[३]

यसपछिको अध्यायमा परमेश्‍वरले याकूबलाई होइन एसावलाई चुन्नुभएको तथ्यबारे पावलले कुरा बुझाउँदा उनी यो भन्छन् कि यो चुनाव याकूब वा एसावले गरेको कुनै कामको कारण थिएन, तर परमेश्‍वरले गर्नुहुने चुनावको उद्देश्य निरन्तर रहोस् भन्ने खातिरले मात्र यो काम गरिएको थियो।

> जुम्ल्याहा बालकहरू जन्मनु अघिबाटै, तिनीहरूले कुनै असल वा खराब गर्नअघि नै, कर्मले होइन तर उहाँको बोलावटअनुसार *परमेश्‍वरका चुनावको उद्देश्य ठहरिओस् भनेर* रिबेकालाई यसै भनिएको थियो, ""जेठाले कान्छाको सेवा गर्नेछ। जसो लेखिएको छ, "याकूबलाई मैले प्रेम गरें, तर एसावलाई तुच्छ ठानें" (रोम ९:११-१३)

इस्राएलका कोही मानिसहरू बचाइएका थिए, अरू मानिसहरू थिएनन् भन्ने तथ्यबारे पावल भन्छन्, "इस्राएलले जे खोजेको थियो त्यो पाउन असफल भयो। तर चुनिएकाहरूले त्यो प्राप्त गरे। अरू सबैचाहिँ कठोर बने" (रोम ११:७)। यहाँ पनि पावलले इस्राएलजातिमा भएका दुई विशिष्ट समूहहरूलाई सङ्केत गर्छन्। "चुनिएकाहरूले" तिनीहरूले खोजेका मुक्ति पाए, नचुनिएकाहरू केवल "कठोर बने।"

---

[३]Clark Pinock भन्छन् कि यस मूलपाठले मुक्तिसम्बन्धी पूर्वनियतिबारे केही बताउँदैन तर कुनै विशेषाधिकारबारे, अर्थात् येशू ख्रीष्टको रूपानुरूप बनाइनेबारे बताउँछ, "बाइबलमा मुक्तिबारे वा नरक दण्डबारे कुनै पूर्वनियति छैन। जो अगावै परमेश्‍वरका छोराछारीहरू भइसकेका छन् तिनीहरूका निम्ति भविष्यमा रहेका विशेषाधिकारहरूसम्बन्धी मात्र पूर्वनियति छ" (पृ. १८)। तर यस प्रकारको दृष्टिकोणले रोमी ८:२९-३० लाई न्यायोचित ठहराउँदैन किनभने यी पदहरूमा जुन मानिसहरूका पूर्वनियति निर्धारित गरिएको छ भनिएको छ ती मानिसहरू अझसम्म परमेश्‍वरका छोराछोरीहरू होइनन् किनभने पावलले यहाँ यो बताइरहेका छन् कि पूर्वनियति बोलावट वा धर्मीकरणभन्दा पहिलाको कुरा हो। यसबाहेक, ख्रीष्टको रूपानुरूप बनाइने विशेषाधिकार केही ख्रीष्टियानहरूका लागि मात्र होइन, तर सबैका लागि हो।

संसारको उत्पत्ति हुनुभन्दा पहिल्यै नै परमेश्वरले विश्वासीहरूलाई चुन्नुभएको कुराबारे पावलले एफिसीहरूको पुस्तकको आरम्भमा नै स्पष्ट बताउँछन्।

> "उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर *संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो*। उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा *प्रेममा* उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई *अघिबाटै नियुक्त गर्नुभएको थियो,* यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्" (एफि १:४-६)।

यहाँ पावलले सबै विश्वासीहरूलाई लेख्दैछन् अनि सामान्यत: सबै विश्वासीहरूतिर सङ्केत गर्दै उनले विशेष गरी भन्छन् कि परमेश्वरले "हामीलाई ख्रीष्टमा चुन्नुभयो"। यसरी नै, केही पदहरूपछि उनी भन्छन्, "हामी ख्रीष्टमा पहिलेदेखि आशा राख्नेहरूलाई उहाँले आफ्नो महिमाको प्रशंसाको निम्ति जिउन सकौं भनेर उहाँमा नै नियुक्त गर्नुभएको छ र छान्नुभएको छ" (एफि १:१२)।

उनी थेसलोनिकीहरूलाई लेख्छन्, "भाइ हो, परमेश्वरका प्रियहरू, तिमीहरूलाई उहाँले चुन्नुभएको हामीलाई थाहा छ, किनभने हाम्रो सुसमाचार तिमीहरूकहाँ वचनमा मात्र आएन, तर शक्ति र पवित्र आत्मामा, अनि सम्पूर्ण निश्चयतासाथ आएको हो" (१ थेस १:४-५)।

पावलले सुसमाचार प्रचार गर्दा ("किनभने हाम्रो सुसमाचार तिमीहरूकहाँ ... शक्तिमा ... र सम्पूर्ण निश्चयतासाथ आएको हो") थेसलोनिकीहरूले सुसमाचारमा *विश्वास गरे, यसैकारण परमेश्वरले तिनीहरूलाई चुन्नुभयो* भनी पावलले जान्दछन्। तिनीहरू विश्वासमा आउनेसाथै पावलले यो निष्कर्ष निकाल्छन् कि परमेश्वरले तिनीहरूलाई धेरैअघि चुन्नुभएको थियो, र त्यसकारण उनले प्रचार गर्दा तिनीहरूले विश्वास गरेका थिए। उनी पछि गएर त्यही मण्डलीलाई लेख्छन्, "प्रभुले प्रेम गर्नुभएका भाइहरू, तिमीहरूका निम्ति हामी परमेश्वरलाई सधैं धन्यवाद चढाउन बाध्य छौं, किनकि शुरूदेखि नै पवित्र आत्माको पवित्र तुल्याउने कामद्वारा र सत्यतामाथिको विश्वासद्वारा बाँच्नलाई परमेश्वरले तिमीहरूलाई चुन्नुभयो" (२ थेस २:१३)।

यसपछिको मूलपाठले मानिसहरूको चुनावबारे विशेष उल्लेख नगरे तापनि, यहाँ पावलले स्वर्गदूतहरूबारे के भन्छन् त्यसमा पनि यहाँ ध्यान दिनु रोचक हुन्छ। तिमोथीलाई विधिवत् आज्ञा दिँदा उनी लेख्छन्, "परमेश्वर र ख्रीष्ट येशूको सामु र *चुनिएका स्वर्गदूतहरूका* सामु म तिमीलाई कड़ा आज्ञा दिन्छु, कुनै भेदभाव वा पक्षपात नगरी यी नियमहरू तिमीले पालन गर" (१ तिमो ५:२१)। उनको आज्ञाको र यसप्रति तिमोथीको प्रतिक्रियाको साक्षी दिइरहेका असल स्वर्गदूतहरू उपस्थित छन् भनी उनी जान्दछन् अनि उनी यस विषयबारे पनि निश्चित छन् कि उनले तिनीहरूलाई *"चुनिएका स्वर्गदूतहरू"* भन्न सक्छन्।

परमेश्वरले हामीलाई किन बचाउनुभयो अनि किन उहाँ स्वयम्‌कहाँ बोलाउनुभयो,

त्यसको कारणबारे कुरा गर्दा पावल स्पष्ट गरी भन्छन् कि यस्तो काम हाम्रा कामहरूको कारण भएको थिएन तर उनले यसमा परमेश्वर स्वयम्‌को उद्देश्य र उहाँका युग-युग अघिदेखिको अनुग्रह थियो भनी देखाउँछन्। उनी भन्छन् कि परमेश्वर नै हुनुहुन्छ जसले "हामीलाई उद्धार गर्नुभयो, एउटा पवित्र बोलावटद्वारा बोलाउनुभयो। हाम्रो कामको आधारमा होइन, तर *उहाँको आफ्नै अभिप्राय* र *अनुग्रहको आधारमा हो, जो ख्रीष्ट येशूमा युग-युग अघिदेखि हामीलाई दिनुभएको थियो*" (२ तिमो १:९)।

पत्रुसले एशिया माइनरमा भएका अनेकौं मण्डलीहरूका सयौ ख्रीष्टियान-हरूलाई "*परमेश्वर पिताद्वारा* ...पोन्टस, गलातिया, कापाडोकिया, एशिया र बिथिनियाभरि ... छरपष्ट भएकाहरूलाई ... *चुनिएकाहरू*लाई" (१ पत्र १:१) भनी लेख्छन्। उनले पछिबाट तिनीहरूलाई "*चुनिएका* वंश" (१ पत्र २:९) लेख्छन्।

प्रकाशको पुस्तकमा यूहन्नाको दर्शनमा हामी पढ्दछौं कि सतावटको अघि आत्मसमर्पण नगर्ने र त्यस पशुलाई पूजा गर्न सुरु नगर्नेहरूका नाउँ संसारको उत्पत्तिभन्दा अघिदेखि जीवनको पुस्तकमा लेखिएका छन् "अनि त्यसलाई सन्तहरूसँग लड़ाइँ गर्न र जातिहरूलाई जित्न अनुमति दिइयो। सबै कुलहरू, मानिसहरू, भाषाहरू र जातिहरूमाथि त्यसलाई अधिकार दिइयो। र पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन्, *अर्थात् तिनीहरूले, जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाका जीवनको पुस्तकमा लेखिएको छैन*" (प्रका १३:७-८)।[४]

यस्तै प्रकारले हामी प्रकाश १७ मा अतलकुण्डबाट त्यो पशुबारे पढ्छौं, *"पृथ्वीका बासिन्दाहरू, जसका नाउँ संसारको उत्पत्तिदेखि जीवनको पुस्तकमा लेखिएका छैनन्,* तिनीहरू त्यस पशुलाई देखेर अचम्म मान्नेछन् किनकि त्यो एक समय थियो, तर अब छैन, र पछि आउनेछ" (प्रका १७:८)।

## ख. नयाँ कराररले चुनावको शिक्षालाई कसरी प्रस्तुत गर्छ ?

चुनावबारे यी पदहरूको सूची पढेपछि, यो धर्मसिद्धान्तलाई त्यसरी नै हेर्नु आवश्यक हुन्छ जसरी नयाँ करार स्वयम्‌ले यसलाई हेर्दछ।

**१. सान्त्वनाको रूपमा ।** चुनावसम्बन्धी धर्मसिद्धान्तलाई नयाँ करारका लेखकहरूले

---

[४]व्याकरणगत रूपमा "संसारको सृष्टिदेखि नै" भन्ने वाक्यांशले "जसको नाउँ ... लेखिएको छैन" भन्ने (यहाँजस्तै, RSV-मा र NASB, NIV -का मार्जिनहरूमा) वा "मारिनुभएका थुमा"-भन्ने वाक्यको अर्थ सीमित वा विस्तार गरिदिन सक्छ (त्यसरी नै NIV, KJV)। तर "जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएको थुमाका जीवनको पुस्तकमा लेखिएको छैन" भन्ने प्रकाश १७:८ को समान्तर अभिव्यक्ति, अर्थात् "जसका नाउँ *संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाको जीवनको पुस्तकमा लेखिएका छैनन्"* नै निर्णायक देखिन्छ अनि यसमा एउटै मात्र अर्थ सम्भाव्य छ (ग्रीक मूलपाठमा समान्तर शब्द-रचना असाधारण छ, किनभने यी दुईवटा पदहरूले जीवनको पुस्तकमा नाउँहरू लेखिएका व्यक्तिहरूबारे बताउँदा एघारवटा मिल्दाजुल्दा शब्दहरू प्रयोग गर्छन्)। यसबाहेक, RSV/NASB,-ले धर्मशास्त्रको बाँकी भागको परिप्रेक्ष्यमा उत्तम अर्थ दिन्छ। परमेश्वरले हामीलाई संसारको उत्पत्तिभन्दा पहिले नै चुन्नुभएको तथ्य बाइबलले हामीलाई प्रायः नै बताउँदछ तर ख्रीष्ट संसारको उत्पत्तिदेखि नै मारिनुभयो भनी बाइबलले कहीं बताउँदैन, कुनै पनि अक्षरशः अर्थमा यो कुरा साँचो होइन, किनभने ख्रीष्ट क्रूसमा नमर्नुभएसम्म उहाँ मारिइनुभएन। त्यसकारण NIV /KJV, अनुवादमा यस पदको अर्थ प्रायः "ख्रीष्ट मारिइनुहुनेथियो भनी परमेश्वरले संसारको उत्पत्तिदेखि योजना गर्नुभयो" भन्ने किसिमको हुनुपर्दथियो, तर कुनै पनि अनुवादले

प्रायः नै विश्वासीहरूका निम्ति सान्त्वनाको रूपमा प्रस्तुत गर्छ। पावलले रोमीहरूलाई "उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ" (रोम ८:२८) भनी आश्वासन दिँदा उनले परमेश्वरका पूर्वनियतिको काम नै त्यो कारण हो जुन कारण हामी यस सत्यता-बारे आश्वासित हुन सक्छौं भन्छन्। उनले यसपछिको पदमा यो बुझाउँछन् कि "जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूपसमान बनाउनलाई ... बोलाउनु पनि भयो ... धर्मी ठहराउनुभयो ... महिमित ... बनाउनुभयो" (रोम ८:२९-३०)। पावलको भनाइको अर्थ यो हो कि परमेश्वरले आफूकहाँ जस-जसलाई बोलाउनुभयो तिनीहरूका निम्ति *सधैं* भलाइको काम नै गर्नुभयो। पावलले संसारको सृष्टिभन्दा पनि टाढ़ाको विगतलाई हेर्दा उनले यो देख्छन् कि परमेश्वरले उहाँका जनलाई पहिले नै चिन्नुभयो र तिनीहरूलाई ख्रीष्टको रूपअनुरूप बनाउनलाई अघिबाटै नियुक्त गर्नुभयो।[५] उनले यदि हालैको विगतलाई हेर्छन् भने यो पाउँछन् कि परमेश्वरले पहिले नै नियुक्त गर्नुभएका मानिसहरूलाई बोलाउनुभयो र तिनीहरूलाई धर्मी ठहराउनुभयो। अनि त्यसपछि उनले यदि ख्रीष्ट आउनुहुने भविष्यमा हेर्छन् भने यो देख्छन् कि ख्रीष्टमा विश्वास गर्नेहरूलाई परमेश्वरले सिद्ध, महिमित शरीरहरू दिने सङ्कल्प गर्नुभएको छ। परमेश्वरले अनन्तदेखि अनन्तसम्म उहाँका मानिसहरूका निम्ति भलाइ सोचेर नै काम गर्नुभएको छ। तर यदि परमेश्वरले *सधैं* हाम्रा भलाइको निम्ति काम गर्नुभएको छ अनि भविष्यमा हाम्रो भलाइको निम्ति काम गर्नुहुनेछ भने सबै परिस्थितिहरूलाई मिलाई *हाम्रा वर्तमान परिस्थितिहरूमा पनि के* उहाँले भलाइ नै *गर्नुहुन्न र* भनी पावलले तर्क गर्छन्। यसरी विश्वासीहरूका दैनिक जीवनका घटनाहरूमा पूर्वनियतिलाई एउटा सान्त्वनाको रूपमा हेरिन्छ।

२. **परमेश्वरको प्रशंसा गर्ने कारणको रूपमा।** पावल भन्छन्, "उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नभएको थियो, यस हेतुले कि ... *आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्* (एफि १:५-६)। यस्तै तरिकामा उनी भन्छन्, "हामी ख्रीष्टमा पहिलेदेखि आशा राख्नेहरूलाई उहाँले *आफ्नो महिमाको प्रशंसाको निम्ति* जिउन सकौं भनेर उहाँमा नै नियुक्त गर्नुभएको छ" (एफि १:१२)।

पावल थेसलोनिकीमा भएका ख्रीष्टियानहरूलाई भन्छन्, "हामी *परमेश्वरलाई* तिमीहरू सबैका निम्ति *धन्यवाद दिन्छौं*। ... भाइ हो, परमेश्वरका प्रियहरू, *तिमीहरूलाई उहाँले चुन्नुभएको हामीलाई थाहा छ*" (१ थेस १:२, ४)। पावलले थेसलोनिकीका ख्रीष्टियानहरूका निम्ति परमेश्वरलाई यसकारण धन्यवाद दिन सक्छन् कि तिनीहरूका मुक्तिका निम्ति अन्ततः परमेश्वर नै उत्तरदायी हुनुहुन्छ र उद्धार गरिइनलाई तिनीहरूलाई वास्तवमै चुन्नुभएको छ भनी उनी जान्दछन्। यस

भनेको कुरा यो होइन।

[५]यहाँ "पहिलेबाटै चिन्नु"-को अर्थबारे छलफल तल हे.।

कुरालाई २ थेसलोनिकी २:१३ मा अझै स्पष्ट पारिएको छ, "प्रभुले प्रेम गर्नुभएका भाइहरू, तिमीहरूका निम्ति हामी *परमेश्वरमा* सधैं *धन्यवाद चढ़ाउन* बाध्य छौं किनकि शुरूदेखि नै ... बाँच्नलाई *परमेश्वरले तिमीहरूलाई चुन्नुभयो*।" थेसलोनिकेका ख्रीष्टियानहरूका निम्ति परमेश्वरलाई धन्यवाद दिन पावल बाध्य थिए किनभने उनले यो जानेका थिए कि तिनीहरूको मुक्ति अन्ततः परमेश्वरले तिनीहरूलाई चुन्नुभएको कारण भएको थियो। त्यसकारण मुक्तिबारे तिनीहरूका आफ्नै उद्धारकारी विश्वासको निम्ति तिनीहरूको प्रशंसा गर्नुभन्दा परमेश्वरलाई धन्यवाद दिनु पावलको निम्ति उपयुक्त थियो।

यसरी बुझ्दा, चुनावसम्बन्धी धर्मसिद्धान्तले हाम्रो मुक्तिको निम्ति परमेश्वरलाई दिइने प्रशंसामा बढ़ोत्तरी ल्याउँछ र यदि हामीमा भएको कुनै भलोपनको कारण वा हामीले पाउनुपर्ने श्रेयको कारण हामीले मुक्ति पाएका हौं भनी हामीले सोचेकाले हामीमा उत्पन्न हुनसक्ने कुनै पनि अभिमानलाई यसले ठूलो मात्रामा घटाइदिन्छ।

**३. सुसमाचार प्रचार कार्यमा प्रोत्साहनको रूपमा।** पावल भन्छन्, "यसकारण चुनिएकाहरूका खातिर म हरेक कुरा सहन्छु, ताकि तिनीहरूले पनि अनन्त महिमासहित ख्रीष्ट येशूमा भएको मुक्ति प्राप्त गर्न सकून्" (२ तिमो २:१०)।

उनी यो जान्दछन् कि परमेश्वरले केही मानिसहरूलाई बचाइनका निम्ति चुन्नुभएको छ अनि पावलले यसलाई प्रचारमा एउटा प्रोत्साहनको रूपमा हेर्छन्, चाहे यसको अर्थ दीर्घकालीन महा दुःखकष्ट सहनु नै किन नहोस्। पावलको निम्ति चुनाव यो प्रत्याभूति हो कि उनको प्रचारको काममा केही सफलता मिल्नेछ, किनकि उनी जान्दछन् कि उनले कुरा गर्ने केही मानिसहरू चुनिएका मानिसहरू हुनेछन्, र तिनीहरूले सुसमाचारलाई विश्वास गर्नेछन् र तिनीहरू बचाइनेछन्। यो कुरा कसैले हामीलाई माछा मार्ने निमन्त्रणा दिएर यसो भनेको जस्तै हो, "तपाईंले पक्कै पनि माछा मार्नुहुनेछ – कारण माछाहरू भोकाएका छन्, र (चारो) पर्खिरहेका छन्।"

## ग. चुनावसम्बन्धी धर्मसिद्धान्त बुझ्नमा भएका भुलहरू

**१. चुनाव नियतिवादी (fatalistic) र यन्त्रवादी (mechanistic) हुँदैन।** चुनावसम्बन्धी धर्मसिद्धान्तप्रति आपत्ति उठाउने कतिले कहिलेकाहीं भन्छन् कि यो "नियतिवाद" हो वा यसले विश्वको निम्ति "यान्त्रिक प्रणाली" प्रस्तुत गर्छ। यहाँ दुई केही भिन्न-भिन्नै आपत्तिहरू संलग्न छन्। "नियतिवाद" भन्नाले त्यो प्रणाली बुझिन्छ जसअनुसार मानव छनोटहरू र मानव निर्णयहरूले साँच्चै कुनै फरक पार्दैनन्। नियतिवादअनुसार, हामीले जे गरे तापनि पहिलेदेखि नै जे ठहराइएको छ त्यही नै हुनेछ। त्यसकारण, कुनै प्रयत्न गरी वा कुनै महत्त्वपूर्ण छनोटहरू गरेर घटनाहरूका वा हाम्रा जीवनका परिणामहरू प्रभावित पार्ने प्रयत्न गर्नु निरर्थक छ, किनभने यी सबैले कुनै पनि प्रकारले केही भिन्नता ल्याउनेछैनन्। एउटा साँचो नियतिवादी प्रणालीमा हाम्रो मानवता निश्चय नै नष्ट हुन्छ, किनकि हाम्रा छनोटहरूको कुनै अर्थ नै हुँदैन अनि नैतिक

उत्तरदायित्वको प्रेरक हेतु नै रहँदैन।

यन्त्रवादी प्रणालीमा विश्व अवैयक्तिक हुन्छ, प्रणालीअनुसार हुने सबै कुरा र घटनाहरू अवैयक्तिक शक्तिद्वारा धेरै अघि नै परिवर्तन गर्न नसकिने किसिमले निर्णय गरिसकिएका हुन्छन्, र विश्व यान्त्रिक तरिकामा चल्छ; फलस्वरूप मानिसहरू साँचो व्यक्तिहरूभन्दा धेरै यन्त्र वा रोबर्टहरूजस्तै हुन्छन्। यहाँ पनि साँचो मानव व्यक्तित्वलाई केवल यन्त्रको स्तरमा पुऱ्याइन्छ जुन यन्त्र पूर्वनिर्धारित योजनाहरूअनुसार र पूर्वनिर्धारित कारणहरू र प्रभावहरूको प्रतिक्रियास्वरूप चल्छ।

यन्त्रवादी दृष्टिकोणको तुलनामा, नयाँ करारले हाम्रो मुक्तिको सम्पूर्ण कार्यान्वयन यस्तो काम हो भन्छ जो *व्यक्तिगत परमेश्वरले व्यक्तिगत* प्राणीहरूसँग सम्बन्ध राख्नुभएर सम्पन्न गर्नुहुन्छ। परमेश्वरले "ख्रीष्ट येशूद्वारा हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त" गर्नुभयो (एफि १:५)। परमेश्वरको चुन्ने काम न अवैयक्तिक थियो, नता यान्त्रिक नै थियो, तर उहाँले चुन्नुभएको मानिसहरूप्रति उहाँको व्यक्तिगत प्रेमले त्यो ओतप्रोत थियो। यसबाहेक, उहाँका प्राणीहरूका निम्ति परमेश्वरको व्यक्तिगत वास्ता, साथै उहाँको विरुद्धमा विद्रोह गर्नेहरूका निम्ति पनि उहाँको वास्ता इजकिएलको माध्यमबाट परमेश्वरको अपिलमा स्पष्ट देखिन्छ, "जस्तो म जीवित छु, परमप्रभु परमेश्वर भन्नुहुन्छ, *दुष्टहरूको मृत्युमा म खुशी हुन्नँ, तर तिनीहरूले आफ्नो चाल त्यागेर बाँचून् भनी म चाहन्छु*। आफ्नो दुष्ट चाल त्याग ! हे इस्राएलका घराना हो, तिमीहरू किन मर्छौ ?" (इज ३३:११)।

सुसमाचारले दिएको प्रस्तावबारे कुरा गर्नुपर्दा, धर्मशास्त्रले हामीलाई निरन्तर यान्त्रिक प्राणीहरू वा रोबर्टहरूको रूपमा होइन, तर *साँचा व्यक्तिहरू र व्यक्तिगत* प्राणीहरूको रूपमा हेर्छ जसले सुसमाचारलाई स्वीकार वा अस्वीकार गर्ने स्वैच्छिक छनोटहरू गर्छन्।[६] येशूले हरेक व्यक्तिलाई निमन्त्रणा दिनुहुन्छ, "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु" (मत्ती ११:२८)। अनि हामी प्रकाशको पुस्तकको अन्त्यमा निमन्त्रणा पढ्दछौं, "पवित्र आत्मा र दुलही भन्नुहुन्छ, "आउनुहोस्।" जसले सुन्छ त्यसले भनोस्, "आउनुहोस्।" जो तिर्खाउँछ त्यो आओस्, *जसले इच्छा गर्छ* त्यसले जीवनको पानी सित्तैंमा लिओस्" (प्रका २२:१७)। यो निमन्त्रणा र यस्तै किसिमका अन्य धेरैवटा निमन्त्रणाहरू ती साँचा व्यक्तिहरूलाई सम्बोधन गरिएका छन् जो त्यो निमन्त्रणा सुन्न र तिनीहरूका आफ्नै इच्छाहरूको निर्णयद्वारा यसलाई स्वीकार गर्न सक्षम हुन्छन्। जसले येशूलाई स्वीकार गर्ने छैनन् तिनीहरूबारे, येशूले स्पष्ट गरी तिनीहरूका हृदयको कठोरतामा र उहाँकहाँ नआउने तिनीहरूको हठी इन्कारमा जोड़ दिनुहुन्छ, "तापनि तिमीहरू जीवन प्राप्त गर्न मकहाँ आउन इन्कार गर्छौ" (यूह ५:४०)। उहाँलाई इन्कार गर्ने शहरप्रति येशूले विलाप गर्नुहुन्छ, "ए यरूशलेम, ए यरूशलेम, तँ जसले अगमवक्ताहरूलाई मार्ने र तँकहाँ पठाइएकाहरूलाई ढुङ्गाले हान्ने ! जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले धेरैपल्ट तेरा बालकहरूलाई

[६]हामीले जे गर्छौं सो परमेश्वरले अघिबाटै निर्धारित गरिदिनुभएको छ भने, हामी वास्तविक व्यक्तिहरू कसरी बन्न सक्छौं र हामीले कसरी साँचो छनोटहरू गर्न सक्छौं भन्ने प्रश्नबारे अझ विस्तृत छलफलको निम्ति हे. अ. १६ भित्र।

बटुल्ने इच्छा गरें, *तर तैंले मानिनस् !"* (मत्ती २३:३७)।

नियतिवादको दोषारोपणको तुलनामा, हामी नयाँ करारमा पनि अति नै भिन्नै चित्र देख्छौं। हामीले वास्तविक व्यक्तिहरूका रूपमा स्वेच्छापूर्ण छनोटहरू मात्र गर्दैनौं, तर यी छनोटहरू पनि *वास्तविक छनोटहरू* हुन् किनभने तिनले संसारमा घटनाहरूको दिशालाई प्रभावित पार्दछन्। तिनीहरूले हाम्रा जीवनलाई प्रभाव पार्दछन् अनि अरू मानिसहरूका जीवन र नियतिहरूलाई प्रभाव पार्दछन्। यसर्थ, *"जसले उहाँमाथि विश्वास गर्छ,* त्यो दोषी ठहरिंदैन, *तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको* छ, किनभने उसले परमेश्वरको एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन" (यूह ३:१८)। ख्रीष्टलाई विश्वास गर्ने वा नगर्ने हाम्रा व्यक्तिगत निर्णयहरूले हाम्रा जीवनमा अनन्त परिणामहरू ल्याउँछन् र विश्वास गर्ने वा नगर्ने हाम्रो निर्णय त्यो तत्त्व हो जसले हाम्रो अनन्तकालीन नियतिको निर्णय गरिदिन्छ भनी बताउन धर्मशास्त्र पूर्ण रूपमा चाहन्छ।

यसको अर्थ यो हो कि हामीले सुसमाचार निश्चय नै प्रचार गर्नुपर्दछ अनि हामीले सुसमाचार घोषणा गर्छौं वा गर्दैनौं त्यसमा मानिसहरूको अनन्त नियति निर्भरित हुन्छ। त्यसकारण एक रात परमेश्वरले पावललाई "नडराऊ, तर बोल्दैजाऊ, र चूप नलाग, किनकि म तिम्रो साथ छु, र कसैले तिमीलाई आक्रमण गरेर हानि गर्न सक्नेछैन, किनकि *यस शहरमा मेरा धेरै मानिसहरू छन्*" (प्रे १८:९-१०) भन्नुहुँदा पावलले यो निष्कर्ष मात्र निकालेनन् कि सुसमाचार प्रचार गर्दै उनी त्यहाँ बसे पनि नबसे पनि परमेश्वरका "धेरै मानिसहरू" बचाइनेथिए। यसको सट्टामा "परमेश्वर को वचन सिकाउँदै *पावल एक वर्ष छ महीनासम्म तिनीहरूसँग बसे*" (प्रे १८:११)। उनका तीनवटा मिशनेरी यात्राहरूको समयावधिमा पावल एफिससबाहेक यहाँ (कोरिन्थमा) मात्र सबैभन्दा लामो समयसम्म बसे। कोरिन्थमा परमेश्वरका धेरै जना चुनिएका मानिसहरू छन् भनी पावललाई बताइदा चुनिएका यी मानिसहरू बचाइऊन् भनी पावल त्यहाँ धेरै लामो समयसम्म बसे र प्रचार गरे ! पावल यस तथ्यबारे पूर्ण रूपमा स्पष्ट छन् कि सुसमाचार प्रचार नगरिए अरू मानिसहरू बचाइनेछैनन् :

> "तर जसलाई विश्वास गरेकै छैनन् उहाँलाई मानिसहरूले कसरी पुकार्ने ? *जसको विषयमा सुनेकै छैनन् उहाँमाथि तिनीहरूले कसरी विश्वास गर्ने ?* र प्रचारकविना तिनीहरूले कसरी सुन्ने ? ... जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ" (रोम १०:१४, १७)।

के कुनै शहरमा जानअघि त्यहाँ मुक्तिको निम्ति परमेश्वरद्वारा को चुनिएको थियो, को थिएन भनी पावलले जान्थे ? होइन, उनले जान्थेनन्। त्यो यस्तो कुरा हो जो परमेश्वरले हामीलाई समय हुनुभन्दा अघि देखाउनुहुन्न। तर मानिसहरूले ख्रीष्टमा विश्वास गरेपछि हामी यस कुराबारे भरोसा गर्न सक्छौं कि परमेश्वरले तिनीहरूलाई मुक्तिको निम्ति अघिबाटै चुन्नुभएको थियो। थेसलोनिकीहरूबारे पावलको

निष्कर्ष ठीक यही नै हो; उनी भन्छन् कि परमेश्वरले तिनीहरूलाई चुन्नुभएको थियो भनी उनले जान्दछन् किनभने उनले तिनीहरूलाई प्रचार गर्दा सुसमाचार शक्ति र पूर्ण निश्चयतासाथ आयो, "भाइ हो, परमेश्वरका प्रियहरू, तिमीहरूलाई उहाँले चुन्नुभएको हामीलाई थाहा छ, *किनभने हाम्रो सुसमाचार तिमीहरूकहाँ* वचनमा मात्र आएन, तर *शक्ति* र *पवित्र आत्मामा,* अनि *सम्पूर्ण निश्चयतासाथ* आएको हो" (१ थेस १:४-५)। उनले जे गरे वा नगरे तापनि त्यसले केही भिन्नता ल्याउनेथिएन वा उनले प्रचार गरे वा नगरे तापनि परमेश्वरका चुनिएकाहरू बचाइनेथिए भन्नुको सट्टामा परमेश्वरले चुन्नुभएका मानिसहरूकहाँ सुसमाचार ल्याउनलाई पावलले विश्वासै गर्न नसकिने कठिनाइको जीवन सहे। कष्टले भरिएको जीवनको अन्त्यमा उनले भने, *"त्यसकारण चुनिएकाहरूका खातिर म हरेक कुरा सहन्छु, ताकि तिनीहरूले पनि* अनन्त महिमासहित ख्रीष्ट येशूमा भएको *मुक्ति प्राप्त गर्न सकून्"* (२ तिमो २:१०)।

**२. हाम्रो विश्वासबारे परमेश्वरको पूर्वज्ञानमा चुनाव आधारित हुँदैन।** सामान्य रूपमा मानिसहरू यस कुरामा सहमत हुनेछन् कि परमेश्वरले कोही मानिसहरू बचोस् भनी अघिबाटै तोकिदिनुभएको हुन्छ, तर तिनीहरू भन्छन् कि यो उहाँले भविष्यमा हेर्नुभएर अनि ख्रीष्टमा कसले विश्वास गर्नेछ र कसले गर्नेछैन सो देख्नुभएर गर्नुहुन्छ। उहाँले एउटा व्यक्ति उद्धारकारी विश्वासमा आउँछ भन्ने यदि देख्नुभयो भने त्यो व्यक्ति बचोस् भनी उहाँले अघिबाट नै तोकिदिनुहुनेछ – *त्यस व्यक्तिको विश्वासबारे पूर्वज्ञानमा आधारमा*। त्यो व्यक्ति उद्धारकारी विश्वासमा आउनेछैन भन्ने उहाँले यदि देख्नुभयो भने त्यो व्यक्ति बाँचोस् भनी उहाँले अघिबाटै तोकिदिनुहुन्न। यसरी, यस्तो सोचिन्छ कि किन कोही मानिसहरू बचाइन्छन्, कोही बचाइँदैनन् त्यसको अन्तिम कारण *ती मानिसहरूभित्र नै हुन्छ,* परमेश्वरभित्र हुँदैन। पूर्वनियतिमा परमेश्वरले गर्नुहुने काम यति मात्र हो कि मानिसहरू आफैहरूले के निर्णय गर्नेछन् सो उहाँले जान्नुहुन्छ र त्यही निर्णय मान्य बनाइदिनुहुन्छ। यस दृष्टिकोणलाई समर्थन गर्नलाई सामान्यतः प्रयोग गरिने पद रोमी ८:९ हो, "जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूपसमान बनाउनलाई … अघिबाटै नियुक्त गर्नुभयो।"[७]

**अ. व्यक्तिहरूबारे पूर्वज्ञान, तथ्यहरूबारे होइन :** *एउटा व्यक्तिले विश्वास गर्नेछ* भन्ने पूर्वज्ञानको आधारमा परमेश्वरले उहाँको पूर्वनियुक्ति गर्नुभयो भनी देखाउनलाई यो पदलाई प्रयोग गर्न गाह्रै पर्छ। यो पदले बरु यो बताउँछ कि परमेश्वरले *व्यक्तिहरूलाई चिन्नुभयो ("पहिलेबाटै चिन्नुभएको छ"),* यो बताउँदैन कि उहाँले *तिनीहरूका बारेमा केही तथ्यहरू जान्नुभयो,* जस्तै तिनीहरूले विश्वास गर्नेथिए भन्ने कुरा। यहाँ व्यक्तिगत, आपसी सम्बन्धबारे कुरा बताइएको छ – परमेश्वरले

[७]कसले विश्वास गर्नेछ भन्नेबारे परमेश्वरको पूर्वज्ञानमा पूर्वनियतिको धारणा आधारित छ भन्ने तर्क Jack W. Cottrell, *Grace Unlimited*, पृ.५१-७३ मा "Conditional Election"-मा प्रस्तुत गरिएको छ। Cottrell भन्छन्, "कसले येशू ख्रीष्टलाई मुक्तिदाता र प्रभु भनी विश्वास गर्नेछ र ख्रीष्टियान

भविष्यमा हेर्नुभयो र तिनीहरूमध्ये कसै-कसैलाई उहाँसँग उद्धारको सम्बन्धमा ल्याउनेछु भनी ठान्नुभयो र यस अर्थमा उहाँले धेरै अघिबाटै "तिनीहरूलाई चिन्नुभयो"। यही अर्थमा नै परमेश्वरले कसैलाई "चिन्नुभएको" हो भन्ने कुरा पावलले बताउन सक्छन्, उदाहरणार्थ १ कोरन्थी ८:३ मा उनी भन्छन्, "तर कसैले परमेश्वरलाई प्रेम गर्दछ भने त्यसलाई परमेश्वरले चिन्नुहुन्छ।" यस्तै किसिमले उनी भन्छन्, "तर अब त तिमीहरूले परमेश्वरलाई चिनेका छौ, *अथवा परमेश्वरबाट चिनिएका छौ"* (गला ४:९)। मानिसहरूले धर्मशास्त्रमा परमेश्वरलाई चिन्दा वा परमेश्वरले तिनीहरूलाई *चिन्नुहुँदा* यो एउटा व्यक्तिगत ज्ञान हो जसमा उद्धारको सम्बन्ध हुन्छ। त्यसकारण रोमी ८:२९ मा लेखिएको वाक्यांश "जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ"-लाई "ती मानिसहरूलाई जसलाई परमेश्वरले *आफूसँग उद्धार दिने सम्बन्धमा ल्याउनुहुने कुरा धेरैअघि सोच्नुभयो"* भनी बुझ्नु सर्वोत्तम हो। कुनै मानिसहरूले विश्वास गर्नेछन् भनी परमेश्वरले अघिबाटै जान्नुभएको वा देख्नुभएको कुराबारे मूलपाठले वास्तवमा केही भन्दैन, नता यो धारणा धर्मशास्त्रको अन्य कुनै मूलपाठमा नै उल्लेख गरिएको छ।[८]

कहिलेकाहीं मानिसहरूले यो भन्छन् कि परमेश्वरले मुक्तिको निम्ति विभिन्न व्यक्तिहरूलाई होइन, तर एउटै थरीका मानिसहरूको *समूह*लाई चुन्नुभयो। केही अर्मिनी दृष्टिकोणहरूमा, परमेश्वरले मण्डलीलाई एउटा समूहको रूपमा चुन्नुभयो, जबकि स्विस ईश्वरशास्त्री Karl Barth-ले (१८८६-१९६८) भने कि परमेश्वरले ख्रीष्टलाई चुन्नुभयो अनि ख्रीष्टमा सबै मानिसहरूलाई चुन्नुभयो। तर रोमी ८:२९ ले ती निश्चित मानिसहरूबारे बताउँछ जसलाई परमेश्वरले पहिलेबाटै चिन्नुभयो (*"जस-जसलाई* पहिलेबाटै चिन्नुभएको छ"), तर नतोकिएका वा कुनै मानिस नै नभएका समूहहरूबारे होइन। अनि एफिसीमा पावलले उनीलगायतका कोही विशेष मानिसहरूबारे बताउँछन् जसलाई परमेश्वरले चुन्नुभयो, "संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले *हामीलाई चुन्नुभयो"* (एफि १:४)। कुनै मानिसहरू नै नभएका समूहलाई परमेश्वरले चुन्नुहुने कुरा गर्नु पटक्कै बाइबलीय चुनाव होइन। तर परमेश्वरले मानिसहरूको एउटा समूहलाई चुन्नुभयो भन्नुको अर्थ उहाँले त्यो समूह गठन गर्ने विशेष मानिसहरूलाई चुन्नुभयो भन्ने हुन्छ।[९]

**आ. परमेश्वरले हामीलाई चुन्नुको कारण हाम्रो विश्वास हो भनी धर्मशास्त्रले कहिले पनि भन्दैन :** यसबाहेक, हामीले यो पूर्वज्ञानबारे बताउने विशेष खण्डहरूबाहेक अन्य खण्डहरूलाई हेर्दा अनि परमेश्वरले हामीलाई चुन्नुभएको *कारणबारे* बताउने

बप्तिस्मामा उहाँसँग एकत्वमा आउनेछ सोबारे परमेश्वरका पूर्वज्ञानको माध्यमबाट उहाँ देख्नुहुन्छ; यसो हो भने संसारको सृष्टि हुनुभन्दा पनि पहिले उहाँले यी विश्वासीहरूलाई पुनरुत्थान हुनुभएको ख्रीष्टको महिमामा सहभागी हुन नियुक्त गर्नुहुन्छ" (पृ. ६२)।

[८]रोमी ११:२ ले त्यसरी नै परमेश्वरले विभिन्न *व्यक्तिहरूलाई* अघिबाटै चिन्नुभएको तथ्यबारे बताउँछ, मानिसहरूबारे तथ्य वा तिनीहरूले विश्वास गर्नेछन् भन्ने तथ्यबारे बताउँदैन, *"परमेश्वरले पहिलेदेखि नै चिन्नुभएका* आफ्ना मानिसहरूलाई बहिष्कार गर्नुभएन।"

[९]ख्रीष्टमा सबै मानिसहरू चुनिएका छन् भन्ने Barth-को दृष्टिकोणको प्रत्युत्तरका लागि, हे. तल अस्वीकारबारे (केही मानिसहरू चुनिएका छैनन्) छलफल, र अ. ७ भित्र, र ख्रीष्टलाई विश्वास नगर्नेहरू बचाइनेछैनन् भन्ने तथ्यबारे हे. अ. ५६ भित्र।

खण्डहरूलाई हेर्दा, हामी यो पाउँदछौं कि हाम्रो विश्वासबारे वा हामीले ख्रीष्टमा विश्वास गर्नेथियौं भन्ने कारणले परमेश्वरले हामीलाई चुन्नुभएको हो भनी धर्मशास्त्रले कहिल्यै पनि बताउँदैन। परमेश्वरले एसावको सट्टामा याकूबलाई किन चुन्नुभयो सोबारे पावलले जुन कुरा बुझेका थिए त्यो लिएर मानिसहरूले तिनीहरूका जीवनमा के गर्नेछन् सोबारेको उनको चिन्तनलाई पावलले वास्तवमा प्रस्ट गरी अलगै राखेका देखिन्छ, "जुम्ल्याहा बालकहरू जन्मनु अघिबाटै, तिनीहरूले कुनै असल वा खराब काम गर्नअघि नै, कर्मले होइन तर उहाँको बोलावटअनुसार परमेश्वरका चुनावको उद्देश्य ठहरिओस् भनेर रिबेकालाई यसै भनिएको थियो, 'जेठाले कान्छाको सेवा गर्नेछ।' जसो लेखिएको छ, 'याकूबलाई मैले प्रेम गरें, तर एसावलाई तुच्छ ठानें'" (रोम ९:११-१३)। याकूब वा एसावले जीवनमा जे गर्ने भए तापनि त्यसले परमेश्वरको निर्णयलाई प्रभाव पार्नेथिएन; चुनावमा उहाँको उद्देश्य कायम रहोस् भनी मात्र याकूब र एसावसँग परमेश्वरले त्यो व्यवहार गर्नुभयो।

ख्रीष्टमा विश्वास गर्न थाल्ने यहूदी मानिसहरूबारे छलफल गर्दा पावल भन्छन्, "यसै गरी यस वर्तमान समयमा पनि *अनुग्रहद्वारा चुनिएकाहरूको* एक बाँकी भाग छ। तर अनुग्रहबाट हो भने यो कर्मको आधारमा होइन" (रोम ११:५-६)। चुनावको प्रक्रियामा परमेश्वरको अनुग्रहमा र मानवीय योग्यताको पूर्ण अनुपस्थितिमा पावलले यहाँ फेरि पनि जोड़ दिन्छन्। धर्मशास्त्रमा विश्वासलाई "काम" भनी हेरिँदैन र उपरोक्त उद्धरणबाट विश्वास शब्द हटाइनुपर्दछ भनी कसैले आपत्ति उठाउलान् ("अबउसो यो *कर्म*को आधारमा हुँदैन")। यस आपत्तिमाथि आधारित भएर, पावलको वास्तविक तात्पर्य यो हुन सक्छ कि "तर अनुग्रहबाट हुन्छ भने, यो अबउसो कर्मको आधारमा होइन, तर कुनै व्यक्तिले विश्वास गर्छ वा गर्दैन त्यसैको आधारमा हुन्छ।" तर पनि, सन्दर्भमा हेर्दा यो असम्भाव्य छ, पावलले मानव विश्वास र मानव कर्म तुलना गरिरहेका छैनन्; उनले *कुनै पनि* मानवीय गतिविधिलाई परमेश्वरले आफ्नो सर्वसत्तासम्पन्नतामा मानिसहरूलाई चुन्नुभएको कुरासित तुलना गरिरहेका छन् र ख्रीष्टमा आएका यहूदीहरूका चुनावको परमआधार परमेश्वरको सर्वसत्तासम्पन्न इच्छा हो भनी उनी इङ्गित गर्छन्।

त्यसरी नै, एफिसीहरूको पुस्तकमा पावलले चुनावको बारेमा बताउँदा, हामीले विश्वास गर्नेछौं भन्ने तथ्यसम्बन्धी पूर्वज्ञानको कुनै उल्लेख छैन, वा हामीमा भएको कुनै योग्यको वा स्तुत्य कुरा (जस्तै विश्वास गर्ने प्रवृत्ति)-को धारणाबारे कुनै उल्लेख छैन, जो परमेश्वरले हामीलाई चुन्नुको आधार थियो। यसको सट्टामा पावल बरु भन्छन्, "उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो, यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्" (एफि १:५-६)।

यदि चुनावका लागि विश्वास गर्ने मानव सामर्थ्यलाई वा विश्वास गर्ने निर्णयलाई होइन, तर परमेश्वरको अनुग्रहलाई प्रशंसा गर्नुपर्ने हो भने, पावलले मानव विश्वासबारे केही उल्लेख नगर्नु तर परमेश्वरको पूर्वनिर्धारणकारी कार्य, उहाँका उद्देश्य र इच्छा

र सित्तैंमा दिइने उहाँको अनुग्रहलाई मात्र उल्लेख गर्नु फेरि पनि समुचित ठहर्दछ।

फेरि २ तिमोथीमा पावल पनि भन्छन् कि परमेश्वरले "हामीलाई उद्धार गर्नुभयो, र एउटा पवित्र बोलावटद्वारा बोलाउनुभयो। हाम्रो कामको आधारमा होइन, तर *उहाँको आफ्नै अभिप्राय र अनुग्रहको आधारमा* हो, जो उहाँले ख्रीष्ट येशूमा युग-युग अघिदेखि हामीलाई दिनुभएको थियो" (२ तिमो १:९)। फेरि एक पटक परमेश्वरको सर्वसत्तासम्पन्न उद्देश्य नै हाम्रो मुक्तिको आधार थियो भनी हेरिन्छ अनि पावलले यस कुरासित त्यो तथ्य सम्बन्धित बनाउँछन् कि परमेश्वरले ख्रीष्ट येशूमा युग-युग अघिदेखि हामीलाई अनुग्रह दिनुभयो – यो सत्यतालाई बताउने यो अर्को तरिका हो कि परमेश्वरले हामीमा अघिबाटै देख्नुभएको कुनै पनि गुण वा योग्यता नहेर्नुभई हामीलाई सित्तैंमा कृपा दृष्टि गर्नुभयो।

**इ. हामीमा भएको कुनै भलोपनमा (हाम्रो विश्वासमा) आधारित चुनाव योग्यता (merit)-को आधारमा मुक्तिको आरम्भ हुनेथियो :** हामी विश्वासमा आउनेथियौं भनी परमेश्वरले अघिबाटै जान्नुभएको कारण उहाँले हामीलाई चुन्नुभयो भन्ने धारणाको विरुद्धमा अर्को प्रकारको आपत्ति उठाउन सकिन्छ। हामी बचाइनेछौं वा छैनौं भन्ने प्रश्नको *अन्तिम* निर्धारी कारक यदि ख्रीष्टलाई स्वीकार गर्ने हाम्रो आफ्नै निर्णय हुन्छ भने, हामीमा यो सोच्ने झन् बढ़ी झुकाउ हुनेछ कि हामी बचाइएका निम्ति हामीले केही श्रेय पाउनैपर्दछ : ख्रीष्टलाई इन्कार गरिरहने मानिसहरूका विपरीत, ख्रीष्टमा विश्वास गर्ने हाम्रो निर्णयबारे हामी पूर्ण रूपले बुद्धिमानी थियौं वा हामी हाम्रा नैतिक मनोवृत्तिहरूमा पूर्ण रूपले असल थियौं वा हामी हाम्रा आत्मिक क्षमताहरूमा पूर्ण रूपले अनुभूतिक्षम (अनुभव गर्न क्षमता भएका) थियौं। तर हामीले एकपटक यस तरिकाले सोच्न थालेपछि हाम्रो मुक्तिको निम्ति परमेश्वरलाई दिनुपर्ने महिमालाई हामी अति नै न्यून बनाउँदछौं। पावलले यसो भने कि परमेश्वरले *"उहाँको इच्छाको लक्ष्यअनुसार* ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई ... नियुक्त गर्नुभएको थियो, यस हेतुले कि ... उहाँको महिमामय *अनुग्रहको* प्रशंसा होस्" (एफि १:५-६); यसो भन्दा पावलले जति अपठचारो परेको थियो हामीलाई पनि त्यति नै अपठचारो पर्नेछ। र हामी यो सोच्न थाल्नेछौं कि "विश्वास गर्नलाई हामीमा भलोपन र विश्वासप्रति हामीमा पर्याप्त झुकाउहरू हुनेछन् भनी जान्नुभएको कारण उहाँले हामीलाई नियुक्त गर्नुभयो।" हामीले यस प्रकारले सोच्न थालेपछि चुनाव र पूर्वनियतिबारे नयाँ करारले जुन कुरा गर्छ हामी त्यसको ठीक विपरीत गएका देखिनेछौं। यसको विपरीत, यदि चुनाव परमेश्वरको उत्तम इच्छामाथि अनि हामीमा भलोपन र गुणको कमी हुँदाहुँदै पनि हामीलाई प्रेम गर्ने उहाँको सर्वसत्तासम्पन्न निर्णयमाथि मात्र आधारित छ भने, त्यो मुक्तिको निम्ति उहाँप्रति हामीमा निश्चय नै प्रशंसाको गम्भीर भावना हुन्छ, जुन मुक्तिको निम्ति हामी पूर्ण रूपले अयोग्य थियौं अनि उहाँको "महिमामय अनुग्रह"-को (एफि १:६) प्रशंसा गर्न हामी सदासर्वदा इच्छुक रहनेछौं।

अन्तिम विश्लेषणमा, चुनावबारे दुई दृष्टिकोणहरू बीचको भिन्नता तिनले दिने

एउटा सरल प्रश्नको उत्तरमा देख्न सकिन्छ। अन्तिम विश्लेषणमा, कति मानिसहरूले ख्रीष्टलाई स्वीकार गर्ने छनोट गर्नेछन् र कतिले गर्नेछैनन् भन्ने तथ्यलाई ध्यान दिँदा, प्रश्न उठ्दछ, "कुन कुराले मानिसहरूलाई भिन्न बनाउँछ?" अर्थात्, अन्ततः कुन कुराले विश्वास गर्ने र विश्वास नगर्नेहरूमाझ भिन्नता ल्याउँछ? परमेश्वरले गर्नुहुने कुनै काममाथि (अर्थात् उद्धार गरिइनेहरू चुन्ने उहाँको सर्वसत्तासम्पन्न चयन) मात्र यो अन्ततः आधारित छ भन्ने हाम्रो उत्तर हुन्छ भने हामी यो देख्छौं कि आधारभूत तहमा मुक्ति *अनुग्रह*मा *मात्र* आधारित छ। यसको विपरीत, उद्धार गरिइएकाहरू र नगरिइएकाहरूबीचका अन्तिम भिन्नता *मानिसमा भएको कुनै थोक* (अर्थात्, विश्वास गर्ने वा नगर्ने प्रवृत्ति वा मनोवृत्ति)-को कारण हो भनी यदि हामी उत्तर दिन्छौं भने, उद्धार अन्ततः अनुग्रहसाथै मानव सामर्थ्यको मिश्रणमा आधारित हुन्छ।[१०]

**ई. पूर्वज्ञानमा आधारित पूर्वनियतिले नै पनि मानिसहरूलाई स्वतन्त्र चयन दिँदैन :** कति मानिसहरूले विश्वास गरून् भनी परमेश्वरले पहिलेबाटै तोकिदिनुभएको पूर्वनियति तिनीहरूका विश्वासको पूर्वज्ञानमा आधारित छ भन्ने धारणाले अझै अर्को पनि समस्या सामना गर्नुपर्दछ : मनन गरेर निष्कर्षमा आउँदा, यस प्रणालीले मानिसलाई साँचो स्वतन्त्रता नै दिएको हुँदैन। किनकि परमेश्वरले यदि भविष्यमा हेर्न सक्नुहुन्छ र व्यक्ति "क"-ले ख्रीष्टलाई विश्वास *गर्नेछ* र व्यक्ति "ख"-ले ख्रीष्टलाई विश्वास *गर्नेछैन* भनी परमेश्वरले देख्नुहुन्छ भने, यी तथ्यहरू अघिबाटै *निश्चित* छन्, ती अगावै *निर्धारित छन्*। भविष्यबारे परमेश्वरको ज्ञान *साँचो* हुन्छ (जो हुनैपर्दछ) भनी हामीले यदि अनुमान गर्‍यौं भने यो निश्चित छ कि व्यक्ति "क"-ले विश्वास गर्नेछ र व्यक्ति "ख"-ले गर्नेछैन। तिनीहरूका जीवन यसभन्दा बेग्लै हुनजाने कुनै उपाय नै छैन। यसकारण यसो भन्नु न्यायोचित हुन्छ कि तिनीहरूका नियतिहरू अझै पनि *निर्धारित* छन्, किनकि तिनीहरू अन्यथा बन्न सकेनन्। तर यी नियतिहरू *केद्वारा* निर्धारित हुन्छन्? तिनीहरू यदि परमेश्वर स्वयम्‌द्वारा नै निर्धारित हुन्छन् भने, अब चुनाव अन्ततः विश्वासबारे पूर्वज्ञानमा आधारित भएको हुँदैन, तर परमेश्वरको सर्वसत्तासम्पन्न इच्छामा आधारित भएको हुन्छ। तर यी नियतिहरू परमेश्वरद्वारा निर्धारित हुँदैनन् भने, कसले वा केले तिनीहरूलाई निर्धारित गर्छ? मानिसहरूका नियतिहरूलाई नियन्त्रण गर्ने परमेश्वर बाहेक अरू कुनै शक्तिशाली अस्तित्व छ भनी कुनै पनि ख्रीष्टियानले निश्चय नै भन्नेछैन। त्यसकारण एउटै मात्र अर्को समाधान यो भन्नु देखिन्छ कि तिनीहरू अवैयक्तिक बलद्वारा निर्धारित गरिन्छन्, यो सृष्टि जसरी चल्दछ त्यसरी नै चलाउन

[१०]मानिसहरू बचाइनेछन् वा बचाइनेछैनन् भन्ने कुरालाई निर्णय गर्ने सर्वोच्च कारक तत्त्व मानिसमा भएको कुनै चीज हो भनी अर्मिनी दृष्टिकोणले भन्छ। यस दृष्टिकोणलाई I. Howard Marshall-को वक्तव्यमा स्पष्टतया देखिन्छ, "परमेश्वरको बोलावटको प्रभाव मानिसलाई त्यो स्थानमा राखिदिनु हो जहाँ उसले "हो" वा "होइन" उत्तर दिन सक्छ (जो परमेश्वरले उसलाई बोलाउनुभन्दा पहिले भन्न सक्थेन; त्यस बेलासम्म उसमा "होइन" भन्ने अविरल अभिवृत्ति थियो) ("Predestination in the New Testament," *Grace Unlimited*, पृ. १४० मा)। Marshall-को यस वक्तव्यमा हामी यो देख्छौं कि मानिसहरू बचाइएका छन् वा छैनन् भन्ने कुराको निर्णायक तत्त्व तिनीहरूले परमेश्वरको बोलावटलाई मान्छन् वा मान्दैनन् भन्ने कुरा नै हो र तसर्थ मुक्ति अन्ततः मानिसभित्र भएको कुनै कुरामाथि, अर्थात् तिनीभित्र भएको सामर्थ्य वा प्रवृत्तिमाथि निर्भरित छ जसले तिनलाई उहाँको बोलावट नमान्नुभन्दा मान्नै राजी बनाउँछ।

कार्यरत कुनै किसिमको नियतिले निर्णय गर्दछ। तर यो कुन किसिमको लाभ हो? यसो गरियो भने, हामीले अवैयक्तिक बलद्वारा निर्धारित कुनै किसिमको नियतिवादको पक्षमा वैयक्तिक परमेश्वरद्वारा प्रेममा गरिने चुनावलाई बलि चढाएका हुन्छौं र त्यसपछि परमेश्वरलाई हाम्रो मुक्तिको निम्ति परम श्रेय कहिल्यै दिइनु हुँदैन।

**उ. निष्कर्ष – चुनाव निःशर्त छ :** अघिल्ला चारवटा कारणहरूले गर्दा, हाम्रो विश्वासबारे परमेश्वरको पूर्वज्ञानमा चुनाव आधारित हुन्छ भन्ने धारणलाई रद्द गरिदिनु नै सर्वोत्तम देखिन्छ। यसको सट्टामा, हामी यो निष्कर्ष निकाल्छौं कि चुनावको कारण परमेश्वरको परम चयन मात्र हो – उहाँले "प्रेममा हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो" (एफि १:५)। परमेश्वरले हामीलाई उहाँको प्रेम प्रदान गर्ने निर्णय गर्नुभएको कारणैले मात्र हामीलाई चुन्नुभयो। हामीमा अघिबाटै देखिएको कुनै विश्वास वा हामीमा अघिबाटै देखिएको कुनै गुणको कारण यसरी चुन्ने काम भएको थिएन।

चुनावबारे यो बुझाइलाई परम्परागत रूपमा "निःशर्त चुनाव" ("unconditional election") भनिएको छ।[११] यो "निःशर्त" छ किनकि परमेश्वरले हामीमा देख्नुहुने यस्तो कुनै थोकमा, जसले हामीलाई उहाँको छनोटको योग्य बनाउँछ, यो *निर्भरित* छैन।[१२]

## घ. चुनावसम्बन्धी धर्मसिद्धान्तप्रति आपत्ति

यहाँ चुनावसम्बन्धी धर्मसिद्धान्त जस्तो रूपमा प्रस्तुत गरिएको छ

[११]"क्यालभिनवादका पाँचवटा बुदाहरू" बुझाउनलाई अङ्ग्रेजीको TULIP परिवर्णी शब्द प्रयोग गरिन्छ। निःशर्त चुनावलाई बुझाउने अक्षर U हो। अरू अक्षरहरूले यी कुराहरू बुझाउँछन् T-ले *Total depravity,* अर्थात् पूर्ण भ्रष्टता (हे. अ. २४ भित्र), *L*-ले *Limited atonement,* अर्थात् सीमित प्रायश्चित्त (हे. अ. २७ भित्र) *Irresistible grace,* अर्थात् अप्रतिरोध्य अनुग्रह (हे. अ. ३४ भित्र) र *Perseverance of the saints,* अर्थात् सन्तहरूको अध्यवसाय (हे. अ. ४० भित्र) बुझाउँछ। हे. २७, पादटिप्पणी ३५ पनि।

[१२]चुनावसम्बन्धी धर्मसिद्धान्तबारे रिफर्मड् समूहमा (यहाँ प्रस्तुत गरिएको रूपमा चुनावमा विश्वास र राख्नेहरू) *supralapsarianism* र *infralapsarianism* नामक अड़ान लिनेहरूमाझ विवाद रहिआएको छ। मतभिन्नता संसारको उत्पत्तिअघि परमेश्वरको मनमा के विचार आयो भन्ने प्रश्नसम्बन्धी हो। कुनै समयमा घटेको घटनाबारे यो सम्बन्धित नभएर परमेश्वरका विचारहरूको तर्कसङ्गत क्रमसम्बन्धी मात्र यो विवाद खड़ा भएको हो। प्रश्न यो मात्र हो कि के परमेश्वरको सोचाइको क्रममा यस्तो थियो : (क) कुनै मानिसहरूलाई बचाउनेछु भनी परमेश्वरले पहिले निर्णय गर्नुभयो र त्यसपछि *पापलाई* संसारमा *आउन दिनुभयो,* ताकि उहाँले तिनीहरूलाई बचाउन सकून् (*supralapsarianism* दृष्टिकोण) वा यो क्रम ठीक उल्टो थियो, ताकि (ख) *पापलाई* संसारमा *आउन दिनेछु* भनी परमेश्वरले पहिले निर्णय गर्नुभयो अनि दोस्रोपल्ट यसबाट *कुनै मानिसहरूलाई* बचाउनेछु भनी निर्णय गर्नुभयो (*infralapsrianism* दृष्टिकोण)। *supralapsarianism*-को अर्थ "पतनअघि" हो अनि *infralapsrianism -को अर्थ* "पतनपछि" हो। यो छलफल जटिल र अति नै अटकलबाजीपूर्ण छ किनभने यसबारे हामीलाई सहायता पुऱ्याउने बाइबलका तथ्याङ्कहरू अति नै कम संख्यामा छन्। प्रत्येक दृष्टिकोणको समर्थनमा असल तर्कहरू राखिएका छन् र प्रत्येक तर्कमा सम्भवतः सत्यताको केही मात्रा छ। तर अन्तिम निष्कर्षमा हेर्दा यो भन्नु नै बुद्धिमानी देखिन्छ कि यस रहस्यलाई खोजबीन गर्नलाई धर्मशास्त्रले हामीलाई पर्याप्त तथ्याङ्कहरू दिँदैन अनि थप कुरा, यसो गर्नु अति शिक्षाप्रद देखिन्न।

वास्तवमा, मैले यस पुस्तकमा यहाँनेर यो छलफल यसकारण मात्र उल्लेख गर्ने निर्णय गरेको छु कि "supralapsarianism" र "infralapsrianism" शब्दहरू ईश्वरशास्त्रको क्षेत्रमा ईश्वरशास्त्रीय छलफलहरूमध्ये अति अमूर्त र दुर्बोध्य छलफलहरूका प्रतीकको रूपमा कहिलेकाहीँ प्रयोग गरिन्छन्, र यस विवादको किसिमबारे र यी शब्दहरूका अर्थहरूबारे पाठकहरूलाई जानकारी दिन मात्र पनि मलाई समुचित लाग्यो। यसमा अभिरुचि राख्नेहरूले Berkhof, *Systematic Theology,* पह. ११८-२५ मा थप छलफल पाउनेछन्।

त्यसलाई कुनै पनि तरिकामा ख्रीष्टियान मण्डलीमा सबैद्वारा स्वीकार गरिँदैन – न क्याथलिकवादमा नता प्रोटेस्टेन्टवादमा। यहाँ जुन रूपमा यो धर्मसिद्धान्तलाई प्रस्तुत गरिएको छ यसलाई त्यही रूपमा स्वीकार गरिनुको एउटा लामो इतिहास छ, तर यसप्रति अरू धेरैले पनि आपत्ति उठाएका छन्। आजका इभ्यान्जेलिकल्हरूमध्ये अझ धेरै मात्राका सुधारवादी वा क्यालभिनवादी समूहमा (उदाहरणार्थ, कट्टरवादी प्रेज्बिटेरियन सम्प्रदायमा) भएकाहरूले जसरी यस दृष्टिकोणलाई स्वीकार गर्नेछन्, त्यसरी नै धेरै लुथरवादी र एङ्गलिकनहरू (इपिस्कोपलवादीहरू)-ले पनि यस दृष्टिकोणलाई स्वीकार गर्नेछन्। अर्को पक्षमा, प्राय: सबै मेथडिस्टहरूसाथै ब्याप्टिस्ट, एङ्गलिकन र स्वतन्त्र मण्डलीहरूमा भएका धेरै मानिसहरूले यसलाई अति नै निर्णायक प्रकारले रद्द गरिदिनेछन्।[१३] चुनावप्रति कतिपय आपत्तिहरू अध्याय १६ मा प्रस्तुत गरिएको पूर्वनियतिप्रति आपत्तिहरूको अझ विशिष्ट रूप हुन् जसका उत्तरहरू अध्याय १६ मा अझ सविस्तार दिइएका भए तापनि केही विशेष आपत्तिहरू यहाँ उल्लेख गरिनैपर्दछ।

**१. चुनावको अर्थ यो हो कि हामी ख्रीष्टलाई स्वीकार गरौं वा नगरौं सो हामी रोज्न सक्दैनौं।** यस आपत्तिअनुसार, चुनावसम्बन्धी धर्मसिद्धान्तले सुसमाचारका ती सम्पूर्ण निमन्त्रणाहरूलाई इन्कार गर्दछ जसले मानिसको इच्छालाइ आह्वान गर्दै ख्रीष्टको निमन्त्रणालाई स्वीकार गर्ने कि नगर्ने विषयमा मानिसहरूलाई एउटा रोज्न लगाउँछ। यसको प्रतिउत्तरमा, हामीले यो पुष्टि गर्नुपर्दछ कि हामीसित स्वैच्छिक छनोट छ अनि ख्रीष्टलाई स्वीकार वा इन्कार गर्ने कामसम्बन्धी हामी स्वैच्छिक निर्णयहरू लिन्छौं भन्ने धारणालाई समायोजित गर्न चुनावसम्बन्धी धर्मसिद्धान्त पूर्ण रूपले सक्षम छ। हाम्रा चयनहरू यसकारण स्वैच्छिक हुन्छन् कि हामीले गर्न चाहेका र निर्णय गर्न खोजेका काम त्यही नै हो।[१४] यसको अर्थ यो होइन कि हाम्रा चयनहरू पूर्ण रूपले स्वतन्त्र हुन्छन् किनभने (जस्तो गरी पूर्वनियतिबारे अध्याय १६

[१३]चुनावप्रति आपत्तिबारे पूर्ण छलफलको निम्ति पाठकले हालैमा प्रकाशित तथाकथित अर्मिनी परिप्रेक्ष्यमा लिखित निबन्धहरूका दुईवटा उत्कृष्ट पुस्तकहरू पढ्न सक्छन्; यो त्यो परिप्रेक्ष्य हो जसले यस अध्यायमा चुनावबारे समर्थन गरिएको दृष्टिकोणलाई रद्द गर्दछ : हे. Clark Pinnock, सम्पा., *The Grace Unlimited* (मिनियापलिस : बेथनी फेलोशिप, १९७५) र Clark Pinnock, सम्पा., *The Grace of God, the Will of Man: A Case for Arminianism* । यी दुई पुस्तकहरूको उत्तरमा Tom Schreiner र Bruce Ware-ले रिफर्मड् विद्वान्हरूले लेखेका धेरै नै निबन्धहरूको सङ्ग्रह सम्पादन गरेका छन्। यस पुस्तकको प्रस्तावित शीर्षक *The Grace of God, the Bondage of the Will : A Case for Calvinism* (बेकर बुक हाउस्द्वारा प्रकाशोन्मुख : ग्न्यान्ड र्‍यापिडस्, १९९५ मा)।

[१४]Grant R. Osborne, "Exegetical Notes on Calvinist Texts," *The Grace Unlimited,* पृह. १६७-८९ मा, चुनाव वा पूर्वनियतिबारे बताउने मूलपाठहरूकै तात्कालिक सन्दर्भमा संलग्न मानव सङ्कल्पशक्ति वा मानव इच्छाको प्रमाणतिर अनेकपल्ट इङ्गित गर्छन्। एउटा प्रातिनिधिक उदाहरण पृ. १७५ मा देखिन्छ, जहाँ Osborne-ले प्रेरित १३:४८ बारे छलफल गर्छन्, “अनन्त जीवनको निम्ति नियुक्त भएकाहरू जतिले विश्वास गरे।” Osborne-ले उत्तर दिन्छन् “आधारभूत जोड़ परमेश्वरीय चुनावमा दिइएको कुरामा हामी सहमत हुन्छौं, तर जस्तो कि सन्दर्भमा देखिन्छ, यसले मानव इच्छाको उपस्थितिलाई खण्डन गर्दैन” (पृ. १७५)। यस्तो उत्तरले यो अनुमान लाएको देखिन्छ कि रिफर्मड् दृष्टिकोणले साँचो मानव इच्छा वा चयनलाई इन्कार गर्छ। तर यो उत्तर दिइनैपर्दछ कि परम्परागत रूपमा तर्क गरिएअनुसारको रिफर्मड् दृष्टिकोणले छनोटहरूमा साँचो मानव सङ्कल्प र मानव इच्छालाई निश्चय नै समर्थन गर्छ, र यसले केवल यो भन्छ कि परमेश्वर यति बुद्धिमान् र शक्तिशाली हुनुहुन्छ कि हामीले *इच्छा गरेर* नै उहाँको कुरा मानौं भनी उहाँले *ठहराउनुहुन्छ*। Osborne-ले यस दृष्टिकोणबारे सोझै केही भन्दैनन्।

मा व्याख्या गरिएको छ) परमेश्वरले हाम्रा इच्छाहरूका माध्यमबाट उहाँको सर्वशक्तिसम्पन्नतामा काम गर्न सक्नुहुन्छ; यसको फलस्वरूप हाम्रा चयनहरू उहाँले तोकिदिनुभएकै रूपमा हामीमा उत्पन्न हुन्छन् भनी उहाँले प्रत्याभूति दिनुहुन्छ तर पनि यसलाई साँचो चयन भनी मानिलिन सकिन्छ किनभने हामीलाई परमेश्वरले सृष्टि गर्नुभयो र यस किसिमको चयन साँचो चयन (अर्थात् स्वतन्त्र चयन) होस् भनी उहाँले तोकिदिनुहुन्छ। छोटकरीमा भन्नुपर्दा, परमेश्वरले हामीलाई ख्रीष्टलाई स्वेच्छाले चुन्नेहरू बनाउनुहुन्छ। यस आपत्तिको गलत अनुमान यो हो कि यो चयन साँचो मानव चयन हुनलाई यो पूर्ण रूपले स्वतन्त्र हुनुपर्दछ, (अर्थात्, यो कुनै पनि अर्थमा परमेश्वरद्वारा थोपिएको हुनुहुँदैन)।

२. **यस परिभाषाअनुसार, हाम्रा चयनहरू वास्तविक (वा स्वतन्त्र) चयनहरू होइनन् ।** यसअघिको अनुच्छेदको छलफललाई कायम राख्दै, कसैले यो आपत्ति गर्लान् कि यदि एउटा चयन परमेश्वरद्वारा गरिन्छ भने हामीलाई यो चयन स्वैच्छिक भएको र हामीद्वारा इच्छा गरिएको आभास होला, तर जे भए तापनि यो असली (genuine) र वास्तविक (real) चयन होइन किनभने यो चयन पूर्ण रूपले स्वतन्त्र छैन। एउटा चयन असली वा वास्तविक चयन हुनलाई यो पूर्ण रूपमा स्वतन्त्र हुनुपर्दछ। परमेश्वरले यदि हामीलाई कुनै विशेष तरिकामा बनाउनुहुन्छ र हामीलाई हाम्रो स्वैच्छिक चयनहरू वास्तविक र यथार्थ चयनहरू हुन् भनी भन्नुहुन्छ भने ती चयनहरू त्यस्तै नै हुन् भनी हामी सहमत बन्नैपर्दछ। विश्वमा के वास्तविक र के असली हो त्यसको परिभाषा परमेश्वर हुनुहुन्छ। यसको तुलनामा, हामी यो प्रश्न गर्न सक्छौं कि हाम्रो चयनहरू वास्तविक र यथार्थ चयनहरू बन्नलाई ती परमेश्वरको प्रभाव वा नियन्त्रणबाट स्वतन्त्र हुनुपर्दछ भनी धर्मशास्त्रले कहीँ कहिल्यै भनेको छ ? धर्मशास्त्रले कहिल्यै यसरी बताउँछ भन्ने देखिँदैन।

३. **चुनावसम्बन्धी धर्मसिद्धान्तले हामीलाई कठपुताली वा रोबटहरू बनाउँछ, वास्तविक व्यक्तिहरू बनाउँदैन ।** यो आपत्तिअनुसार, मुक्तिसम्बन्धी हामीले चयन गर्ने प्रत्येक कुरा परमेश्वरले वास्तवमै तोकिदिनुहुन्छ भने हामी (स्वतन्त्र) व्यक्तिहरू हुँदै होइनौं। फेरि एकपटक यो उत्तर दिइनैपर्दछ कि परमेश्वरले हामीलाई बनाउनुभएको छ र यथार्थ व्यक्तिता के हो सो उहाँलाई परिभाषित गर्न दिनुपर्दछ। "कठपुताली" वा "रोबट"-को उपमाले हामीलाई मानिसहरूद्वारा सृजित अर्ध-मानव वर्गका थोकहरूको तल्लो तहका झारिदिन्छ। तर वास्तविक मानव प्राणीहरू कठपुताली वा रोबर्टहरूभन्दा अति नै महान् हुन्छन्, किनभने हामीमा यथार्थ इच्छा छ अनि हामी हाम्रा आफ्नै मनपरेका कुराहरू वा आश्यकताहरूको आधारमा राजीखुशीका निर्णयहरू लिन्छौं। वास्तवमा, यी स्वैच्छिक चयनहरू गर्न सक्ने यो सामर्थ्य नै त्यो कुरो हो जसले हामीलाई अधिकांश तल्लो श्रेणीका सृष्टिबाट भिन्नै बनाउँछ। परमेश्वरको प्रतिरूपमा सृष्टि गरिइएका हामी वास्तविक मानिसहरू हौं र परमेश्वरले हामीलाई चयनहरू गर्न दिनुभएको छ; हाम्रो जीवनमा यी चयनहरूका वास्तविक प्रभावहरू हुन्छन्।

**४. चुनावसम्बन्धी धर्मसिद्धान्तको अर्थ यो हुन्छ कि अविश्वासीहरूले कहिल्यै विश्वास गर्ने अवसर पाएनन् ।** चुनावप्रति यो आपत्तिले यो भन्छ कि यदि परमेश्वरले अनन्तकाल अघिदेखि कति मानिसहरूले विश्वास नगरून् भन्ने आदेश दिनुभएको थियो भने तिनीहरूलाई विश्वास गर्ने कुनै यथार्थ अवसर नै थिएन र यो सम्पूर्ण प्रणाली नै अन्यायपूर्वक चल्छ। यस आपत्तिका दुईवटा उत्तरहरू दिन सकिन्छ। सर्वप्रथम, विश्वास गर्नलाई अविश्वासीहरूको कुनै अवसर नै थिएन भन्ने कुरा बताउन बाइबलले हामीलाई अनुमति दिँदैन। मानिसहरूले येशूलाई इन्कार गरे उहाँलाई इन्कार गर्नुको दोष उहाँले सधैं नै तिनीहरूका हठी चयनलाई दिनुभयो, पिता परमेश्वरद्वारा आज्ञा गरिएको कुनै कुरालाई दिनुभएन। "मैले भनेको तिमीहरू किन बुझ्दैनौ ? किनभने तिमीहरूले मेरो वचन सुन्न सक्दैनौ। तिमीहरू आफ्ना पिता दियाबलसका हौ, र तिमीहरूका पिताको इच्छा पूरा गर्ने तिमीहरूको सङ्कल्प छ" (यूह ८:४३-४४)। उहाँले यरूशलेमलाई भन्नुहुन्छ, "मैले धेरै पल्ट तेरा बालकहरूलाई बटुल्ने इच्छा गरें ... *तर तैंले मानिनस्* !" (मत्ती २३:३७)। उहाँलाई इन्कार गर्ने यहूदीहरूलाई उहाँले भन्नुभयो, "तापनि तिमीहरू जीवन प्राप्त गर्न *मकहाँ आउन इन्कार गर्छौ*" (यूह ५:४०)। रोमी १ ले यस कुरालाई यसरी सहजै खुलस्त गर्छ कि यस प्रकारको छर्लङ्ग प्रकाश पाएका मानिसहरूका निम्ति कुनै "बहाना छैन" (रोम १:२०)। धर्मशास्त्रमा भएको एकरूपी ढाँचा यही नै हो – अविश्वासमा रहने मानिसहरू यस्तै रहन्छन् किनभने परमेश्वरमा आउन तिनीहरू अनिच्छुक हुन्छन् अनि यस प्रकारको अविश्वासको निम्ति दोष अविश्वासीहरूकै हो, परमेश्वरको होइन।

दोस्रो तहमा, यस प्रश्नको उत्तर यस्तै आपत्तिप्रति पावलको उत्तरजस्तै हुनुपर्दछ, "तर मानिस भएर परमेश्वरलाई जवाफ लाग्ने तिमी को हौ ? के ढालेर बनाएको वस्तुले आफूलाई बनाउनेलाई "मलाई किन यस्तो बनाएको ?" भन्छ र ?" (रोम ९:२०)।

**५. चुनाव अनुचित छ ।** मानिसहरूले चुनावसम्बन्धी धर्मसिद्धान्तलाई कहिलेकाहीँ अनुचित छ भन्ठान्छन् किनकि यसले यो शिक्षा दिन्छ कि परमेश्वरले कुनै मानिसहरूलाई बचाउनलाई चुन्नुहुन्छ र अरूहरूलाई नबचाउने निर्णय गर्नुहुँदै चुन्नुहुन्न। यो कसरी न्यायोचित हुन सक्छ र ?

यहाँ दुईवटा उत्तरहरू सम्भव छन्। सर्वप्रथम, हामीले यो कुरा स्मरण गर्नुपर्दछ कि परमेश्वरले जस्तो प्रकारले स्वर्गदूतहरूलाई बचाउनुभएन त्यस्तै प्रकारले *कुनै पनि मानिसलाई नबचाउनु न्यायोचित नै ठहरिनेछ,* "स्वर्गदूतहरूले पाप गर्दा पर मेश्वरले तिनीहरूलाई बाँकी राख्नुभएन, तर तिनीहरूलाई नरकमा फालिदिनुभयो, र न्यायका दिनसम्मको निम्ति नरकलोकको अन्धकारमा जकड़िराख्नुभयो" (२ पत्र २:४)।[१५] परमेश्वरले स्वर्गदूतहरूलाई जस्तो व्यवहार गर्नुभयो मानिसहरूलाई पनि त्यस्तै व्यवहार गर्नु न्यायोचित हुनेछ, अर्थात् पाप गर्नेहरूलाई र उहाँको विरुद्धमा

[१५]परमेश्वरले कसैलाई पनि उद्धार नगर्नु न्यायोचित हुनेथियो भन्ने तथ्यबारे छलफलका लागि हे. अ. १९ भित्र।

विद्रोह गर्नेहरूमध्ये कसैलाई पनि नबचाउनु। तर उहाँले *कुनै मानिसहरूलाई* बचाउनु नै भयो भने पनि यो अनुग्रहको प्रदर्शनी हो, जुन अनुग्रह न्यायोचितता र न्यायका मागहरूभन्दा पनि माथिको कुरा हुन्छ।

तर योभन्दा अझ गहन तहमा यस आपत्तिले यो भन्नेछ कि परमेश्वरले जुन मानिसहरूले पाप गर्नेछन् र तिनीहरू अनन्तको निम्ति दण्डित हुनेछन् र जसलाई उद्धार गर्नेछैनँ भनी जान्नुभएको थियो ती मानिसहरूलाई सृष्टि गर्नु उहाँको पक्षमा न्यायसङ्गत ठहरिँदैन। पावल यो आपत्ति रोमी ९ मा उठाउँछन्। परमेश्वरले "इच्छा गर्नुभएकाहरूलाई उहाँले कृपा गर्नुहुन्छ, र उहाँले इच्छा नगर्नुभएकाहरूको हृदयलाई उहाँले कठोर पार्नुहुन्छ" (रोम ९:१८)[१६] भनी पावलले भनेपछि उनले ठीक यही आपत्ति उठाउँछन्, "तब तिमी मलाई भन्नेछौ "परमेश्वरले अझै किन दोष लगाउनुहुन्छ ? किनकि उहाँको इच्छालाई कसले विरोध गर्न सक्छ ?" (रोम ९:१९)। चुनावसम्बन्धी धर्मसिद्धान्तविरुद्ध लगाइएको "अनुचितता"-सम्बन्धी आपत्तिको मर्म यही नै हो। यदि हरेक व्यक्तिको परमनियति परमेश्वरद्वारा नै तय हुन्छ, त्यही व्यक्तिद्वारा होइन (अर्थात्, मानिसहरूले तिनीहरू बचाइने वा नबचाइने कुरा निर्णय गर्ने स्वैच्छिक चयनहरू गर्दा पनि, यस्तन चयनहरू गराउने कामको पछाड़ि यदि वास्तवमा परमेश्वर नै हुनुभएर कुनै रीतिले त्यो हुन लगाउनुहुन्छ भने), परमेश्वरद्वारा नै तय हुन्छ भने यो कसरी न्यायोचित हुन सक्छ र ?

पावलको उत्तर यस्तो छैन जसले हाम्रो अभिमानलाई साम्य बनाइदियोस्, त्यसको औचित्यबारे दार्शनिक व्याख्या दिने प्रयास उनी गर्दैनन्। सर्वशक्तिमान् सृष्टिकर्ताका रूपमा परमेश्वरका अधिकारहरूतिर मात्र उनी अपील गर्छन् :

> तर मानिस भएर परमेश्वरलाई जवाफ लाग्ने तिमी को हौ ? के ढालेर बनाएको वस्तुले आफूलाई बनाउनेलाई "मलाई किन यस्तो बनाएको ?" भन्छ र ? के एउटै माटोको ढिकाबाट एउटा आदरको भाँड़ो, र अर्कोचाहिँ तुच्छ कामको लागि बनाउने माटोमाथि कुमालेको अधिकार छैन र ? यदि परमेश्वरले आफ्ना क्रोध प्रकट गर्न र आफ्नो शक्ति प्रदर्शन गर्नलाई विनाशको लागि तयार पारिएको क्रोधका पात्रहरूलाई अत्यन्त धैर्यसाथ सहनुभएको छ भने, के भयो त ? यदि महिमाको निम्ति अघिबाटै तयार

[१६]यस पदको एउटा अर्मिनी दृष्टिकोण Jack Cottrell-द्वारा दिइएको छ। उनले यो तर्क गर्छन् कि रोमी ९:१८ को "उहाँले इच्छा गर्नुभएकाहरूलाई उहाँले कृपा गर्नुहुन्छ, र उहाँले इच्छा नगर्नुभएकाहरूको हृदयलाई उहाँले कठोर पार्नुहुन्छ" भन्ने वचनले मुक्तिको निम्ति परमेश्वरले गर्नुभएको मानिसहरूको चयनतिर होइन, तर कुनै विशेष सेवाको निम्ति परमेश्वरले गर्नुभएको मानिसहरूको चयनतिर सङ्केत गर्दछ, "उहाँले इच्छा गर्नुभएकाहरूलाई मुक्तिको निम्ति होइन तर सेवाको निम्ति चुन्नुहुन्छ" (*The Grace of God, the Will of Man*, पृ. ११४ मा "The Nature of the Divine Sovereignty")।यो तर यो पत्यारलाग्दो व्याख्या होइन किनभने यसको सम्पूर्ण सन्दर्भ निश्चय नै मुक्तिसम्बन्धी छ। पावल भन्छन्, "मेरो हृदयमा असाध्य शोक र मनमा अटूट वेदना छ" र "म त यहाँसम्म पनि चाहन सक्थें कि मेरा भाइहरू र मेरा जातिको नाताले मेरा कुटुम्बहरूका खातिर म नै श्रापित होऊँ, र ख्रीष्टबाट परित्यक्त होऊँ" (रोम ९:२, ३)। यहूदीहरू कुनै विशेष सेवाको निम्ति नचुनिएका कारण होइन, तर तिनीहरूको उद्धार नभएका कारण उनले यसो भनेका थिए ! पद ८ मा उनी सेवाको निम्ति चुनिएकाहरू र नचुनिएकाहरूबारे कुरा गर्दैनन्, तर ती मानिसहरूबारे कुरा गर्छन् जो "परमेश्वरका सन्तान हुन्" र जो होइनन्। उनले पद २२ मा सेवाको निम्ति अवसर गुमाउने केही मानिसहरूबारे होइन, तर "विनाशका लागि तयार पारिएको क्रोधका पात्रहरू"-बारे कुरा गर्छन्। यस सम्पूर्ण सन्दर्भमा विचाराधीन विषय मुक्ति छ।

> पार्नुभएको उहाँका कृपा-पात्रहरूलाई आफ्नो महिमाको सम्पत्ति प्रकट गर्नलाई उहाँले यसो गर्नुभयो – अर्थात् हामी, जसलाई यहूदीहरूबाट मात्र होइन, तर अन्यजातिहरूबाट पनि उहाँले बोलाउनुभएको छ भने, के भयो त ? (रोम ९:२०-२४)।[१७]

पावलले यो मात्र भन्छन् कि एउटा यस्तो बिन्दु छ जहाँबाट उता हामीले परमेश्वरलाई जवाफ दिन सक्दैनौं वा उहाँको न्यायलाई प्रश्न गर्न सक्दैनौं। उहाँले जे गर्नुभएको छ सो उहाँले आफ्नो सर्वसत्ताअनुसार गर्नुभएको छ। उहाँ सृष्टिकर्ता हुनुहुन्छ; हामी उहाँका सृष्टिहरू हौं अनि हाम्रो यस्तो कुनै आधार छैन जसको आड़मा हामीले उहाँलाई पक्षपात वा अन्याय भयो भनी दोषारोपण गर्न सक्छौं।[१८] हामीले पावलका यी शब्दहरू पढ़दा परमेश्वरले यहाँ जे भन्नुहुन्छ अनि उहाँले जे गर्नुहुन्छ सो उहाँ परमेश्वर हुनुहुन्छ र हामी होइन भन्ने कारण मात्र हामीले स्वीकार गर्ने हो वा नगर्ने हो भन्ने निर्णय गर्नुपर्ने हुँदछ। हामी उहाँका सृष्टिहरू हौं अनि हाम्रा सृष्टिकर्ताका रूपमा परमेश्वरसँग हाम्रो सम्बन्धबारे हाम्रो बोधको गहिराइमा यो प्रश्न पुग्दछ।

परमेश्वरले केही मानिसहरूलाई बचाउनुहुन्छ तर सबैलाई बचाउनुहुन्न, यो त अन्यायपूर्ण भयो भनी मानिसहरूले भन्दा अन्यायविरुद्ध यो आपत्तिले किञ्चित् अर्कै रूप लिन्छ। यो आपत्ति मानवजातिमाझ रहेको न्यायको धारणामा आधारित छ जुन धारणा हामी अन्तर्ज्ञात रूपले (intutively) अनुभूत गर्छौं। मानव मामिलाहरूमा हामी यो स्वीकार गर्छौं कि समान मानिसहरूलाई समानतासित व्यवहार गर्नु उचित हो। त्यसकारण यो भन्नु हामीलाई अन्तर्ज्ञात रूपले उपयुक्त देखिन्छ कि परमेश्वरले यदि *केही पापीहरूलाई* बचाउनुहुन्छ भने उहाँले *सबै पापीहरूलाई* बचाउनैपर्दछ। तर यस आपत्तिको उत्तरमा यो भन्नुपर्छ कि मानवजातिमाझ के उपयुक्त छ त्यसबारे हाम्रो अन्तर्ज्ञात अनुभूति परमेश्वरमाथि थोप्ने हाम्रो कुनै अधिकार हुँदैन। धर्मशास्त्रले यस विषयबारे जब पनि छलफल गर्नथाल्छ तब यसले सृष्टिसम्बन्धी परमेश्वरको सर्वसत्तालाई देखाउँछ र यो भन्छ कि उहाँले जस्तो इच्छा गर्नुहुन्छ त्यस्तै प्रकारले

---

[१७]James D. Strauss, "God's Promise and Universal History: The Theology of Romans 9," *Grace Unlimited*-मा यो तर्क गर्छन् कि रोमी ९ मा भएको *"विनाशका लागि तयार पारिएको* क्रोधका पात्रहरू"-लाई क्रोधको लागि "तिनीहरू आफैलाई लायकको पारे" भनी अनुवाद गरिनुपर्दछ (पृ. २००)। तर उनले *katartizo* क्रियापदको यथार्थ निवाचक प्रयोग (Reflexive use)-को उदाहरण दिँदैनन्; जो दिनु यहाँ आवश्यक थियो। BAGD, पृह. ४१७-१८, ले यस कुरामा ध्यानाकर्षित गर्छ कि *कर्मवाच्यलाई अकर्मक क्रियाको* रूपमा प्रयोग गर्न सकिन्छ, तर तिनीहरूले यस क्रियाको कर्तृवाचक प्रत्यक्ष कर्मविना प्रयोग भएको कुनै उदाहरण तिनीहरूले दिँदैनन्। यसबाहेक, क्रोधको स्थानमा Strauss-ले "तिनीहरू आफैलाई लायकको पारे" लेख्नुपर्छ भनी सुझाउ राख्छन्। यो एउटा कुमालेले विभिन्न प्रकारका भाँड़ाहरू बनाइरहेको चित्रसँग मिल्दैन, किनकि भाँड़ाहरूले आफैहरूलाई बनाउन सक्दैन तर कुमालेले ती भाँड़ाहरू बनाउँछन्।

Strauss-ले उठाएका अर्को आपत्ति यो भन्नु हो कि रोमी ९:२०-२३ मा भएको कुमाले र माटोको विम्बविधान पुरानो करारका खण्डहरूबाट लिइएको हो जसले मानिसहरूलाई सित्तैंमा दिइएको पश्चात्ताप र विश्वास तिनीहरूले स्वतन्त्र रूपमा चुनून् भन्ने परमेश्वरको बोलावटमा जोड़ दिन्छन्। तिनले भन्छन् कि यसले परमेश्वरले सर्वसत्तामा तोक्नुभएको पूर्वनियतिको धारणालाई अस्वीकार गर्छ (पृ. १९९)। तर यहाँ Strauss-ले रिफर्मड् दृष्टिकोणलाई भुल बुझ्दछन्, जुन दृष्टिकोणले छनोट गर्नमा मानव उत्तरदायित्व वा मानव स्वेच्छालाई कहिल्यै अस्वीकार गर्दैन।

[१८]थप छलफलको निम्ति हे. John Piper, *The Justification of God: An Exegetical and Theological Study of Romans 9:1-23* (ग्र्यान्ड र्‍यापिड्स : बेकर, १९८३)।

प्राणीसित व्यवहार गर्ने उहाँको अधिकार छ (हे. रोम ९:१९-२०; माथि उद्धृत गरिएको छ)।[१९] परमेश्वरले यदि कुनै प्राणीहरूलाई अन्ततः बचाइनलाई अनि कुनै प्राणीहरूलाई नबचाइनलाई सृष्टि गर्नुभयो भने त्यो उहाँको सर्वसत्ताधारी छनोट थियो र यो कार्य न्यायी थिएन भनी जोरजब्बरजस्ती गर्ने हाम्रो नैतिक वा धर्मसैद्धान्तिक आधार छैन।

**६. परमेश्वरले हरेकलाई बचाउने इच्छा गर्नुहुन्छ भनी बाइबलले भन्छ।** चुनावसम्बन्धी धर्मसिद्धान्तप्रति अर्को आपत्ति यो हो कि यसले धर्मशास्त्रका ती खण्डहरूको खण्डन गर्छ जसले परमेश्वरले सबै बाँचून् भनी इच्छा गर्नुहुन्छ भनी बताउँछ। पावलले हाम्रा उद्धारकर्ता परमेश्वरबारे लेख्छन्, "*सबै मानिसहरूले मुक्ति पाऊन् र तिनीहरू सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ"* (१ तिमो २:४)। अनि पत्रुस भन्छन्, "आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढीलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढीलो गर्नुहुन्न, *तर कोही पनि नष्ट नहोस्,* तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ" (२ पत्र ३:९)। के यी खण्डहरूले परमेश्वरले केही विशेष मानिसहरूलाई मात्र उद्धारका लागि चुन्नुभयो भन्ने धारणालाई खण्डन गर्दैनन् र?

यस प्रश्नबारे एउटा सामान्य समाधान (यस पुस्तकमा प्रतिपादन गरिएको रिफर्मड् परिप्रेक्ष्यबाट) यो भन्नु हुन्छ कि यी पदहरूले परमेश्वरको *प्रकाशित इच्छा* (हामीले के गर्नुपर्ने हो सो बताउँदै)-बारे बताउँछन्, उहाँको *गुप्त इच्छा*बारे (के हुनेछ सोबारे उहाँको अनन्तको योजना)-बारे बताउँदैनन्।[२०] यी पदहरूले हामीलाई केवल यो बताउँछ कि परमेश्वरले हामीलाई पश्चात्ताप गर्ने र मुक्तिको निम्ति ख्रीष्टमा आउने निमन्त्रणा र आदेश दिनुहुन्छ तर को बचाइनेछ सोसम्बन्धी परमेश्वरका गुप्त आदेशहरूबारे तिनीहरूले हामीलाई केही बताउँदैनन्।

परमेश्वरका गुप्त र प्रकाशित गरिएका इच्छाहरू छन् भन्ने धारणाप्रति अर्मिनी ईश्वरशास्त्री Clark Pinnock आपत्ति गर्छन् – उनी यसलाई "मुक्तिसम्बन्धी परमेश्वरीय दुई अति नै विरोधाभासी धारणहरू" भन्छन्।[२१] सबै किन बचाइँदैनन् (अर्मिनी परिप्रेक्ष्यबाट) भन्ने प्रश्नको उत्तर Pinnock-ले वास्तवमा कहिल्यै दिँदैनन्। अर्मिनीहरूले पनि अन्ततः यो भन्नैपर्दछ कि परमेश्वरले सबै मानिसहरूका मुक्तिभन्दा अरू नै कुराको इच्छा अझ प्रबलतासित गर्नुहुन्छ, *किनकि वास्तवमा सबै जना बचाइँदैनन्*। सबै किन बचाइँदैनन् त्यसको कारण यो हो कि परमेश्वरले सबै

---

[१९] I. Howard Marshall, "Predestination in the New Testament," (*Grace Unlimited*, पृ. १३६)-मा विशेष रूपले भन्छन्, "एक दोषी पापीलाई बचाउनु र अर्कोलाई नबचाउनु कसरी एकपक्षीय हुन्छ सो म बुझ्दिनँ।" तर रोमी ९:१८-२० मा पावलको मुख्य बुँदा ठीक त्यही नै भएको देखिन्छ : परमेश्वरले कसैलाई बचाउनुहुन्छ अनि अरूहरूलाई नबचाउनुहुने निर्णय गर्नुहुन्छ, र हामीले सृष्टि गरिएको प्राणीका रूपमा यो अन्यायी भयो भन्ने हाम्रो कुनै अधिकार छैन।

[२०] हे. अ. १३ भित्र, परमेश्वरको प्रकटित इच्छा र गुप्त इच्छा; हे. अ. १६ भित्र। हे. John Piper, "Are There Two Wills in God? Divine Election and God's Desire for All to Be Saved," *The Grace of God, the Bondage of the Will,* सम्पा. Tom Schreiner र Bruce Ware।

[२१] Clark Pinnock, "Introduction," in *Grace Unlimited,* पृ. १३।

मानिसहरूलाई बचाउनुभन्दा पनि मानिसको स्वतन्त्र इच्छालाई जगेरा गरिराख्न *अझ बढ़ी मात्रामा* चाहनुहुन्छ भनी अर्मिनीहरूले दाबी गर्छन्। तर के यो काम पनि परमेश्वरको इच्छाका दुई पक्षहरूमाझ पार्थक्य ल्याउने काम होइन र? एकापट्टि परमेश्वर यो चाहनुहुन्छ कि सबै मानिसहरूले छुटकारा पाऊन् (१ तिमो २:५-६; २ पत्र ३:९), अर्कोपट्टि उहाँले मानिसको परमचयनलाई जगेरा गरिराख्न चाहनुहुन्छ। वास्तवमा उहाँले पहिलो कुराभन्दा दोस्रो कुराको *अझ बढ़ी* इच्छा गर्नुहुन्छ। तर यसको अर्थ यो हो – अर्मिनीहरूले पनि यो भन्नैपर्दछ कि १ तिमोथी २:५-६ र २ पत्रुस ३:९ ले परमेश्वरले सबै मानिसहरूका मुक्ति पूर्णतया वा विनाशर्तको तरिकामा चाहनुहुन्छ। अर्मिनीहरूले पनि यो भन्नैपर्दछ कि यी पदहरूले परमेश्वरको इच्छाको अर्को पक्षतिर इङ्गित गर्दछन्।

परमेश्वरको इच्छाबारे रिफर्मड र अर्मेनी धारणामाझको भिन्नता यहाँ स्पष्ट देखिन्छ। क्यालभिनवादी र अर्मिनी दुवै यस कुरामा सहमत हुन्छन् कि हामीले के गरेका परमेश्वर चाहनुहुन्छ सो धर्मशास्त्रमा भएका उहाँको आज्ञाले प्रकट गरिदिन्छ अनि यस कुरामा दुवै सहमत बन्दछन् कि मुक्तिको निम्ति पश्चात्ताप गर र ख्रीष्टमा विश्वास गर भनी धर्मशास्त्रमा भएको आज्ञाले हामीलाई निमन्त्रणा दिन्छ। त्यसकारण एउटा अर्थमा दुवै समूह यस कुरामा सहमत हुन्छन् कि हामी बचाइयौं भनी परमेश्वरले इच्छा गर्नुहुन्छ – सुसमाचारको निमन्त्रणामा उहाँले प्रस्टै गरी प्रकट गर्नुहुने इच्छा यही नै हो।

तर दुवै पक्षहरूले यो पनि भन्नुपर्दछ कि एउटा यस्तो कुरा छ जसलाई परमेश्वरले सबै मानिसहरूलाई बचाउने कुराभन्दा अझ महत्त्वपूर्ण ठान्नुहुन्छ। सबै मानिसहरूलाई बचाउनुभन्दा परमेश्वरले उहाँको आफ्नै महिमा महत्त्वपूर्ण ठान्नुहुन्छ अनि (रोमी ९ अनुसार) कुनै-कुनै मानिसहरू नबचाइएको तथ्यले पनि परमेश्वरको महिमालाई अझ ठूलो बनाउँछ भनी रिफर्मड ईश्वरशास्त्रीहरूले भन्छन्। अर्मिनी ईश्वरशास्त्रीहरूले पनि यो भन्छन् कि परमेश्वरको निम्ति सबै मानिसहरूका मुक्तिभन्दा अर्को कुरा, अर्थात् *मानिसको स्वतन्त्र इच्छा* अझ महत्त्वपूर्ण छ। यसकारण रिफर्मड प्रणालीमा परमेश्वरको निम्ति सबैभन्दा मूल्यवान् कुरा उहाँको आफ्नै महिमा हो, र अर्मिनी प्रणालीमा परमेश्वरको निम्ति सर्वाधिक मूल्यवान् कुरा मानिसको स्वतन्त्र इच्छा हो। परमेश्वरको स्वभावबारे यी दुईवटा कुराहरू नितान्त भिन्न-भिन्नै धारणाहरू हुन् अनि यो देखिन्छ कि यस प्रश्नसम्बन्धी अर्मेनी दृष्टिकोणभन्दा सुधारवादी दृष्टिकोणलाई धर्मशास्त्रको अत्यधिक प्रस्ट समर्थन छ।[२२]

## ङ. **अस्वीकारसम्बन्धी धर्मसिद्धान्त (The Doctrine of Reprobation)**

उद्धार गरिइनलाई परमेश्वरले उहाँको सर्वसत्तासम्पन्नतामा कुनै मानिसहरूलाई

[२२]परमेश्वरले हामीलाई र सम्पूर्ण विश्व उहाँको आफ्नै महिमाको निम्ति सृष्टि गर्नुभयो भन्ने तथ्यबारे हे. अ. १५ भित्र। यस भिन्नतालाई यसरी राखिएको कुराबारे एक अर्मिनीले आपत्ति उठाएर यसो भन्लान् कि हामीले परमस्वतन्त्र इच्छाद्वारा परमेश्वरलाई रोज्दा उहाँ अझ बढ़ी मात्रामा महिमित हुनुहुन्छ तर यो कुरा अन्तर्बोध वा मानव सादृश्यमा आधारित शङ्काजनक अनुमान मात्र हो र यसलाई धर्मशास्त्रबाट सुस्पष्ट समर्थन छैन। यसबाहेक, दृष्टिकोणमा एकरूपी रहनलाई अर्मिनीवादले परमेश्वरलाई नचुन्ने लाखौं मानिसहरूबारे

चुन्नुहुन्छ र यसैलाई चुनाव भनिन्छ भनी हामीले बुझेपछि, त्यो चुनावको अर्को पक्ष अवश्य नै छ, अर्थात् अरूहरूलाई छोड़दिनुहुने र तिनीहरूलाई नबचाउनुहुने परमेश्वरको सर्वसत्तासम्पन्न निर्णय। विगत अनन्तमा परमेश्वरको यस निर्णयलाई अस्वीकार भनिन्छ। *सृष्टिभन्दा अघि नै, कुनै-कुनै व्यक्तिहरूलाई उपेक्षा गर्ने, तिनीहरूको उद्धार नगर्ने निर्णय गरिएको क्लेशमा, अनि तिनीहरूका पापका निम्ति तिनीहरूलाई दण्ड दिने, र त्यसबाट उहाँको न्याय प्रकट गर्ने परमेश्वरका सर्वसत्तासम्पन्न निर्णय अस्वीकार वा परित्याग (reprobation) हो।*

अस्वीकारसम्बन्धी धर्मसिद्धान्त हामीले सोच्नुपर्ने र स्वीकार गर्नुपर्ने धर्मशास्त्रका सबै शिक्षाहरूमध्ये अनेकौं प्रकारले सर्वाधिक कठिन शिक्षा हो, किनभने यसले परमेश्वरको स्वरूपमा बनाइएको मानव प्राणीहरूको यस प्रकारका डरलाग्दा र अनन्त परिणामहरूबारे छलफल गर्छ।

हाम्रा सङ्गी मानव प्राणीहरूका निम्ति परमेश्वरले हामीलाई दिनुहुने प्रेम र हाम्रा छिमेकीहरूप्रति हामीमा प्रेम हुनुपर्दछ भनी उहाँले दिनुभएको आज्ञाले हामीलाई यस धर्मसिद्धान्तदेखि पछि हट्नेहरू बनाउँछ अनि यस धर्मसिद्धान्तबारे चिन्तन गर्दा हामीमा यस्तो भय अनुभूति हुनु उचित हो।[२३] यो यस्तो कुरा हो जसलाई हामी तबसम्म विश्वास गर्न चाहन्नौं, जबसम्म धर्मशास्त्रले त्यसबारे स्पष्टतः सिकाउँदैन।

तर के परमेश्वरद्वारा गरिने यस्तो निर्णयबारे बताउने धर्मशास्त्रका खण्डहरू छन्? निश्चय नै यस्ता केही खण्डहरू छन्। यहूदाले केही व्यक्तिहरूबारे बताउँछन् जो "*धेरै अघिदेखि नै दण्डका भागीदार ठहरिएका*" थिए र जो "ईश्वरहीन मानिसहरू हुन्, जसले हाम्रा परमेश्वरको अनुग्रहलाई विलासितामा परिणत गरेका छन्, र हाम्रा एक मात्र स्वामी र प्रभु, येशू ख्रीष्टलाई इन्कार गरेका गर्छन्" (यहूदा ४)।

यसबाहेक, माथि बताइएको खण्डमा पावलले फारो र अरूहरूबारे उसरी नै बताउँछन् :

> किनकि धर्मशास्त्रले फारोलाई भन्छ, "म मेरो शक्ति तँमा देखाऊँ, र सारा पृथ्वीमा मेरो नाउँको घोषणा गरिओस् भन्ने अभिप्रायले मैले तँलाई खड़ा गरें।" यसकारण उहाँले इच्छा गर्नुभएकाहरूलाई उहाँले कृपा गर्नुहुन्छ, र उहाँले इच्छा गर्नुभएकाहरूको हृदयलाई उहाँले कठोर पार्नुहुन्छ। ... यदि परमेश्वरले आफ्नो क्रोध प्रकट गर्न र आफ्नो शक्ति प्रदर्शन गर्नलाई विनाशको लागि तयार पारिएको क्रोधका पात्रहरूलाई अत्यन्त धैर्यसाथ सहनुभएको छ भने, के भयो त? (रोम ९:१७-२२)।

परमेश्वरले सबैलाई मुक्तिको निम्ति चुन्नुभएन भन्ने कुराको परिणामसम्बन्धी पावल भन्छन्, "तर चुनिएकाहरूले त्यो प्राप्त गरे। अरू सबैचाहिँ कठोर बने" (रोम

पनि लेखाजोखा गर्नुपर्दछ र तिनीहरूले यो मान्नैपर्दछ कि परमेश्वरको विरुद्धमा निर्णय लिने लाखौं मानिसहरूका स्वतन्त्र चयनहरूद्वारा पनि परमेश्वर अझ बढ़ी मात्रामा महिमित हुनुहुन्छ – यसो होइन भने, परमेश्वरले तिनीहरूलाई विद्रोही यो स्वतन्त्र चयन गरिरहन किन दिनुहुन्छ?

[२३]अस्वीकारबारे Calvin भन्छन्, "म स्वीकार गर्छु कि त्यो आदेश वास्तवमै भयावह छ।" *Institutes,* 3.23.7 (2:955); तर यो कुरालाई ध्यानमा राख्नुपर्दछ कि ल्याटिन शब्द *horribilis*-को अर्थ "घृणास्पद" होइन तर "भयावह, भयभीत बनाउने" हो।

११:७)। अनि सुसमाचारलाई इन्कार गर्नेहरूबारे पत्रुस भन्छन्, "किनकि तिनीहरू वचन उल्लङ्घन गर्छन् र लोट्छन्। *तिनीहरूका निम्ति यस्तै हुन तोकिएको थियो*" (१ पत्र २:८)।[२४]

यस धर्मसिद्धान्तदेखि हामी पछि हट्छौं भन्ने तथ्य हुँदाहुँदै पनि परमेश्वर र धर्मशास्त्रका यी खण्डहरूप्रति हाम्रो मनोवृत्तिसम्बन्धी हामी होसियार बन्नुपर्दछ। बाइबल अर्कै प्रकारले लेखिएको भए पनि हुनेथियो वा यसमा यी पदहरू नभएका भए पनि हुनेथियो भन्ने इच्छा गर्न हामीले कहिल्यै थाल्नु हुँदैन। यसबाहेक, यी पदहरूले अस्वीकारबारे शिक्षा दिन्छ भन्ने हाम्रो दृढ धारणा छ भने र हामीले यसबारे सोच्दा हामी डरमा कामे तापनि यो परमेश्वरको पक्षमा न्यायोचित र न्यायसङ्गत छ भनी यसलाई विश्वास र स्वीकार दुवै गर्न हामी बाध्य छौं। यही सन्दर्भमा यो कुरा हाम्रो निम्ति छक्क पार्ने तथ्य हुनजाला कि परमेश्वरले कुनै-कुनै मानिसहरूबाट मुक्तिको ज्ञान गुप्त राखिदिनुभएकोमा र यसलाई अरू मानिसहरूकहाँ प्रकट गरिदिनुभएकोमा येशूले परमेश्वरलाई धन्यवाद दिन सक्नुहुन्छ, "येशूले भन्नुभयो, 'हे पिता, स्वर्ग र पृथ्वीका प्रभु, म तपाईंमा धन्यवाद चढाउँछु, किनकि तपाईंले यी कुरा बुद्धिमान् र समझदारबाट गुप्त राख्नुभयो, तर बालकहरूलाई ती प्रकट गर्नुभयो। हो, पिता, किनकि तपाईंलाई यही असल लाग्यो'" (मत्ती ११:२५-२६)।

यसबाहेक, हामीले यो कुरा बुझ्नैपर्दछ कि परमेश्वरको विवेकअनुसार केही मानिसहरूलाई गरिएको अस्वीकार र तिनीहरूलाई दिइएको अनन्त दण्डको तथ्यले परमेश्वरको न्याय देखाउँछ अनि त्यसको परिणाम उहाँको महिमा हुन्छ। पावल यो पनि भन्छन्, "यदि परमेश्वरले आफ्नो क्रोध प्रकट गर्न र आफ्नो शक्ति प्रदर्शन गर्नलाई विनाशको लागि तयार पारिएको क्रोधका पात्रहरूलाई अत्यन्त धैर्यसाथ सहनुभएको छ भने, के भयो त ?" (रोम ९:२२)। पावलले यस तथ्यमा पनि ध्यान दिन्छन् कि "क्रोधका पात्रहरू"-लाई यस प्रकारको दण्डले हामीप्रति परमेश्वरको कृपाको महानता देखाउँछ: परमेश्वरले "उहाँका कृपा-पात्रहरूलाई आफ्नो महिमाको सम्पत्ति प्रकट गर्नलाई ... यसो गर्नुभयो" (रोम ९:२३)।

हामीले यस कुरामाथि पनि ध्यान दिनुपर्दछ कि *बाइबलले जुन रूपमा चुनाव र अस्वीकारलाई प्रस्तुत गरेको छ, तीबीच महत्त्वपूर्ण भिन्नताहरू छन्*। मुक्तिको निम्ति गरिएको चुनावलाई रमाहट गर्ने र परमेश्वरलाई प्रशंसा चढ़ाउने कारणको रूपमा हेरिएको छ, जुन परमेश्वर प्रशंसायोग्यका हुनुहुन्छ र जसले हाम्रा मुक्तिको सबै श्रेय प्राप्त गर्नुहुन्छ (हे. एफि १:३-६; पत्र १:१-३)। हाम्रो मुक्तिको निम्ति हामीलाई सक्रियतापूर्वक खोजिरहनुभएको अनि उहाँले यो काम प्रेम र आनन्दसित गरिरहनुभएको रूपमा परमेश्वरलाई हेरिन्छ। तर अस्वीकारलाई एउटा यस्तो कामको रूपमा हेरिन्छ जसले परमेश्वरलाई आनन्द होइन, शोक ल्याउँछ (हे. इज ३३:११),

---

[२४]यस पदबारे छलफलको निम्ति हे. Wayne Grudem, *1 Peter*, पृ. १०७-१०। यस पदले यो मात्र भन्दैन कि आज्ञा नमान्नेहरू लोटून् भनी परमेश्वरले अघिबाटै तोकिदिनुभएन तर कुनैकुनै *मानिसहरूले* अटेरी गरून् र लोटून् भनी तोकिदिइरहनुभएको कुरा बताउँछ, "तिनीहरूका निम्ति यस्तै हुन तोकिएको थियो।" (ग्रीक क्रियापद *etethesan*, अर्थात्, "तिनीहरूका निम्ति तोकिएको थियो"-लाई बहुवचन कर्ता (उद्देश्य) आवश्यक पर्छ।

अनि पापीहरूले पाएका दण्डको निम्ति दोष कहिल्यै पनि परमेश्वरलाई होइन तर मानिसहरू वा विद्रोह गर्ने स्वर्गदूतहरूलाई दिइन्छ. (हे. यूह ३:१८-१९; ५:४०)। यसकारण धर्मशास्त्रले प्रस्तुत गरेअनुसार, चुनावको कारण परमेश्वरमा हुन्छ, अनि अस्वीकारको कारण पापीमा हुन्छ। अर्को महत्त्वपूर्ण भिन्नता यो हो कि चुनावको आधार परमेश्वरको अनुग्रह हो, जबकि अस्वीकारको आधार परमेश्वरको न्याय हो। त्यसकारण "दुईधारे पूर्वनियति" उपयोगी वा सही वाक्यांश होइन किनभने यसले चुनाव र अस्वीकारमाझ भएका भिन्नताहरूलाई उपेक्षा गर्छ।

दुष्टको मृत्युमा परमेश्वरको शोकले ("दुष्टहरूको मृत्युमा म खुशी हुन्न, तर तिनीहरूले आफ्नो चाल त्यागेर बाँचून् भनी म चाहन्छु," इज ३३:११) हामीलाई यो बुझ्न सहायता गर्छ कि ख्रीष्टलाई इन्कार गर्ने यहूदीहरूबारे पावलले सोच्दा उनी स्वयम्ले त्यो महाशोक अनुभूति गर्न कति उपयुक्त थियो। पावल भन्छन् :

> म ख्रीष्टमा साँचो बोलिरहेछु, मैले ढाँटेको छैनँ। मेरो विवेकले पवित्र आत्मामा मलाई गवाही दिन्छ। मेरो हृदयमा असाध्य शोक र मनमा अटूट वेदना छ। म त यहाँसम्म पनि चाहन सक्थें कि मेरा भाइहरू र मेरो जातिको नाताले मेरा कुटुम्बहरूका खातिर म नै श्रापित होऊँ र ख्रीष्टबाट परित्यक्त होऊँ ! तिनीहरू इस्राएलीहरू हुन् ..." (रोम ९:१-४)

अविश्वासीहरूका नियतिबारे सोच्दा हामीले पनि यो महाशोक अनुभूति गर्नुपर्छ।

तर यहाँ यस बुँदामा आपत्ति गरिएला कि यदि परमेश्वरले दुष्टहरूलाई दिइने दण्डमा यथार्थ शोक अनुभूति गर्नुहुन्छ भने उहाँले किन यस्तो हुन दिनुहुन्छ वा यस्तै होस् भन्ने आदेश किन निकाल्नुहुन्छ ? यसको उत्तर यो हुनुपर्दछ कि परमेश्वर जान्नुहुन्छ कि अन्ततः यसको परिणाम उहाँ स्वयम्को निम्ति अझ महान् महिमा हुनेछ। यसले उहाँका शक्ति र क्रोध अनि न्याय र कृपा यसरी देखाउनेछ जो अन्यथा प्रदर्शन गर्न सकिँदैन। हाम्रो आफ्नै मानव अनुभवमा यस्तो कुनै काम गर्न निश्चय नै सम्भव छ जसले हामीलाई ठूलो शोक दिन सक्छ, तर जसको परिणाम अझ ठूलो दीर्घकालीन भलाइ हुनेछ भनी हामी जान्दछौं। यो क्षीण मानव उपमापछि हामीले जसरी भए पनि यो बुझ्नेछौं कि परमेश्वरले यस्तो आदेश दिन सक्नुहुन्छ जसले उहाँलाई शोक दिन सक्छ तर पनि उहाँको महिमालाई यसले अन्ततः अझ अधिक बनाउनेछ।

### च. चुनावसम्बन्धी धर्मसिद्धान्तको व्यावहारिक प्रयोग

परमेश्वरसँग हाम्रो आफ्नै सम्बन्धको सन्दर्भमा, चुनावसम्बन्धी धर्मसिद्धान्तको महत्त्वपूर्ण व्यावहारिक प्रयोग निश्चय नै छ। हामीले चुनाव र अस्वीकारसम्बन्धी बाइबलीय शिक्षाबारे सोच्दा, यसलाई हामी एक-एकको जीवनमा प्रयोगमा ल्याउनु उपयुक्त हुँदछ। यो प्रश्न गर्नु हरेक ख्रीष्टियानको निम्ति उचित हुन्छ, "म किन ख्रीष्टियान ? परमेश्वरले मलाई उद्धार गर्नुहुने अन्तिम कारण के हो ?"

चुनावसम्बन्धी धर्मसिद्धान्तले हामीलाई यो भन्छ कि म यसकारण मात्र ख्रीष्टियान

हुँ कि परमेश्वरले विगत अनन्तमा ममाथि उहाँको प्रेम राख्ने निर्णय गर्नुभयो। तर उहाँले किन ममाथि उहाँको प्रेम राख्ने निर्णय गर्नुभयो? ममा भएको कुनै पनि भलोपनको कारण होइन तर यसकारण मात्र कि मलाई प्रेम गर्ने उहाँले निर्णय लिनुभयो। यसबाहेक अन्य कुनै थप अन्तिम कारण छैन।

यस प्रकारले सोच्ने कामले हामीलाई परमेश्वरको सामु नम्र तुल्याउँछ। यसले हामीलाई यो बुझाउँछ कि परमेश्वरको अनुग्रहमाथि हाम्रो कुनै पनि किसिमको दाबी हुँदैन। हाम्रो मुक्ति पूर्ण रूपले अनुग्रहको कारण मात्र हो। हाम्रो एउटै मात्र समुचित प्रतिक्रिया परमेश्वरलाई अनन्त प्रशंसा दिनु हो।

## व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. परमेश्वरले संसार सृष्टि गर्नुभन्दा पहिले नै तपाईंलाई उद्धार गर्न व्यक्तिगत रूपमा चुन्नुभयो भनी के तपाईं ठान्नुहुन्छ? के उहाँले यो काम तपाईंले ख्रीष्टलाई विश्वास गर्नुहुनेछ भनी उहाँले जान्नुभएको तथ्यको आधारमा गर्नुभयो? वा उहाँको दृष्टिमा तपाईंलाई योग्यका बनाउने कुनै कुरा उहाँले पहिले नै देख्नुभएको आधारमा नभएर के यो "शर्तहीन चुनाव" थियो? तपाईंले यस अघिको प्रश्नको उत्तर जसरी नै दिनुभएको भए तापनि, तपाईंले आफैलाई परमेश्वरको सम्बन्धमा रहनुभएको सोच्नुहुँदा, तपाईंको उत्तरले तपाईंलाई कस्तो अनुभूति गराउँछ?

२. के चुनावसम्बन्धी धर्मसिद्धान्तले तपाईंलाई आफ्नो भविष्यबारे कुनै सान्त्वना वा आश्वासन दिन्छ?

३. यो अध्याय पढ्सिक्नुभएपछि, के तपाईंलाई साँच्चै नै यस्तो अनुभूति हुन्छ कि परमेश्वरले तपाईंलाई उद्धारको निम्ति चुन्नुभएको कारण तपाईंले उहाँलाई धन्यवाद दिनुपर्दछ वा उहाँको प्रशंसा गर्नुपर्दछ? परमेश्वरले सबै मानिसहरूलाई उद्धार दिनहुने निर्णय गर्नुभएन भन्ने तथ्यमा के तपाईंले कुनै अन्याय अनुभव गर्नुहुन्छ?

४. यस अध्यायमा चुनावसम्बन्धी धर्मसिद्धान्त जुन रूपमा प्रस्तुत गरिएको छ, के त्यसले तपाईंको निजी व्यक्तिताबारे तपाईंको अनुभूतिमा ह्रास ल्याउँछ वा तपाईं परमेश्वरको हातमा रोबर्ट वा कठपुतलीसरह हुनुहुन्छभन्ने तपाईंलाई अनुभूति गराउँछ? के तपाईंलाई लाग्छ कि यसले तपाईंलाई यस्तै अनुभूति दिनुपर्दछ?

५. प्रचारको काममा तपाईंको अभिप्रेरणामा यस अध्यायले कस्तो प्रभाव पार्ला भन्ने तपाईंलाई लाग्छ? के यो सकारात्मक प्रभाव हो वा नकारात्मक? के तपाईं यस्ता कुनै तरिकाहरूबारे सोच्न सक्नुहुन्छ जसअनुसार सुसमाचार प्रचारको काममा चुनावसम्बन्धी धर्मसिद्धान्तलाई सकारात्मक प्रोत्साहनको रूपमा प्रयोग गर्न सकिएला (हे. १ थेस १:४-५; २ तिमो २:१०)?

६. तपाईंले चुनावको प्रश्नसम्बन्धी रिफर्मड वा आर्मिनी परिप्रेक्ष्य अपनाउनुभए

पनि वा नभए पनि तपाईंको भन्दा *विपरीत* दृष्टिकोण लिनेहरूका ख्रीष्टियान जीवनमा तपाईंले भन्दा अझ बढ़ी मात्रामा कुनै किसिमका सकारात्मक लाभहरू प्रायः नै भएका अनुमान गर्न सक्नुहुन्छ? विपरीत दृष्टिकोणसित तपाईं सहमत हुनुहुन्न, तर पनि के त्यसबाट ख्रीष्टियान जीवनबारे तपाईंले सिक्न सक्ने केही उपयोगी चिन्तन वा व्यावहारिक सत्यताहरू सूचीबद्ध गर्न सक्नुहुन्छ? के यस प्रश्नसम्बन्धी अझ ठूलो समझदारी र थोरै फूट ल्याउनलाई क्यालभिनवादी र अर्मिनीहरूले गर्न सक्ने कुनै काम छ?

## विशेष शब्दावली

| | | | |
|---|---|---|---|
| नियतिवाद | (determinism) | पूर्वज्ञान | (foreknowledge) |
| चुनाव | (election) | पूर्वनियति | (predestination) |
| भाग्यवाद | (fatalism) | अस्वीकार | (reprobation) |

## पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे.। सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट चयनित खण्डहरू

१. एङ्ग्लिकन (इपिस्कपलियन)
   - १९३० थोमस, २३६-५७
   - १८८२-९२ मिली, २:६५-२४०

२. अर्मिनी (वेजलियन वा मेथडिस्ट)
   - १८४७ फिनी, ४८१-५१५
   - १८७५-७६ पोप, २:३६३-६७
   - १८९२-९४ मिली, २:२५४-३०८
   - १९४० विली, २:३३५-५७

३. ब्याप्टिस्ट
   - १७६७ गिल, १:२५१-८८; ३००-३०६
   - १८८७ बोइस्, ३४१-६७
   - १९०७ स्ट्रङ्ग, ७७९-९०
   - १९१७ म्यूलिन्स्, ३३८-३५८
   - १९८३-८५ एरिक्सन, ९०७-२८

४. डिसपेन्सेशनल
   - १९४७ शेफर, ३:१६५-८२
   - १९४९ थीसन, २५७-६३

१९८६ राइरि ३१०-१८

५. लुथरन

१९१७-२४ पाइपर, ३:४७३-५०६

१९३४ म्यूएलर, ५८५-६१२

६. रिफमर्ड (वा प्रेज्बिटरियन)

१५५९ क्यालभिन, २:९२०-८६ (३.२१-२४)

१८६१ हिपि १५०-८९

१८७१-७३ होज, २:३१३-५३

१८७८ डेबनी, २२३-४६

१८८७-१९२१ वारफील्ड, *BTS,* 270-333; *SSW,* 1:103-11, 285-98; *BD* 3-70; *PS* 13-112

१९३७-६६ मरे, *CW,* 1:119-23; *CW,* 2:123-31; *RRA,* 79-87

१९३८ बर्खोफ, १०९-२५

१९६२ बुसवेल, २:१३३-५६

७. रीन्यूअल (वा क्यारिज्म्याटिक्/पेन्टिकोस्टल)

१९८८-९२ विल्यम्स्, २:१३-२२

### रोमन क्याथलिक प्रणालीगत ईश्वरशास्त्रहरूबाट प्रातिनिधिक खण्डहरू

१. रोमन क्याथलिक : परम्परावादी

१९५५ ओट, २४२-४६

२. रोमन क्याथलिक : भेटिकनोत्तर द्वितीय

१९८० म्याकब्राइन, (कुनै स्पष्ट छलफल छैन)

### अन्य पुस्तकहरू/लेखहरू

Basinger, David, and Randall Basinger, eds. *Predestination and Free Will.* Downers Grove, Ill.: InterVarsity Press, 1985.

Berkouwer, G. C. *Divine Election.* Trans. by Hugo Bekker. Grand Rapids: Eerdmans, 1960.

Carson, D.A. *Divine Sovereignty and Human Responsibility: Biblical Perspectives in Tension.* Atlanta: John Knox Press, 1981.

Coppedge, Allan. *John Wesley in Theological Debate.* Wilmore, Ky.: Wesley Heritage Press, 1987.

Feinberg, John S. “God Ordains All Things." *In Predestination and Free Will: Four Views of Divine Sovereignty and Human Freedom.* David Basinger & Randall Basinger, eds. Downers Grove, Ill.: InterVarsity Press,1986.

Godfrey, William R. “Predestination." In *NDT,* pp. 528-30.

Klein, William W. *The New Chosen People : A Corporate View of*

*Election.* Grand Rapids: Zondervan, 1990.
Klooster, F. H. "Elect, Election." In *EDT,* pp. 348-49.
Nettles, Thomas. *By His Grace and for His Glory: A Historical, Theological and Practical Study of the Doctrines of Grace in Baptist Life.* Grand Rapids: Baker Book House, 1986.
Packer, J. I. "Election." In *IBD,* Vol. 1, pp. 435-38.
Pinnock, Clark H., ed. *Grace Unlimited.* Minneapolis: Bethany, 1975.
______. *The Grace of God, the Will of Man: A Case for Armenianism.* Grand Rapids: Zondervan, 1989.
Piper, John. *The Justification of God: An Exegetical and Theological Study of Romans 9:1-23.* Grand Rapids: Baker, 1983.
Poythress, Vern. "Using Multiple Thematic Centers in Theological Synthesis: Holiness as a Test Case in Developing a Pauline Theology." Unpublished manuscript available from the Campus Bookstore, Westminster Theological SÉinary, P.O. Box 27009, Philadelphia, PA., 19118. (a study on Pauline thÉes used to describe the application of redÉption)
Reid, W. S. "Reprobation." In *EDT,* p. 937.
Schreiner, Thomas and Bruce Ware, editors. *The Grace of God, the Bondage of the Will: A Case for Calvinism* (proposed title). 2 vols. Forthcoming: Grand Rapids: Baker, projected in 1995.
Shank, R. *Elect in the Son: A Study of the Doctrine of Election.* Springfield, Mo.: Westcott, 1970.
Sproul, R. C. *Chosen by God.* Wheaton, Ill.: Tyndale, 1986.
Steele, David N. and Curtis C. Thomas. *The Five Points of Calvinism – Defined, Defended, Documented.* International Library of Philosophy and Theology:
Biblical and Theological Studies, ed. J. Marcellus Kik. Phillipsburg, N.J.: Presbyterian and Reformed, 1963.
Storms, C. Samuel. *Chosen for Life: An Introductory Guide to the Doctrine of Divine Election.* Grand Rapids: Baker, 1987.
Warfield, B. B. *The Plan of Salvation.* Grand Rapids: Eerdmans, 1942.
______. "Predestination." In *Biblical and Theological Studies.* Philadelphia: Presbyterian and Reformed, 1952.

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**एफिसी १:३-६ :** *हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्‍वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिष्‌ले ख्रीष्टमा आशीर्वाद दिनुभएको छ। उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्‍नुभयो। उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो, यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्।*

**भजन**

"हुन्छ समाप्त जब क्षणभङ्गुर यो संसार"

यस भजनले हामीलाई यो स्मरण गराउँछ कि हामी स्वर्गमा भएपछि र हामीले हाम्रा जीवनलाई फर्केर हेर्दा हामी यो बुझ्नेछौं कि हामीले यस जीवनमा बुझेका भन्दा पनि धेरै मात्रामा हामी परमेश्वरको कृपा र अनुग्रहको ऋणी छौं। अन्तिम पङ्क्तिले विशेष गरी यस तथ्यमा जोड़ दिन्छ कि हाम्रो चुनाव हामीमा भएको कुनै असल गुणमा आधारित छैन – "ममा भएको भलोपनको कारण छनोट गरिएको होइन।"

हुन्छ समाप्त जब क्षणभङ्गुर यो संसार,
चकिलो घाम डुब्छ जब पारिपट्टि,
उभिन्छौं जब महिमामा ख्रीष्टसँग हामी,
फर्केर हेर्दै सकिएको जीवनको कथालाई,
जान्नेछु पूर्ण रूपमा तब प्रभु,
तर होइन त्यस बेलासम्म, ऋणी कति छु म तपाईंको।

सुन्दछु जब म दुष्ट बोलावट,
हामफाल्न भन्ने चट्टान र पहाड़हरूमाथि,
देख्छु जब तिनीहरूलाई चाउरिँदैगएका,
जलप्रलयको जल्दो किनारमा,
जान्नेछु पूर्ण रूपमा तब प्रभु,
तर होइन त्यस बेलासम्म, ऋणी कति छु म तपाईंको।

उभिन्छु जब तपाईको सिंहासनअगि,
वस्त्र धारण गरेर तर आफ्नै सौन्दर्यमा होइन,
देख्छु तपाईंलाई जस्तो तपाईं हुनुहुन्छ त्यस्तै,
गर्छु प्रेम तपाईंलाई पाप नगर्ने हृदयले,
जान्नेछु पूर्ण रूपमा तब प्रभु,
तर होइन त्यस बेलासम्म, ऋणी कति छु म तपाईंको।

सुन्छु जब प्रशंसा स्वर्गको,
गर्जिने चटचाङ्गजस्तै कानमा,
धेरै खोलानालाको ध्वनिजस्तै
वीणाको मीठो सुरिलो आवाजजस्तै,
जान्नेछु पूर्ण रूपमा तब प्रभु,
तर होइन त्यस बेलासम्म, ऋणी कति छु म तपाईंको।

ममा भलोपन भएको कारण चुनिएको होइन,
भाग्नुपर्ने क्रोधबाट बिउँझाइएको म,
लुकाइएको मुक्तिदाताको कोखमा,
शुद्ध बनाइएको पवित्र आत्माद्वारा,
जान्नेछु पूर्ण रूपमा तब प्रभु,
सिकाउनुहोस् मलाई प्रभु, देखाउन पृथ्वीमा
मेरो प्रेमद्वारा कति छु ऋणी म तपाईंको।

*रचयिता* : Robert Murray Mccheyne, 1837

अध्याय ३३

# सुसमाचारको बोलावट र प्रभावकारी बोलावट

# The Gospel Call and Effective Calling

***सुसमाचारको सन्देश के हो?***
***यो कसरी प्रभावकारी बन्दछ?***

## व्याख्या र धर्मशास्त्रीय आधार

परमेश्‍वरले हाम्रो जीवनमा जसरी मुक्ति ल्याउनुहुन्छ सोबारे बताउँदा पावल भन्छन्, "जस-जसलाई उहाँले *अघिबाटै नियुक्त गर्नुभयो,* तिनीहरूलाई उहाँले *बोलाउनु पनि भयो,* र जस-जसलाई उहाँले बोलाउनुभयो, तिनीहरूलाई उहाँले *धर्मी पनि ठहराउनुभयो* र जस-जसलाई धर्मी ठहराउनुभयो तिनीहरूलाई उहाँले *महिमित पनि पार्नुभयो*" (रोमी ८:३०)। जुन विशेष अनुक्रममा (order) मुक्तिको आशिष् हामीकहाँ आउँछ त्यो पावल यहाँ देखाउँछन्। धेरैअघि, संसार बनाइनुभन्दा पनि अघि, परमेश्‍वरले हामीलाई उहाँका सन्तान हुनलाई र उहाँका पुत्रको रूपसमान बन्नलाई (to be conformed to) "अघिबाटै नियुक्त गर्नुभयो," तथापि पावल यो सत्यतातिर इङ्गित गर्छन् कि हाम्रो जीवनमा उहाँको उद्देश्य पूरा हुनका लागि परमेश्‍वरले हामीलाई "बोलाउनुभयो" (यहाँ यस सन्दर्भमा, यहाँ विशेष रूपले पिता परमेश्‍वरमा ध्यान दिइएको छ)। यसको तत्कालैपछि पावल यो देखाउँछन् कि बोलावटपछि आउने कुराहरू धर्मीकरण र महिमाकरण हुन्। पावल सङ्केत गर्छन् कि परमेश्‍वरको उद्धारकारी उद्देश्यमा एउटा निश्‍चित अनुक्रम छ (यद्यपि हाम्रो मुक्तिको प्रत्येक पक्ष यहाँ उल्लेख गरिएको छैन)। यसकारण मुक्तिबारे हाम्रो अनुभवका विभिन्न पक्षहरूको छलफल हामी "बोलावट" शीर्षकसित आरम्भ गर्नेछौं।

### क. प्रभावकारी बोलावट

"जस-जसलाई उहाँले *अघिबाटै नियुक्त गर्नुभयो,* तिनीहरूलाई उहाँले *बोलाउनु पनि भयो,* र जस-जसलाई उहाँले बोलाउनुभयो, तिनीहरूलाई उहाँले *धर्मी पनि ठहराउनुभयो*" (रोम ८:३०) भनी पावलले भन्दा उनले यो देखाउँछन् कि बोलावट

परमेश्वरको एउटा काम हो। वास्तवमा बोलावट विशेष गरी पिता परमेश्वरको काम हो किनभने मानिसहरू "उहाँका पुत्रको रूपसमान" बनोस् भनी अघिबाटै नियुक्त गर्नुहुने उहाँ नै हुनुहुन्छ (रोम ८:२९)। यो बोलावट के हो भन्नेबारे अरू खण्डहरूले अझ विस्तारित रूपमा वर्णन गर्छन्। परमेश्वरले यस्तो शक्तिशाली ढङ्गमा मानिसहरूलाई बोलाउनुहुँदा उहाँले तिनीहरूलाई "अन्धकारदेखि उहाँको उदेकको ज्योतिमा" (१ पत्र २:९) बोलाउनुहुन्छ; उहाँले तिनीहरूलाई "उहाँका पुत्र … ख्रीष्टको सङ्गतिमा" (१ कोर १:९; तु. प्रे २:३९) अनि "उहाँको आफ्नै राज्य र महिमामा" बोलाउनुहुन्छ (१ थेस २:१२; तु. १ पत्र ५:१०; २ पत्र १:३)। परमेश्वरद्वारा बोलाइएका मानिसहरू "येशू ख्रीष्टका हुन्" (रोम १:६)। तिनीहरू "सन्तहरू हुन" बोलाइएका छन् (रोम १:७; १ कोर १:२) अनि तिनीहरू शान्तिको (१ कोर ७:१५; कल ३:१५), स्वतन्त्रताको (गला ५:१३), आशाको (एफि १:१८; ४:४), पवित्रताको (१ थेस ४:७), धैर्यपूर्वक कष्ट भोगाइको (१ पत्र २:२०-२१; ३:९), र अनन्त जीवनको (१ तिमो ६:१२) राज्यमा आएका छन्।

यी पदहरूले यो देखाउँछन् कि यो बोलावट कुनै शक्तिहीन र केवल मानव बोलावट होइन। यो बोलावट वास्तवमा विश्वका राजाबाट आएको एक प्रकारको "आदेशात्मक आव्हान" हो र यसमा यस्तो शक्ति छ जुन शक्तिले मानिसहरूका हृदयमा यसले चाहेका प्रतिक्रियाहरू उत्पन्न गर्न सक्छ। परमेश्वरको यो यस्तो कार्य हो जसले प्रतिक्रिया हुन्छ नै भन्ने *प्रत्याभूति दिन्छ* किनभने पावल रोमी ८:३० मा विशेष गरी उल्लेख गर्छन् कि जस-जसलाई "बोलाइयो" तिनीहरूलाई "धर्मी पनि ठहराइयो"।[1] हामीलाई अन्धकारको राज्यबाट बाहिर बोलाउने र परमेश्वरको राज्यमा ल्याउने यस बोलावटको क्षमता छ, ताकि हामी उहाँसँग पूर्ण सङ्गतिमा प्रवेश गर्न सकौं, "परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसद्वारा *उहाँका पुत्र* हाम्रा प्रभु येशू ख्रीष्ट*को सङ्गतिमा तिमीहरू बोलाइयौ"* (१ कोर १:९)।[2]

सबै मानिसहरूलाई दिइने र कति मानिसहरूले अस्वीकार गर्ने सुसमाचारको सामान्य निमन्त्रणाभन्दा परमेश्वरको यो शक्तिशाली कार्य भिन्नै हो भनी देखाउनलाई यसलाई प्रायः नै *प्रभावकारी बोलावट* (effective calling) भनिन्छ। तर यो भनाइको तात्पर्य यो होइन कि यसमा सुसमाचारको घोषणा हुँदैन। वास्तवमा, परमेश्वरको प्रभावकारी बोलावट मानिसले प्रचार गरेको सुसमाचारको *माध्यमबाट* नै आउँछ किनभने पावल भन्छन्, "यसैको निम्ति *हाम्रो सुसमाचारद्वारा* हाम्रा प्रभु येशू ख्रीष्टको महिमा प्राप्त गर्न उहाँले तिमीहरूलाई बोलाउनुभयो" (२ थेस २:१४)। सुसमाचारको सामान्य बोलावट सुन्ने तर यसलाई विश्वास नगर्ने धेरै मानिसहरू निश्चय नै छन्। तर कुनै मामिलाहरूमा सुसमाचारको बोलावटलाई पवित्र आत्माको कामद्वारा मानिसहरूका हृदयमा यति प्रभावकारी बनाइन्छ कि तिनीहरूले यसलाई सुन्छन् र

---

[1]हे. अ. ३६ मा धर्मीकरणबारे छलफल।

[2]१ थेस २:१२ ले "जसले तिमीहरूलाई उहाँको आफ्नै राज्य र महिमामा" बोलाउनुहुने परमेश्वरबारे बताउँछ, तर हामीले यदि सुअनुप्रमाणित मूलपाठको पाठान्तर *kalesantos* (सामान्य भूतकालको कृदन्ती)-लाई ठीक हो भनी मानिलिएर उक्त वाक्यलाई "*जसले तिमीहरूलाई उहाँको आफ्नै राज्य र महिमामा बोलाउनुभएको छ*" भनी अनुवाद गर्‍यौं भने, यो वाक्य अझ बढ़ी मात्रामा १ कोरन्थी १:९ जस्तै हुनेथियो।

विश्वास गर्छन्, यस्तो अवस्थामा हामी यो भन्न सक्छौं कि तिनीहरूले "प्रभावकारी बोलावट" प्राप्त गरेका छन्।[३]

प्रभावकारी बोलावटलाई हामी यसरी परिभाषित गर्न सक्छौं – *प्रभावकारी बोलावट पिता परमेश्वरको कार्य हो, जसमा मानिसले गरेको सुसमाचार घोषणाको माध्यमबाट बोल्नुहुँदै, उहाँले मानिसहरूलाई यस्तो आदेशात्मक तरिकामा आफूकहाँ बोलाउनुहुन्छ कि तिनीहरूले उद्धारकारी विश्वासमा प्रत्युत्तर देखाउँछन्।*

मानिसहरूले स्वैच्छिक तरिकामा सुसमाचारलाई विश्वास गरेनन् भने तिनीहरू यस प्रभावकारी बोलावटको शक्तिद्वारा बचाइनेछन् भन्ने छाप हामीले नदिनु महत्त्वपूर्ण छ (मतान्तरण गर्नका लागि आवश्यक पर्ने व्यक्तिगत विश्वास र पश्चात्तापबारे हे. अ. ३५)। यो साँचो हो कि प्रभावकारी बोलावटले हामीमा विश्वास जागृत र उत्पन्न गराउँछ, तापनि हामीले जहिले पनि यस कुरामाथि जोड़ दिनुपर्दछ कि यो विश्वास तर स्वैच्छिक हुनैपर्दछ, यस्तो स्वैच्छिक विश्वास कि जसमा हरेक व्यक्तिले तिनको भरोसा ख्रीष्टमा राख्छन्।

यसैकारण प्रभावकारी प्रचारको निम्ति प्रार्थना अति महत्त्वपूर्ण छ। सुसमाचारको घोषणालाई प्रभावकारी बनाउनलाई परमेश्वरले मानिसहरूका हृदयमा काम गर्नुभएन भने उद्धार दिने साँचो विश्वास उत्पन्न हुनेछैन। येशूले भन्नुभयो, "मलाई पठाउनुहुने पिताले खिँच्नुभएन भने कोही मकहाँ आउन सक्दैन" (यूह ६:४४)।

सुसमाचारको बोलावटले प्रभावकारी तरिकामा काम गरिरहेको एउटा उदाहरण फिलिप्पीमा पावलको पहिलो भ्रमणमा देखिन्छ। लिडियाले सुसमाचारको सन्देश सुनेपछि, "पावलले बोलेका कुरा ध्यानसँग सुनून् भनेर प्रभुले तिनको हृदय खोलिदिनुभयो" (प्रे १६:१४)।

प्रभावकारी बोलावट पूर्ण रूपमा परमेश्वरको कार्य हो; यसको तुलनामा मानव बोलीको माध्यमबाट आउने *सुसमाचारको बोलावट*लाई हामी सामान्य तरिकामा बताउन सक्छौं। यो सुसमाचारको यो बोलावट यसलाई स्वीकार नगर्नेहरूलाई पनि दिइन्छ। सुसमाचारको यस बोलावटलाई कहिलेकाहीँ *बाहच बोलावट* वा *सामान्य बोलावट (external calling or general calling)* भनिन्छ। यसको तुलनामा, वास्तवमै स्वैच्छिक विश्वास उत्पन्न गर्ने प्रभावकारी बोलावटलाई कहिलेकाहीँ *आन्तरिक बोलावट (internal calling)* भनिन्छ। सुसमाचारको बोलावट सामान्य र बाहच हुन्छ र यसलाई प्रायः नै इन्कार गरिन्छ, तर प्रभावकारी बोलावट विशेष, आन्तरिक र *सधैं* नै प्रभावकारी हुन्छ। उक्त पार्थक्य देखाउने कामको उद्देश्य तर सुसमाचार को बोलावटको महत्त्वलाई कम बनाउनु होइन, यो त्यो माध्यम हो जसद्वारा प्रभावकारी बोलावट आउनेछ। सुसमाचारको बोलावटविना कसैले विश्वास गर्नेथिएन अनि कोही बचाइने थिएन ! "जसको विषयमा सुनेकै छैनन् उहाँमाथि कसरी विश्वास गर्ने?" (रोम १०:१४)। त्यसकारण सुसमाचारको बोलावट के हो त्यो सही प्रकारले बझ्नु महत्त्वपूर्ण छ।

[३]"प्रभावकारी बोलावट"-को निम्ति पहिले प्रयोग हुने वाक्यांश "फलप्रद बोलावट" (*effectual calling*) हो, तर अचेल अङ्ग्रेजी भाषामा यो सामान्यतः प्रयोग हुँदैन।

## ख. सुसमाचारको बोलावटका तत्त्वहरू

सुसमाचारको मानवीय प्रचारमा तीनवटा महत्त्वपूर्ण तत्त्वहरू गाभिएका हुनैपर्दछ।

**१. मुक्तिसम्बन्धी तथ्यहरूबारे व्याख्या।** मुक्तिको निम्ति ख्रीष्टकहाँ आउने कुनै पनि व्यक्तिमा केही नभए पनि ख्रीष्ट को हुनुहुन्छ र मुक्तिको निम्ति हाम्रा आवश्यकताहरू उहाँले कसरी पूरा गरिदिनुहुन्छ भन्ने आधारभूत ज्ञान हुनैपर्दछ। त्यसकारण मुक्तिसम्बन्धी तथ्यहरूको व्याख्यामा कम्तिमा पनि निम्नलिखित कुराहरू संलग्न भएको हुनैपर्दछ :

१. सबै मानिसहरूले पाप गरेका छन् (रोम ३:२३)।
२. पापको ज्याला मृत्यु हो (रोम ६:२३)।
३. हाम्रा पापको मोल तिर्नलाई येशू ख्रीष्ट मर्नुभयो (रोम ५:८)।

तर ती तथ्यहरू बुझ्नु र ती सत्य हुन् भनी सहमत हुनु मुक्ति पाउनलाई व्यक्तिको निम्ति पर्याप्त हुँदैन। आफ्ना पापहरूको पश्चात्ताप गर्ने व्यक्तिले र ख्रीष्टलाई व्यक्तिगत रूपमा भरोसा गर्ने व्यक्तिलाई उसले व्यक्तिगत उत्तर दिनुपर्ने निमन्त्रणा पनि दिइएको हुनुपर्दछ।

**२. पश्चात्ताप र विश्वाससाथ ख्रीष्टलाई व्यक्तिगत रूपमा प्रत्युत्तर दिने निमन्त्रणा।** नयाँ करारले मानिसहरू मुक्तिमा आउने विषयसम्बन्धी बताउँदा, यसले यही भन्दछ कि ख्रीष्ट स्वयम्बाट आएको निमन्त्रणाप्रति मानिसहरूको व्यक्तिगत सकारात्मक प्रत्युत्तर हुनुपर्दछ। उदाहरणार्थ, त्यो निमन्त्रणालाई येशूका शब्दहरूमा सुन्दर ढङ्गमा व्यक्त गरिएको छ :

> हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ। किनकि मेरो जुवा सजिलो छ, मेरो भारी हलुको छ। (मत्ती ११:२८-३०)

यो स्पष्ट गर्नु आवश्यक छ कि यी शब्दहरू धेरै-धेरै अघि एउटा धार्मिक अगुवाले विगतमा भनेका शब्दहरू मात्र होइनन्। यी शब्दहरू सुन्ने हरेक गैर ख्रीष्टियानलाई यो सोच्न प्रोत्साहित गरिनुपर्दछ कि येशू ख्रीष्ट *अहिले यस क्षणमा पनि* यसो भन्दै तिनीसँग व्यक्तिगत रूपमा बोलिरहनुभएको छ। येशू ख्रीष्ट एक उद्धारकर्ता हुनुहुन्छ जो अहिले स्वर्गमा जीवित हुनुहुन्छ, अनि हरेक गैरख्रीष्टियानले येशूको बारेमा यसरी सोच्दा उहाँ तिनीसँग सोझै यसो भन्दै बोलिरहनुभएको छ भनी सोच्नुपर्छ, *"मकहाँ आओ ... र म तिमीहरूलाई विश्राम दिनेछु"* (मत्ती ११:२८)। यो वास्तविक *व्यक्तिगत* निमन्त्रणा हो जसले यो सुन्ने हरेक व्यक्तिबाट व्यक्तिगत विश्वास खोज्दछ।

यूहन्नाले "उहाँ आफ्नै मानिसहरूकहाँ आउनुभयो, तर उहाँका आफ्ना मानिसहरूले उहाँलाई ग्रहण गरेनन्। तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो" (यूह १:११-१२) भन्दा उनले पनि व्यक्तिगत प्रत्युत्तरको आवश्यकताबारे बताउँछन्। ख्रीष्टलाई "ग्रहण गर्ने" आवश्यकतामाथि जोड़ दिँदा यूहन्नाले पनि व्यक्तिगत विश्वासको आवश्यकतालाई देखाउँछन्। ती व्यक्तिहरूलाई, जो तातो न चिसो मण्डलीभित्र हुन्छन् र जसले आफ्ना आत्मिक अन्धोपन जान्दैनन्, प्रभु येशूले फेरि एक निमन्त्रणा दिनुहुन्छ जुन निमन्त्रणाले व्यक्तिगत प्रत्युत्तरको माग गर्दछ : "हेर, म ढोकामा उभिएर ढकढक्याउँछु। कसैले मेरो सोर सुनेर ढोका खोलिदियो भने, म त्यसकहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु, र त्यसले मसँग खानेछ" (प्रका ३:२०)।

अन्त्यमा, सम्पूर्ण बाइबल समाप्त हुनुभन्दा पाँच पदअघि पवित्र आत्मा र मण्डलीबाट ख्रीष्टमा आउने अर्को निमन्त्रणा छ, "पवित्र आत्मा र दुलही भन्नुहुन्छ, 'आउनुहोस्'। जसले सुन्छ त्यसले भनोस्, 'आउनुहोस्'। जो तिर्खाउँछ त्यो आओस्, र जसले इच्छा गर्छ त्यसले जीवनको पानी सित्तैंमा लिओस्" (प्रका २२:१७)।

तर ख्रीष्टमा आउनमा कुन थोक संलग्न भएको हुन्छ ? यसलाई अझ पूर्ण रूपले अध्याय ३५ मा व्याख्या गरिने भए तापनि यहाँ यो कुरामा ध्यान दिनु पर्याप्त हुन्छ कि हामी यदि ख्रीष्टमा आयौं र हामीलाई हाम्रा पापहरूबाट उद्धार गर्नका लागि उहाँमा भरोसा गर्‍यौं भने हामी त्यसपछि पापमा टाँसिएर बस्न सक्दैनौं, तर पापलाई हामीले साँचो पश्चात्तापमा त्यागिदिनुपर्दछ। कतिपय मुद्दाहरूमा धर्मशास्त्रमा कोही ख्रीष्टियान बन्ने आरम्भिक चरणको सन्दर्भमा पश्चात्ताप र विश्वास दुवै एकसाथ उल्लेखित छन्।

("यहूदीहरूलाई र ग्रीकहरूलाई पश्चात्ताप गरेर परमेश्वरपट्टि फर्कनू र हाम्रा प्रभु येशू ख्रीष्टमाथि विश्वास राख्नू भन्ने कुराको गवाही" (प्रे २१:२१) दिएर आफ्नो समय बिताए भनी पावलले बताए।)। तर अरू समय पापहरूको पश्चात्तापलाई मात्र उल्लेख गरिएको छ र उद्धारकारी विश्वासलाई योसित आउने तत्त्व हो भनी अनुमान गरिन्छ ("सबै जातिहरूलाई उहाँको नाउँमा *पश्चात्ताप* र पाप क्षमाको प्रचार हुनुपर्छ" [लूक २४:४७; तु. प्रे २:३७-३८; ३:१९; ५:३१; १७:३०; रोम २:४; २ कोर ७:१०; आदि]। त्यसकारण, कुनै पनि साँचो सुसमाचारको घोषणामा व्यक्तिले आफ्नो पाप त्याग्ने र विश्वास गरी ख्रीष्टमा आउने अनि पापहरूका निम्ति ख्रीष्टलाई क्षमा माग्ने चेतनशील निर्णय लिने निमन्त्रणा हुनुपर्दछ। यदि पापहरूको पश्चात्ताप वा क्षमाको निम्ति ख्रीष्टमा भरोसा गर्ने आवश्यकतालाई उपेक्षा गरिए सुसमाचारको पूर्ण र सत्य घोषणा हुँदैन।[४]

तर ख्रीष्टमा आउनेहरूका निम्ति के प्रतिज्ञा गरिएको छ ? योचाहिँ सुसमाचारको

[४]साँचो पश्चात्ताप र साँचो विश्वास दुवैका निम्ति अनि "येशूलाई प्रभु नमानी मुक्तिदाता भनी स्वीकार" गर्दा कोही बचाइन सक्छ भन्ने प्रश्नसम्बन्धीको अझ विस्तृत छलफलको निम्ति हे. अ. ३५ भित्र।

बोलवटको तेस्रो तत्त्व हो।

**३. क्षमा र अनन्त जीवनको प्रतिज्ञा ।** ख्रीष्टद्वारा बोलिएको व्यक्तिगत निमन्त्रणाका वचनहरूमा विश्रामका प्रतिज्ञाहरू, र परमेश्वरका सन्तान बन्ने शक्ति, र जीवनको पानीमा सहभागी बन्ने पाउने प्रतिज्ञाहरू भए तापनि पिउने निमन्त्रणा भए तापनि पश्चात्ताप र विश्वासमा उहाँकहाँ आउनेहरूलाई ख्रीष्टले वास्तवमा के प्रतिज्ञा गर्नुहुन्छ सो प्रस्ट गर्नु सहायताप्रद हुन्छ। सुसमाचारको सन्देशमा आधारभूत रूपमा प्रतिज्ञा गरिएको कुरा पापको क्षमा र परमेश्वरसँग अनन्त जीवन हो। "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि *नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्*" (यूह ३:१६)। पत्रुसले प्रचार गरेका सुसमाचारमा उनी भन्छन्, "यसकारण पश्चात्ताप गर्नुहोस् र फर्कनुहोस्, कि तपाईंहरूका पाप मेटिऊन्" (प्रे ३:१९; तु. २:३८)।

क्षमा र अनन्त जीवनको प्रतिज्ञासितै यो आश्वासन पनि हुनुपर्दछ कि ख्रीष्टले ती सबै मानिसहरूलाई स्वीकार गर्नुहुनेछ जो उहाँकहाँ मुक्ति खोज्दै साँचो पश्चात्ताप र विश्वासमा आउँछन्, "मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैन" (यूह ६:३७)।

## ग. सुसमाचारको बोलवटको महत्त्व

सुसमाचारको बोलवटको धर्मसिद्धान्त महत्त्वपूर्ण छ किनभने सुसमाचारको बोलावट नभएको भए हामी बचाइनेथिएनौं "जसको विषयमा सुनेकै छैनन् उहाँमाथि तिनीहरूले कसरी विश्वास गर्ने ?" (रोम १०:१४)।

यसकारण पनि सुसमाचार महत्त्वपूर्ण छ कि यसको माध्यमबाट परमेश्वरले हामीलाई हाम्रो पूर्ण मानवतामा सम्बोधन गर्नुहुन्छ। समग्र व्यक्तिहरूका रूपमा हामीबाट प्रत्युत्तर नखोजी परमेश्वरले हामीलाई "स्वचालित रूपमा" बचाउनुहुन्न। यसको सट्टामा, उहाँले सुसमाचारको बोलावट हाम्रो बुद्धि, हाम्रा संवेगहरू र हाम्रा इच्छाहरूलाई दिनुहुन्छ। उहाँकै वचनमा मुक्तिका सत्य कुराहरू बुझाउनुहुँदै उहाँले हाम्रो बुद्धिलाई सम्बोधन गर्नुहुन्छ। विश्वास गर्ने हार्दिक व्यक्तिगत निमन्त्रणा दिनुहुँदै उहाँ हाम्रा संवेगहरूसित बोल्नुहुन्छ। उहाको निमन्त्रणालाई सुनिदिने र पश्चात्ताप र विश्वासमा स्वेच्छाले विश्वास गरिदिने – अर्थात्, हाम्रा पापहरूबाट फर्कने र ख्रीष्टलाई मुक्तिदाता भनी ग्रहण गर्ने र मुक्तिको निम्ति हाम्रा हृदय उहाँमा बिसाउने – निवेदन गर्नुहुँदै उहाँ हाम्रा इच्छाहरूसित बोल्नुहुन्छ।

### व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. के तपाईंले सर्वप्रथम सुसमाचार सुन्नुभएको र यसप्रति प्रत्युत्तर जनाउनुभएको तपाईंलाई थाहा छ ? यसले तपाईंको हृदयमा कस्तो अनुभूति गरायो के तपाई वर्णन गर्न सक्नुहुन्छ ? तपाईंको जीवनमा त्यो सुसमाचारको

बोलावट प्रभावकारी बनाउनलाई पवित्र आत्माले काम गरिरहनुभएको थियो भन्ने के तपाईंलाई अनुभूति हुन्छ ? के तपाईंले त्यस बेला यसलाई प्रतिरोध गर्नुभयो ?

२. तपाईंले अरू मानिसहरूलाई दिनुहुने सुसमाचारको बोलावटको व्याख्यामा के केही तत्त्वहरू अनुपस्थित छन् ? यदि अनुपस्थित छन् भने र तपाईंले दिनुहुने सुसमाचारको व्याख्यामा ती तत्त्वहरूलाई सम्मिलित गर्नुभयो भने के तिनले भिन्नता ल्याउनेछन् ? के ती तत्त्वहरू सम्मिलित गर्नलाई महत्त्वपूर्ण छन् ? तपाईंले गर्नुहुने सुसमाचारको घोषणालाई अझ प्रभावकारी बनाउनलाई अति आवश्यक पर्नजाने एउटा कुरा के हो ?

३. यो अध्याय पढ्नुभन्दा अघि के तपाईंले सोच्नुभएको थियो कि येशूले आज पनि स्वर्गबाट मानिसहरूलाई सुसमाचारीय निमन्त्रणाका वचनहरू व्यक्तिगत रूपमा सुनाइरहनुभएको छ ? यदि गैरख्रीष्टियानहरूले तिनीहरूसँग ख्रीष्ट यसरी बोलिरहनुभएको छ भनी सोच्न थाले भने, यसले सुसमाचारप्रति तिनीहरूको प्रतिक्रिया कस्तो हुनेछ भनी तपाईं ठान्नुहुन्छ ?

४. के सुसमाचारको बोलावटका तत्त्वहरू तपाईं यति स्पष्टतापूर्वक बझ्नुहुन्छ कि तिनलाई तपाईं अरूसमक्ष प्रस्तुत गर्न सक्नुहुन्छ ? अरू मानिसहरूलाई स्पष्ट गरी बुझाउने चार वा पाँचवटा पदहरू भेट्टाउनलाई के तपाईंले बाइबल सहजै पल्टाउन सक्नुहुन्छ ? (सुसमाचारको बोलावटका तत्त्वहरू र यिनलाई व्याख्या गर्ने पदहरू याद गर्ने काम कुनै पनि व्यक्तिको निम्ति ख्रीष्टियान जीवनको पहिलो अनुशासन हो ।)

### विशेष शब्दावली

| | |
|---|---|
| प्रभावकारी बोलावट | सुसमाचारको बोलावट |
| बाहच बोलावट | आन्तरिक बोलावट |

### पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे. । सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट चयनित खण्डहरू

१. एङ्गलिकन (इपिस्कपलियन)
   - १८८२-९२ लिट्टन, २३९-५५

२. अर्मिनी (वेजलियन वा मेथडिस्ट)
   - १८७५-७६ पोप, ३३६-५७
   - १९४० विली, २:३३४-५७

| | | |
|---|---|---|
| | १९६० | पुर्किसर, २६९-७८ |
| ३. ब्याप्टिस्ट | | |
| | १७६७ | गिल, १:५३०-३७; २:१२१-३१ |
| | १८८७ | बोइस, ३६७-७३ |
| | १९०७ | स्ट्रङ्ग, ७९०-९३ |
| | १९१७ | म्यूलिन्स, ३६५-६८ |
| | १९८३-८५ | एरक्सिन, ९२९-३३ |
| ४. डिसपेन्सेशनल | | |
| | १९४७ | शेफर, ३:२१०-२४, ३७१-९३ |
| | १९४९ | थिसेन, २५७-६३ |
| | १९८६ | राइरी, ३२४-२५, ३३५-३९ |
| ५. लुथरन | | |
| | १९१७-२४ | पाइपर, २:४२३-२६, ५०२; ३:२२०-५२ |
| | १९३४ | म्युएलर, ३६४-६५, ४७०-८५ |
| ६. रफमर्ड् (वा प्रेज्बिटरियन) | | |
| | १५५९ | क्याल्भिन, १:५३७-४२ (३.१) |
| | १८६१ | हिपि, ५१०-४२ |
| | १८७१-७३ | होज, २:६३९-७३२ |
| | १८७८ | डेब्नी, ४८५-५५३ |
| | १९३७-६६ | मरे, *CW,* 1:124-34, 143-65; *CW,* 2:161-66; *CW,* 4:113-3; *RAA,* 88-94 |
| | १९३८ | बर्खोफ, ४५४-६४ |
| | १९६२ | बुसवेल, २:१५७-६८ |
| ७. रीन्यूअल (वा क्यारिज्म्याटिक्/पेन्टिकोस्टल) | | |
| | १९८८-९२ | विल्यम्स्, २:१३-३३ |

## रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रका प्रातिनिधिक खण्डहरू

| | | |
|---|---|---|
| १. रोमन क्याथलिक : परम्परावादी | | |
| | १९५५ | ओट् (कुनै प्रस्ट छलफल छैन) |
| २. रोमन क्याथलिक :भेटिकनोत्तर द्वितीय | | |
| | १९८० | म्याकब्राइन (कुनै प्रस्ट छलफल छैन) |

### अन्य पुस्तकहरू/लेखहरू


Alderich, Joseph C. *Life-Style Evangelism: Crossing Traditional Boundaries to Reach the Unbelieving World.* Portland: Multnomah, 1981.

Alleine, Joseph. *Sure Guide to Heaven.* Carlisle, Pa. : Banner of Truth,

1978. First published in 1672 as *An Alarm to the Unconverted.*
Baxter, Richard. *A Call to the Unconverted to Turn and Live.* Reprint: Grand Rapids: Zondervan, 1953.
Coleman, Robert E. *The Master Plan of Evangelism.* Old Tappan, N.J. : Revell, 1963.
Hoekema, Anthony A. *Saved by Grace.* Grand Rapids: Eerdmans, and Exeter: Paternoster, 1989, pp. 68-92.
Kevan, Ernest F. *Salvation.* Phillipsburg, N. J.: Presbyterian and Reformed, 1973.
Little, Paul. *How to Give Away Your Faith.* Revised by Marie Little. Downers Grove, Ill.: InterVarsity Press,1988.
Kennedy, D. James. *Evangelism Explosion.* 3d ed. Wheaton, Ill.: Tyndale, 1983.
McArthur, John F., Jr. *The Gospel According to Jesus.* Grand Rapids: Zondervan, 1988.
Murry, John. "Effectual Calling." In *Redemption Accomplished and Applied.* Grand Rapids: Eerdmans, 1955, pp. 88-94.
Packer, J. I. "Call, Calling." In *EDT,* p. 184.
———. *Evangelism and the Sovereignty of God.* Downers Grove, Ill.: InterVarsity Press, 1961.
Wells, David F. *God the Evangelist: How the Holy Sprit Works to Bring Men and Women to Faith.* Grand Rapids: Eerdmans, 1987.

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**मत्ती ११:२८-३०** : *हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ र म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ। किनकि मेरो जुवा सजिलो छ, र मेरो भारी हलुको छ।*

## भजन

"मैले सुने येशूको सोरले भनेको"

मैले सुने येशूको सोरले भनेको, "मकहाँ आओ र विश्राम गर;
थाकेको मानिस तिमी सुत, राख तिम्रो शिर मेरो छातीमा।"
जस्तो थिएँ म त्यस्तै आएँ येशूकहाँ, थकित र लाचार र उदास,
पाएँ मैले उहाँलाई विश्रामको एउटा स्थान,
र बनाउनुभएको छ उहाँले मलाई खुशी।

मैले सुने येशूको सोरले भनेको, "हेर, दिन्छु म सित्तैंमा
जीवनको पानी; तिर्खाएको हे मानिस, झुक र पिओ र बाँच।"

म येशूकहाँ आएँ, अनि त्यो जीवनदायी खोलोबाट पिएँ
मेरो तिर्खा मेटियो, मेरो आत्मा पुनजागृत भयो, र अब म उहाँमा जिउँछु।

मैले सुनें येशूको सोरले भनेको, "हुँ म ज्योति अन्धकार यस संसारको;
नियाल मलाई, तिम्रो बिहानी उदाउनेछ,
अनि हुनेछ सारा दिन तिम्रो उज्यालो।"
नियालें मैले येशूलाई र पाएँ उहाँमा मेरो तारा, मेरो घाम;
अनि जीवनको त्यो ज्योतिमा हिँड्नेछु म,
हुँदैनन् समाप्त जबसम्म यात्रा गर्ने मेरा दिनहरू।

*रचयिता* : Horatius Bonar, 1846

अध्याय ३४

# पुनर्जीवन

# Regeneration

***नयाँ गरी जन्मनुको अर्थ के हुन्छ ?***

## व्याख्या र धर्मशास्त्रीय आधार

पुनर्जीवनलाई हामी यसरी परिभाषित गर्न सक्छौं : *पुनर्जीवन परमेश्वरको त्यो गुप्त काम हो जसमा उहाँले हामीलाई नयाँ आत्मिक जीवन प्रदान गर्नुहुन्छ।* यसलाई कहिलेकाहीँ "नयाँ गरी जन्मनु" (यूहन्ना ३:३-८ को भाषा प्रयोग गर्दै) भनिन्छ।

**क. पुनर्जीवन (regeneration) पूर्ण रूपले परमेश्वरको काम हो**

यसपछि आउने अध्यायहरूमा हामीले छलफल गर्ने उद्धार कार्यान्वयनका केही तत्त्वहरूमा हामी सक्रिय भूमिका निर्वाह गर्छौं (उदाहरणार्थ, मतान्तरण, पवित्रीकरण र अध्यवसायबारे यो सही ठहरिन्छ)। तर पुनर्जीवनको काममा हामीले कुनै पनि सक्रिय भूमिका निर्वाह गर्दैनौं। यो पूर्ण रूपले परमेश्वरको काम हो। उदाहरणार्थ, हामी यो तब देख्छौं जब यूहन्नाले ती मानिसहरूबारे बताउँछन् जसलाई परमेश्वरका सन्तान बन्नलाई ख्रीष्टले शक्ति दिनुभयो – "तिनीहरू रगतद्वारा, शारीरिक इच्छाद्वारा, र कुनै मान्छेको इच्छाद्वारा होइन तर परमेश्वरबाट जन्मिएका हुन्छन्" (यूह १:१३)। परमेश्वरका सन्तान तिनीहरू हुन् जो "परमेश्वरबाट जन्मिएका हुन्छन्" र हाम्रो मानव इच्छाले ("मान्छेको इच्छाद्वारा होइन") यस किसिमको जन्म गराउँदैन भन्ने कुरालाई यहाँ यूहन्नाले विशेष गरी भन्छन्।

हामी पुनर्जीवनमा निष्क्रिय (passive) हुन्छौं भन्ने तथ्य त्यस बेला पनि प्रस्ट हुन्छ जब धर्मशास्त्रले यसलाई "जन्मनु" वा "नयाँ गरी जन्मनु" (तु. याक १:१८; १ पत्र १:३; यूह ३:३-८) भनी चिन्हित गर्दछ। हामी भौतिक रूपमा जीवित बनाइयौं भनी रोजेनौं र जन्मियौं भनी हामीले रोजेनौं – यो यस्तो कुरा हो जो हामीलाई स्वतः भयो; यस्तै प्रकारले धर्मशास्त्रका यी उपमाहरूले यही इङ्गित गर्छन् कि पुनर्जीवनमा हामी पूर्णतया निष्क्रिय थियौं।

पुनर्जीवनमा परमेश्वरको सर्वसत्तासम्पन्न कार्यको पूर्ववाणी इजकिएलको अगमवाणीमा पनि गरिएको थियो। उनको माध्यमबाट परमेश्वरले भविष्यमा कुनै

यस्तो समय आउने प्रतिज्ञा गर्नुभयो जब उहाँले आफ्ना जनलाई एउटा नयाँ आत्मिक जीवन दिनुहुनेथियो :

> म तिमीहरूलाई एउटा नयाँ हृदय दिनेछु, र तिमीहरूभित्र म नयाँ आत्मा हालिदिनेछु। तिमीहरूबाट ढुङ्गाको हृदय निकालेर म त्यसको सट्टामा तिमीहरूलाई मासुको हृदय दिनेछु। अनि म मेरा आत्मा तिमीहरूमा हालिदिनेछु, र तिमीहरूलाई मेरा विधिहरू पालन गर्ने र मेरा नियमहरू होशियारीसाथ मान्ने तुल्याउनेछु (इज ३६:२६-२७)।

त्रिएकत्वका सदस्यहरूमध्ये कुन सदस्यले पुनर्जीवन ल्याउनुहुन्छ? येशूले "आत्माबाट जन्मेको" (यूह ३:८) कुराबारे बताउनुहुँदा उहाँले यो देखाउनुहुन्छ कि पुनर्जीवन उत्पन्न गर्नुहुने व्यक्ति विशेष गरी पवित्र आत्मा परमेश्वर नै हुनुहुन्छ। पुनर्जीवनमा पिता परमेश्वर संलग्न हुनुभएको कुरा तर अरू पदहरूले पनि देखाउँछन्; पावलले यो कुरा निर्दिष्ट रूपमा भन्छन् कि "हामीलाई ख्रीष्टसँगै जीवित" पार्नुहुने परमेश्वर नै हुनुहुन्छ (एफि २:५; तु. कल २:१३)। याकूब भन्छन् कि हामीलाई नयाँ जन्म दिनुहुने व्यक्ति "ज्योतिका पिता" हुनुहुन्छ, "उहाँले आफ्नै इच्छाले सत्यको वचनद्वारा हामीलाई जन्म दिनुभयो, यस हेतुले कि हामी उहाँको सृष्टिको एक अगौटे फलजस्तो बन्न सकौं" (याक १:१७-१८)।[१] अन्त्यमा पत्रुस भन्छन् कि परमेश्वरले "उहाँको प्रशस्त कृपाअनुसार ... मृतकबाट येशू ख्रीष्टको पुनरुत्थानद्वारा *हामीलाई नयाँ जन्म दिनुभएको छ*" (१ पत्र १:३, लेखक स्वयम्‌को अनुवाद)। हामी यो निर्ष्कष निकाल्न सक्छौं कि परमेश्वर पिता र परमेश्वर पवित्र आत्मा दुवैले पुनर्जीवन दिनुहुन्छ।

प्रभावकारी बोलावट[२] र पुनर्जीवनबीच के सम्बन्ध छ? जस्तो कि हामी यस अध्यायमा पछिबाट हेर्नेछौं, उद्धारकारी विश्वाससहितको प्रभावकारी बोलावट (हाम्रो विश्वास)-प्रति हामीले प्रत्युत्तर जनाउन सक्नुभन्दा अघि पुनर्जीवन आउनुपर्दछ भनी धर्मशास्त्रले देखाउँछ। त्यसकारण हामी यो भन्न सक्छौं कि प्रभावकारी बोलावट (हाम्रो विश्वास)-को *परिणाम* आउनुभन्दा अघि पुनर्जीवन आउँछ। पुनर्जीवन र सुसमाचारको मानव घोषणा (जुन घोषणाको माध्यमबाट परमेश्वरले प्रभावकारी बोलावटमा काम गर्नुहुन्छ)-मा कुन पहिला हुन्छ सो तोक्न तर अझ कठिन छ। कम्तीमा पनि दुईवटा खण्डहरूले यो सम्भावना राखिदिन्छन् कि जुन समय परमेश्वर हामीसँग प्रभावकारी बोलावटमा बोल्नुहुन्छ ठीक त्यही समय उहाँले हामीलाई पुनर्जीवित पार्नुहुन्छ। पत्रुस भन्छन्, "*परमेश्वरको जीवित र नित्य रहने वचनद्वारा,* विनाशी होइन तर अविनाशी वीर्यबाट तिमीहरू नयाँ गरी जन्मेका छौ" (१ पत्र १:२३, २५)। अनि याकूब भन्छन्, "उहाँले आफ्नै इच्छाले *सत्यको वचनद्वारा हामीलाई जन्म दिनुभयो*" (याक १:१८)। हामीकहाँ सुसमाचार आउँदा र परमेश्वरले

[१]परमेश्वरले "हामीलाई जन्म दिनुभयो" भनी याकूबले भन्दा उनले सामान्यतया शारीरिक जन्मलाई बुझाउने शब्द प्रयोग गर्छन् (हाम्री आमाका गर्भहरूबाट संसारमा जन्म दिइएका) र यसलाई आत्मिक जन्म बुझाउनलाई प्रयोग गर्छन्।

[२]प्रभावकारी बोलावटबारे हे. अ. ३३।

हामीलाई उहाँ स्वयम्कहाँ आउने आदेश दिनुहुँदा (प्रभावकारी बोलावट) उहाँ यसैको माध्यमबाट बोल्नुहुन्छ र हामीलाई नयाँ आत्मिक जीवन दिनुहुन्छ (पुनर्जीवन), फलस्वरूप विश्वास गर्न हामी सक्षम बनाइन्छौं। त्यसकारण, प्रभावकारी बोलावट पिता परमेश्वर हामीसँग *शक्तिशाली रूपमा बोलिरहनुभएको हो,* अनि पुनर्जीवन भनेको हामीलाई जीवित तुल्याउनलाई पिता परमेश्वर र पवित्र आत्मा परमेश्वरले हामीमा *शक्तिशाली रूपमा काम गरिरहनुभएको हो*। कर्नेलियसको घरपरिवारमा पत्रुसले प्रचार गरिरहेका समयमा उक्त दुवैवटा घटनाहरू एकैसाथ घटेका हुन सक्छन् किनकि उनले सुसमाचार प्रचार गर्दागर्दै "वचन सुन्ने सबैमाथि पवित्र आत्मा ओर्लनुभयो" (प्रे १०:४४)।

यस सम्बन्धमा कहिलेकाहीं *अप्रतिरोध्य अनुग्रह*[३] (*irresistible grace*) वाक्यांश प्रयोग गरिन्छ। यसले यो तथ्यतिर इङ्गित गर्छ कि परमेश्वरले मानिसहरूलाई प्रभावकारी रूपले बोलाउनुहुन्छ अनि तिनीहरूलाई पुनर्जीवन पनि दिनुहुन्छ अनि यी दुवै क्रियाहरूले यो प्रत्याभूति दिन्छन् कि हामीले उद्धारकारी विश्वासमा प्रत्युत्तर जनाउनेछौं। तर *अप्रतिरोध्य अनुग्रह* वाक्यांशलाई भुल बुझ्न सकिन्छ, किनकि यसले यो उपलक्षित गरेको देखिन्छ कि मानिसहरूले सुसमाचारमा विश्वास गर्दा स्वैच्छिक, राजीखुशीले चाहेको चुनाउ गर्दैनन् – यो *अप्रतिरोध्य अनुग्रह* वाक्यांशको भुल भाव र भुल बोध हो। यस वाक्यांशले कुनै मूल्यवान् कुरा जगेरा गर्छ, किनभने यसले यो देखाउँछ कि पूर्ण रूपमा निश्चित प्रत्युत्तर उत्पन्न गराउनलाई परमेश्वरको काम हाम्रा हृदयमा पुग्छ – हामीले चाहे स्वेच्छाले नै त्यो प्रत्युत्तर किन नदेखाऊँ।[४]

### ख. हाम्रो निम्ति पुनर्जीवनको सही रूप रहस्यमय छ

पुनर्जीवन ठीक के हुन्छ सो हाम्रो निम्ति रहस्यमय छ। हामी यो जान्दछौं कि आत्मिक रूपमा मरेका हामीलाई (एफि २:१) परमेश्वरमा कुनै प्रकारले जीवित बनाइयो र साँचो अर्थमा नै हामी "नयाँ गरी जन्मेका छौं" (यूह ३:३,७, एफि २:५; कल २:१३)। तर यो कसरी हुन्छ हामी सो जान्दैनौं अनि हामीलाई यो नयाँ आत्मिक जीवन दिनलाई परमेश्वर वास्तवमा के गर्नुहुन्छ त्यो पनि हामी जान्दैनौं। येशूले भन्नुहुन्छ, "बतास जता चाहन्छ उतै बहन्छ। तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ। आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ" (यूह ३:८)।

धर्मशास्त्रले पुनर्जीवनलाई कुनै यस्तो कुरा हो भनी हेर्छ जसले हामीलाई समग्र

---

३"क्यालभिनवादका पाँचवटा बुँदाहरू"-लाई प्रतिनिधित्व गर्ने अङ्ग्रेजी परिवर्ण शब्द TULIP-को I अक्षर यही हो। शर्तहीन चुनाउलाई बुझाउने अक्षर U हो। U -ले Unconditional election, अर्थात् विनाशर्तको चुनाउ बुझाउँछ (हे. अ. ३२)। T-ले Total depravity, अर्थात् पूर्ण भ्रष्टता (हे. अ. २४), Limited atonÉent, अर्थात् सीमित प्रायश्चित्त (हे. अ. २७), अरू अक्षरहरूले यी कुराहरू बुझाउँछन् P-ले Perseverance of the saints, अर्थात् सन्तहरूको अध्यवसाय (हे. अ. ४०) बुझाउँछ, पादटिप्पणी ३५ पनि हे.।

[४]कोही मानिसहरूले यहाँ यो आपत्ति गर्लान् कि परमेश्वरले हामीमा एउटा यस्तो प्रत्युत्तरको *प्रत्याभूति दिन सक्नुहुन्न* जो अझै पनि तत्पर (इच्छुक) र स्वैच्छिक छ। तर यस आपत्तिले यस छलफलमा परिभाषालाई धर्मशास्त्रले समर्थन नगर्ने "स्वैच्छिक" वा "तत्परता"-को परिभाषा मात्र भित्राउँछ। हाम्रो स्वैच्छिक निर्णयहरूसम्बन्धी परमेश्वरको पूर्वप्रबन्धबारे छलफलका लागि हे. अ. १६।

व्यक्तिहरूका रूपमा प्रभावित गर्छ। हो, पुनर्जीवनपछि हाम्रा आत्माहरू परमेश्वरका लागि निश्चय नै "धार्मिकताको कारणले जिउँदा हुन्छन्" (रोम ८:१०) तर त्यसको कारण यो मात्र हो कि हामी *समग्र व्यक्तिहरूका* रूपमा पुनर्जीवनद्वारा प्रभावित भएका हुन्छौं। कुरा यो मात्र होइन कि यसअघि हाम्रा आत्माहरू मरेका थिए – परमेश्वरका निम्ति हामी हाम्रा पाप र अपराधहरूमा मरेका थियौं (हे. एफि २:१)। अनि यो भन्नु सही होइन कि पुनर्जीवनमा हुने एउटै कुरा यही हो कि हाम्रा आत्माहरूलाई जीवित बनाइन्छन् (जस्तो गरी कसै-कसैले शिक्षा दिन्छन्)[५] किनकि पुनर्जीवनद्वारा *हाम्रो प्रत्येक भाग* प्रभावित भएको हुन्छ, "यसकारण कोही ख्रीष्टमा छ भने *त्यो नयाँ सृष्टि हो*। पुरानो कुरा बितिगएको छ, हेर, नयाँ आएको छ" (२ कोर ५:१७)।

पुनर्जीवन हामीभित्र परमेश्वरको काम हो जसमा उहाँले हामीलाई नयाँ जीवन दिनुहुन्छ, त्यसकारण यो निष्कर्ष निकाल्नु समोचित हुन्छ कि यो *तात्क्षणिक घटना* (*instantaneous event*) हो। यो एकपटक मात्र घट्दछ। एक पल हामी आत्मिक रूपमा मृत थियौं र अर्को पल हामीले परमेश्वरबाट नयाँ आत्मिक जीवन पाएका छौं। तरै भए तापनि यो तात्क्षणिक परिवर्तन कहिले हुन्छ सो हामी हर समय र सही प्रकारले जान्दैनौं। विशेष गरी ख्रीष्टियान घरपरिवारमा हुर्कंदैगरेका बालबालिकाहरूका निम्ति वा धेरै समयदेखि मण्डली वा बाइबल अध्ययन समूहमा गइरहेका र सुसमाचारको ज्ञानमा आनुक्रमिक रूपमा अघि बढ्दैजाने मानिसहरूका निम्ति "कठोर पापी"-देखि "पवित्र सन्त"-को आचरणसित आएको त्यो आमूल परिवर्तनको कारण नाटकीय सङ्कट उत्पन्न नभएको हुन सक्छ; तर पनि परमेश्वरले पवित्र आत्माको माध्यमबाट मानिसको अन्तस्करणमा नदेखिने, अदृश्य तरिकामा आत्मिक जीवन जागृत गराउनुहुँदा तात्क्षणिक परिवर्तन त हुन्छ नै हुन्छ। व्यवहार र इच्छाहरूका ढाँचामा परिवर्तनहरू आएर ती परिवर्तनहरू परमेश्वरलाई प्रसन्न पार्ने बन्दा त्यो परिवर्तन केही समयाविधिमै *प्रस्टै हुनेछ*।

अरू स्थितिहरूमा (वास्तवमा, शायद वयस्क व्यक्तिहरू ख्रीष्टियान बन्दा उत्पन्न हुने प्रायः सबै स्थितिहरूमा) थाहा पाउन सक्ने समयमा पुनर्जीवन प्राप्त हुन्छ जुन समयमा ती व्यक्तिले तिनी यसअघि परमेश्वरबाट छुट्टिएका थिए, आत्मिक रूपमा मृत थिए तर यसको तुरुन्तैपछि आफूभित्र स्पष्ट रूपमा एउटा नयाँ आत्मिक जीवन आयो भनी तिनले जान्दछन्। यसको परिणाम तुरुन्तै देख्न सकिन्छ – मुक्तिको निम्ति ख्रीष्टमा हृदयदेखिको भरोसा, क्षमा गरिएका पापहरूबारे आश्वासन, बाइबल पढ्ने र प्रार्थना गर्ने चाहना (र यी अर्थमय क्रियाकलाप हुन् भन्ने अनुभूति), उपासनामा आनन्द, ख्रीष्टियान सङ्गतिको निम्ति चाहना, धर्मशास्त्रमा भएका

[५]मानिसलाई त्रिभागी वा तीन भागहरू भएका (शरीर, आत्मा र प्राण) अस्तित्व हो भनी हेरिन्छ वा हेरिँदैन, त्यसैमा नै पुनर्जीवनसम्बन्धी यो दृष्टिकोण सामान्यतः निर्भरित हुन्छ। हामीले यस दृष्टिकोणबारे माथि अध्याय २३ मा छलफल गऱ्यौं। तर हामी त्रिभागीलाई रद्द गर्छौं र हाम्रो स्वभावको अमूर्त भागबारे बताउने धर्मशास्त्रमा हामीले हाम्रा "आत्मा" र "प्राण"-लाई पर्यायवाचीको रूपमा हेर्छौं भने, त्यस्तो व्याख्या चित्त बुझाउने किसिमको हुँदैन। त्रिभागीय अस्तित्वलाई स्वीकार गर्नेहरूलाई पनि, धर्मशास्त्रले हामीलाई (हाम्रा आत्माहरू मात्र होइन) नयाँ सृष्टि र नयाँ गरी जन्मेकाहरू भनी हेर्छ भन्ने तथ्य पुनर्जीवनमा हाम्रा प्राणहरूलाई मात्र जीवित बनाउनुभन्दा अरू धेरै कुराहरू छन् भनी हेर्ने उत्तम कारण भेट्टाउनुपर्दछ।

परमेश्वरको वचनप्रति आज्ञाकारी बन्ने र अरू मानिसहरूलाई ख्रीष्टबारे बताउने चाहना। मानिसहरूले यस्तै केही भन्लान्, "वास्तवमा, के भयो मलाई ठीक थाहा भएन तर त्यस समयअघि मैले मुक्तिको निम्ति ख्रीष्टलाई भरोसा गर्थिनँ। त्यस बेलासम्म म के गरूँ, के नगरूँ भन्ने मात्र मलाई लाग्थ्यो, मनभरि प्रश्नैहरू मात्रै हुन्थे। तर त्यस पलपछि मैले ख्रीष्टमा भरोसा गरेको र उहाँ मेरा मुक्तिदाता हुनुहुन्छ भन्ने कुरा मलाई थाहा हुनगयो। मेरो हृदयमा केही भयो।"[६] तर यस्तो हुँदा पनि हाम्रो हृदयमा के भएको छ सो हामी पूर्ण रूपमा निश्चित भएर जान्न सक्दैनौं। यो कुरा येशूले बताससम्बन्धी भन्नुभएको कुराजस्तै नै छ – हामी यसको आवाज सुन्छौं र त्यसको परिणाम देख्छौं तर हामीले बतासलाई नै देख्न सक्दैनौं। हाम्रो हृदयमा पवित्र आत्माको काम पनि यस्तै प्रकारको हुन्छ।

### ग. "पुनर्जीवन"-को यस अर्थमा, यो उद्धारकारी विश्वासभन्दा पहिला आउँछ

माथि उद्धृत गरिएका पदहरूलाई प्रयोग गर्दै, हामीले पुनर्जीवन हामीलाई आत्मिक *मृत्युदेखि* आत्मिक *जीवनमा* ल्याउनुहुँदै, हामीभित्र आत्मिक जीवन जागृत गराउनुहुने परमेश्वरको काम हो भनी परिभाषित गरेका छौं। यस परिभाषाअनुसार, यो बुझ्नु स्वाभाविक हो कि पुनर्जीवन उद्धारकारी विश्वासभन्दा पहिला आउँछ। वास्तवमा, यो परमेश्वरको त्यो काम हो जसले परमेश्वरलाई विश्वास गर्ने आत्मिक *सामर्थ्य* हामीलाई दिन्छ। पुनर्जीवन उद्धार दिने विश्वासभन्दा "अघि" नै आउँछ भनी हामीले भन्दा, हामीले यो स्मरण गर्नुपर्दछ कि तिनीहरू एकैसाथ यस प्रकारले एउटैजस्ता भएर आउँछन् कि साधारण प्रकारले हेर्दा तिनीहरू एउटै समयमा आएका जस्तै दखिन्छन्। परमेश्वरले हामीलाई त्यो प्रभावकारी बोलावट दिनुहुँदा उहाँले हामीलाई पुनर्जीवित तुल्याउनुहुन्छ र हामी यस बोलावटमा विश्वास र पश्चात्तापसित आउँछौं। यसकारण *हाम्रो परिप्रेक्ष्यबाट* समयको भिन्नता बताउन कठिन पर्दछ, विशेष गरी यसकारण कि पुनर्जीवन आत्मिक काम हो जसलाई हामी हाम्रा आँखाले देख्न सक्दैनौं वा हाम्रा मनले पनि बुझ्न सक्दैनौं।

तथापि हामीले उद्धारकारी विश्वासमा उहाँलाई प्रत्युत्तर जनाउनुभन्दा अघिबाटै (यद्यपि प्रायः नै हामीले प्रत्युत्तर जनाउनुभन्दा केही पलअघि मात्र यो आउन सक्छ) परमेश्वरको यो गुप्त, लुकिएको काम हाम्रो आत्मामा गरिन्छ भनी बताउने विभिन्न खण्डहरू छन्। येशूले निकोदेमससँग पुनर्जीवनाबारे कुराकानी गर्नुहुँदा उहाँले तिनलाई भन्नुभयो, *"कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन"* (यूह ३:५)। मतान्तरणमा (हृदयपरिवतर्नमा) ख्रीष्टियान बन्दा हामी परमेश्वरको राज्यमा प्रवेश गर्दछौं। तर येशूले यो भन्नुहुन्छ कि हामीले त्यसो गर्न सक्नु (परमेश्वरको राज्यमा प्रवेश गर्नसक्नु)-भन्दा अघि हामी

[६] C. S. Lewis-ले आफ्नो मतान्तरणबारे यो वर्णन सुनाउँछन्, "त्यो निर्णायक पाइला कहिले लिइयो मलाई राम्ररी थाहा छ, तर कसरी लिइयो, त्यो प्रायः थाहा छैन। एउटा घमाइलो बिहान मलाई गाड़ीमा चढ़ाइएर व्हिप्स्नेड लगियो। घरबाट हिँड्दा मलाई ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ भनी थाहा थिएन अनि चिड़ियाखाना पुग्दा मलाई यो कुरा थाहा भयो। तर पनि मैले त्यो यात्रा विचारशील नै भएर समाप्त गरेको थिइनँ। नता गहन संवेगमा। (Surprised by Joy [न्यू योर्कः हारकोर्ट, ब्रेस ऎयान्ड वर्ल्ड, १९५५], पृ. २३७)।

"आत्माद्वारा" जन्मनुपर्दछ।[७] हामीभित्र परमेश्वरको प्रारम्भिक कामभन्दा अघि हाम्रो आफ्नै बुतामा ख्रीष्टमा आउने हाम्रो सामर्थ्यहीनतामाथि येशूले यसो भन्नुहुँदा पनि जोड़ दिइएको छ, "मलाई पठाउनुहुने पिताले खिँच्नुभएन भने कोही मकहाँ आउन सक्दैन" (यूह ६:४४), अनि "यदि पिताबाट दिइएको छैन भने कोही मानिस मकहाँ आउन सक्दैन" (यूह ६:६५)। लूकाले लिडियासम्बन्धी यो कुरा भन्दा पुनर्जीवनको आन्तरिक काम यहाँ सुन्दरतापूर्वक वर्णन गरिएको छ, "पावलले बोलेका कुरा ध्यानसँग सुनून् भनेर *प्रभुले तिनको हृदय खोलिदिनुभयो"* (प्रे १६:१४)। प्रभुले पहिला तिनको हृदय खोलिदिनुभयो अनि त्यसपछि तिनले पावलको प्रचारलाई ध्यानसित सुन्न सकिन् र विश्वास गर्न सकिन्।

पावलले हामीलाई यसको विपरीत यो कुरा भन्छन्, "जो मानिस आत्मिक छैन, (अक्षरशः, "प्रकृतिक मानिस") त्यसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन। किनकि ती कुराहरू त्यसको निम्ति मूर्खता हुन्छन्, र त्यसले ती बुझ्न सक्दैन, किनकि ती कुराहरू आत्मिक रीतिले मात्र चिन्न सकिन्छ" (१ कोर २:१४)। ख्रीष्टमा नभएका मानिसहरूबारे पनि उनले भन्छन्, "बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन" (रोम ३:११)।

यो आत्मिक मृत्यु र विश्वास गर्न सक्ने असक्षमताको समाधान तब मात्र आउँछ जब परमेश्वरले हामीभित्र नयाँ जीवन दिनुहुन्छ, "तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो, यसकारण पापमा हामी मरेका भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो – अनुग्रहबाट नै हामीले उद्धार पाएका छौं" (एफि २:४-५)। पावल पनि भन्छन्,

[७]यहाँ येशूले "पानीद्वारा" जन्मिएको हुनेबारे जे बताउनुभयो, त्यसको अति सम्भाव्य व्याख्या यो हुन सक्छ कि उहाँले त्यो *पापबाट आत्मिक शुद्धीकरण*तिर इङ्गित गरिरहनुभएको छ जसबारे इजकिएलले अगमवाणी गरेका थिए, "म तिमीहरूमाथि शुद्ध पानी छर्किदिनेछु, र तिमीहरू शुद्ध हुनेछौ। तिमीहरूका सबै अशुद्धतादेखि र तिमीहरूका सबै मूर्तिहरूदेखि म तिमीहरूलाई शुद्ध तुल्याउनेछु। म तिमीहरूलाई एउटा नयाँ हृदय दिनेछु, र तिमीहरूभित्र म नयाँ आत्मा हालिदिनेछु" (इज ३६:२५-२६)। यहाँ पानीले प्रतीकद्वारा पापबाट आत्मिक शुद्धीकरण बुझाए जस्तै नयाँ हृदय र नयाँ प्राणले परमेश्वरले दिनुहुने नयाँ आत्मिक जीवनबारे बताउँदछ। इजकिएलले अगमवाणी गरिरहेका छन् कि परमेश्वरले उहाँका जनभित्र एउटा नयाँ आत्मिक जीवन जागृत गराउनुहुँदा तिनीहरूका हृदयमा पापको प्रदूषणबाट एउटा नयाँ आन्तरिक शुद्धीकरण दिनुहुनेछ। यी दुईवटा धारणाहरू इजकिएलमा भएका यो प्रसिद्ध अगमवाणीसित अति घनिष्ठतासित जोड़िएका छन् भन्ने तथ्य र निकोदेमसले यो सत्य बुझेको हुनपर्दथियो भनी येशूले गर्नुभएको अनुमानको तथ्य ("तिमी इस्राएलका गुरु हौ, र पनि यी कुरा बुझ्दैनौ?" [यूहन्ना ३:१०]), साथै यस कुराकानीभरि येशूले अत्यधिक आत्मिक मामिलाहरूबारे बताइरहनुभएको छ भन्ने आदि सबै तथ्यहरूले यस खण्डको अति सम्भावित अर्थ यही नै हो भनी सम्भावना देखाउँछन्। यस पदको अर्थबारे अर्को सुझाउ यो  छ कि "पानीद्वारा जन्मेको" भन्नाले शारीरिक जन्म र जन्मको प्रक्रियासँग रहने पानी (वा amniotic acid ) बुझाउँछ। येशूले आत्मिक जन्मको बारेमा कुरा गर्नुहुँदा व्यक्ति यस तरिका नै जन्मनुपर्दछ भनी भन्नु येशूलाई प्रायः नै आवश्यक थिएन र पहिलो शताब्दीका यहूदीहरूले यस वाक्यांशलाई बुझ्न पनि सक्थे के भन्ने प्रश्न उठन सक्छ। अर्को व्याख्या यो हो कि येशूले यहाँ पानीको बप्तिस्माबारे कुरा गरिरहनुभएको छ तर बप्तिस्मा र यस्तै प्रकारका अन्य कुनै अनुष्ठानहरूबारे कुरा गरिएको यहाँ देखिँदैन (येशूले यहाँ ख्रीष्टियान बप्तिस्माबारे बोल्नु कालदोषात्मक [anachronistic] हुनेथियो किनभने पेन्तिकोस नआइञ्जेल त्यो सुरु भएको थिएन); यसबाहेक, यसले मुक्तिको निम्ति बप्तिस्माको शारीरिक कार्य आवश्यक छ भनी येशूलाई शिक्षा दिन लगाउनेथियो, जो नयाँ करारको त्यो शिक्षाको विरुद्धमा हुनेथियो जसले विश्वासद्वारा मात्रा मुक्ति भन्ने शिक्षामा जोड़ दिन्छ। शारीरिक बप्तिस्मा आवश्यक हुनजाने कुरा साँचो हुँदो हो त बप्तिस्माबारे स्पष्टतया छलफल गर्ने नयाँ करारका अन्यान्य खण्डहरूमा पनि शारीरिक बप्तिस्माबारे अझ स्पष्टतासित शिक्षा दिइएको पाउन हामीले निश्चय नै आशा गर्न सक्नेथियौं (बप्तिस्माबारे हे. अ. ४९)।

"*तिमीहरू आफ्ना अपराध* र शरीरअनुसार बेखतनामा मरेका थियौ ... तर परमेश्वरले ... उहाँसँगै जीवित पार्नुभयो" (कल २:१३)।[८]

उद्धारकारी विश्वासअघि पुनर्जीवन आउँछ भन्ने कुरा आज इभ्यानजेलिकल्हरूले सधैं बुझ्दैनन्। कहिलेकाहीँ मानिसहरूले यसो पनि भन्नेछन्, "यदि तपाईंले ख्रीष्टलाई आफ्नो मुक्तिदाता भनी विश्वास गर्नुहुन्छ भने (तपाईंले विश्वास गर्नुभएपछि) तपाईं नयाँ गरी जन्मनुहुनेछ।" तर धर्मशास्त्र आफैले कुनै यस्तो कुरा भन्दैन। धर्मशास्त्रले यो नयाँ जन्मलाई एउटा यस्तो कामको रूपमा हेर्दछ जो हामीलाई विश्वास गर्न सक्षम बनाउनका लागि परमेश्वरले हामीभित्र गर्नुहुन्छ।

उद्धारकारी विश्वासपछि पुनर्जीवन आउँछ भनी इभ्यानजेलिकल्हरूले प्रायः नै सोचेका कारण यो हो कि तिनीहरूले मानिसहरू विश्वासमा आए*पछि* त्यसका *परिणामहरू* (परमेश्वर र उहाँको निम्ति प्रेम अनि पापबाट फर्केका) *देख्छन्* र तिनीहरूले यो सोच्दछन् कि उद्धारकारी विश्वासपछि नै पुनर्जीवन आएको हुनुपर्दछ। तर पनि हामीले यहाँ धर्मशास्त्रले हामीलाई जे भन्छ त्यसैको आधारमा निर्णय गर्नुपर्दछ, किनभने पुनर्जीवन यस्तो कुरा होइन जसलाई हामीले प्रत्यक्ष रूपमा देख्न सक्छौं वा जसको बारेमा हामी जान्न सक्छौं, "बतास जता चाहन्छ उतै बहन्छ। तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ। आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ" (यूह ३:८)।

ख्रीष्टियानहरूले परमेश्वर स्वयम्‌को गुप्त आत्मिक कार्यमाथिभन्दा प्रायः पुनर्जीवनका *परणामहरू*माथि ध्यान दिने झुकाउ देखाउने हुनाले, केही इभ्यानजेलिकल् विश्वासका सारहरूमा यस्ता शब्दहरू छन् जसले यो सङ्केत गर्छन् कि पुनर्जीवन उद्धारकारी विश्वासपछि आउँछ। यसकारण, उदाहरणार्थ, इभ्यानजेल्इकल् फ्री चर्च अव् अमेरिकाको विश्वासको सारले यसो भन्छ (यसलाई धेरैवटा इभ्यानजेलिकल् सङ्गठनहरूले ग्रहण गरेका छन्) :

> हामी यो विश्वास गर्छौं कि साँचो मण्डली सबै यस्ता मानिसहरूद्वारा गठित छन् जो ख्रीष्टमा भएको *उद्धारकारी विश्वासको माध्यमबाट* पवित्र आत्माद्वारा पुनर्जीवित तुल्याइएका छन् अनि ख्रीष्टको मण्डलीमा एक बनाइएका छन् जसको शिर ख्रीष्ट हुनुहुन्छ (अनुच्छेद ५)।

यहाँ "पुनर्जीवन"-को अर्थ परिवर्तित जीवनमा देखिने *पुनर्जीवनको बाहय प्रमाण*

[८]RSV-ले कलस्सी २:१३ लाई सम्बन्धवाचक उपवाक्य राखेर यसरी अनुवाद गर्छ, "अनि तिमीहरूलाई, जो अपराध र तिमीहरूका शरीरको बेखतनामा *मरेका थियौ,* परमेश्वरले उहाँसँगै जीवित पार्नुभयो" तर ग्रीक मूलपाठमा यही पदमा सम्बन्धवाचक सर्वनाम *(hous)* छैन, यसलाई पावलले सहजै प्रयोग गर्न सक्थे, तर वर्तमानकालिक कृदन्त *otas* भएको कृदन्ती वाक्यांश छ, जसले चलिरहेको कार्यको एक सूक्ष्म भेद दिन्छ – जुन कार्य मूल क्रियापदको ("जीवित पार्नुभयो") कार्य आरम्भ *भएकै समयमा* भयो। यसकारण *एन्.आई.भी.*-ले समुचित अर्थ व्यक्त गर्छ – हामी हाम्रा पापमा मृत अवस्थामा रहिरहेका बेलामा नै परमेश्वरले हामीलाई जीवित पार्नुभयो। हामीले कृदन्तलाई अनुमोदनात्मक (concessive), प्रेरणार्थक (causative), वा अनुषांगिक परिस्थिति व्यक्त गर्ने, वा कृदन्तको हुनसक्ने अरू कुनै पनि सम्भव अर्थमध्ये जुनै अर्थमा अनुवाद गरे तापनि मुख्य क्रियापद साथसाथै आउने कालवाचक अर्थभेद (temporal nuance) पनि रहेकै हुन्छ। तरपनि एन्.आई.भी.ले, यसलाई स्पष्टतया कालवाचक कृदन्त ("जब तिमीहरू मृत थियौ")-को रूपमा अनुवाद गरेर यस पदको अभीष्ट अर्थको सर्वोत्तम भाषान्तर दिएको छ।

*हो* भन्ने स्पष्ट हुन्छ – यो त्यो प्रमाण हो जुन निश्चय नै उद्धारकारी विश्वासपछि आउँछ। त्यसकारण "नयाँ गरी जन्मनु"-लाई पहिला नयाँ जीवन प्रदान गरिइएको अर्थमा लिइँदैन तर प्रदान गरिने त्यो कामको परिणामस्वरूप आएको *सम्पूर्ण जीवन परिवर्तन भएको* अर्थमा *लिइन्छ*। यदि "पुनर्जीवन"-लाई यस अर्थमा लिइयो भने यो साँचो हुनेछ कि पुनर्जीवन उद्धारकारी विश्वासपछि आउँछ।

तरै भए तापनि, यदि हामीले धर्मशास्त्रमा लेखिएका शब्दहरूअनुरूपको भाषा प्रयोग गर्नु हो भने हामीले "पुनर्जीवन" शब्दको अर्थ परमेश्वरको त्यो तत्क्षणको, *प्रारम्भिक* काम मात्र हो भनी मान्नुपर्दछ जसमा उहाँले हामीलाई आत्मिक जीवन प्रदान गर्नुहुन्छ। त्यसपछि हामीले यस कुरामाथि जोड़ दिन सक्छौं कि हामीले पुनर्जीवनैलाई देख्दैनौं तर देख्छौं हाम्रा जीवनमा यसका परिणामहरू, अनि हामीले देख्ने प्रथम परिणामचाहिँ मुक्तिको लागि ख्रीष्टमा राखिने विश्वास हो। वास्तवमा, जबसम्म हामी ख्रीष्टमा विश्वासमा आउँदैनौं तबसम्म हामी यो जान्दैनौं कि हामीलाई पुनर्जीवित तुल्याइएको छ किनकि त्यो परमेश्वरको यो लुकाइएको अनि भित्री कामको बाहिरी प्रमाण हो। हामी एकपटक ख्रीष्टमा उद्धारकारी विश्वासमा आइसकेपछि, हामी यो जान्दछौं कि हामी नयाँ गरी जन्मेका छौं।

हामीले यस धारणालाई प्रयोगको रूपमा ल्याउँदा, हामीले यो बुझ्नुपर्दछ कि धर्मशास्त्रमा सुसमाचार सन्देशको व्याख्याले आज्ञाको रूप लिँदैन। यसले "नयाँ गरी जन्मनू र मुक्ति पाऊनू" भन्दैन तर भन्छ, "ख्रीष्टमा विश्वास गर र तिमीलाई उद्धार गरिइनेछ।"[९] सम्पूर्ण प्रेरितको पुस्तकभरि, र धर्मपत्रहरूमा दिइएको सुसमाचारका वर्णनहरूमा सुसमाचार प्रचारको एकनासे ढाँचा यही हो।

### घ. साँचो पुनर्जीवनले जीवनमा परिणामहरू ल्याउनैपर्दछ

यस अघिको खण्डमा पावलले सुसमाचारको सन्देशबारे लिडियालाई बताउँदा "पावलले बोलेका कुरा ध्यानसँग सुनोस् भनेर प्रभुले तिनको हृदय" खोलिदिनुहुँदा (प्रे १६:१४; तु. यूह ६:४४,६५; १ पत्र १:३), एउटा व्यक्तिको जीवनमा हुने पुनर्जीवनको प्रथम परिणामको सुन्दर उदाहरण हामीले हेर्‍यौं। यस्तै प्रकारले यूहन्ना भन्छन्, "येशू नै ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर्ने हरेक परमेश्वरबाट जन्मेको हो" (१ यूह ५:१)।[१०] तर पुनर्जीवनका अरू परिणामहरू पनि छन् जसमध्ये धेरैवटा विशेष गरी यूहन्नाका धर्मपत्रहरूमा लेखिएका छन्। उदाहरणार्थ, यूहन्ना भन्छन्, "परमेश्वरबाट जन्मेको कसैले पनि पाप गरिरहँदैन, किनकि उहाँको स्वभाव त्यसमा रहन्छ, र त्यसले पाप

[९]यो साँचो हो कि येशूले निकोदेमसलाई नयाँ गरी जन्मनुपर्छ भन्नुहुन्छ (यूह ३:७, "मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान") तर कसैले कहिल्यै गर्न नसक्ने काम (अर्थात्, आफैलाई नयाँ आत्मिक जीवन दिनु) गर भनी निकोदेमसलाई दिइएको आज्ञा यो होइन। यो निश्चयार्थ वाक्य (indicative sentence) हो, आज्ञार्थ वाक्य (imperative sentence) होइन)। निकोदेमसको पूर्ण आत्मिक अभाव र परमेश्वरको राज्यमा ऊ आफै प्रवेश गर्न सक्ने क्षमताको कमी देखाउने तथ्यको एउटा विवरण हो यो। यसको केही समयपछि निकोदेमसबाट आशा गरिएको प्रतिक्रियाबारे येशू बोल्न थाल्नुभएपछि, उहाँले आवश्यक कुराचाहिँ व्यक्तिगत रूपमा प्रत्युत्तर जनाउनु हो भनी बताउनुहुन्छ, "त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ र *जस-जसले उहाँमाथि विश्वास गर्छ*, त्यसले अनन्तको जीवन पाउँछ" (यूह ३:१४-१५)।

[१०]पूर्णकालिक कृदन्त "जन्मेको"-लाई यसरी अझ प्रस्ट रूपमा अनुवाद गर्न सकिन्थ्यो, "जन्मेको छ र त्यस घटनाको फलरूपी नयाँ जीवनमा त्यो बाँचिरहेकै छ।"

गरिरहन सक्दैन, किनभने त्यो परमेश्वरबाट जन्मेको हो" (१ यूह ३:९)। यहाँ यूहन्नाले यो व्याख्या गर्छन् कि जो व्यक्ति नयाँ गरी जन्मेको छ तिनमा आत्मिक "बीज" हुन्छ (पुनर्जीवन दिने र वृद्धि हुँदैजाने शक्ति) र यसले त्यस व्यक्तिलाई निरन्तरको पापदेखि उन्मुक्त जीवन जिइरहन दिन्छ। यसको अर्थ अवश्य नै यो होइन कि ती व्यक्तिको जीवन सिद्ध हुनेछ तर यो मात्र हो कि तिनको जीवनको ढाँचा पापमा सतत आसक्त भइरहने हुँदैन। पुनर्जीवित तुल्याइएको व्यक्तिको जीवन-लक्षण बताउनुहोस् भनी प्रश्न गरिँदा मनमा सबैभन्दा पहिला आउने विशेषण "पापी" हुनु हुँदैन तर "ख्रीष्टप्रति आज्ञाकारी" वा "धर्मशास्त्रप्रति आज्ञाकारी" आदि जस्तै किसिमको हुनुपर्दछ। हामीले यस कुरामा ध्यान दिनुपर्दछ कि साँचो प्रकारले नयाँ गरी जन्मेको कुनै पनि मानिसबारे यही कुरा सत्य हुन्छ भनी यूहन्ना भन्छन्। "परमेश्वरबाट जन्मेको कसैले पनि पाप गरिरहँदैन।" यसलाई हेर्ने अर्को तरिका यो भन्नु हो कि "धार्मिक काम गर्ने हरेक परमेश्वरबाट जन्मेको हुन्छ" (१ यूह २:२९)।

जीवनमा साँचो र ख्रीष्टको-जस्तै प्रेम एउटा विशेष परिणाम हुन्छ, "जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ" (१ यूह ४:७)। नयाँ जीवनको अर्को प्रभाव *संसारमाथि विजय प्राप्त गर्नु हो,* "उहाँका आज्ञाहरू भारपूर्ण छैनन्। किनकि परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि विजय प्राप्त गरेको छ" (१ यूह ५:३-४)। यहाँ यूहन्नाले यो बुझाउँछन् कि पुनर्जीवनले हामीलाई संसारका चाप र परीक्षाहरूमाथि विजय गर्ने सामर्थ्य दिन्छ; यस्तो नभए यी कुराहरूले हामीलाई परमेश्वरका आज्ञाहरू पालन गर्न र उहाँको मार्गमा हिँड्न दिनेथिएनन्। यूहन्नाले भन्छन् कि हामी यी चापहरूमाथि विजयी बन्नेछौं र त्यसकारण परमेश्वरका आज्ञाहरू पालन गर्नु "भारपूर्ण" हुनेछैन, बरु, उनी सङ्केत गर्छन्, रमाहटमय हुनेछ। उनी अझै यो पनि बुझाउँछन् कि हामीले संसारमाथि विजय प्राप्त गर्ने प्रक्रिया विश्वासमा कायम रहिरहनु हो, "संसारलाई जत्ने विजय हाम्रो विश्वास हो" (१ यूह ५:४)।

यूहन्नाले अन्त्यमा यो टिप्पणी गर्छन् कि पुनर्जीवनको अर्को परिणाम *शैतानबाट सुरक्षा* हो, "परमेश्वरबाट उत्पन्न भएको कसैले पनि पाप गरिरहँदैन, तर परमेश्वरबाट जन्मनुहुनेले [अर्थात्, ख्रीष्टले] त्यसलाई सुरक्षित राख्नुहुन्छ, *र दुष्टले त्यसलाई छुँदैन*" (१ यूह ५:१८)। शैतानबाट आक्रमणहरू हुने भए तापनि यूहन्नाले उनका पाठकहरूलाई फेरि यो आश्वासन दिन्छन् कि "जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान् हुनुहुन्छ" (१ यूह ४:४), र हामीभित्र हुनुभएको पवित्र आत्माको अझ महान् शक्तिले हामीलाई त्यो दुष्टबाट हुने परमहानिबाट सुरक्षित राख्छ।

हामीले यो बुझ्नुपर्दछ कि उक्त कुराहरू नयाँ गरी जन्मेका मानिसहरूका जीवनमा *अनिवार्य* परिणामहरू हुन्। यदि एउटा व्यक्तिको जीवनमा साँचो पुनर्जीवन आएको छ भने तिनले येशू ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर्नेछन् र निरन्तर पापका जीवनको ढाँचाबाट अलगै रहनेछन् र तिनले आफ्ना भाइ वा दाज्यूलाई प्रेम *गर्नेछन्* अनि संसारका परीक्षाहरूमाथि विजय प्राप्त *गर्नेछन्* अनि त्यो

दुष्टबाट हुने परमहानिबाट तिनी सुरक्षित राखिइनेछन्। यी अनुच्छेदहरूले यो देखाउँछन् कि एउटा व्यक्ति पुनर्जीवित तुल्याइनु र पनि ख्रीष्टियान नबन्नु असम्भव कुरा हो।[११]

पुनर्जीवनका अरू परिणामहरू पावलद्वारा सूचीबद्ध गरिएका छन्। यसमा उनले *"आत्माको फलबारे,* अर्थात् हरेक विश्वासीभित्र काम गरिरहनुहुने पवित्र आत्माको शक्तिद्वारा उत्पन्न गरिएको यस जीवनमा हुने परिणामबारे बताउँछन्, "तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन्" (गला ५:२२-२३)। साँचो पुनर्जीवन भएको छ भने पवित्र आत्माको फलका यी तत्त्वहरू अझ बढ़ी मात्रा त्यस व्यक्तिको जीवनमा प्रस्टै हुनेछन्। तर यसको तुलनामा, तिनीहरू जो अविश्वासीहरू हुन्, लगायत तिनीहरू जो विश्वासी नभएर पनि विश्वासी भएका ढोङ्ग गरिरहेका छन्, तिनीहरूका जीवनमा चरित्रका यी विशेषताहरूको कमी प्रस्टै देखिनेछ। येशूले उहाँका चेलाहरूलाई भन्नुभयो :

> झूटा अगमवक्ताहरूदेखि होशियार बस, जो तिमीहरूकहाँ भेड़ाको भेसमा आउँछन्, तर भित्रपट्टि चाहिँ डरलाग्दा ब्वाँसाहरूजस्ता हुन्छन्। तिनीहरूका फलबाट तिमीहरूले तिनीहरूलाई चिन्नेछौ। के काँड़ाको बोटबाट अंगूर अथवा सिउँड़ीबाट अञ्जिर टिपिन्छ र? त्यसै गरी हरेक असल रूखले असल फल फलाउँछ। तर खराब रूखले खराब फल फलाउँछ। असल रूखले खराब फल फलाउन सक्दैन, नता खराब रूखले असल फल फलाउन सक्तछ। असल फल नफलाउने हरेक रूख काटी ढालिन्छ, र आगोमा फालिन्छ। यसरी ती अगमवक्ताहरूलाई तिनीहरूका फलबाट चिन्नेछौ। (मत्ती ७:१५-२०)

मण्डलीमा गरिने क्रियाकलाप वा आश्चर्यकर्म पुनर्जीवनको प्रमाण हो भनी येशूले भन्नुहुन्न, नयाँ करारले त्यसो भन्दैन वा पावल वा यूहन्नाले त्यसो भन्दैनन्। उनीहरूले बरु जीवनमा भएका चारित्रिक विशेषताहरूतिर औंल्याउँछन्। वास्तवमा माथि उद्धृत गरिएका पदहरूको तुरुन्तैपछि येशूले यो चेताउनी दिनुहुन्छ कि न्याय को दिन कसरी धेरै मानिसहरूले उहाँलाई भन्नेछन्, "प्रभु, प्रभु, के हामीले तपाईंको नाउँमा अगमवाणीहरू बोलेनौं? तपाईंको नाउँमा भूतहरू धपाएनौं? र तपाईंको नाउँमा अनेक शक्तिशाली काम गरेनौं र? तर उहाँले तिनीहरूलाई यो घोषणा गरिदिनुहुनेछ, *"मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ;* ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ" (मत्ती ७:२२-२३)। येशूको नाउँमा गरिएका अगमवाणी, भूत धपाउने काम र धेरैवटा आश्चर्यकर्महरू र महाशक्तिशाली कामहरूले (एउटा मानिसले शरीरको बलमा शायद दशकौंसम्म मण्डलीमा गरेको अरू किसिमका सक्रिय कामहरूको कुरै नगरौं) पनि पत्यारलाग्दो प्रमाण उपलब्ध गराउँदैनन् कि त्यो

[११]व्यक्ति सर्वप्रथम पुनर्जीवित तुल्याइन्छ र त्यसपछि तिनी उद्धारकारी विश्वासमा आउँछ भनी हामीले माथि देखायौं। एउटा यस्तो छोटो समय आउनेछ जुन समयमा कुनै व्यक्ति पुनर्जीवित तुल्याइनेछ तर परिणामहरू (विश्वास, प्रेम आदि) देखिन बाँकी नै रहन्छ। तर यूहन्नाले परिणामहरू *पछि आउनेछन्* भनिरहेका छन्; कोही एकपटक नयाँ गरी जन्मेपछि यी परिणामहरू अवश्यम्भावी हुन्छन्।

व्यक्ति साँचो रूपमा नयाँ गरी जन्मेको व्यक्ति हो। प्रस्टै छ कि प्राकृतिक पुरुष वा स्त्रीको आफ्नै बलमा वा दुष्ट शैतानको सहायतामा पनि यी सबै कामहरू गर्न सकिन्छ। तर एउटा व्यक्तिको जीवनमा धेरै लामो समयावधिसम्म प्रदर्शन गरिएका परमेश्वर र उहाँका जनप्रति साँचो प्रेम, उहाँका आज्ञाप्रति हार्दिक आज्ञाकारिता, पावलले आत्माको फल भनेका ख्रीष्टको-जस्तै चारित्रिक विशेषताहरू शैतानले वा आफ्नै बलमा प्राकृतिक पुरुष वा स्त्रीले कुनै पनि रीतिले उत्पन्न गराउन सक्दैन। हामीभित्र काम गरिरहनुहुने र हामीलाई नयाँ जीवन दिनुहुने परमेश्वरका आत्माले मात्र ती उत्पन्न गर्न सक्नुहुन्छ।

### व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. के तपाईं नयाँ गरी जन्मनुभएको छ? तपाईंको जीवनमा नयाँ जन्मको प्रमाण छ? के तपाईंलाई त्यो सही समय थाहा छ जब तपाईंको जीवनमा पुनर्जीवन आयो? केही भएको छ भनी तपाईंले कसरी जान्नुभयो के तपाईं वर्णन गर्न सक्नुहुन्छ?

२. यदि तपाईं (वा तपाईंकहाँ आउने साथीहरू) नयाँ गरी जन्मनुभएको छ भन्ने कुराबारे निश्चित हुनुहुन्न भने तपाईंले अझ दह्रिलो आश्वासन पाउनलाई (साँचो रूपमा पहिलोपटक नयाँ गरी जन्मनलाई) धर्मशास्त्रले तपाईंलाई के गर्ने प्रोत्साहन दिन्छ? (टिप्पणी : पश्चात्ताप र उद्धारकारी विश्वासबारे अरू छलफल अर्को अध्यायमा दिइएको छ)।

३. पुनर्जीवन उद्धारकारी विश्वासभन्दा पहिले नै आउँछ भनी के तपाईंले यसअघि विचार गर्नुभएको थियो? के तपाईंमा यसबारे अब दृढ विश्वास छ वा तपाईंको मनमा यससम्बन्धी अझै पनि केही प्रश्नहरू छन्?

४. तपाईंको पुनर्जीवन पूर्ण रूपले परमेश्वरको काम थियो अनि यो काममा तपाईंले कुनै देन दिनुभएन भन्ने तथ्यबारे तपाईं के सोच्नुहुन्छ? यसले तपाईंलाई आफैप्रति कस्तो अनुभूति गराउँछ? यसले तपाईंलाई परमेश्वरप्रति कस्तो अनुभूति गर्ने बनाउँछ? एउटा उपमाको रूपमा भन्नुपर्दा, तपाईं शारीरिक रूपमा जन्मनुहुँदा, जन्मनुबाहेक तपाईंको अन्य कुनै विकल्प थिएन भन्ने तथ्यले तपाईंलाई कस्तो अनुभूति हुन्छ?

५. के तपाईंको आफ्नै जीवनमा यस्ता क्षेत्रहरू छन् जहाँ पुनर्जीवनका परिणामहरू त्यति स्पष्ट गरी देखिँदैनन्? के एउटा व्यक्तिको निम्ति पुनर्जीवित तुल्याइनु र त्यसपछि कचल्टिनु सम्भव छ जसको कारण थोरै वा शून्य आत्मिक वृद्धि हुन्छ? एउटा व्यक्ति साँच्चै नै नयाँ गरी जन्मेका भए तापनि तिनी कस्ता परिस्थितिहरूमा जिउँदा यस प्रकारको आत्मिक निष्क्रियता र वृद्धिको कमीमा (यदि यो सम्भव छ भने) तिनी फस्न सक्छन्? एउटा व्यक्ति कुन प्रकारको मण्डली धाउँछ त्यसले, वा तिनले पाउने शिक्षाले, तिनले पाउने ख्रीष्टियान सङ्गतिले अनि बाइबल पठन र

प्रार्थनामा बिताइने समयको नियमितताले तिनको आत्मिक जीवन र वृद्धिलाई कति मात्रासम्म प्रभावित गर्न सक्छ ?

६. यदि पुनर्जीवन पूर्ण रूपले परमेश्‍वरको काम हो र यसलाई उत्पन्न गर्नलाई मानिसहरूले केही गर्न सक्दैन भने सबै मानिसहरूलाई सुसमाचार प्रचार गर्ने कामको लाभ के हुन्छ र ? आत्मिक रूपमा मृत भएका कारण प्रत्युत्तर नै जनाउन नसक्ने मानिसहरूलाई सुसमाचार प्रचार गनर्र र प्रत्युत्तर माग्नु किञ्चित् विसङ्गत मात्र नभएर क्रूरै काम होइन र ? यस प्रश्‍नको समाधान तपाईं कसरी समाधान गर्नुहुन्छ ?

## विशेष शब्दावली

नयाँ गरी जन्मनु
आत्माबाट जन्मेको
पानीद्वारा जन्मेको
अप्रतिरोध्य अनुग्रह
पुनर्जीवन

## पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे. । सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्‍वरशास्त्रहरूबाट चयनित खण्डहरू

१. एङ्गलिकन (इपिस्कपलियन)
१८८२-९२ लिट्टन, ३२०-२८
२. अर्मिनी (वेजलियन वा मेथडिस्ट)
१८४७ फिनी, २८२-३६४
१८९२-९४ मिली, २:३२७-३६
१९६० पुर्किसर, २९२-९७
३. ब्याप्टिस्ट
१७६७ गिल, २:१०७-२१
१८८७ बोइस्, ३७३-८२
१९०७ स्ट्रङ्ग, ८०९-२९
१९१७ म्यूलिन्स्, ३८५-८९
१९८३-८५ एरिक्सन, ९३२-३३, ९४२-४६
४. डिसपेन्सेशनल
१९४७ शेफर, ६:१०४-२१
१९४९ थिसेन, २७१-७६
१९८७ राइरी, ३२५-२६

५. लुथरन

१९१७-२४ पाइपर, २:४९८-५०१

१९३४ म्युएलर, ३६३-६४

६. रिफमर्ड् (वा प्रेज्बिटरियन)

१५५९ क्याल्भिन, १:५९२-६२१ (३:३)

१७२४-५८ एड्वर्ड्स्, ५४३-६५, ८४९-५५

१८६१ हिपि, ५१८-२७

१८७१-७३ होज, २:६८२-७३२; ३:३-४०

१८७८ डेब्नी, ५७९-९९

१८८७-१९२१ वारफिल्ड, BTS, ३५१-७४; SSW, २:३२१-२४

१८८९ शेड, २ख, ४९०-५२८

१९३७-६६ मरे, CW, २:१६७-२०१; RAA, ९५-१०५

१९३८ बर्खोफ, ४६५-७९

१९६२ बुसवेल, २:१६८-७५

७. रीन्यूअल (वा क्यारिज्म्याटिक्/पेन्टिकोस्टल)

१९८८-९२ विल्यम्स्, २:३५-५९

## रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रका प्रातिनिधिक खण्डहरू

१. रोमन क्याथलिक : परम्परावादी

१९५५ ओट, २१९-४९

२. रोमन क्याथलिक : भेटिकनोत्तर द्वितीय

१९८० म्याकब्राइन, २:९९१-१००५

## अन्य पुस्तक/लेखहरू

Hoekema, Anthony A. “Regeneration." In *Saved by Grace.* Grand Rapids: Eerdmans, and Exeter: Paternoster, 1989, pp. 93-112.

Kevan, E. F. Salvation. Phillisburg, N. J.: Presbyterian and Reformed, 1973.

Packer, J. I. “Regeneration." In *EDT,* pp. 924-26.

Toon, Peter. *Born Again: A Biblical and Theological Study of Regeneration.* Grand Rapids: Baker, 1987.

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

यूहन्ना **३:५-८:** *येशूले जवाफ दिनुभयो, “साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन। शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो। मैले तिमीलाई नयाँ गरी*

*जन्मनुपर्छ भन्दा अचम्म नमान। बतास जता चाहन्छ उतै बहन्छ। तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ। आत्माबाट जन्मेको हरेक व्यक्ति यस्तै हुन्छ।"*

**भजन**

"खोजें मैले प्रभुलाई र पछि चिनें मैले"

यस भजनले सुन्दरतापूर्वक परमेश्वरलाई धन्यवाद चढाउँछ यस तथ्यको निम्ति कि हामीले नजान्दा नै उहाँले हामीलाई खोज्नुभयो, हाम्रा हृदयमा रहस्यमय प्रकारले काम गर्नुभयो अनि हामी उहाँलाई भरोसा गर्न आउनुभन्दा अघिबाटै हामीलाई विश्वास गर्न सक्ने मानिसहरू बनाउनुभयो।

खोजें मैले प्रभुलाई र पछि चिनें मैले
उहाँलाई खोज्ने बनाउनुभयो मेरो आत्मालाई उहाँले, खोज्नुहुँदै मलाई;
होइन, पाउने म तपाईंलाई, हे मुक्तिदाता साँचो,
होइन, पाउनुभयो तपाईंले मलाई।

पसार्नुभयो हात आफ्नो तपाईंले अनि खुलियो हात मेरो;
म हिँडें, अनि डुबिनँ आँधीमा-रुमलिएको समुद्रमा,
जसरी समात्नुभयो, प्यारो प्रभु मलाई तपाईंले
समातिनँ तपाईंलाई मैले।

म भेट्टाउँदछु, म हिँड्दछु, तर समग्रमा
तपाईंप्रतिको प्रेम नै हो मेरो उत्तर, प्रभु;
किनकि हुनुहुन्थ्यो मेरो आत्मासँग तपाईं धेरैअघि,
प्रेम गर्नुहुन्छ तपाईंले सधैं मलाई।

*रचयिता* : अज्ञात, प्रायः सन् १९०४

अध्याय ३५

# मतान्तरण/हृदय-परिवर्तन (विश्वास र पश्चात्ताप)

# Conversion (Faith and Repentance)

***साँचो पश्चात्ताप के हो? उद्धारकारी विश्वास के हो? के मानिसहरूले येशूलाई प्रभुका रूपमा होइन, तर मुक्तिदाताका रूपमा मात्र ग्रहण गर्न सक्छन्?***

## व्याख्या र धर्मशास्त्रीय आधार

परमेश्वर स्वयम्ले (मानवद्वारा वचनको प्रचारद्वारा) कसरी हामीलाई सुसमाचारको बोलावट दिनहुन्छ, अनि हामीभित्र नयाँ आत्मिक जीवन दिनुहुँदै हामीलाई कसरी पुनर्जीवित पार्नुहुन्छ, सोबारे यस अघिका दुईवटा अध्यायहरूले व्याख्या गरेका छन्। यस अध्यायमा हामी सुसमाचारको त्यो बोलावटप्रति हाम्रो प्रत्युत्तरलाई जाँच्नेछौं। हामी मतान्तरण/हृदय-परिवर्तन (conversion)-लाई यसरी परिभाषित गर्न सक्छौं : *मतान्तरण*/हृदय-परिवर्तन *सुसमाचारको बोलावटप्रति हाम्रो स्वैच्छिक प्रत्युत्तर हो, जसमा हामी इमानदारीसित पापको पश्चात्ताप गर्छौं अनि मुक्तिको निम्ति ख्रीष्टमा हाम्रो भरोसा राख्छौं।*

*मतान्तरण/ हृदय-परिवर्तन* शब्दको अर्थ “फकार्नु” हो – यहाँ यसले आत्मिक रूपमा फर्कने काम बुझाउँछ, अर्थात् पाप *देखि ख्रीष्टतिर* फर्कनु। पापबाट फर्कनुलाई *पश्चात्ताप* भनिन्छ अनि ख्रीष्टतिर फर्कनुलाई *विश्वास* भनिन्छ। मतान्तरणका यी तत्त्वहरूमध्ये प्रत्येकलाई हामी हेर्नेछौं। हामी सर्वप्रथम कुन तत्त्वबारे छलफल गर्नेछौं त्यसले केही फरक ल्याउँदैन किनकि एउटाविना अर्को हुनै सक्दैन अनि साँचो रूपमा मतान्तरण हुँदा यी दुवै कुराहरू एकसाथै हुनुपर्दछ। यस अध्यायको उद्देश्यका लागि हामी सर्वप्रथम उद्धाकार दिने विश्वास वा उद्धारकारी विश्वास अध्ययन गर्नेछौं र त्यसपछि पश्चात्ताप।

### क. साँचो उद्धारकारी विश्वासमा ज्ञान, अनुमोदन र व्यक्तिगत भरोसा हुन्छ

**१. ज्ञान मात्रै पर्याप्त छैन।** नयाँ करारले बुझेअनुसार मुक्ति दिने व्यक्तिगत

विश्वासमा ज्ञानभन्दा अरू कुराहरू पनि हुन्छन्। *ख्रीष्ट को हुनुहुन्छ र उहाँले के गर्नुभएको छ सोबारे ज्ञान हुनु निश्चय नै आवश्यक* छ किनभने, "जसको विषयमा सुनेकै छैनन् उहाँमाथि तिनीहरूले कसरी विश्वास गर्ने ?" (रोम १०:१४)। ख्रीष्टको जीवन, मृत्यु र पुनरुत्थानका तथ्यहरूबारे ज्ञान हाम्रा निम्ति पर्याप्त छैन, किनकि मानिसहरूले तथ्यहरू जान्न सक्छन् तर तिनका विरुद्धमा विद्रोह गर्लान् वा ती मन नपराउलान्। उदाहरणार्थ, पावल भन्छन् कि धेरै मानिसहरूले परमेश्वरको व्यवस्था जान्दछन् तर तिनलाई घृणा गर्छन्, "यस्ता काम गर्नेहरू मृत्युको योग्य हुन्छन् भन्ने परमेश्वरको धार्मिक-विधान जान्दाजान्दै पनि तिनीहरू यी काम गर्ने मात्र होइनन्, तर यस्ता गर्नेहरूसँग पूर्ण सहमत पनि हुन्छन्" (रोम १:३२)। परमेश्वर को हुनुहुन्छ सो भूतात्माहरूले पनि जान्दछन् र येशूको जीवन र उद्धारकारी कामहरूसम्बन्धी तथ्यहरू तिनीहरूले जान्दछन् किनकि याकूबले भन्छन्, "तिमीहरू विश्वास गर्दछौ कि परमेश्वर एउटै हुनुहुन्छ। त्यो असल हो। भूतात्माहरू पनि विश्वास गर्छन् र थरथर काम्छन्" (याक २:१९)। तर त्यो ज्ञानको अर्थ यो होइन कि भूतात्माहरू मुक्ति पाउनेछन्।

**२. ज्ञान र अनुमोदन पर्याप्त हुँदैन।** यसको अतिरिक्त, सत्य कुराहरू जान्नु र तिनलाई *अनुमोदन गर्नु* र ती सत्य हुन् भनी *सहमत हुनु* मात्र पर्याप्त हुँदैन। ख्रीष्ट परमेश्वरबाट आउनुभएको थियो भनी निकोदेमसले जान्दथिए, किनकि तिनले भने, "गुरुज्यू, हामी जान्दछौं तपाईं परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ, किनकि परमेश्वर साथमा हुनुभएन भने तपाईंले गर्नुभएका यी चिन्हहरू कसैले गर्न सक्दैन" (यूह ३:२)। येशूका शिक्षा र उहाँका असाधारण आश्चर्यकर्महरूसम्बन्धी तथ्यहरू लगायत त्यो स्थितिका तथ्यहरूलाई निकोदेमसले मूल्याङ्कन गरेका थिए र ती तथ्यहरूबाट सही निष्कर्ष निकालेका थिए – येशू परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्थ्यो। तर केवल यसको अर्थ यो थिएन कि निकोदेमसमा उद्धारकारी विश्वास थियो, किनभने मुक्तिका लागि तिनले अझै पनि ख्रीष्टमा भरोसा राख्नुपर्थ्यो; तिनले उहाँमा "विश्वास गर्नु बाँकी नै थियो। उद्धारकारी विश्वासविनाको ज्ञान र अनुमोदनको उदाहरण राजा अग्रिपासले उपलब्ध गराउँछन्। पावलले यो कुरा बुझेका थिए कि अग्रिपासले यहूदी धर्मशास्त्र (हामी आज यसलाई पुरानो करार भन्दछौं) जान्दथे र यसलाई अनुमोदनको दृष्टिकोणले हेर्थे भन्ने कुरा प्रस्टै छ)। अग्रिपासको अगि पावलको मुद्दा चलिरहेको बेला उनले भने, "राजा अग्रिपास, के हजुरले अगमवक्ताहरूमाथि विश्वास गर्नुहुन्छ ? म जान्दछु, *हजुरले विश्वास गर्नुहुन्छ*" (प्रे २६:२७)। तर पनि अग्रिपासमा उद्धारकारी विश्वास नभएको कुरा प्रस्टै छ किनभने तिनले पावललाई भने, "के थोरै समयमा तिमी मलाई ख्रीष्टियान बनाउन माग्छौ !" (प्रे २६:२८)।

**३. मलाई व्यक्तिगत रूपमा मुक्ति दिइनलाई मैले येशूमा निर्भर गर्ने निर्णय म आफैले गर्नुपर्दछ।** सुसमाचारका तथ्यहरूको ज्ञान र ती तथ्यहरूलाई अनुमोदन

गर्नुबाहेक, मैले मुक्ति पाउनलाई, मेरो उद्धार गरिनका लागि येशूमा भर पर्ने निर्णय मैले गर्नैपर्दछ। मैले यसो गर्दा, म मुक्तिका तथ्यहरू र बाइबलका शिक्षाहरूका पर्यवेक्षण गर्ने काममा अभिरुचि राख्ने व्यक्तिदेखि अझ अगि बढ़ी त्यो व्यक्ति बन्नुपर्दछ जसले ख्रीष्ट येशूलाई एक जीवित व्यक्ति भनी उहाँसँग एउटा नयाँ सम्बन्धमा प्रवेश गर्दछ। हामी त्यसकारण उद्धारकारी विश्वासलाई यसरी परिभाषित गर्नसक्छौं *उद्धारकारी विश्वास पापहरूका क्षमाका लागि र परमेश्वरसँग अनन्त जीवनका लागि एक जीवित व्यक्तिको रूपमा येशू ख्रीष्टमा गरिने भरोसा हो।*

यस परिभाषाले यस कुरामा जोड़ दिन्छ कि उद्धारकारी विश्वास तथ्यहरूमा राखिएको आस्था मात्र होइन तर *मलाई उद्धार दिनुहुन्छ भनी येशूमा राखिने व्यक्तिगत भरोसा हो*। जस्तो कि हामी यसपछिका अध्यायहरूमा व्याख्या गर्नेछौं, मुक्तिमा पापहरूको क्षमा र अनन्त जीवनका कुराहरूबाहेक अझ धेरै कुराहरू पनि छन्, तर ख्रीष्टमा सर्वप्रथम आउने कुनै पनि व्यक्तिले मुक्तिका आउने आशिषहरूका सीमाबारे विरलै जान्दछन्। यसको अतिरिक्त, ख्रीष्टमा भरोसा गर्ने एउटा व्यक्तिका दुईवटा प्रमुख सरोकारहरू "पापको क्षमा" र "परमेश्वरसँग अनन्त जीवन" हुन् भनी हामी सही प्रकारले सारांशित गर्न सक्छौं। परमेश्वरसँगको अनन्त जीवनमा निश्चय नै परमेश्वरको सामुन्ने धार्मिकताको घोषणा (पवित्रीकरणको एउटा भाग; यसको व्याख्या दोस्रो अध्यायमा गरिएको छ), धर्मपुत्रग्रहण, पवित्रीकरण र महिमा-करणजस्ता कुराहरू सामेल भएका हुन्छन्। हामी यी सबै पछि सबेहोरा बुझ्नेछौं। ख्रीष्टमा आउने एउटा अविश्वासीको मुख्य सरोकारको विषय पापले तिनलाई परमेश्वरसँग हुने त्यो सङ्गतिबाट अलग गरेको छ जुन सङ्गतिको निम्ति हामी बनाइएका थियौं भन्ने तथ्य हो। एउटा अविश्वासी तिनका पाप र दोष हटाइन माग्नका लागि र परमेश्वरसँग सदासर्वदा रहिरहने साँचो सम्बन्धमा प्रवेश गर्न खोज्दै ख्रीष्टमा आउँछ।

यो परिभाषाले ख्रीष्टमा *व्यक्तिगत भरोसामा* जोड़ दिन्छ, ख्रीष्टबारे तथ्यहरूमा गरिने विश्वासमा मात्र होइन। धर्मशास्त्रमा उद्धारकारी विश्वासमा यो व्यक्तिगत भरोसा संलग्न भएको कारण आजको संस्कृतिमा "विश्वास"-भन्दा "भरोसा" शब्द प्रयोग गर्नु नै अझ उत्तम हुन्छ। यसको कारण यही हो कि कुनै व्यक्तिगत प्रतिबद्धताविना वा यसमा संलग्न कुनै निर्भरताविनै हामी कुनै कुरा सत्य हो भनी "विश्वास गर्न" सक्छौं। दिल्ली भारतको राजधानी हो वा ७×६=४२ हुन्छ भनी म विश्वास गर्न सक्छु तर मैले ती तथ्यहरूलाई विश्वास मात्र गर्दा त्यसमा मेरो कुनै व्यक्तिगत प्रतिबद्धता वा निर्भरता हुँदैन। यसको विपरीत, *विश्वास* शब्द अचेल कहिलेकाहीँ केहीप्रति प्रायः अविवेकी प्रतिबद्धतातिर, त्यसको विरुद्ध सबल प्रमाण हुँदाहुँदै पनि, सङ्केत गर्न प्रयोग गरिन्छ, त्यो साँचो *होइन* भनी हामी पूर्ण निश्चित भएरै पनि त्यसैलाई विश्वास गर्ने एउटा अविवेकी निर्णय ! (तपाईंको प्रिय फूटबल टीम बारम्बार हारिरहे र सबै तथ्यले यसले जित्ने आशा नभएको सङ्केत गरे तापनि, कसैले "आस्था" राख्नुहोस् भनी तपाईंलाई प्रोत्साहित गर्लान्)। यी दुई लोकप्रिय अर्थहरूमा, "विश्वास" र "आस्था" शब्दहरूको अर्थ बाइबलसम्मत अर्थको

विपरीत छ।[1]

दिनहुँको जीवनमा हामी व्यक्तिहरूलाई भरोसा गर्ने कामसित परिचित रहेका कारण *भरोसा* शब्द बाइबलीय धारणाको निकटस्थ छ। हामीले एउटा व्यक्तिलाई जति चिन्दैजान्छौं अनि त्यस व्यक्तिमा हामीले भरोसा गर्न सकिने जीवनको ढाँचा जति देख्दछौं त्यति नै मात्रामा हामी त्यस व्यक्तिले गर्नेछु भनी गरेको प्रतिज्ञा तिनले पूरा गर्छ भनी हामी त्यस व्यक्तिमा हाम्रो भरोसा राख्न सक्षम भएको आफूलाई पाउँदछौं, वा यसरी काम गरेको पाउँदछौं जसमा हामी भर पर्न सक्छौं। व्यक्तिगत भरोसाको यो भावलाई धर्मशास्त्रका अनेकौं खण्डहरूमा इङ्गित गरिएको छ जसमा प्रारम्भिक उद्धारकारी उद्धारकारी आस्थाबारे, प्रायः नै व्यक्तिगत सम्बन्धबाट उपमा प्रयोग गर्दै, अत्यन्त व्यक्तिगत भावमा बताइएको छ। यहून्ना भन्छन्, "जतिले उहाँलाई *ग्रहण गरे,* उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो" (यूह १:१२)। हामीले हाम्रा घरहरूमा पाहुनालाई स्वागत गरे जस्तै, ख्रीष्टलाई ग्रहण गर्नेबारे यूहन्ना बताउँछन्।

यूहन्ना ३:१६ ले हामीलाई भन्दछ, "उहाँमाथि *विश्वास गर्ने* कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।" यहाँ यूहन्नाले *"उहाँमाथि विश्वास गर्ने कोही पनि"* मात्र नभनेर, यूहन्नाले एउटा आश्चर्यजनक वाक्यांश प्रयोग गर्छन्। ग्रीक वाक्यांश *pisteuo eis auton*-लाई "उहाँ*भित्र* विश्वास गर्ने" भनेर पनि अनुवाद गर्न सकिन्छ, जसमा भरोसा वा आत्मविश्वासको भाव हुन्छ जो व्यक्तिको रूपमा येशू*भित्र* जान्छ र उहाँ*मा* रहन्छ। Leon Morris भन्न सक्छन्, "यूहन्नाका लागि, विश्वास, एक गतिविधि हो जसले मानिसहरूलाई तिनीहरू स्वयम्बाट निकाल्छ र तिनीहरूलाई ख्रीष्टसँग एक बनाउँछ।" उनी ग्रीक वाक्यांश *pisteuo eis* यो महत्त्वपूर्ण सङ्केत हो भनी बुझ्छन् कि नयाँ करारको विश्वास (आस्था) केवल बौद्धिक सहमति मात्र होइन, यसमा "व्यक्तिगत भरोसाको नैतिक तत्त्व"[2] संलग्न हुन्छ। नयाँ करार बाहिरको लौकिक ग्रीकमा त्यस्तो अभिव्यक्ति दुर्लभ वा सम्भवतः कतै नपाइने थियो, तर उद्धारकारी विश्वासमा संलग्न ख्रीष्टमा राखिने व्यक्तिगत भरोसा अभिव्यक्त गर्नका लागि अति उपयुक्त थियो।

येशूले "उहाँकहाँ आउने"-बारे अनेकौं ठाउँहरूमा भन्नुभएको छ। उहाँ भन्नुहुन्छ, "पिताले मलाई दिनुहुने सबै *मकहाँ आउनेछन्,* र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैनँ" (यू.ह ६:३७)। उहाँले यो पनि भन्नुहुन्छ, "यदि कोही तिर्खायो भने त्यो *मकहाँ आओस्* र पिओस्" (यूह ७:३७)। त्यसरी नै, उहाँ भन्नुहुन्छ, "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा

[1]बाइबलमा *विश्वास गर्नु/विश्वास* भन्ने शब्दहरू निश्चय नै बारम्बार आइरहन्छन्, अनि हाम्रो संस्कृतिले कहिलेकाहीं तिनको गलत अर्थ दिन्छ भनेर हामीले तिनको उपयुक्त बाइबलसम्मत प्रयोग त्याग्नु हुँदैन। मेरो तत्पार्य यो हो कि *भरोसा* शब्द आज बाइबलसम्मत अर्थ दिने सर्वाधिक सम्भाव्य शब्द हो।

[2]Leon Morris, *The Gospel According to John*, पृ. ३३६, C. H. Dodd-द्वारा *The Interpretation of the Fourth Gospel* (क्याम्ब्रिज्: क्याम्ब्रिज् यूनिभर्सिटि प्रेस, १९५३), पृह. १७८-८६ मा अझ लामो विवेचनको सन्दर्भमा, र Dodd-ले धर्मशास्त्रइतर ग्रीकमा एक व्यक्तिमा गरिने भरोसातिर सङ्केत गर्नका लागि पछाडिपट्टि *eis* सर्वनाम आउने *pisteuo*-का प्रयोगको कुनै समान्तर पाउँदैनन् भन्ने टिप्पणी। यो अभिव्यक्ति बरु हिब्रू पुरानो करारबाट "-मा विश्वास गर्नु"-को अक्षरशः अनुवाद हो।

आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु। अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ। किनकि मेरो जुवा सजिलो छ, र मेरो भारी हलुका छ" (मत्ती ११:२८-३०)। यी वाक्यांशहरूमा ख्रीष्टकहाँ आएर स्वीकार गरिदिनका लागि, जिउँदो पानी पिउनका लागि, अनि विश्राम र शिक्षाका लागि निवेदन गरेका धारणा पाउँदछौं। उद्धारकारी विश्वासमा जे संलग्न छन् तिनको अत्यधिक व्यक्तिगत चित्र यी सबैले प्रस्तुत गर्दछन्। हिब्रूहरूका लेखकले पनि येशू अहिले स्वर्गमा जीवित हुनुहुन्छ, हामीलाई ग्रहण गर्न तयार हुनुहुन्छ भनी सोच्न हामीलाई भन्दछन्, "उहाँद्वारा परमेश्वरको नजीक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ" (हिब ७:२५)। यहाँ (नयाँ करारमा धेरैपटक गरिएजस्तै) येशूलाई अहिले स्वर्गमा जीवित रहनुभएको, उहाँकहाँ आउनेहरूलाई सहायता गर्न जहिल्यै पनि सक्षम रहनुभएको रूपमा चित्रित गरिएको छ।

रिफर्मड ईश्वरशास्त्री J. I. Packer बेलायती प्यूरिटनवादी (Puritan/ अतिनियमनिष्ठ) लेखक John Owen-का निम्नलिखित अनुच्छेदहरू उद्धृत गर्दछन्, जसले व्यक्तिगत आस्थामा प्रत्युत्तर दिने ख्रीष्टको निमन्त्रणा बयान गर्दछन् :

> यो उहाँले अहिले तिमीलाई भन्नुहुने वचनको केही भाग हो : तिमी किन मर्ने ? तिमी किन नाश हुने ? तिमीहरूले आफ्नै प्राणहरूप्रति सहानुभूति नराख्ने ? आइरहेको क्रोधको दिनमा के तिमीहरूका हृदयले खप्न सक्छन्, के तिमीहरूका हात बलिया हुन सक्छन् ? ... मतिर हेर, र उद्धार प्राप्त गर, मकहाँ आओ, म तिम्रा सबै पापहरू, शोकहरू, डरहरू, बोझहरूबाट तिमीहरूलाई मुक्त गर्नेछु, र तिमीहरूका प्राणलाई विश्राम दिनेछु। आऊ, म तिमीलाई अनुनय-विनय गर्छु सबै विलम्बलाई, अबेरलाई एकातिर थन्क्याओ; मलाई अरू नपन्छाओ; अनन्तता ढोकामा छ ... मलाई यस्तरी घृणा नगर कि मबाट छुटकारा स्वीकार गर्नुभन्दा बरु नाश हुनै तिमीलाई निको लागोस्।
>
> प्रभु ख्रीष्टले पापीका आत्माहरूलाई अनवरत यी अनि यस्तै थोकहरू घोषित गर्नुहुन्छ, उद्घोषित गर्नुहुन्छ, निवेदन गर्नुहुन्छ, आग्रह गर्नुहुन्छ। ... यो उहाँले वचनको प्रचारमा गर्नुहुन्छ, मानौं उहाँ तिमीसँग हुनुहुन्छ, तिमीहरूका बीचमा उभिनुभएको छ, तिमीहरूमध्ये हरेकसँग व्यक्तिगत रूपमा बोल्नुहुन्छ। ... तिमीहरूसमक्ष आउनका लागि, र उहाँका पक्षमा तिमीहरूसँग व्यवहार गर्नका लागि उहाँले वचनका सेवकहरू नियुक्त गर्नुभएको छ, जसले उहाँका नाममा दिइएका निमन्त्रणाहरू उहाँकै हो भनी खुल्ला रूपमा स्वीकार गर्छन्। (२ कोर ५:१९-२०)[३]

नयाँ करारको साँचो आस्थासम्बन्धी यो ज्ञानसित, अब हामी यो बुझ्न सक्छौं कि कुनै व्यक्तिले ख्रीष्टमा भरोसा गर्न थाल्दा यी तीनै तत्त्वहरू हुनैपर्छ। सुसमाचारका तथ्यको केही आधारभूत ज्ञान वा *बोध* हुनैपर्छ। यी तथ्यहरूका *अनुमोदन* हुनुपर्छ,

[३]I. J. Packer, *Evangelism and the Sovereignty of God*, पृ. १०४।

वा यी तथ्यहरूसित सहमति हुनैपर्छ। त्यस्तो सहमतिमा सुसमाचारबारे बताइएका तथ्यहरू सत्य हुन्, विशेष गरी म मुक्ति चाहिएको एक पापी हुँ अनि ख्रीष्टले मात्रै मेरो पापको दण्ड तिर्नुभएको छ र उहाँले मात्रै मलाई मुक्तिको प्रस्ताव दिनुहुन्छ भन्ने एउटा दृढ धारणा संलग्न हुन्छ। यसमा यो जागरुकता पनि हुन्छ कि मुक्तिका लागि मैले ख्रीष्टमा भरोसा राख्नुपर्छ अनि परमेश्वरकहाँ पुग्ने एउटै बाटो उहाँ मात्र हुनुहुन्छ, अनि मेरो मुक्तिका लागि उपलब्ध गराइएको एउटै मात्र साधन उहाँ नै हुनुहुन्छ। सुसमाचारका तथ्यहरूको यो अनुमोदनले ख्रीष्टद्वारा उद्धार गरिइने चाहना पनि संलग्न गरेको हुनेछ। तर यी सबै भएर मात्रै पनि साँचो उद्धारकारी विश्वास प्राप्त भइहाल्ने कुरा छैन। त्यो त त्यस बेला मात्र आउँछ, जब म *मेरा* उद्धारकर्ताका रूपमा मेरै इच्छाले ख्रीष्टमा निर्भर गर्छु, वा उहाँमा मेरो *भरोसा* राख्छु। मेरो भरोसा ख्रीष्टमा राख्ने यो निजी निर्णय यस्तो काम हो जो मेरो हृदयसित गरिन्छ, जो मेरो सम्पूर्ण सत्ताको केन्द्रीय शक्ति हो जसले एक सम्पूर्ण व्यक्तिको रूपमा मेरा प्रतिबद्धताहरू बनाउँदछ।

४. **हाम्रो ज्ञान वृद्धि हुँदा विश्वास (आस्था) वृद्धि हुनुपर्छ।** "विश्वास"-बारे वर्तमान धर्मनिरपेक्ष बोधविपरीत, साँचो नयाँ करारीय विश्वास कुनै यस्तो थोक होइन जसलाई अनभिज्ञताद्वारा, वा प्रमाणविरुद्ध विश्वास गरेर सबल बनाइन्छ। यसको विपरीत, उद्धारकारी विश्वास तथ्यहरूका ज्ञान र बोधसित समनुरूप हुन्छ। पावल भन्छन्, "विश्वास सुनेर आउँछ, र सुनाइ ख्रीष्टका वचनबाट आउँछ" (रोम १०:१७, *एन्.ए.एस्.बी.*)। यदि मानिसहरूले ख्रीष्टबारे साँचो जानकारी पाएका छन् भने, उनीहरू उहाँमा आफ्ना भरोसा राख्न उत्तम ढङ्गले सक्षम बन्छन्। यसको अतिरिक्त, हामीले उहाँबारे र परमेश्वरको स्वभावबारे (जो उहाँमा पूर्ण रूपले प्रकट गरिनुभएको छ) जति धेरै मात्रामा बुझ्छौं, उति नै पूर्ण रूपमा हामी उहाँमा भरोसा राख्न सक्षम बन्छौं।

ख्रीष्टमा उद्धारकारी विश्वासको मुद्दामा, उहाँबारे हाम्रो ज्ञान उहाँबारे भरपर्दो गवाहीमा विश्वास गरेर आउँछ। यहाँ, जुन भरपर्दो गवाहीमा हामी विश्वास गर्छौं त्यो धर्मशास्त्रको वचन हो। ती परमेश्वर स्वयम्का वचन भएकाले पूर्णतः भरपर्दा हुन्छन्, अनि हामी तीद्वारा ख्रीष्टको साँचो ज्ञान हासिल गर्छौं। त्यसैकारण भनिएको छ, "विश्वास सुनेर आउँछ, र सुनाइ ख्रीष्टका वचनबाट आउँछ" (रोम १०:१७, NASB)। दैनिक जीवनमा, हामीले भरपर्दो र भरोसायोग्य मानेका व्यक्तिबाट गवाही सुन्दा हामी धेरै कुराहरू विश्वास गर्दछौं। यहाँ यस किसिमको निर्णय अझै धेरै न्यायसङ्गत हुन्छ, जब परमेश्वरका वास्तविक वचनले गवाही प्रस्तुत गर्दछन् र हामी त्यो विश्वास गर्दछौं।

### ख. विश्वास र पश्चात्ताप साथसाथै आउनुपर्छ

हामी पश्चात्तापको परिभाषा यसरी दिन सक्छौं, *पश्चात्ताप पापका लागि हृदयमा अनुभव गरिएको शोक हो, त्यो पापलाई परित्याग गर्ने, र त्यसलाई छोड़ेर*

*ख्रीष्टको आज्ञापालन गरेर हिँड्ने साँचो प्रतिबद्धता हो* ।

यो परिभाषाले सङ्केत गर्छ कि पश्चात्ताप यस्तो थोक हो जो समयको विशेष खण्डमा हुन सक्छ, अनि यो एक व्यक्तिको जीवनको ढाँचामा आएको परिवर्तनको प्रदशर्नीसरह होइन। पश्चात्ताप, आस्थाजस्तै, एक बौद्धिक *बोध* ((यही कि पाप ठीक होइन) हो, पापसम्बन्धी धर्मशास्त्रका शिक्षाहरूलाई (पापको कारण शोक र पापलाई घृणा) संवेगात्मक रूपमा *अनुमोदन* गरिनु हो, अनि यसबाट फर्किने *व्यक्तिगत निर्णय* (पाप परित्याग र यसलाई छोड़ेर ख्रीष्टप्रति आज्ञाकारी जीवन बाँच्ने इच्छित निर्णय)। पश्चात्ताप साँचो बन्नअघि कसैले लामो अवधिसम्म वास्तवमा परिवर्तित जीवन बाँच्नुपर्छ भनी हामीले भन्न सक्दैनौं, अन्यथा पश्चात्ताप एक किसिमको आज्ञाकारिता बन्नेछ जो हामी आफूलाई मुक्तिको लागि योग्य बनाउनका लागि पालन गर्न सक्छौं। साँचो पश्चात्तापको परिणाम निश्चय नै एउटा परिवर्तित जीवन हुन्छ। वस्तुतः, एउटा साँचो पश्चात्तापी व्यक्तिले तत्कालै एउटा परिवर्तित जीवन बाँच्न थाल्छ, र त्यो परिवर्तित जीवनलाई हामी पश्चात्तापको फल भन्न सक्छौं। तर कसैलाई क्षमाको आश्वासन दिनअघि ती व्यक्तिले परिवर्तित जीवन वास्तवमा विशेष अवधिसम्म बिताउनुपर्छ भन्ने शर्त राख्ने प्रयास हामीले कहिल्यै गर्नु हुँदैन। पश्चात्ताप यस्तो कुरो हो जो हृदयमा उत्पन्न हुन्छ अनि पापदेखि फर्किने निर्णयमा सम्पूर्ण व्यक्तिलाई संलग्न गराउँछ।


यो थाहा गर्नु आवश्यक छ कि कुनै मानिसले गरेको कार्यको कारण गरिने शोक मात्र, वा आफ्ना कार्यको कारण हुने गम्भीर अनुताप (*remorse*)-को अनुभूतिमा तबसम्म साँचो पश्चात्ताप हुँदैन जबसम्म यो परमेश्वरविरुद्ध गरिरहिएको पाप छोड्ने वास्तविक निर्णयसँग आउँदैन। पावलले "पश्चात्ताप गरेर *परमेश्वरपट्टि"* फर्कने "र हाम्रा प्रभु येशू ख्रीष्टमाथि विश्वास" राख्ने (प्रे २०:२१)-बारे पावलले प्रचार गरे। उनी भन्छन् कि उनले कोरिन्थवासीहरूबारे रमाहट गरे, तिनीहरूलाई "शोक भयो भनेर" होइन, तर तिनीहरूको *"शोकले"* तिनीहरूलाई *"पश्चात्तापी बनायो भनेर ... । ... किनभने परमेश्वरीय शोकले मुक्तिको निम्ति पश्चात्ताप उत्पन्न गर्छ, र त्यसमा पछितो हुँदैन, तर सांसारिक शोकले भने मृत्यु उत्पन्न गर्छ"* (२ कोर ७:९-१०)। सांसारिक ढङ्गको शोकमा आफ्ना कामका लागि ठूलो क्लेश र दण्डको डर पनि संलग्न हुन सक्छ तर पाप परित्याग वा आफ्नो जीवनमा यसलाई छोड्ने प्रतिबद्धता हुँदैन। हिब्रू १२:१७ ले भन्छ कि एसाव उसका कामहरूका परिणामले गर्दा रोए तर उसले साँचो अर्थमा पश्चात्ताप गरेन। यसको अतिरिक्त, जस्तो कि २ कोरिन्थी ७:९-१० ले इङ्गित गर्छ, परमेश्वरीय शोक साँचो पश्चात्तापमा पुऱ्याउने केवल एउटा तत्त्व हो, तर त्यस्तो शोक स्वयम् परमेश्वरको उपस्थितिमा हृदयको इमानदार निर्णय होइन जसले साँचो पश्चात्ताप ल्याउँछ।

धर्मशास्त्रले मुक्तिको निम्ति ख्रीष्टकहाँ आउने एउटै कामका विभिन्न पक्षहरूको रूपमा पश्चात्ताप र विश्वास (आस्था)-लाई एक साथ राख्दछ। कुनै मानिस पहिला पापबाट फर्किने र त्यसपछि ख्रीष्टमा भरोसा गर्ने, वा पहिला ख्रीष्टमा भरोसा गर्ने र त्यसपछि पापबाट फर्किने जस्तो घटना हुँदैन, दुवै एकैपल्टमा हुन्छन्। हाम्रो

पापबाट मुक्तिको लागि हामी ख्रीष्टतिर फर्किंदा, जुन पापहरूबाट उद्धार *गर्न* हामीले ख्रीष्टलाई निवेदन गरिरहेका हुन्छौं, ती पापहरूबाट हामी सँगसँगै फर्किरहेका हुन्छौं। यदि त्यो सत्य नभए हाम्रो पापबाट मुक्तिको लागि हामी ख्रीष्टतिर फर्किने काम मुस्किलैले उहाँतिर फर्कने वा उहाँमा भरोसा गर्ने काम हुनेथियो।

पश्चात्ताप र विश्वास (आस्था) केवल एउटै सिक्काका दुई पाटाहरू हुन्, वा मतान्तरण नामक घटनाका दुई विभिन्न पक्षहरू हुन् भन्ने तथ्य रेखाचित्र ३५.१ मा देख्न सकिन्छ।

यो रेखाचित्रमा, मुक्तिको लागि ख्रीष्टतिर साँच्चै फर्किने व्यक्तिले त्यही बेला उसको त्यो पापलाई त्याग्नुपर्छ जसमा ऊ टाँसिइरहेको थियो अनि ख्रीष्टतिर फर्किनको लागि त्यो पापदेखि विपरीत फर्किनुपर्छ। त्यसकारण, न पश्चात्ताप नता विश्वास वा आस्था पहिला आउँछ; ती सँगै आउनपर्छ। John Murray "पश्चात्तापी विश्वास" र "विश्वास गर्ने पश्चात्ताप"-बारे बताउँछन्।[४]




मतान्तरण पश्चात्तापमा पापबाट फर्किने र विश्वास (आस्था)-मा ख्रीष्टतिर फर्किने एकल क्रिया हो

*रेखाचित्र ३५.१*

त्यसकारण, पापका लागि कुनै पश्चात्ताप नगरी साँचो उद्धारकारी विश्वास आउने सम्भावनाको कुरा गर्नु नयाँ करारका प्रमाणको स्पष्ट विरुद्ध हुन्छ। त्यसरी नै कसैले येशूलाई "मुक्तिदाताका रूपमा" स्वीकार गर्ने तर "प्रभुका रूपमा" स्वीकार नगर्ने सम्भावना पनि, यदि त्यसको अर्थ केवल मुक्तिको लागि उहाँमाथि निर्भर गर्ने तर त्यसपछिको समयमा पाप त्याग्न र ख्रीष्टप्रति आज्ञाकारी बन्न आफूलाई प्रतिबद्ध नगर्ने मात्र हुन्छ भने, नयाँ करारको एकदमै विरुद्ध छ।

इभ्यानजेलिकल्वादभित्र केही प्रमुख विद्वान्हरूमाझ यस बुँदामा मतभेद रहेको छ। उनीहरूको तर्क के छ भने *पश्चात्ताप*साथै विश्वास आवश्यक हुन्छ भनी प्रचार गरिने सुसमाचार वास्तवमा कर्मद्वारा मुक्ति प्रचार गरिनु हो। उनीहरू तर्क गर्छन् कि पश्चात्ताप र विश्वास एकसाथ हुनुपर्छ भनी यस अध्यायमा समर्थन गरिएको दृष्टिकोण, "प्रभुत्व सुसमाचार"-को झुटो शिक्षा हो। तिनीहरूको भनाइअनुसार,

[४] John Murray, *Redemption Accomplished and Applied*, पृ. ११३।

उद्धारकारी विश्वास (आस्था)-मा ख्रीष्टलाई मुक्तिदाताका रूपमा भरोसा गर्नु *मात्र* संलग्न हुन्छ, अनि उहाँलाई प्रभु मानी उहाँको अधीनस्थ हुनुचाहिँ पछि आउने एउटा वैकल्पिक कदम हो जो मुक्तिको निम्ति अनावश्यक हुन्छ। यो दृष्टिकोण शिक्षण गर्नेहरूमध्ये धेरैका विचारमा, उद्धारकारी विश्वासलाई सुसमाचारका तथ्यहरूसित बौद्धिक सहमति मात्र आवश्यक हुँदछ।[५]

"हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु" (मत्ती ११:२८) भनी येशूले पापीहरूलाई निमन्त्रणा दिनुहुँदा, उहाँले तत्कालै यो थप्नुहुन्छ, *"मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक"* (मत्ती ११:२८-२९)। उहाँकहाँ आउनमा उहाँको निर्देशन र मार्गदर्शनको अधीनस्थ हुँदै, उहाँबाट सिक्दै र उहाँप्रति आज्ञाकारी बन्दै उहाँको जुवा हामीमाथि लिने कार्य संलग्न हुन्छ। यदि हामी त्यस्तो प्रतिबद्धता राख्न अनिच्छुक छौं भने, हामीले साँचो अर्थमा उहाँमा हाम्रो भरोसा राखेका छैनौं।

धर्मशास्त्रले परमेश्वरमा वा ख्रीष्टमा भरोसा गर्नेबारे बताउँदा, यसले त्यस्तो भरोसालाई प्रायः नै साँचो पश्चात्तापसित गाँस्दछ। उदाहरणार्थ, यशैयाले एउटा अर्थपूर्ण साक्षी दिन्छन् जो पुरानो करारका अगमवक्ताहरूको विशेषतासूचक थियो :

> जबसम्म परमप्रभुलाई पाउन सक्छौ उहाँलाई खोज।
> उहाँ नजीक हुनुहुँदा नै उहाँलाई खोज।
> दुष्टले आफ्नो बाटो
> र अधर्मीले *आफ्नो विचार त्यागोस्,*
> र परमप्रभुतिर *फर्कोस्,* र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ।
> हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस्, र उहाँले त्यसलाई सित्तैंमा क्षमा गर्नुहुनेछ
> (यशै ५५:६-७)।

यहाँ पापको पश्चात्ताप र क्षमाको लागि परमेश्वरकहाँ आउनेबारे उल्लेख

---

[५]सुसमाचारको यस दृष्टिकोणको स्रोत स्पष्टतः Lewis Sperry Chafer हुन्, विशेष गरी उनको *Systematic Theology,* भाग ३ मा, जहाँ उनी भन्दछन्, "नयाँ करारले मुक्तिको शर्तका रूपमा, उद्धार नपाएकाहरूका निम्ति पश्चात्ताप आवश्यक ठहराउँदैन" (पृ. ३७६)। अनेकौं पदहरूले मानिसहरूलाई पश्चात्ताप गर्ने आव्हान गर्दछन् भनी शेफर मानिलिँदछन्, तर पश्चात्तापलाई परिभाषित गर्दै उनी भन्दछन्, यो यस्तो किसिमको "हृदय-परिवर्तन" हो जसमा पापका लागि शोक वा पापबाट फर्किने कार्य संलग्न हुँदैन (पृ. ३७५)। उनी तर्क गर्दछन् कि "उद्धार नपाएकाहरूले तिनका दैनिक जीवनमा आफूलाई परमेश्वरको इच्छामा समर्पण गनुपर्छ भन्ने अतिरिक्त माग, साथै ख्रीष्टमा विश्वास गर्नुपर्छ" भन्ने माग "मुक्ति विश्वासमा मात्रै निर्भर हुन्छ भन्ने धर्मसिद्धान्तमा अलमल पार्ने अनुचित हस्तक्षेप हुनजान्छ" (पृ. ३८४)। "उद्धार नपाएकाहरूलाई ख्रीष्टको उद्धारकर्तात्व (*Saviourhood*), र खास गरी ख्रीष्टियानहरूलाई ख्रीष्टको प्रभुत्व प्रचार गर्नु" प्रचारकको दायित्व हुन्छ भन्ने कुरा बताएर (पृ. ३८७) शेफर मानिसहरूले पहिले ख्रीष्टलाई उद्धारकर्ताको रूपमा, र त्यसपछि प्रभुको रूपमा स्वीकार गर्नुपर्छ भन्ने दृष्टिकोणको आधार उपलब्ध गराउँछन्। डेलस सेमेनरिका प्रोफेसर Zane C. Hodges यस दृष्टिकोणको पक्षमा सर्वाधिक स्पष्ट समसामयिक प्रस्तावक (proponent) रहिआएका छन् : हे. उनको पुस्तक *The Gospel Under Siege* (डेलस : रीडेनसिअन भाइभ, १९८१)।

तर डेलास सेमिनरिका सबैले वा डिस्पेन्सेशनल ईश्वरशास्त्रका सबैले यो दृष्टिकोण मान्दैनन्। स्वयम् एक डिस्पेन्सेशनलवादी John MacArthur-ले *The Gospel According to Jesus* (ग्र्यान्ड र्‍यापिड्स् : जोन्डरभ्यान, १९८८, संशो. संस्क., १९९४) प्रकाशित गरेपछि अमेरिकी इभ्यानजेलिकवादमा यस बुँदाबारे एउटा विवाद उत्पन्न भयो। यो उत्कृष्ट पुस्तकले (जसमा J. I. Packer र James Montgomery Boice-ले उत्साहपूर्ण प्राक्कथन लेखेका छन्) प्रचार र उद्धारकारी विश्वासको प्रकृतिबारे Chafer र Hodges-

गरिएको छ। नयाँ करारमा, पावल उनको सुसमाचार सेवाकार्यलाई "यहूदी र ग्रीकहरूलाई *पश्चात्ताप* गरेर परमेश्वरपट्टि फर्कन र हाम्रा प्रभु येशू ख्रीष्टमाथि *विश्वास राख्नू* भन्ने कुराको गवाही" (प्रे २०:२१) दिने कार्यको रूपमा सारांशित गर्छन्। हिब्रूका लेखकले प्राथमिक धर्मसिद्धान्तको प्रथम दुई तत्त्वका रूपमा *"मृत्युतिर लैजाने कर्महरूबाट पश्चात्ताप"* र *"परमेश्वरमाथिको विश्वास"*-लाई समाविष्ट गर्छन् (हिब ६:१)।

हो, ख्रीष्टकहाँ मुक्तिका लागि आउनलाई आवश्यक पर्ने थोकको रूपमा कहिलेकाहीँ विश्वासको मात्रै नाम लिइएको छ (हे. यूह ३:१६; प्रे १६:३१; रोम १०:९; एफि २:८-९, आदि)। यी परिचित खण्डहरू हुन् र अरूलाई सुसमाचारबारे बताउँदा हामी प्रायः नै ती खण्डहरूमा जोड़ दिन्छौं। तर हामी प्रायः के थाहा गर्दैनौं भने यस्ता धेरै खण्डहरू छन् जहाँ *केवल पश्चात्ताप*को नाम लिइएको छ, कारण यो मानिलिइएको छ कि साँचो पश्चात्तापले पापका क्षमाको लागि ख्रीष्टमा राखिने विश्वास समाविष्ट गर्दछ। यथार्थ पश्चात्ताप र यथार्थ विश्वास साथसाथै हुनुपर्छ भनी नयाँ करारका लेखकहरूले यति राम्ररी बुझेका थिए कि उनीहरूले प्रायः नै पश्चात्ताप मात्रै उल्लेख यस विवेकसित गरे कि पश्चात्तापमा विश्वास पनि समाविष्ट भएको हुँदछ, कारण यथार्थ रूपमा परमेश्वर*तर्फ* नफर्की यथार्थ रूपमा पाप*बाट* फर्किनु असम्भव हुन्छ। त्यसकारण, येशूले स्वर्गारोहण गर्नभन्दा ठीकअघि, उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिन मृतकबाट जीवित हुनुपर्छ, अनि ... सबै जातिहरूलाई उहाँको नाउँमा *पश्चात्ताप* र पाप-क्षमाको प्रचार हुनुपर्छ" (लूक २४:४६-४७)। वाक्यांश "पाप-क्षमा"-मा उद्धारकारी विश्वास ध्वनित

---

जस्ता लेखकहरूका दृष्टिकोणहरूलाई सशक्त रूपले आलोचना गरेको छ। MacArthur-ले नयाँ करारका अनेकौं खण्डहरूबाट अत्यन्तै पत्यारलाग्दो ढङ्गमा तर्क गरे कि ख्रीष्टलाई प्रभुका रूपमा स्वीकार नगरी मुक्तिदाताका रूपमा स्वीकार गर्न सकिँदैन, वा, अरू शब्दहरूमा भन्नुपर्दा, साँचो पश्चात्तापविना साँचो उद्धारकारी विश्वास हुन सक्दैन। उनले भने कि अरू कुनै पनि दृष्टिकोणले तिनीहरूले साँचो पश्चात्ताप नगरेका भए पनि र तिनीहरूको जीवन परिवर्तन नभएको भए पनि, सुसमाचारका तथ्यहरू सत्य हुन् भनी तिनीहरू सहमत भएकाले र प्रार्थना गरेकाले मात्रै तिनीहरूको उद्धार भएको छ भन्ने जस्तो एउटा सस्तो सुसमाचार प्रचार गरेर मतान्तरण नभएका मानिसहरूलाई झुटो सुरक्षा प्रस्ताव गर्छ। MacArthur-ले तर्क गरे कि त्यस्तो बाइबलअसम्मत प्रचार इतिहासभरि चर्चको शिक्षा रहिआएको छैन, अनि अचेल बारम्बार सुनिने कमजोर पारिएको सुसमाचारको परिणामस्वरूप ख्रीष्टियान धर्ममा निष्ठा राख्ने ख्रीष्टियानहरूको एउटा सिङ्गै पुस्ता अस्तित्वमा आएको छ जसका जीवन वरिपरिको संस्कृतिभन्दा बेग्ला छैनन् अनि जुन जीवनहरूले वास्तवमा उद्धार पाएकै छैनन्। MacArthur-को प्रत्युत्तर Hodges-ले तत्कालै अर्को पुस्तकले दिए, *Absolutely Free ! A Biblical Reply to Lordship Salvation* (डेलस : रीडेनसिअन भाइभ, र ग्यान्ड ऱ्यापिड्स, १९८९)।

जस्तो कि मैले यस अध्यायमा तर्क राखेको छु, नयाँ करारको हिसाबमा साँचो उद्धारकारी विश्वास तथ्यहरूप्रति बौद्धिक सम्मतिभन्दा केही धेरै नै हो भनी दृढ़तापूर्वक दाबी गर्नुमा MacArthur निश्चय नै सही छन्; यसमा मुक्तिका लागि व्यक्तिगत रूपमा ख्रीष्टमा भर परेर उहाँमा हार्दिकतापर्वक आउने कामसाथै पापबाट हार्दिक पश्चात्ताप संलग्न हुन्छ। यस शिक्षालाई "प्रभुत्व मुक्ति" ("*Lordship salvation*") भन्नु भ्रामक हुन्छ, मानौं यो कुनै नौलो धर्मसिद्धान्त हो, वा मानौं अरू कुनै किसिमको मुक्ति पनि छ –यस विषयमा ख्रीष्टियान परम्परानिष्ठा (*Christian orthodoxy*) -को ऐतिहासिक दृष्टिकोण जे छ MacArthur-ले त्यही शिक्षा दिइरहेका छन्, जस्तो कि उनी आफ्नो पुस्तकको परिशिष्टमा देखाउँदछन् (पृह. २२१–३७)। यो दृष्टिकोण कर्मद्वारा मुक्तिको होइन, तर यसले केवल *सित्तैं*को अनुग्रह, र अनुग्रहद्वारा विश्वासले यसका सम्पूर्ण बाइबलीय पूर्णतामा मिल्ने मुक्तिबारे बताउँछ। एउटा यथार्थ मतान्तरणको परिणामअनुसार हुने जीवन परिवर्तनले हामीलाई उद्धार गर्दैन, तर हाम्रो विश्वास यथार्थ छ भने यस्तो जीवन परिवर्तन निश्चय नै आउँदछ, किनभने "विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो" (याक २:१७)।

छ, तर यो स्पष्ट रूपमा उल्लेखित छैन।

प्रेरितहरूको पुस्तकमा अभिलिखित प्रचारले त्यस्तै ढाँचा देखाउँछ। पेन्तिकोसमा पत्रुसको प्रवचनपछि, भीड़ले सोध्यो, "ए भाइ हो, हामीले के गर्ने?" पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ" (प्रे २:३७-३८)।[६] उनको दोस्रो प्रवचनमा, पत्रुसले उनका श्रोतावर्गलाई प्रायः त्यस्तै कुरा बताए, "यसकारण *पश्चात्ताप गर्नुहोस्* र फर्कनुहोस्, कि तपाईंहरूका पाप मेटिऊन्, र परमप्रभुको उपस्थितिबाट आनन्दको समय आओस्" (प्रे ३:१९)। पछि प्रेरितहरू महासभा (Sanhedrin)-अघि पुर्पक्षका लागि उभ्याइँदा, ख्रीष्टबारे बताउँदै पत्रुसले भने, "परमेश्वरले इस्राएलको *पश्चात्ताप*को लागि र तिनीहरूलाई पापहरूको क्षमा दिन उहाँलाई राजा र मुक्तिदाता तुल्याईकन आफ्नो दाहिने बाहुलीले उच्च पार्नुभयो" (प्रे ५:३१)। अनि एथेन्सको अरियोपागसमा ग्रीक दार्शनिकहरूको सभामा प्रचार गरिरहेका बेला, पावलले भने, "अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब *प्रत्येक ठाउँमा सब मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ*" (प्रे १७:३०)। उनी आफ्नो धर्मपत्रमा पनि भन्दछन्, "परमेश्वरको कृपाले तिमीलाई पश्चात्तापमा डोऱ्याउँछ ..." (रोमी २:४), अनि उनी "मुक्तिको निम्ति *पश्चात्ताप"* (२ कोर ७:१०)-बारे पनि बताउँदछन्।

येशूले मानिसहरूलाई व्यक्तिगत रूपमा भेट्नुहुँदा, उहाँले तिनीहरूलाई यस्तो आदेश दिनुभएको पनि हामी देख्दछौं कि तिनीहरूले उहाँलाई पछ्याउनुभन्दा पहिले तिनीहरू आफ्नाबाट फर्किऊन्। चाहे त्यो धनी जवान शासकसँग बोल्दा उसलाई उसका सबै धनसम्पत्ति त्याग्न लगाउनुहुँदा होस् (लूक १८:१८-३०), जखायसको घरमा आएर, उसले उसको सम्पत्तिको आधा भाग गरिबहरूलाई दिएको कारण र उसले कुनै पनि थोक चोरेको भए त्यसको चार गुणा फिर्ता दिएको कारण त्यस दिन ऊकहाँ मुक्ति आएको घोषणा गर्नुहुँदा (लूक १९:१-१०) होस्, वा इनारमा एउटी स्त्रीसँग कुरा गर्दै उसको पतिलाई बोलाउन लगाउनुहुँदा होस् (यूह ४:१६), वा चाहे निकोदेमससँग संलाप गर्नुहुँदै उसको रब्बीय अविश्वास र तिनको आफ्नो ज्ञानबारे घमण्डलाई हप्काउनुहुँदा (यूह ३:१-२१) होस्, येशूले त्यस मानिसको जीवनमा सर्वाधिक प्रभावशाली रहेको पापको क्षेत्रमा एकनासले इङ्गित गर्नुहुन्छ। वास्तवमा, हामी यो प्रश्न गर्न सक्छौं कि आफ्ना पापको पश्चात्ताप नगरी के कोही ख्रीष्टमा साँचो विश्वासमा आएको प्रसङ्ग सुसमाचारका पुस्तकहरूमा पाइन्छ?

यथार्थ उद्धारकारी विश्वास पापको यथार्थ पश्चात्तापसित आएको हुनुपर्छ भन्ने तथ्य जब हामी बुझ्दछौं, त्यसले हामीलाई यो बुझ्न सहायता गर्छ कि सुसमाचारको कुनै प्रचारको प्रतिफल आज किन त्यस्तो अपर्याप्त हुँदछ? यदि पश्चात्तापको आवश्यकता उल्लेख गरिएको छैन भने, कहिलेकाहीँ सुसमाचारको सन्देश यस्तो मात्र बन्दछ, "येशू ख्रीष्टमा विश्वास गर्नुहोस् र उद्धार पाउनुहोस्" जसमा पश्चात्तापको

---

स्यान्डेमेनीहरू (Sandemanians) इभ्यानजेलिकल चर्चहरूको एउटा सानो समूह थियो जसले इङ्गल्यान्ड र यू.एस्.ए.-मा ख्री. १७२५ देखि १९०० मा यसको अवसान नभइञ्जेलसम्म Zane Hodges-का जस्तै दृष्टिकोणको शिक्षा दिन्थ्यो; हे. R.E.D. Clark, "Sandemanians," *NIDCF,* पृ. ८७७।

उल्लेख ठ्याम्मै हुँदैन।[७] तर तर फितलो पारिएको (watered-down) सुसमाचारको यो संस्करणले खीष्ट*प्रति* पूर्ण हृदयको प्रतिबद्धता माग्दैन – ख्रीष्टप्रति राखिने प्रतिबद्धतामा, यदि त्यो यथार्थ हो भने, पापबाट फर्किने प्रतिबद्धता संलग्न हुनैपर्दछ। पश्चात्तापविना विश्वासको आवश्यकताबारे प्रचार गर्नु अधुरो सुसमाचार प्रचार गर्नु हो। यसको परिणामअनुसार धेरै मानिसहरू धोखामा पर्नेछन्, तिनीहरूले ख्रीष्टियान सुसमाचार सुनेका र यसलाई प्रयोग गरेका ठान्नेछन्, र केही नभएका पाउनेछन्। तिनीहरूले यसो पनि भन्न सक्छन्, "मैले ख्रीष्टलाई बारम्बार मुक्तिदाताका रूपमा ग्रहण गरें तर यसले कहिल्यै काम गरेन।" तथापि तिनीहरूले ख्रीष्टलाई साँच्चै तिनीहरूका मुक्तिदाताका रूपमा कहिल्यै ग्रहण गर्दै गरेनन्, किनभने उहाँ आफ्नो तेजस्वितामा हामीकहाँ आउनुहुन्छ र उहाँ जस्तो हुनुहुन्छ त्यस्तै रूपमा उहाँलाई ग्रहण गर्ने निमन्त्रणा हामीलाई दिनुहुन्छ – जो हाम्रा जीवनका पनि परम प्रभु बन्न सुयोग्य हुनुहुन्छ, र सो बन्ने माग गर्नुहुन्छ।

अन्तमा, ख्रीष्टलाई तिनीहरूका व्यक्तिगत उद्धारकर्ताका रूपमा ग्रहण गर्नका लागि मानिसहरूलाई *प्रार्थना* गर्न लगाउने सामान्य प्रथाबारे हामी के भनौं? ख्रीष्टमा व्यक्तिगत विश्वासमा इच्छैले गरिएको वास्तविक निर्णय संलग्न हुनैपर्ने हुनाले, त्यो निर्णयलाई उच्चरित शब्दमा *अभिव्यक्त गर्नु* प्रायः नै अत्यन्त उपयोगी हुन्छ, र यसले खुबै स्वाभाविक रूपले ख्रीष्टलाई गरिएको एक प्रार्थनाको रूप लिन सक्दछ जसमा हामी उहाँलाई पापको कारण हाम्रो शोकबारे, यसलाई त्याग्ने हाम्रो प्रतिबद्धताबारे, अनि उहाँमा वास्तवमा भरोसा राख्ने हाम्रो निर्णयबारे, भन्दछौं। त्यसरी उच्चरित प्रार्थनाले स्वयम्मा हामीलाई बचाउँदैन, तर यसले प्रतिनिधित्व गर्ने हृदयको मनोवृत्तिले साँचो मतान्तरण गठन गर्दछ, अनि त्यो प्रार्थना उच्चारण गर्ने निर्णय प्रायः नै त्यो बिन्दु हुन सक्छ जहाँ एउटा व्यक्ति ख्रीष्टमा साँच्चै विश्वास गर्न आइपुग्दछ।

## ग. विश्वास र पश्चात्ताप दुवै आजीवन कायम रहन्छन्

ख्रीष्टियान जीवनको आरम्भमा मतान्तरणका दुईवटा पक्षहरूका रूपमा प्रारम्भिक विश्वास र पश्चात्तापबारे हामीले विचार गरिरहेका भए तापनि, विश्वास र पश्चात्ताप ख्रीष्टियान जीवनको आरम्भसम्म मात्र सीमित हुँदैनन् भनी बुझ्नु आवश्यक छ। ती त हृदयका मनोवृत्तिहरू हुन् जो ख्रीष्टियानका रूपमा हाम्रो जीवनपर्यन्त कायम रहन्छन्। येशू आफ्ना चेलाहरूलाई सधैं प्रार्थना गर्नू भन्नुहुन्छ, "हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं" (मत्ती ६:१२, लेखकको अनुवाद), यो एउटा यस्तो प्रार्थना हो, जो यदि साँचो

[६]मुक्तिका लागि बप्तिस्मा अनिवार्य छ कि छैन भन्ने प्रश्नसम्बन्धी हे. अ. ४९।

[७]यो साँचो हो कि प्रेरित १६:३१ मा पावलले फिलिप्पी झ्यालखानका हाकिमलाई भन्दछन्, "प्रभु येशूमा विश्वास गर्नुहोस्, र तपाईंले उद्धार पाउनुहुनेछ – तपाईं र तपाईंको परिवारले।" तरै पनि, त्यही वाक्यमा पनि येशू "प्रभु" हुनुहुन्छ भन्ने स्वीकारोक्ति समाविष्ट छ, अनि, यसबाहेक, यसपछिको अर्को वाक्यले यो स्पष्ट पार्छ कि ती व्यक्तिलाई पावलले यो छोटो वाक्यभन्दा धेरै नै कुराहरू भने, किनभने हामी पढ्दछौं, "तिनीहरूले उनलाई र उनको घरमा भएका जति सबैलाई प्रभुको वचन सुनाए" (प्रे १६:३२)।

हो भने, यसमा पापका लागि दैनिक अनुताप वा शोक र साँचो पश्चात्ताप हुन्छ। अनि जीवित हुनुभएको ख्रीष्टले लाउडिकियाको मण्डलीलाई भन्नुहुन्छ, "जत्तिलाई म माया गर्छु, म तिनीहरूलाई हप्काउँछु, र ताड़ना दिन्छु। यसकारण उत्साहित होओ। पश्चात्ताप गर" (प्रका ३:१; तु. २ कोर ७:१०)।

विश्वास वा आस्थाको बारेमा पावल हामीलाई भन्छन्, "अब विश्वास, आशा, प्रेम, यी तीन रहन्छन्, तर यिनमा सर्वोत्तमचाहिँ प्रेम नै हो" (१ कोर १३:१३)। उनको तात्पर्य निश्चय नै यी तीन यो जीवनको अवधिभरि नै रहन्छन् भन्ने हो, तर उनको आशय शायद ती सारा अनन्तकालसम्म रहिरहनेछन् भन्ने पनि हुनसक्छ: यदि विश्वास भनेको हाम्रा सबै आवश्यकताहरू पूरा गरिनका लागि परमेश्वरमा भरोसा गर्नु हुन्छ भने यो मनोवृत्तिको समाप्ति कहिल्यै हुनेछैन। जे नै भए पनि, विश्वास यो जीवनभरि कायम रहनेछ भन्ने विषयलाई स्पष्ट पारिएको छ। पावलले यो पनि भन्छन्, "जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो *परमेश्वरका पुत्रमा विश्वास गरेर* जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो" (गला २:२०)।

त्यसकारण, हाम्रा जीवनमा *प्रारम्भिक* उद्धारकारी पश्चात्ताप केवल एकपल्ट आउने भए तापनि, जब ती आउँछन् तिनैले साँचो मतान्तरण वा हृदय-परिवर्तन गठन गर्छन्, तथापि हृदयको पश्चात्ताप र विश्वासको मनोवृत्ति भने मतान्तरण वा हृदय-परिवर्तन हुँदा मात्रै आरम्भ हुन्छ। ठीक त्यही मनोवृत्ति हाम्रो ख्रीष्टियान जीवनको कालावधिभरि कायम रहनुपर्छ। हामीले गरेका पापका लागि हरेक दिन हार्दिक पश्चात्ताप हुनुपर्छ, अनि हाम्रा आवश्यकताहरूको परिपूर्तिका लागि अनि ख्रीष्टियान जीवन जिउनका लागि हामीलाई सक्षम पारिदिनका लागि ख्रीष्टमा विश्वास हुनुपर्छ।

## व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. के तपाईंले ख्रीष्टलाई व्यक्तिगत रूपले भरोसा गर्न थालिसक्नुभएको छ, वा के तपाईं अझै पनि मुक्तिका तथ्यहरूको बौद्धिक ज्ञानमा र भावनात्मक अनुमोदनको बिन्दुमा नै हुनुहुन्छ र अझै पनि ख्रीष्टमाथि तपाईंको व्यक्तिगत भरोसा राख्नुभएको छैन? यदि तपाईंले अझै पनि ख्रीष्टमाथि भरोसा राख्नुभएको छैन भने, तपाईंलाई कुन थोकले आनाकानी गराइरहेको होला भनी तपाईं ठान्नुहुन्छ?

२. ख्रीष्टमा राखिने विश्वासलाई अझै व्यक्तिगत अर्थमा सोच्नमा के यस अध्यायले तपाईंलाई सहायता गर्‍यो? यदि त्यसो भएको छ भने, त्यसले तपाईं स्वयम्‌को विश्वास-स्तरलाई कसरी वृद्धि गरिदेला? के तपाईंको विचारमा ख्रीष्टलाई एक जीवित वास्तविक *व्यक्तिका* रूपमा भरोसा गर्नमा वयस्कहरूलाई भन्दा बालबालिकाहरूलाई सजिलो पर्छ? किन पर्छ वा किन पर्दैन? ख्रीष्टियान बाबुआमाले आफ्ना छोराछोरीहरूलाई

ख्रीष्टबारे शिक्षा दिने तरिकाबारे यसले तपाईंलाई के भन्दछ ?

३. यदि यो पुस्तक पढ़ेर परमेश्वरबारे तपाईंको ज्ञान वृद्धि भएको छ भने, के तपाईंको ज्ञानसितै तपाईंको विश्वास वृद्धि भएको छ ? छ भने किन, छैन भने किन ? यदि तपाईंको ज्ञानसितै तपाईंको विश्वास वृद्धि भएको छैन भने, तपाईंको विश्वास जति बढ़ेको छ त्यसभन्दा बढ़ी वृद्धि गराउनका लागि तपाईं के गर्न सक्नुहुन्छ ?

४. मानवीय सम्बन्धहरूको परिप्रेक्ष्यमा, के तपाईं कुनै व्यक्तिलाई राम्ररी नचिन्दै धेरै भरोसा गर्नुहुन्छ वा ऊसित राम्रो परिचय भएपछि उसलाई धेरै भरोसा गर्नुहुन्छ (ती व्यक्ति तत्त्वतः भरोसा गर्न लायकका र भरपर्दा छन् भन्ने मानिलिँदै) ? परमेश्वरमा तपाईंको विश्वास कसरी बढ्छ भन्नेबारे यो तथ्यले तपाईंलाई के सिकाउँछ ? परमेश्वरलाई राम्ररी जान्न, अनि येशू र पवित्र आत्मालाई अझ राम्ररी जान्नका लागि दिउँसो तपाईं के गर्न सक्नु होला ?

५. तपाईं पहिलो पटक ख्रीष्टमा आउनुहुँदा के तपाईंले पापका लागि साँचो शोक अनुभव गर्नुभयो ? त्यस बेला कस्तो लागेको थियो के तपाईं वर्णन गर्न सक्नुहुन्छ ? के यसले तपाईंलाई पाप त्याग्ने साँचो प्रतिबद्धतातिर डोऱ्यायो ? तपाईंले आफ्नो जीवनको ढाँचामा परिवर्तन थाहा गर्नुभन्दा यो कति अगाड़िको कुरो थियो ?

६. के तपाईंले कहिल्यै साँच्चै पापको पश्चात्ताप गर्नुभएको छ, वा के तपाईं सोच्नुहुन्छ कि तपाईंलाई फ्यातुलो पारिएको सुसमाचार सिकाइयो जसमा पश्चात्ताप गाभिएको थिएन ? के तपाईं सोच्नुहुन्छ कि साँच्चै पापको पश्चात्ताप नगरी पाप क्षमाका लागि साँच्चै ख्रीष्टमा भरोसा गर्न कसैका लागि सम्भव हुन्छ ? के तपाईं सोच्नुहुन्छ कि साँचो पश्चात्तापमा पापका लागि सामान्यतः शोकको साँचो अनुभूति हुन्छ, वा के यसमा विशेष पापहरूका लागि साँचो शोक, र ती विशेष पापहरू त्याग्ने कार्य संलग्न हुन्छ ?

७. के विश्वास र पश्चात्ताप तपाईंको ख्रीष्टियान जीवनको अविच्छिन्न अङ्ग रहेका छन्, वा हृदयका ती मनोवृत्तिहरू तपाईंको जीवनमा केही कमजोड़ पनि बनेका छन् कि ? तपाईंको ख्रीष्टियान जीवनमा परिणाम के रहिआएको छ ?

## विशेष शब्दावली

| | | |
|---|---|---|
| विश्वास (आस्था) | पश्चात्ताप | भरोसा |

## पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे. । सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

## इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट चयनित खण्डहरू

१. एङ्गलिकन (इपिस्कपलियन)

| | |
|---|---|
| १८८२-९२ | लिट्टन, २८८-३०० |

२. अर्मिनी (वेजलियन वा मेथडिस्ट)

| | |
|---|---|
| १८४७ | फिनी, ३६४-८२ |
| १८७५-७६ | पोप, २:३६७-८५ |
| १९४० | विली, २:३५७-७८ |
| १९८३ | कार्टर,१:४९६-९९ |

३. ब्याप्टिस्ट

| | |
|---|---|
| १७६७ | गिल, २:१३१-२१ |
| १८८७ | बोइस्, ३७३-८२ |
| १९०७ | स्ट्रङ्ग, ८२९-९४ |
| १९१७ | म्यूलिन्स्, ३६८-८५ |
| १९८३-८५ | एरिक्सन,९३३-४२ |

४. डिसपेन्सेशनल

| | |
|---|---|
| १९४७ | शेफर, ३:३७१-९३ |
| १९४९ | थीसन, २६४-७० |
| १९८७ | राइरि, ३२४-२७ |

५. लुथरन

| | |
|---|---|
| १९१७-२४ | पाइपर, २:४२२-५०३ |
| १९३४ | म्युएलर, ३१९-६६ |

६. रिफमर्ड (वा प्रेज्बिटरियन)

| | |
|---|---|
| १५५९ | क्याल्भिन, १:३४०-६७, ४२३-२८ (२.६-७, ९; ३.२-५) ५४२-६८४ |
| १७२४-५८ | एड्वर्डस्, २:५७८-९६ |
| १८६१ | हिपि, ५२६-४२ |
| १८७१-७३ | होज, ३:४१-११३ |
| १८७८ | डेब्नी, ६००-६१२, ६१५-६० |
| १८८७-१९२१ | वारफिल्ड, *BTS*, ३७५-४०३; *SSW*, १:२६७-८२; *SSW*, २:६५५-५९; *BD*, ४६७-५१० |
| १८८९ | शेड, २ख, ५२९-३७ |
| १९३७-६६ | मरे, *CW*, २:२३५-७४; *RAA*, १०६-१६ |
| १९३८ | बर्खोफ, ४८०-५०९ |
| १९६२ | बुसवेल, २:१७५-८६ |

७. रीन्यूअल (वा क्यारिज्म्याटिक्/पेन्टिकोस्टल)
१९८८-९२ विल्यम्स्, २:२८-३१

**रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रका प्रातिनिधिक खण्डहरू**

१. रोमन क्याथलिक: परम्परावादी
१९५५ ओट, २५२-५४
२. रोमन क्याथलिक: भेटिकन दोस्रोपछि
१९८० म्याकब्राइन, १:३१-४६

**अन्य पुस्तक/लेखहरू**


Berkouwer, G. C. *Faith and Justification.* Trans. by Lewis B. Smedes. Grand Rapids: Eerdmans, 1954.
Boice, James Montgomery. *Christ's Call to Discipleship.* Chicago: Moody, 1986.
Chantry, Walter. *Today's Gospel: Authentic or Synthetic ?* Carlisle, Pa.: Banner of Truth, 1970.
Hodges, Zane C. *Absolutely Free ! A Biblical Reply to Lordship Salvation.* Dallas: Redencion Viva, and Grand Rapids: Zondervan, 1989.
*The Gospel Under Siege: A Study on Faith and Works.* Dallas: Redencion Viva. 1981.
Hoekema, Anthonoy A. *Saved by Grace.* Grand Rapids: Eerdmans, and Exeter: Paternoster, 1989, pp. 113 -51.
Kromminga, C. G. "Repentance." In *EDT,* pp. 936-37.
MacArthur, John F., Jr. *The Gospel According to Jesus.* Grand Rapids: Zondervan, 1988.
Machen J. Gresham. *What is Faith ?* Grand Rapids: Eerdmans, 1925.
Morris, Leon. "Faith." In *IBD.* Vol. 1, pp. 496-98.
Murray, John. "Faith and Repentance." In *Redemption Accomplished and Applied.* Grand Rapids: Eerdmans., 1955, pp.106-16.
———. " Repentance." In *The New Bible Dictionary.* Ed. by J. D. Douglas. London: Tyndale Press, and Grand Rapids: Eerdmans,1962, pp. 1083-84.
Packer, J. I. "Evangelicals and the Way of Salvation: New Challenges to the Gospel-Universalism and Justification by Faith," In *Evangelical Affirmations.* Ed. by Kenneth S. Kantzer and Carl F. H. Henry. Grand Rapids: Zondervan, 1990, pp. 107-36.
———. *Evangelism and the Sovereignty of God.* London: Inter-Varsity Press, 1961.
———. "Faith." In *EDT,* pp. 399-402.
Ryrie, Charles C. *So Great Salvation: What It Means to Believe in Jesus Christ.* Wheaton, Ill.: Scripture Press, 1989.
Watson, Thomas. *The Doctrine of Repentance.* Carlisle, Pa.: Banner of Truth, 1987.

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**यूहन्ना ३:१६:** *किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।*

### भजन

"जस्तो छु म"

एउटै बिन्तीविना जस्तो छु म,
तर बहाइएको थियो लहु तपाईंको मेरो निम्ति,
अनि आइज् मकहाँ तपाईंले भन्नुभएको कारण,
परमेश्वरको हे थुमा, म आउँछु, म आउँछु।

जस्तो छु म, र नगरी प्रतीक्षा
दिन छुटकारा मेरो आत्मालाई एउटै कालो दागबाट,
जसको लहुले सक्छ प्रत्येक दागलाई धुन,
परमेश्वरको हे थुमा, म आउँछु, म आउँछु।

जस्तो छु म, ढुनमुनाइएको यता-उता,
धेरै संग्राम र धेरै शंकाहरूसित,
भित्र र बाहिर डरहरू र झगड़ासितै ,
परमेश्वरको हे थुमा, म आउँछु, म आउँछु।

जस्तो छु म दरिद्र, दुखिया, अन्धो;
दृष्टि, धन, मनको आरोग्य,
पाउनुछ मलाई सबै तपाईंमा,
परमेश्वरको हे थुमा, म आउँछु, म आउँछु।

जस्तो छु म ! ग्रहण गर्नुहुने तपाईंले,
गर्नुहुनेछ स्वागत, माफ, बनाउनुहुनेछ शुद्ध, उन्मुक्त;
किनकि गर्छु म विश्वास तपाईंको प्रतिज्ञा,
परमेश्वरको हे थुमा, म आउँछु, म आउँछु।

जस्तो छु म ! ज्ञानातीत प्रेमले तपाईंको
भत्काइदिएको छ प्रत्येक बाधा;
आउँछु अब हुन तपाईंको, हो केवल तपाईंको,
परमेश्वरको हे थुमा, म आउँछु, म आउँछु।

*रचयिता* : Charlotte Elliot, 1836

अध्याय ३६

# धर्मीकरण
# (परमेश्वरको सामु सही वैध स्थिति)
# Justification
# (Right Legal Standing Before God)

***परमेश्वरको सामु हामीले कसरी अनि कहिले सही वैध स्थिति हासिल गर्छौं ?***

## व्याख्या र धर्मशास्त्रीय आधार

अघिल्ला अध्यायहरूमा हामीले सुसमाचारको बोलावट (जसमा परमेश्वरले हामीलाई मुक्तिको निम्ति ख्रीष्टमा भरोसा गर्न भनी बोलावट दिनुहुन्छ), पुनर्जीवन (जसमा परमेश्वरले हामीलाई नयाँ आत्मिक जीवन प्रदान गर्नुहुन्छ) र मतान्तरण/हृदय-परिवर्तन (जसमा हामीले पापको पश्चात्तापमा र मुक्तिको निम्ति ख्रीष्टमा भरोसा गरी सुसमाचारको बोलावटलाई ग्रहण गर्छौं)-अध्ययन गऱ्यौं। *तर हाम्रो पापको दोषबारे नि ?* पापको क्षमादानका निम्ति ख्रीष्टमा भरोसा गर्न भनी सुसमाचारको बोलावटले हामीलाई निमन्त्रणा दियो। पुनर्जीवनले त्यस निमन्त्रणालाई स्वीकार गर्न हामीलाई सम्भव बनाइदियो। मतान्तरण/हृदय-परिवर्तनमा पाप क्षमा दानको निम्ति ख्रीष्टमा भरोसा गर्दै हामीले त्यस बोलावटलाई स्वीकार गऱ्यौं। हाम्रो निम्ति उद्धार कार्यान्वयन गर्ने अर्को पाइला यो हो कि परमेश्वरले हाम्रो विश्वासको उत्तर दिनैपर्दछ र उहाँले जे प्रतिज्ञा गर्नुभएको छ त्यो प्रतिज्ञा पूरा गर्नैपर्दछ, अर्थात् हाम्रा पापहरू क्षमा भए भनी उहाँले वास्तवमै घोषणा गर्नुपर्दछ। उक्त घोषणाले हामी पूर्ण रूपमा क्षमा गरिएका छौं र अबोप्रान्त सजायको योग्यका छैनौं भन्ने तथ्यको वक्तव्य दिँदै परमेश्वरका विधिहरूसित हाम्रो सम्बन्धबारे एउटा *वैधिक घोषणा* (*legal declaration*) गरिइनुपर्दछ।

सम्पूर्ण ख्रीष्टियान विश्वासका लागि धर्मीकरण (justification)-को सही बोध सर्वथा निर्णायक हुन्छ। Martin Luther-ले विश्वासद्वारा हुने धर्मीकरणको सत्यता बुझेपछि मात्र उनी ख्रीष्टियान बने र नयाँ गरी पाएका सुसमाचारको रमाहटले ओतप्रोत भए। धर्मीकरणसम्बन्धी रोमन क्याथलिक मण्डलीसित भएको विवाद नै प्रोटेस्टेन्ट सुधारवादी आन्दोलनको मूल मुद्दा थियो। यदि हामीले भावी पुस्ताको

निम्ति सुसमाचारको सत्यता सुरक्षित राख्नु हो भने हामीले धर्मीकरणको सत्यता बुझ्नैपर्दछ। आज पनि धर्मीकरणबारे साँचो दृष्टिकोण नै त्यो सीमारेखा हो जसले विश्वासबाट मात्र आउने मुक्तिसम्बन्धी बाइबलको सुसमाचार र असल कामहरूमा आधारित मुक्तिका सबै झुटा सुसमाचारहरू छुट्ट्याउँछ।

हाम्रो निम्ति मुक्ति कार्यान्वयन गर्ने परमेश्वरका प्रक्रियाको संक्षिप्त विवरण दिँदा पावल सुस्पष्ट रूपमा धर्मीकरणको उल्लेख गर्छन्, "जस-जसलाई उहाँले अघिबाटै नियुक्त गर्नुभयो, तिनीहरूलाई उहाँले बोलाउनु पनि भयो, र जस-जसलाई उहाँले बोलाउनुभयो, तिनीहरूलाई उहाँले धर्मी पनि ठहराउनुभयो, र जस-जसलाई *धर्मी ठहराउनुभयो* तिनीहरूलाई उहाँले महिमित पनि पार्नुभयो" (रोम ८:३०)। हामीले अघिल्लो अध्यायमा व्याख्या गरेझैं यहाँ बोलावट भन्नाले सुसमाचारको प्रभावकारी बोलावटलाई बुझिन्छ, जसमा पुनर्जीवन हुन्छ अनि हामीमा पश्चात्ताप र विश्वास (मतान्तरण/हृदय-परिवर्तन) उत्पन्न गराउँछ। प्रभावकारी बोलावट र यसले हामीमा ल्याउने विश्वासपछि उद्धारको कार्यान्वयनमा आउने दोस्रो पाइला "धर्मीकरण" हो। यो यस्तो काम हो जो परमेश्वर स्वयम्ले नै गर्नुहुन्छ भनी पावल उल्लेख गर्छन् : "जस-जसलाई उहाँले बोलाउनुभयो, तिनीहरूलाई *उहाँले धर्मी पनि ठहराउनुभयो।*"

यसबाहेक, पावल पूर्ण स्पष्टतासित शिक्षा दिन्छन् कि यो धर्मीकरण हाम्रो विश्वासपछि र परमेश्वरले हाम्रो विश्वासको उत्तर दिनुभएपछि आउँछ। उनी भन्छन् परमेश्वरले "येशूमा *विश्वास राख्नेहरूलाई* . . . धर्मी ठहराउनुहुन्छ" (रोम ३:२६) अनि "व्यवस्थाका कर्महरूको पालनविना *विश्वासद्वारा* नै मानिस धर्मी ठहरिन्छ" (रोम ८:२८)। उनी भन्छन्, "यसैकारण *विश्वासद्वारा* धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ" (रोम ५:१)। यसबाहेक, "व्यवस्थाका कामद्वारा मानिस धर्मी ठहरिँदैन, तर येशू ख्रीष्टमाथिको *विश्वासद्वारा* धर्मी ठहरिन्छ" (गला २:१६)।

धर्मीकरण भनेको चाहिँ के हो त? हामीले यसलाई निम्नलिखित तरिकामा परिभाषित गर्न सक्छौं : *धर्मीकरण परमेश्वरको तात्क्षणिक वैधानिक कार्य हो जसमा उहाँ (१) हाम्रा पापहरू क्षमा भएका र ख्रीष्टको धार्मिकता हाम्रो भएको मान्नुहुन्छ अनि (२) हामीलाई उहाँको दृष्टिमा धर्मी भनी घोषणा गर्नुहुन्छ।*

यस परिभाषाका तत्त्वहरू व्याख्या गर्दा हामी यस परिभाषाको दोस्रो भागलाई, अर्थात् धर्मीकरणको त्यो पक्षलाई हेर्नेछौं जसमा परमेश्वरले "हामीलाई उहाँको दृष्टिमा धर्मी भनी घोषणा गर्नुहुन्छ।" यी विषयहरूलाई उल्टो क्रममा छलफल गरिनुको कारण यो हो कि नयाँ करारले *धर्मीकरण* शब्द र यससित सम्बन्धित शब्दावलीहरूको प्रयोगमाथि दिएको जोड़ यस परिभाषाको दोस्रो भागमा, अर्थात् परमेश्वरद्वारा गरिएको वैधानिक घोषणामा छ। तर धार्मिकता हाम्रो हो भनी परमेश्वरले मान्नुहुन्छ भन्ने तथ्यमाथि यो घोषणा आधारित छ भनी देखाउने अन्य उद्धरणहरू पनि छन्। यसकारण दुवै पक्षहरूमा ध्यान दिइनुपर्छ, तथापि धर्मीकरणका लागि प्रयोग हुने नयाँ करारका शब्दावलीले परमेश्वरद्वारा भएको वैधानिक घोषणामाथि जोड़ दिन्छ।

**क. धर्मीकरणमा परमेश्‍वरद्वारा भएको वैधानिक घोषणा सम्मिलित हुन्छ**

बाइबलमा *धर्मीकरण* शब्दको प्रयोगले यो सङ्केत गर्छ कि धर्मीकरण परमेश्‍वरद्वारा हुने वैधानिक घोषणा हो। नयाँ करारमा *धर्मीकरण गर्नु* (ग्रीक *dikaioo*) क्रियापदका विभिन्न अर्थहरू छन्, तर एउटा धेरै सामान्य अर्थ "धर्मी घोषणा गर्नु" हो। उदाहरणार्थ, हामी यो पढ्दछौं, "अनि सबै मानिसहरू र कर उठाउनेहरूले यो सुनेर परमेश्‍वरको सत्यतालाई स्वीकार गरे, किनकि तिनीहरूले यूहन्नाबाट बप्तिस्मा लिएका थिए" (लूक ७:२९)। ती मानिसहरू र कर उठाउनेहरूले अवश्य नै परमेश्‍वरलाई धर्मी *बनाएनन्* – कुनै पनि मानिसको निम्ति यो काम गर्नु असम्भव हुनेथियो। यसको सट्टामा तिनीहरूले परमेश्‍वर धर्मी हुनुहुन्छ भनी *घोषणा* गरे। हामी परमेश्‍वरद्वारा धर्मी ठहराइएका तथ्यबारे नयाँ करारले बताउने खण्डहरूमा (रोम ३:२०,२६,२८; ५:१; ८:३०; १०:४,१०; गला २:१६; ३:२४) पाइने यस पारिभाषिक शब्दको अर्थ पनि यही नै हो। उदाहरणार्थ, यो अर्थ रोमी ४:५ मा विशेष गरी प्रस्टै छ: "जसले कर्मचाहिँ गर्दैन, तर *भक्तिहीनलाई धर्मी ठहराउनुहुने* परमेश्‍वरमाथि भरोसा राख्तछ, त्यस्तो मानिसको विश्‍वास धर्मी गनिन्छ।" यहाँ पावलको अर्थ यो हुनै सक्दैन कि परमेश्‍वरले "अधर्मीलाई धर्मी ठहराउनुहुन्छ" (तिनीहरूलाई आन्तरिक रूपमा परिवर्तन गर्नुहुँदै र तिनीहरूलाई नैतिक रूपमा सिद्ध बनाउनुहुँदै), किनकि त्यसो भयो भने तिनीहरूले निर्भर गर्नपाउने कुराहरू तिनीहरूका गुण र कर्महरू हुनेछन्)। यसको सट्टामा उनको अर्थ यो हो कि परमेश्‍वरले उहाँको दृष्टिमा अधर्मीलाई धर्मी घोषणा गर्नुहुन्छ – तिनीहरूका कामको आधारमा होइन तर तिनीहरूका विश्‍वासको प्रत्युत्तरमा।

धर्मीकरण वैधानिक घोषणा हो भन्ने धारणा धर्मीकरणलाई दण्डाज्ञासित तुलना गर्दा प्रस्टै हुन्छ। पावल भन्छन्, "परमेश्‍वरका चुनिएकाहरूका विरुद्धमा कसले अभियोग लाउनेछ ? धर्मी ठहराउने परमेश्‍वर नै हुनुहुन्छ भने, दण्डाको आज्ञा दिने को हो ?" (रोम ८:३३-३४)। कसैलाई दण्डाज्ञा दिनु भनेको तिनलाई दोषी ठहराउनु हो। दण्डको आज्ञा दिनुको विपरीत धर्मीकरण हो; यस सन्दर्भमा यसको अर्थ "कसैलाई निर्दोष घोषणा गर्नु" नै हुनुपर्दछ। यो कुरा यस तथ्यबाट पनि प्रत्यक्ष हुन्छ कि परमेश्‍वरको धर्मीकरणको घोषणालाई परमेश्‍वरका जनका विरुद्ध कसैले ल्याउन सक्ने दोषारोपणको वा "अभियोग"-को सम्भावनाविरुद्ध पावलको प्रत्युत्तरस्वरूप दिइएको छ – दोषको त्यस्तो घोषणा परमेश्‍वरले गर्नुहुने धर्मीकरणको घोषणाको समक्ष टिक्न सक्दैन।

पुरानो करारमा भएको *धर्मीकरण* (सेप्टअजिन्ट बाइबलमा ग्रीक *tsadak*, अर्थात् "धर्मीकरण ठहराउनु"-को अनुवाद *dikaioo* हुन्छ) शब्दका केही उदाहरणहरूले यस बोधमा समर्थन थपिदिन्छ। उदाहरणार्थ, हामी ती न्यायकर्ताहरूबारे पढ्दछौं जसले "निर्दोषलाई छोड़िदिन्छन् र अपराधीलाई दोषी ठहराउँछन्" (व्यव २५:१)। यहाँ "दण्डाज्ञा दिनु"-को अर्थ जसरी "दोषी भनी घोषित गरिनु हो" त्यसरी नै "धर्मीकरण"-को अर्थ "धर्मी भनी घोषित गरिनु हो, दोषी होइन" हो। यहाँ "धर्मीकरण"-

को अर्थ "कसैलाई आन्तरिक रूपमा असल छ भन्ने बनाउनु" होइन, किनकि न्यायाधीशहरूले मानिसहरूलाई आन्तरिक रूपमा असल बनाउँदैनन् वा बनाउन सक्दैनन्। न्यायाधीशले दुष्टलाई दण्ड दिँदा त्यस कामले त्यस व्यक्तिलाई स्वाभाविक रीतिमा दुष्टै बनाउँछ; यस कामले यो मात्र घोषणा गर्दछ कि त्यो व्यक्ति त्यो विशेष अपराधसम्बन्धी दोषी छ, जुन अपराधबारे तिनलाई मुद्दालयमा ल्याइएको थियो (तु. प्रस २३:७; १ राज ८:३२; २ इति ६:२३)। यस्तै प्रकारले अय्यूब यो भन्न इन्कार गर्छन् कि तिनका सान्त्वनादाताहरू यसो भन्न सही थिए, "तपाईंहरू ठीक हुनुहुन्छ भनी म कहिल्यै स्वीकार गर्ने छैन" (अयू २७:५)। यही धारणा हितोपदेशमा पाइन्छ : "दोषीलाई निर्दोष ठहराउने र निर्दोषलाई दोषी – यी दुवैलाई परमेश्वरले घृणा गर्नुहुन्छ" (हितो १७:१५)। यहाँ वैधानिक घोषणाको धारणा विशेष गरी बलियो छ। यदि "धर्मीकरण"-को अर्थ "*कसैलाई* भित्र असल वा धर्मी *बनाउनु"* हो भने कसैलाई धर्मी बनाउन परमेश्वरको निम्ति घृणास्पद हुनेछैन। त्यस अवस्थामा, परमेश्वरको दृष्टिमा कुनै "दुष्टलाई धर्मी ठहराउनु" अति नै असल काम हुनेछ। तर यदि "धर्मीकरण"-को अर्थ "धर्मी हो भनी घोषणा गर्नु" हो भने यो पूर्णतया प्रस्टै छ कि "दोषीलाई निर्दोष ठहराउने"-लाई "परमेश्वरले घृणा गर्नुहुन्छ"। यस्तै प्रकारले यशैयाले ती मानिसहरूलाई दोषी ठहराउँछन् जसले "घूस लिएर *दोषीहरूलाई छोड़िदिन्छन्* " (यशै ५:२३); यसले यहाँ फेरि यो देखाउँछ कि "धर्मीकरण"-को अर्थ "धर्मी भनी घोषणा गरिनु" (यहाँ कानुनी सन्दर्भमा यो शब्द प्रयोग गरिएको छ) नै हो।

"धर्मी भनी घोषणा गरिनु" वा "दोषी होइन भनी *घोषणा गरिनु*"-को अर्थमा पावलले यस शब्दलाई परमेश्वरले हामीलाई धर्मी ठहराउनुभएको बताउनलाई अक्सरै प्रयोग गर्छन्, अर्थात् हामी दोषी पापीहरू हुँदाहुँदै पनि परमेश्वरको दृष्टिमा धर्मी छौं। यस कुरामाथि जोड़ दिन जरुरी छ कि यस वैधानिक घोषणाले मात्रै हाम्रो आन्तरिक स्थिति वा चरित्रलाई नै परिवर्तन गरिदिँदैन। "धर्मीकरण"-को यस अर्थमा परमेश्वरले हामीसम्बन्धी एउटा वैधानिक घोषणा गर्नुहुन्छ। त्यसैकारण ईश्वर-शास्त्रीहरूले पनि धर्मीकरण एउटा *न्यायिक (forensic)* कुरो हो भनेका छन्, अनि यहाँ *न्यायिक* शब्दको अर्थ छ "न्यायिक प्रक्रियाहरूसित सम्बन्धित।"

John Murray-ले पुनर्जीवन र धर्मीकरणमाझ महत्त्वपूर्ण भिन्नता देखाउँछन् :

> पुनर्जीवन परमेश्वरले हामीमा गर्नुहुने काम हो; धर्मीकरण हाम्रो सम्बन्धमा परमेश्वरले गर्नुहुने इन्साफ हो। यो भिन्नता शैल्यचिकित्सक र न्यायाधीशका काममाझ भएको भिन्नताजस्तै हो। शैलचिकित्सकले भित्रीय क्यान्सर काटिदिँदा तिनले हामीभित्र केही गर्छन्। यो यस्तो काम हो जो न्यायाधीशले गर्दैनन् – न्यायाधीशले हाम्रो न्यायिक स्थिति (judicial status)-सम्बन्धी फसेला दिन्छन्। यदि हामी निर्दोष छौं भने तिनले त्यहीअनुरूप घोषणा गर्छन्।
>
> यस भिन्नताको मान्यतासित सुसमाचारको विशुद्धता गाँसिएको छ। यदि धर्मीकरणलाई पुनर्जीवन वा पवित्रीकरण पनि ठानियो भने सुसमाचारको मुटुमा नै विकृतिको निम्ति ढोका खोलिन्छ। धर्मीकरण अझै पनि मण्डली

तगिरहनु कि ढलिजानुको सूत्र (article) हो।[1]

## ख. परमेश्वरले हामीलाई उहाँको दृष्टिमा धर्मी घोषणा गर्नुहुन्छ


परमेश्वरले गर्नुहुने धर्मीकरणबारे वैधानिक घोषणामा उहाँले विशेष गरी यो घोषणा गर्नुहुन्छ कि हामी उहाँको *दृष्टिमा धर्मी* छौं। यस घोषणामा दुईवटा पक्षहरू छन्। सर्वप्रथम, यसको अर्थ यो हो कि अतीतका, वर्तमानका र भविष्यमा हुने पापहरूका निम्ति हामीले चुक्ता गर्नुपर्ने कुनै मोल छैन। विश्वासबाट मात्र हुने धर्मीकरणसम्बन्धी लामो छलफलपछि (रोम ४:१-५:२१), र ख्रीष्टियान जीवनमा हुने रहल पापबारे अतिरिक्त छलफल गरेपछि रोमीहरूमा पावलले उनको मुख्य तर्क फेरि आरम्भ गर्छन् र विश्वासद्वारा धर्मी ठहराइएका मानिसहरूबारे कुन कुरा सत्य हुन्छ सो उनले बताउँछन्, "यसकारण अब येशूमा भएकाहरूलाई *दण्डको आज्ञा छैन"* (रोम ८:१)। यस अर्थमा धर्मी ठहराइएकाहरूले पापको निम्ति तिर्नुपर्ने कुनै जरिवाना छैन। यसको अर्थ यो हो कि हामी कुनै पनि दोषारोपण वा अभियोगको अधीनमा छैनौं, "परमेश्वरका चुनिएकाहरूका विरुद्धमा कसले अभियोग लाउनेछ? धर्मी ठहराउनुहुने परमेश्वर नै हुनुहुन्छ भने, दण्डको आज्ञा दिने को हो?" (रोमी ८:३३-३४)।

पावलले रोमी ४ मा विश्वासद्वारा धर्मीकरणबारे छलफल गर्दा यसमा पापको पूर्ण क्षमाको धारणा प्रमुख स्थानमा छ। "परमेश्वरले कर्मविना नै धार्मिक गन्नुहुने" मानिसलाई दाऊदले धन्य भनेका पावलले उद्धृत गर्छन्। त्यसपछि दाऊदले कसरी यसो भने सो पावलले सम्झना गर्छन्, "तिनीहरू धन्यका हुन् *जसका अपराधहरू क्षमा भएका छन्,* र जसका पापहरू ढाकिएका छन्। त्यो मानिस धन्यको हो जसको लेखा परमप्रभुले लिनुहुन्न" (रोम ४:६-८)। यस धर्मीकरणमा स्पष्टै गरी पापको क्षमा पनि सम्मिलित छ। दाऊदले यस्तै प्रकारले भजन १०३:१२ मा भने,"पश्चिमबाट पूर्व जति टाढ़ा छ, उहाँले हाम्रा अपराधहरू हामीबाट त्यत्तिकै टाढ़ा हटाइदिनुभएको छ" (तु. प. ३)।

तर यदि परमेश्वरले हामीलाई *हाम्रा विगतका पापहरूबाट क्षमा दिइयो* भनी घोषणा मात्र गर्नुभयो भने यसले हाम्रो समस्या पूर्ण रूपले समाधान हुनेथिएन किनकि यसले हामीलाई परमेश्वरको सामुन्ने नैतिक रूपमा मात्र तटस्थ बनाउनेथियो। आदमले परमेश्वरको दृष्टिमा कुनै सही वा गलत काम गर्नुभन्दा पहिले उनी जुन अवस्थामा थिए हामी त्यही अवस्थामा हुनेथियौं – उनी परमेश्वरको सामु दोषी थिएनन्, नता उनले परमेश्वरको सामु धार्मिकताको अभिलेख आर्जन गरेका थिए। धर्मीकरणको यो पक्षलाई, अर्थात् हाम्रा पापहरू क्षमा भए भन्ने परमेश्वरको घोषणालाई, रेखाचित्र ३६:१ मा (पृ. ९६३ मा) प्रतिनिधित्व गर्न सकिन्छ। यस रेखाचित्रमा वियोगचिन्हहरूले हाम्रा लेखामा भएका पापहरू प्रतिनिधित्व गर्छन् जो धर्मीकरणमा पूर्ण रूपले क्षमा गरिन्छन्।


यद्यपि यस प्रकारको गति परमेश्वरको दयादृष्टि प्राप्त गर्नलाई पर्याप्त हुँदैन।

[1]John Murray, *Redemption Accomplished and Applied,* पृ. १२१।



विगतका पापहरूको क्षमा धर्मीकरणको एउटा पाटा हो
*रेखाचित्र ३६.१*

यसको सट्टामा हामी नैतिक तटस्थताको स्थानबाट परमेश्वरको अगि सकारात्मक धार्मिकताको बिन्दुमा, अर्थात् उहाँप्रतिको सिद्ध आज्ञाकारी जीवनको धार्मिकताको बिन्दुतिर हामी हिँड्नुपर्दछ। हाम्रो आवश्यकता तसर्थ रेखाचित्र ३६.२ मा जस्तै गरी प्रतिनिधित्व गर्न सकिन्छ जसमा योगका चिन्हहरूले परमेश्वरको सामुन्ने धार्मिकताको अभिलेखतिर इङ्गित गर्छन्।



हामीमा ख्रीष्टका धार्मिकताको आरोपण धर्मीकरणको अर्को पाटा हो
*रेखाचित्र ३६.२*

त्यसकारण धर्मीकरणको दोस्रो पक्ष त्यो हो कि उहाँको दृष्टिमा हामी *तटस्थ* भएका मात्र होइन तर उहाँको दृष्टिमा वास्तवमै धर्मी पनि भएका उहाँले घोषणा गर्नुपर्दछ। वास्तवमा उहाँको सामुन्ने धार्मिकताका गुणहरू पनि हामीमा छन् भनी उहाँले घोषणा गर्नैपर्दछ। परमेश्वरका जन आफैहरूले यस्ता धार्मिकता नकमाएका भए तापनि आफ्ना जनलाई परमेश्वरले त्यो धार्मिकता दिनुभएको कुरा पुरानो कराररले कहिलेकाहीँ बताउँछ। यशैयाले भन्छन्, "उहाँले मलाई उद्धारको पोशाक लगाइदिनुभएको छ, *उहाँले मलाई धार्मिकताको वस्त्रले ढाकिदिनुभएको छ*" (यशै ६१:१०)। पावलले तर नयाँ करारमा यस कुराबारे अझ विशेष गरी बताउँछन्। हामीलाई आवश्यक पर्नगएको धार्मिकताको जुन समस्या छ त्यसको समाधानको रूपमा पावलले हामीलाई यो भन्छन् कि, "तर अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ। त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन्। *येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ*" (रोम ३:२१-२२)। उनी भन्छन्, "अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो" (उत्प १५:६ उद्धृत गर्दै, रोम ४:३)। यो ख्रीष्टको आज्ञाकारिताद्वारा आयो किनकि पावलले विश्वासद्वारा धर्मीकरणबारे विस्तृत छलफलको अन्त्यमा भन्छन्, "एकै जनाको आज्ञाकारिताद्वारा धेरै जना *धार्मिक बनाइनेछन्*" (रोम ५:१९)। यसो हो भने धर्मीकरणबारे परमेश्वरको घोषणाको दोस्रो भाग यो हो कि उहाँको सामुन्ने हामीमा

सिद्ध धार्मिकताको गुण छ।

तर प्रश्नहरू उठ्छन् : हामी साँच्चै नै दोषी पापीहरू हौं भने अनि हामीमा सिद्ध धार्मिकताको गुण छ भने हामीले पापको निम्ति तिर्नुपर्ने जरिवाना छैन, अनि कि हामीसित सिद्ध धार्मिकताका गुणहरू छन् भनी परमेश्वरले कसरी भन्न सक्नुहुन्छ ? वास्तवमा *हामी अधर्मी छौं* भने हामी दोषी होइनौं तर धर्मी छौं भनी परमेश्वरले कसरी घोषणा गर्न सक्नुहुन्छ ? यी प्रश्नहरूले हामीलाई हाम्रो दोस्रो बुँदातर्फ लान्छन्।

### (ग) परमेश्वरले हामीलाई धार्मिक भनी घोषणा गर्न सक्नुहुन्छ किनभने उहाँले हामीमा ख्रीष्टको धार्मिकता आरोपण गर्न सक्नुहुन्छ

परमेश्वरले हामीमा ख्रीष्टको धार्मिकता *आरोपण गर्नुहुन्छ* भनेको अर्थ यो हो कि ख्रीष्टको धार्मिकता हाम्रो हो भनी परमेश्वरले *सोच्नुहुन्छ* वा उहाँले यसलाई *हाम्रो हो भनी* मान्नुहुन्छ। उहाँले यसलाई हाम्रो लेखामा गन्ती गर्नुहुन्छ। हामी पढ्दछौं, "अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र *त्यो उनको निम्ति धार्मिकता गनियो"* (रोम ४:३, उत १५:६ लाई उद्धृत गर्दै)। पावलले बुझाउँछन्, "जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्तछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ" (रोम ४:५)। "परमेश्वरले कर्मविना नै *धार्मिक गन्नुहुने* मानिसलाई . . . दाऊदले धन्यका भन्छन्" (रोम ४:६)। यसरी ख्रीष्टको धार्मिकता हाम्रो हुन्छ। पावलले हामी ती मानिसहरू हौं भन्छन् जसले "धार्मिकताका सित्तैंको वरदान" पाउँछन्" (रोम ५:१७)।

धर्मशास्त्रका धर्मसिद्धान्तहरू पढ्दा हामीले अरू कसैमाथि *दोषारोपण* वा धार्मिकता आरोपण गरिएको धारणासित हाम्रो भिड्न्त हुनपुगेको यो तेस्रोपटक हो। सर्वप्रथम, जब अब्राहामले पाप गरे, उनको दोष हामीमा आरोपण गरिएको थियो, पिता परमेश्वरले यसलाई हाम्रो हो भनी हेर्नुभयो र त्यसकारण यो हाम्रो नै भयो।[२] दोस्रो, ख्रीष्टले हाम्रा पापहरूका निम्ति कष्ट भोग्नुहुँदा अनि मर्नुहुँदा हाम्रा पापहरू *ख्रीष्टमा आरोपण* गरिए; यी पापहरू ख्रीष्टका हुन् भनी परमेश्वरले ठान्नुभयो र ख्रीष्टले यसको निम्ति सजाय भोग्नुभयो।[३] अब धर्मीकरणको धर्मसिद्धान्तमा हामी आरोपणलाई तेस्रोपटक देख्छौं। ख्रीष्टको धार्मिकता हामीमा *आरोपण गरिएको* छ र त्यसकारण परमेश्वरले यसलाई हाम्रो हो भनी ठान्नुहुन्छ। हाम्रो आफ्नै धार्मिकता होइन तर ख्रीष्टको धार्मिकता हो जो हामीलाई सित्तैंमा दिइएको छ। यसकारण पावलले यो भन्न सक्छन् कि परमेश्वरले ख्रीष्टलाई "हाम्रा बुद्धि, *हाम्रा धार्मिकता* र पवित्रता र हाम्रा उद्धार बनाउनुभयो" (१ कोर १:३०)। अनि पावलले उनको लक्ष्य ख्रीष्टमा पाउनुछ भन्छन्, "व्यवस्थामा आधारित भएको मेरो आफ्नै धार्मिकता होइन, तर मेरो धार्मिकता यही हो, जो ख्रीष्टमाथि निर्भर हुन्छ, जुनचाहिँ विश्वास-द्वारा *परमेश्वरबाट आउने धार्मिकता* हो" (फिलि ३:९)। पावल यो जान्दछन् कि परमेश्वरको सामु भएको उनको धार्मिकता उनी स्वयम्ले गरेका कुनै कामको

[२]आदमको पाप हामीमा आरोपण गरिएको अवधारणाबारे हे. अ. २४।

[३]हाम्रो दोष ख्रीष्टमा आरोपण गरिएको तथ्यबारे हे. अ. २७। पावल भन्छन्, "किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।

कारण होइन; यो परमेश्वरको धार्मिकता हो जो ख्रीष्टको माध्यमबाट आउँछ (तु. रोम ३:२१-२२)।[४]

परमेश्वरले हामीलाई हाम्रा धार्मिकता वा पवित्रताको वास्तविक स्थितिको आधारमा होइन, तर उहाँले हाम्रो हो भनी मानिलिनुभएको ख्रीष्टको धार्मिकताको आधारमा हामीलाई धर्मी ठहराउनुहुन्छ भन्ने कुरामाथि जोड़ दिनु सुसमाचारको मर्मका लागि अत्यावश्यक छ। सुधारवादी आन्दोलनमा प्रोटेस्टेन्ट र रोमन क्याथलिक माझका भिन्नताको मर्म यो नै थियो। Martin Luther-को समयदेखि प्रोटेस्टनवादले यस कुरामा जोड़ दिँदैआएको छ कि धर्मीकरणले हामीलाई भित्रबाट परिवर्तन *गर्दैन* र यसको घोषणा कुनै पनि प्रकारले हामीभित्र भएको भलोपनमाथि आधारित छैन। यदि धर्मीकरणले हामीलाई आन्तरिक रीतिमा परिवर्तन गरेको भए र त्यसपछि हामी वास्तवमा कति असल थियौं भन्ने कुराको आधारमा हामी धर्मी घोषणा गरिएका भए (१) हामी सिद्ध रूपमा धर्मी छौं भनी यस जीवनमा कहिल्यै पनि घोषित हुनेथिएनौं किनभने यस्तो पाप छ जो हाम्रो जीवनमा रही नै रहन्छ, अनि (२) विगतका पापहरूका निम्ति (हामी आन्तरिक रूपमा परिवर्तन गरिइनुभन्दा पहिलेका पापहरू) क्षमाको कुनै प्रबन्ध हुनेथिएन र त्यसकारण हामी परमेश्वरको सामुन्ने धर्मी छौं भन्ने हामीमा भरोस हुनेथिएन। पावलले यसो भन्दा उनीसित भएको त्यो साहस हामीमा कहिल्यै पनि हुनेथिएन, "यसैकारण विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ" (रोम ५:१)।[५] हामी आन्तरिक रूपमा जे छौं त्यसमा धर्मीकरण आधारित छ भनी हामीले ठान्यौं भने पावलसँगै यसो भन्ने हाम्रो कहिल्यै साहस हुनेथिएन, "यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई *दण्डको आज्ञा* छैन" (रोम ८:१)। परमेश्वरले हामीलाई क्षमा गर्नुहुनेछ भन्ने हामीसित कुनै भरोसा हुनेथिएन, "साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा" (हिब १०:२२) उहाँको समीप जाने कुनै साहस हुनेथिएन। हामी धार्मिकताका *सित्तैंको वरदान*"-

---

[४]हामीले कहिलेकाहीं यो लोकप्रचलित व्याख्या सुन्छौं कि *धर्मीकरण*को अर्थ "जस्तो कि मैले कहिल्यै पाप गरेकै थिइनँ।" यो परिभाषा शब्दको चतुर श्लेष हो र यसमा सत्यताको कुनै तत्त्व त छ नै (किनभने कहिल्यै पाप नगरेको मानिसले जस्तै धर्मीकरण गरिएको मानिसले पापको निम्ति तिर्नुपर्ने कुनै जरिवाना छैन)। तर यसकारण यो परिभाषा अन्य दुई प्रकारले दिगभ्रमित बनाउने किसिमको छ किनभने (१) यसले यस तथ्यबारे केही बताउँदैन कि म धर्मी तुल्याइँदा ख्रीष्टको धार्मिकता मेरो लेखामा गनिन्छ; यसो गर्नलाई यस परिभाषाले यो पनि भन्नुपर्दछ कि "मैले त सिद्ध धार्मिकताको जीवन बिताएकै ठानिन्छ।" (२) तर योभन्दा अझ महत्त्वपूर्ण कुरा यो हो, यस परिभाषाले पर्याप्त मात्रामा यो तथ्यको प्रतिनिधित्व गर्दैन कि "जस्तो कि मैले कहिल्यै पाप गरेकै थिइनँ" भन्ने स्थितिमा म *कहिल्यै पनि* हुनेछैनँ किनभने म *जहिले* पनि यस तथ्यबारे चेतनशील भइरहनेछु कि मैले पाप *गरेको* छु अनि म निर्दोष व्यक्ति होइन तर दोषी व्यक्ति हुँ जसलाई क्षमा गरिएको छ। यसबाहेक, यो "जस्तो कि मैले त सिद्ध धार्मिकताको जीवन बिताएको थिएँ" भन्ने सोचभन्दा बेग्लै हो, किनभने म सदाकाल यो जान्नेछु कि मैले सिद्ध धार्मिकताको जीवन बिताएको छैनँ, तर परमेश्वरको अनुग्रहद्वारा मलाई ख्रीष्टको धार्मिकता दिइएको छ।

त्यसकारण पापको क्षमा र ख्रीष्टको धार्मिकताको आरोपण दुवैमा मेरो स्थिति मैले कहिल्यै पनि पाप नगरको र सिद्धतासित धार्मिक जीवन जिएको स्थितिभन्दा अति नै भिन्नै हुनेथियो किनभने म क्षमा दिइएको *पापी* हुँ भनी म सदाकाल स्मरण गर्नेछु र मेरो धार्मिकता मेरो आफ्नै गुणमा आधारित छैन तर येशू ख्रीष्टको उद्धार दिने काममा भएको परमेश्वरको अनुग्रहमा आधारित छ। सुसमाचारको मुटुमै भएको कुनै पनि उच्च शिक्षा ती मानिसहरूद्वारा कहिल्यै बुझिने छैनन् जसलाई यो सोच्दै तिनीहरूका जीवन बिताउन प्रोत्साहन दिइन्छ कि "धर्मीकरण"-को अर्थ "जस्तो कि मैले कहिल्यै पाप गरेकै थिइनँ" हो।

[५]मुख्य क्रियापदको अघि राखिएको सामान्य भूत कर्मवाच्य कृदन्त *dikaothentes*-ले वर्तमान-कालिक मुख्य क्रियापद "हाम्रो मिलाप भएको छ"अघि कार्य समापन भएको अर्थ सङ्केत गर्दै "यसैकारण विश्वासद्वारा धर्मी ठहराइएकाले … हाम्रो मिलाप भएको छ" भन्ने अर्थ दिन्छ।

बारे (रोम ५:१७) बोल्न सक्नेथिएनौं वा यो भन्न सक्नेथिएनौं "परमेश्वरको सित्तैंको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो" (रोम ६:२३)।

धर्मीकरणबारे परम्परावादी रोमन क्याथलिक बोध योभन्दा अति नै भिन्नै छ। धर्मीकरण यस्तो कुरा हो जसले हामीलाई आन्तरिक रूपमा परिवर्तन गरिदिन्छ र हामीलाई भित्रबाट अझ पवित्र बनाउँछ भनी रोमन क्याथलिक मण्डलीले बुझ्दछ। "ट्रेन्ट परिषद्को शिक्षाअनुसार धर्मीकरण 'पवित्रीकरण र भित्रीय मानिसको नवीकरण' हो।[६] धर्मीकरण शुरु हुनलाई सर्वप्रथम मानिसको बप्तिस्मा हुनुपर्दछ र त्यसपछि (वयस्कको रूपमा) तिनी विश्वासमा अटल रहनुपर्दछ : "प्रथम धर्मीकरणको प्रमुख कारक तत्त्व बप्तिस्माको संस्कार हो।"[७] तर "वयस्क व्यक्तिको धर्मीकरण विनाविश्वास सम्भव छैन । ... जहाँसम्म धर्मी ठहराउने विश्वासका तत्त्वहरूको सवाल छ, तथाकथित विश्वासजन्य (fiducial) विश्वास पर्याप्त हुँदैन। अनिवार्य कुरा ईश्वरशास्त्रीय वा धर्मसैद्धान्तिक विश्वास (पाप स्वीकरणको विश्वास) हो जो प्रकाशन भएका परमेश्वरीय सत्यताहरूका सबल स्वीकरणको रूपमा गठन भएको हुन्छ।"[८] तसर्थ बप्तिस्मा त्यो साधन हो जसको माध्यमद्वारा सर्वप्रथम धर्मीकरण प्राप्त गरिन्छ र त्यसपछि यदि एउटा वयस्क मानिसले धर्मीकरण प्राप्त गर्नु वा धर्मीकरणको अवस्थामा नै रहिरहनु हो भने विश्वास आवश्यक हुन्छ। Ottले यो बुझाउँछन् कि "तथाकिथत विश्वासजन्य विश्वास" पर्याप्त हुँदैन – अर्थात् पाप क्षमाको निम्ति केवल ख्रीष्टमा भरोसा गर्ने विश्वास पर्याप्त हुँदैन। यो यस्तो विश्वास हुनैपर्दछ जसले क्याथलिक मण्डलीका शिक्षाका अन्तर्वस्तुहरू, अर्थात् "ईश्वरशास्त्रीय वा सिद्धान्तात्मक विश्वास"-लाई स्वीकार गर्दछ।

रोमन क्याथलिक दृष्टिकोणले धर्मीकरण आरोपण गरिएको धार्मिकतामाथि होइन तर *भित्र हालिदिएको* (infused) धार्मिकतामा आधारित भएको हुन्छ भनी बुझ्दछ भन्न सकिन्छ, अर्थात् धार्मिकता जो परमेश्वरले वास्तवमै *हामीभित्र हालिदिनुहुन्छ* जसले हामीलाई भित्रबाटै परिवर्तन गरिदिन्छ अनि हाम्रो वास्तविक नैतिक चरित्रलाई पनि परिवर्तन गरिदिन्छ। उहाँले त्यसपछि हामीभित्र हालिएको वा राखिएको धार्मिकताका मात्राअनुरूप हामीलाई धर्मीकरणका विभिन्न मात्राहरू दिनुहुन्छ।

धर्मीकरणबारे यो रोमन क्याथलिक दृष्टिकोणको परिणाम यो हुन्छ कि मानिसहरू हामी "अनुग्रहको स्थिति"-मा छौं के भनी निश्चित बन्न सक्दैनन् जहाँ तिनीहरूले परमेश्वरको पूर्ण स्वीकृति र उहाँको दयादृष्टि अनुभव गर्छन्। तिनीहरू "अनुग्रहको स्थितिमा" छन् भन्ने परमेश्वरबाट विशेष प्रकाश नपाएसम्म मानिसहरू यस स्थितिमा छन् भनी निश्चय हुन सक्दैनन् भन्ने शिक्षा क्याथलिक मण्डलीले दिन्छ। ट्रेन्टको परिषद्ले यो घोषणा गऱ्यो :

[६] Ludwig Ott, *Fundamentals of Catholic Dogma*, पृ. २५७; माथि पनि अनुमोदनसहित उद्धृत गरिएको छ। यहाँ यस तथ्यमा ध्यान दिनुपर्दछ कि Ott-ले भेटिकन द्वितीयपूर्वको अझ परम्परावादी रोमन क्याथलिकवादको प्रतिनिधित्व गर्छन् अनि धेरैवटा सामायिक रोमन क्याथलिकवादीहरूले धर्मीकरणको त्यो बोधलाई लिएका छन् जो प्रोटेस्टेन्ट दृष्टिकोणको अझ निकट छ।

[७] ऐजन, पृ.२५१।

[८] ऐजन, पृ. २५२-५३।

> व्यक्तिले आफ्नै कमजोरी र तिनको त्रुटिपूर्ण मनोवृत्तिलाई विचार्दा, अनुग्रहको स्थितिबारे तिनी भयभीत वा चिन्ताग्रस्त हुन सक्छन् नै किनकि विश्वासको निश्चयतासित, जसले कुनै पनि त्रुटिको अनुमति दिँदैन, कसैले पनि उसले परमेश्वरको अनुग्रह हासिल गरको छ वा छैन भनी जान्दैन।

यस वक्तव्यबारे Ott यो टिप्पणी थप्छन् :

> अनुग्रहको स्थितिबारे अनिश्चयताको कारण यसमा हुन्छ कि विशेष प्रकाशविना विश्वासको निश्चयतासित कसैले यो जान्न सक्दैन कि धर्मीकरण हासिल गर्नलाई आवश्यक पर्ने सबै शर्तहरू उसले पूरा गरेको छ वा छैन। तरै पनि, विश्वासका निश्चयताको असम्भाव्यताले विवेकको साक्षीले समर्थन गरेको उच्च नैतिक निश्चयतालाई कुनै पनि प्रकारले वर्जित गर्दैन।[९]

यसको अतिरिक्त, रोमन क्याथलिक मण्डलीले धर्मीकरणमा परमेश्वरले हामीभित्र गर्नुहुने अन्य कुनै काम पनि छन् भन्ने दृष्टिकोण राखेको कारण यसको तर्कसङ्गत निष्कर्ष यो हुन्छ कि मानिसहरूले धर्मीकरणका विभिन्न मात्राहरू अनुभव गर्न सक्छन्। हामी पढ्दछौं, "सबै धर्मी जनमा धर्मीकरणको अनुग्रहका मात्राहरू एक रूपी हुँदैनन्" अनि "असल कामहरूद्वारा अनुग्रह बढाउन सकिन्छ।"[१०] यस क्याथलिक दृष्टिकोण प्रोटेस्टेन्ट सुधारवादीहरूको भन्दा कसरी भिन्नै छ सो Ott बुझाउँछन् : "सुधारवादीहरूले धर्मीकरण ख्रीष्टको न्यायको बाहय आरोपण मात्र हो भनी गलत प्रकारले ठानेका हुनाले नै पनि विश्वास गर्न तिनीहरू बाध्य बने कि धर्मीकरण सबै मानिसहरूमा एकरूपी छ। ट्रेन्टको परिषद्ले तर यो घोषणा गऱ्यो कि धर्मी बनाइएको व्यक्तिमा प्राप्त भएका अनुग्रहका मात्राहरू परमेश्वरको सित्तैंको आबन्टन र प्राप्त गर्ने व्यक्तिका मनोवृत्ति र सहयोगअनुसार विभिन्न मात्राहरूका हुन्छन्।"[११]

अन्त्यमा, धर्मीकरणबारे यो दृष्टिकोणको तर्कसङ्गत परिणाम यो हुन्छ कि परमेश्वरसँगको हाम्रो अनन्त जीवन परमेश्वरको अनुग्रहमा मात्र आधारित छैन, तर आंशिक रूपमा हाम्रा गुणमाथि पनि आधारित छ : "धर्मीकरण गरिएको अनन्त जीवन परमेश्वरद्वारा प्रतिज्ञा गरिएको अनुग्रहको वरदान साथै तिनकै असल काम र गुणहरूको इनाम हो ... । स्तुत्य कामहरू परमेश्वरका वरदानहरू हुन् साथै मानिसका सराहनीय कृत्यहरू हुन्।"[१२]

धर्मीकरणको यस दृष्टिकोणलाई धर्मशास्त्रबाट समर्थन गर्नका लागि, Ott-ले नयाँ करारबाट ती खण्डहरूलाई बारम्बार मिश्रण गर्छन् जुन खण्डहरूले धर्मीकरणबारे मात्र बताउँदैनन् तर ख्रीष्टियान जीवनका अन्य पक्षहरूबारे पनि बताउँछन्, जस्तै, पुनर्जीवन (यो परमेश्वरले हामीमा ल्याउनुहुन्छ), पवित्रीकरण (ख्रीष्टियान जीवनमा हुने यो एउटा प्रक्रिया हो र यो विभिन्न व्यक्तिहरूमा विभिन्न प्रकारमा

---

[९]ऐजन, पृ. २६१-६२।
[१०]ऐजन, पृ. २६२।
[११]ऐजन, पृ. २६२।
[१२]ऐजन, पृ. २६४।

हुन्छ), ख्रीष्टियान जीवनमा विभिन्न वरदानहरू र तिनका प्रयोगहरू (यी पनि विभिन्न व्यक्तिहरूअनुसारकै विभिन्न थरीका हुन्छन्) र अनन्त इनाम (यो पनि विभिन्न व्यक्तिहरूअनुरूपका हुन्छ)। यी सबै खण्डहरूलाई धर्मीकरणको संवर्गमा श्रेणीबद्ध गर्दा, यसले यस विषय-वस्तुलाई धमिल्याई मात्र दिन्छ र पापको क्षमा र परमेश्वरको सामुन्ने सही वैधिक स्थितिलाई परमेश्वरको सित्तैंको वरदान त होइन तर हाम्रो आफ्नै गुणमा निर्भरित भएको बनाइदिन्छ। तसर्थ विभिन्नतालाई धमिल्याउनाले अन्ततः सुसमाचारको मर्मलाई नै नष्ट गरिदिन्छ।

Martin Luther-ले अति स्पष्टतासित देखेका कुरा यही नै थियो जसले सुधारवादी आन्दोलन (Reformation)-लाई गति दियो। जब सुसमाचारको शुभ सन्देश वास्तवमा येशू ख्रीष्टमा पूर्णतः सित्तैंको मुक्तिको सुसमाचार बन्यो, तब सुसमाचार सभ्य संसारमा जङ्गलको आगोजस्तो फैलियो। तर यो केवल मूल सुसमाचार पुनः प्राप्त गरिएको मात्र थियो जसले यो घोषणा गर्छ, "किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको *सित्तैंको वरदान* ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो" (रोम ६:२३) अनि जोड़ दिन्छ कि "यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन" (रोम ८:१)।

### घ. परमेश्वरको अनुग्रहबाटै मात्र धर्मीकरण हामीकहाँ आउँछ, हामीमा भएको कुनै गुणको कारण आउँदैन

कसैले पनि परमेश्वरको अगि आफैलाई धर्मी बनाउन सक्दैन भनी पावलले रोमी १:१८-३:२० मा बताएपछि ("व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन," रोम ३:२०), उनी यो बताउन अगि बढ्छन् कि "किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। परमेश्वरको अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्" (रोम ३:२३-२४)। परमेश्वरको अनुग्रहको अर्थ "अनर्जित दयादृष्टि" (unmerited favor) हो। हामी परमेश्वरको दृष्टिमा दयादृष्टि आर्जन गर्न पूर्ण रूपमा असक्षम भएका हुनाले हामी धर्मी छौं भनी घोषणा हुने एउटै यदि परमेश्वरसले अनुग्रहद्वारा विनामोल मुक्ति उपलब्ध गराइदिनुभयो भने मात्र हो। पावल बताउँछन्, "किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ – र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो – कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ" (एफि २:८-९; तु. तीत ३:७)। परमेश्वर हामीलाई धर्मी ठहराउन किन इच्छुक हुनुहुन्छ त्यसको कारण कर्महरू वा गुण होइन तर अनुग्रह हो भनी स्पष्ट रूपमा भनिएको छ। हाम्रा पाप ख्रीष्टमा आरोपण गर्न वा ख्रीष्टको धार्मिकता हामीमा आरोपण गर्न परमेश्वरको कुनै बाध्यता थिएन; उहाँको सित्तैंको दयादृष्टिको कारण मात्र उहाँले यो काम गर्नुभयो।

हामी परमेश्वरको अनुग्रह साथै *हाम्रा आफ्नै कुनै गुणद्वारा* धर्मी ठहराइन्छौं भन्ने रोमन क्याथलिक शिक्षाको विपरीत, जसै हामीले आफैहरूलाई धर्मीकरणको अनुग्रह प्राप्त गर्नलाई योग्यका बनाउँछौं अनि जसै हामी हाम्रा असल कामहरूद्वारा

अनुग्रहको यो स्थितिमा वृद्धि हुन्छौं, Luther र अन्य सुधारवादीहरूले यस तथ्यमा जोड़ दिए कि अनि हाम्रा असल कर्महरूका माध्यमद्वारा हामी अनुग्रहको स्थितिमा वृद्धि हुँदैजाँदा धर्मीकरण अनुग्रहद्वारा मात्र आउँछ, हामीमा भएको कुनै गुणद्वारा आउँदैन।

**ङ. परमेश्वरले हामीलाई ख्रीष्टमा भएको हाम्रो विश्वासको माध्यमद्वारा धर्मी ठहराउनुहुन्छ**

हामीले यो अध्याय शुरु गर्दा धर्मीकरण उद्धारकारी विश्वासपछि आउँछ भन्ने तथ्यमा ध्यान दियौं। पावलले यसो भन्दा यो क्रमलाई स्पष्ट पार्छन्, "र पनि हामी जान्दछौं, व्यवस्थाका कामद्वारा मानिस धर्मी ठहरिँदैन, तर येशू ख्रीष्टमाथिको विश्वासद्वारा धर्मी ठहरिन्छ" (गला २:१६)। पावलले यहाँ यो बुझाउँछन् कि सर्वप्रथम विश्वास आउँछ अनि यसको उद्देश्य धर्मी ठहराउनु हो। उनले यो पनि भन्छन् कि ख्रीष्टलाई "विश्वासद्वारा ग्रहण गरिनुपर्दछ" अनि "येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ" (रोम ३:२५,२६)। अब्राहाम र दाऊदजस्तै हामी कामद्वारा होइन तर विश्वासद्वारा धर्मी ठहराइन्छौं भन्ने तथ्यको पक्ष लिने अध्याय रोमी ४ हो। पावल भन्छन् हामी "*विश्वासद्वारा* धर्मी" ठहरिन्छौं (रोम ५:१)।

धर्मशास्त्रले यो कहिल्यै पनि भन्दैन कि हामी हाम्रा विश्वासको अन्तर्निहित भलाइको कारण धर्मी ठहराइन्छौं, जस्तो कि परमेश्वरको सामु हाम्रो विश्वासमा खुबी छ। हाम्रो विश्वास स्वयम्ले नै परमेश्वरको कृपादृष्टि आर्जन गर्छ भनी सोच्ने अनुमति धर्मशास्त्रले हामीलाई कहिल्यै पनि दिँदैन। यसको सट्टामा, धर्मशास्त्रले यो भन्छ कि हामी हाम्रो विश्वासको "माध्यमबाट" धर्मी ठहराइन्छौं। हामीले यो बुझ्नुपर्दछ कि विश्वास त्यो साधन हो जसको माध्यमद्वारा हामीलाई धार्मिकता दिइन्छ, कुनै पनि कर्मले कुनै पनि हालतमा परमेश्वरबाट हामीलाई कृपादृष्टि वा खुबी आर्जन गरिदिँदैन। यसको सट्टामा हामी ख्रीष्टका कामहरूका खुबी वा गुणको कारण मात्र धर्मी ठहराइन्छौं (रोम ५:१७-१९)।[13]

तर हामी यो प्रश्न गर्न सक्छौं कि परमेश्वरले विश्वासलाई हृदयको त्यो मनोवृत्तिको रूपमा किन रोज्नुभयो जसद्वारा हामीले धार्मिकता हासिल गर्न सक्नेछौं। ईमानदारीपूर्वक साँचो प्रेम देखाउने वा आनन्द देखाउने वा सन्तुष्टि वा नम्रता वा बुद्धि देखाउने सबै मानिसहरूलाई धार्मिकता दिने निर्णय परमेश्वरले किन लिनु

[13]यसको उदाहरण हाम्रो सामान्य जीवनमा देख्न सकिन्छ। मालिकको निम्ति मैले गरेको कामको निम्ति म मेरो तनखा थाप्छु। यो तनखा थाप्ने काममा मैले प्रयोग गर्ने "साधन" वा "उपकरण" हो – मेरो हात। म मेरो हातले कार्यालयमा मेरो तनखा थाप्छु, गन्छु। तर मेरा मालिकले मैले रुपियाँ थापेको, गनेको आदि कामहरूका निम्ति मलाई तनखा दिँदैनन्। त्यो तनखा मैले उक्त काम गर्नुभन्दा पहिले नै मैले कार्यालयमा पहिले नै गरेको कामको निम्ति दिइएको हो। वास्तवमा तनखा थाप्ने कामले मलाई एक पैसा पनि कमाइदिँदैन – मैले तनखा थापेको, गनेको आदि काम मेरो तनखा मेरो स्वामित्वमा लिने एउटा साधन मात्र थियो। यस्तै प्रकारले *विश्वास* त्यो साधन हो जसको माध्यमबाट हामी परमेश्वरबाट धर्मीकरण प्राप्त गर्दछौं तर यसले नै परमेश्वरबाट हामीलाई कुनै योग्यता उपलब्ध गराउँदैन (यो सादृश्य सहायतामूलक छ तर एकदमै सही छैन किनभने त्यो तनखा कमाउनलाई मैले अघिबाटै काम गरेको थिएँ, जब कि धर्मीकरण ख्रीष्टको काममा आधारित छ। मैले काम गरेर म मरेपछि मेरी पत्नीले त्यो तनखा थापेकी भए यो सादृश्य अझ वास्तविक हुनेथियो।)

सक्नुभएन ? परमेश्वरले किन *विश्वास*लाई त्यो साधनको रूपमा रोज्नुभयो जसद्वारा हामी धर्मीकरण प्राप्त गर्दछौं ?

यो प्रस्टै छ कि *विश्वास* हृदयको त्यो रवैया हो जुनचाहिँ हामीले आफैमाथि निर्भर गर्नुको ठीक विपरीत छ। हामी विश्वासमा ख्रीष्टकहाँ आउँदा हामी मूलतः यो भन्छौं "म आत्मसमर्पण गर्छु! अबोप्रान्त म आफैमाथि वा मेरा असल कामहरूमाथि भर पर्दिनँ। म जान्दछु कि मैले आफैलाई परमेश्वरको सामु कहिल्यै पनि धार्मिक बनाउन सक्दिनँ। त्यसकारण परमेश्वरको सामुन्ने धार्मिक मर्यादा दिनलाई म येशू तपाईंमाथि पूर्ण रूपले भरोसा र निर्भर गर्छु।" यसरी विश्वास हामी आफैहरूमा भरोसा गर्ने कामको ठीक विपरीत कुरा हो र त्यसकारण यो यस्तो रवैया हो जो हाम्रो आफ्नै योग्यतामाथि निर्भरित मुक्तिअनुरूप हुँदैन तर परमेश्वरको सित्तैंको अनुग्रहमाथि पूर्ण रूपमा निर्भरित हुन्छ। पावलले यसो भन्दा उनले यो कुरा बुझाउँछन्, "त्यसैले *यो प्रतिज्ञा विश्वासमाथि निर्भर गर्दछ, यस हेतुले कि प्रतिज्ञा अनुग्रहमाथि भर परेर* अब्राहामका सबै वंशहरूका निम्ति पक्का होस्" (रोम ४:१६)। त्यसैकारण Luther-देखि यताका सुधारवादीहरूले धर्मीकरण विश्वास र केही खुबी वा हामीले गर्ने असल कामको माध्यमद्वारा होइन तर केवल *विश्वासको माध्यमद्वारा मात्र आउँछ* भन्ने तथ्यमाथि अति बलियो जोड़ दिए। "किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ र यो[१४] तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान – हो कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ" (एफि २:८-९)। पावलले बारम्बार यो भन्छन् कि "यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन" (रोम ३:२०); यही धारणा गलाती २:१६; ३:११; ५:४ मा दोहोऱ्याइएको छ।

तर के यो याकूबको धर्मपत्रको अनुकल छ ? याकूबले "तिमीहरू देख्तछौ कि *कामद्वारा मानिस धर्मी ठहरिँदोरहेछ,* विश्वासद्वारा मात्र होइन" (याक २:२४) भन्दा उनको अर्थ के हुन सक्छ ? हामीले यहाँ यो कुरा बुझ्नुपर्दछ कि पावलले धर्मीकरण शब्दलाई जुन अर्थमा प्रयोग गरेका छन् याकूबले त्यस शब्दलाई, अर्थात् *धर्मीकरण*लाई बेग्लै अर्थमा प्रयोग गरिरहेका छन्। हामीले यस अध्यायको शुरुमा यस कुरामा ध्यान दियौं कि *धर्मीकरण* शब्दका विभिन्न अर्थहरू छन् र एउटा महत्त्वपूर्ण अर्थ "धार्मिक भनी घोषणा गरिइनु" हो; तर हामीले यस कुरालाई पनि ध्यान दिनुपर्दछ कि ग्रीक शब्द *dikaioo*-को अर्थ "धर्मी भएको प्रदर्शन गर्नु वा देखाउनु" पनि हुन सक्छ। उदाहरणार्थ, येशूले फरिसीहरूलाई भन्नुभयो, "मानिसहरूका सामुन्ने आफैलाई धर्मी ठहराउने तिमीहरू नै हौ, तर परमेश्वरले तिमीहरूका हृदय जान्नुहुन्छ" (लूक १६:१५)। यहाँ वास्तविक कुरा यो होइन कि ती यहूदीहरू आफैहरूलाई परमेश्वरको सामुन्ने "निर्दोष" भएका कुराबारे विधिपरक घोषणा गर्दै

[१४] "यो" भनी अनुवाद गरिएको शब्द नपुंसक सर्वनाम *touto हो* जसले विशेष गरी यसअघिको वाक्यांशमा "विश्वास" वा "अनुग्रह"-तिर सङ्केत गर्दैन (किनकि ग्रीकमा ती दुवै शब्दहरू स्त्रीलिङ्ग नामहरू हुन् र तिनलाई स्त्रीलिङ्गी नै सर्वनामहरू आवश्यक पर्नेथिए, तर यसअघिको वाक्यांशमा व्यक्त गरिएको त्यो सम्पूर्ण धारणातिर, अर्थात् विश्वासद्वारा आउने अनुग्रहले तपाईंलाई उद्धार दिइएको छ भन्ने धारणातिर, सङ्केत गर्छ।

हिँड्थे तर यसको सट्टामा तिनीहरू धर्मी थिए भन्ने कुरा आफ्ना बाहिरी कर्महरूले *अरू मानिसहरू*लाई देखाउन तिनीहरूले जहिले पनि प्रयास गरिरहेकै हुन्थे। सत्य कुरा भिन्नै थियो भनी येशूले जान्नुहुन्थ्यो : "तर परमेश्‍वरले तिमीहरूका हृदय जान्नुहुन्छ" (लूक १६:१५)। अनन्त जीवन पाउनलाई के गर्नुपर्छ भन्ने प्रश्‍न गरी येशूलाई जाँच गर्ने व्यवस्थाका पण्डितले येशूको पहिलो प्रश्‍नको राम्रो उत्तर दियो। तर येशूले तिनलाई "त्यसै गर, र तिमी जिउनेछौ" भन्नुहुँदा तिनी सन्तुष्ट भएनन्। लूका हामीलाई भन्छन्, "तर तिनले आफूलाई धार्मिक देखाउने इच्छा गरेर येशूलाई भने, 'मेरो छिमेकीचाहिँ को हो त ?'" (लूक १०:२८-२९)। अब, परमेश्‍वर को दृष्टिमा तिनी दोषी थिएनन् भनी आफ्नै बारेमा वैधिक फसेला दिन तिनी इच्छुक थिएनन्; यसको सट्टामा कुरा सुनिरहेका मानिसहरूका सामुन्ने आफैलाई धार्मिक देखाउन तिनले इच्छा गरिरहेका थिए। *धर्मीकरण*ले "धार्मिक छ भन्ने देखाउनु" अर्थ दिने अन्य उदाहरणहरू मत्ती ११:१९; लूका ७:३५; रोमी ३:४ मा पाइन्छन्।

याकूब २ को हाम्रो व्याख्या "धार्मिक छ भन्ने देखाउनु"-*धर्मी ठहराइएको* को स्वीकार्य अर्थ हो भन्ने तथ्यमा मात्र आधारित हुँदैन तर यो अर्थ याकूब २ को सन्दर्भमा ठीक मिल्छ वा मिल्दैन भन्ने विचारमाथि पनि आधारित हुन्छ। याकूबले "जब हाम्रा पुर्खा अब्राहामले आफ्नो छोरो इसहाकलाई वेदीमा अर्पण गरे, तब तिनी कामद्वारा नै धर्मी ठहरिएनन् ? (प २१) भन्दा उनले अब्राहामको जीवनमा धेरैपछि घटेको घटनालाई सङ्केत गरिरहेका छन्, अर्थात् इसहाकलाई बलि चढाइएको घटनापछि; यो घटना उत्पत्ति २२ मा घटेको हो। यो घटना उत्पत्ति १५:६ को धेरैपछि घटेको घटना हो। उत्पत्ति १५:६ मा अब्राहामले परमेश्‍वरलाई विश्‍वास गरे "र यो तिनको निम्ति धार्मिकता गनियो।" तरै पनि परमेश्‍वरसँग अब्राहामको करारबद्ध सम्बन्धको आरम्भमा घटेको यो प्रारम्भिक घटनालाई पावल उद्धृत गर्छन् अनि बारम्बार रोमी ४ तिर औंल्याउँछन्। पावलले त्यस समयको बारेमा बताइरहेका छन् जब परमेश्‍वरले अब्राहामलाई परमेश्‍वरमाथि उनको विश्‍वासको कारण उनलाई एकै पटकमा सदाका लागि धर्मी ठहराउनुभयो। तर याकूबले धेरै पछिको कुरा बताइरहेका छन् – अब्राहामले इसहाकको जन्मको निम्ति धेरै वर्ष प्रतीक्षा गरेपछिको अनि इसहाक बलीको निम्ति माथि पहाड़मा दाउरा बोकिलाने उमेरको भइसकेपछिको घटना याकूबले यहाँ बताइरहेका छन्। यतिखेर अब्राहाम उनका कामहरूद्वारा "धार्मिक देखाइए" र त्यस अर्थमा अब्राहामले "आफ्नो छोरो इसहाकलाई वेदीमा अर्पण गरे, तब तिनी कामद्वारा धर्मी ठहरिएनन् र ?" (याक २:२१)।[१५]

यस खण्डमा याकूबको बृहद्तर चिन्तन पनि यस बोधको अनुकूल छ। यो देखाउन याकूब चिन्तित छन् कि सुसमाचारसित भएको बौद्धिक सहमति यस्तो "विश्‍वास" हो जो वास्तवमा विश्‍वासै होइन। उनी ती मानिसहरूका विरुद्धमा तर्क

[१५]याकूब २३ पदको मूलपाठ उद्धृत गर्छन्, "अब्राहामले परमेश्‍वरमा विश्‍वास गरे, र यो उनको निम्ति धार्मिकता गनियो।" तर उनले यो भन्छन् कि अब्राहामले उनको छोरोलाई अर्पण गर्दा धर्मशास्त्र "पूरा भयो"। यसको प्रस्टै अर्थ यो हो कि धार्मिकताबारे पहिलेको घोषणा त्यस समय कार्यान्वयन भइसकेको थियो र अब्राहामले वेदीमा इसहाकलाई अर्पण गर्दा यसका परिणामहरू साँचो भएका देखिए।

गर्न चाहन्छन् जसले विश्वास छ त भन्छन् तर जसले तिनीहरूका जीवनमा परिवर्तन देखाउँदैनन्। उनी भन्छन् "कामविनाको तिम्रो विश्वास मलाई देखाऊ, र मैले गरेको कामद्वारा आफ्नो विश्वास तिमीलाई देखाउनेछु" (याक २:१८)। "जसरी शरीर आत्मादेखि अलग हुँदा मरेको हुन्छ, त्यसै गरी विश्वास पनि कामहरूदेखि अलग हुँदा मरेको हुन्छ" (याक २:२६)। याकूबले यहाँ यो मात्र भनिरहेका छन् कि परिणामहरू वा "कामहरू" नभएका विश्वास विश्वास नै होइन; यो "मृत" विश्वास हो। पावलले व्यवस्थाका कामहरूविना नै धर्मीकरण (परमेश्वरको सामुन्ने सही वैधानिक स्थिति घोषणाको अर्थमा) विश्वासद्वारा आउँछ भनी पावलले स्पष्टतया जुन शिक्षा दिएका छन् त्यो शिक्षालाई याकूबले इन्कार गरिरहेका छैनन्। याकूबले केवल एउटा भिन्नै सत्यता पुष्टि गरिरहेका छन्, अर्थात् यो बाहिरबाट देखिने कुरा हो। एक व्यक्ति धार्मिक छ भनी बाहिरबाट देखाइएको अर्थमा "धार्मिकता" एक व्यक्तिको जीवनमा प्रमाण देख्दा मात्र देखापर्दछ। भावानुवाद गर्नुपर्दा, याकूब भन्दैछन्  कि "व्यक्तिको विश्वासद्वारा मात्र होइन तर तिनका *कामहरूद्वारा तिनलाई धार्मिक भएको देखाइन्छ*।" यो एउटा यस्तो दृष्टिकोण हो जुनसित पावल पनि निश्चय नै सहमत हुन्थे (२ कोर १३:५; गला ५:१९-२४)।

विश्वासद्वारा मात्र हुने धर्मीकरणका व्यावहारिक तात्पर्यहरू अति नै महत्त्वपूर्ण छन्। सर्वप्रथम, आफैहरूलाई परमेश्वरको सामु कहिल्यै पनि धार्मिक बनाउन नसक्ने अविश्वासीहरूलाई साँचो आशा दिन यस धर्मसिद्धान्तले हामीलाई सक्षम बनाउँछ: यदि मुक्ति विश्वासद्वारा मात्र प्राप्त गरिने सित्तैंको वरदान हो भने सुसमाचार सुन्ने जोसुकैले यो आशा गर्न सक्छन् कि अनन्तको जीवन सित्तैंमा दिइएको छ र यसलाई प्राप्त गर्न सकिन्छ।

दोस्रो, यस धर्मसिद्धान्तले हामीलाई यो भरोसा दिन्छ कि ख्रीष्टका कामहरूका कारण क्षमा दिइएका पापहरूका निम्ति परमेश्वरले हामीलाई सजाय भोग्न लाउनुहुन्न। निश्चय नै हामीले पापका सामान्य *परिणामहरू* भोगिरहनपर्ला (रक्सी छोड्ने एउटा जँड्याहमा तिनको जीवनभरि नै शारीरिक दुर्बलताहरू रहिरहला नै वा धार्मिक तुल्याइएको एउटा चोर तिनको अपराधको सजाय भोग्नलाई जेल जानैपर्ला)। यसको अतिरिक्त, हामीले परमेश्वरप्रति अनाज्ञाकारी ठहरिने तरिकामा काम गरिरहँदा उहाँले हामीलाई शायद ताड़ना दिनुहुन्छ (हे. हिब १२:५-११)। उहाँले यो उहाँको प्रेमको कारण वा हाम्रै भलाइको निम्ति गर्नुहुन्छ। विगतका पापहरूका निम्ति परमेश्वरले कहिल्यै पनि हामीलाई बदला लिन सक्नुहुन्न वा लिनुहुन्न वा ती पापहरूका निम्ति हामीले तिर्नुपर्ने मोल हामीलाई तिर्न लाउनुहुन्न वा क्रोधको कारण वा हामीलाई हानि पुऱ्याउने उद्देश्यले हामीलाई दण्ड दिनुहुन्न। "यसकारण अब येशू ख्रीष्टमा भएकाहरूलाई दण्डको आज्ञा छैन" (रोम ८:१)। यस तथ्यले हामीलाई परमेश्वरको सामुन्ने रमाहट र साहसको ठूलो अनुभूति दिनुपर्दछ कि हामी उहाँद्वारा स्वीकार गरिएका छौं अनि सदाकालको निम्ति उहाँको अगि "निर्दोष" र "धार्मिक" भई खड़ा रहनेछौं।

## व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. परमेश्वरले तपाईंलाई उहाँको दृष्टिमा सदाकालको निम्ति "निर्दोष" घोषणा गरिदिनुभएको छ भन्ने कुराबारे के तपाईं विश्वस्त बन्नुभएको छ ? तपाईंको आफ्नै जीवनमा त्यो कहिले भयो के तपाईंलाई थाहा छ ? के तपाईंले यस्तो कुनै काम गर्नुभयो वा कुनै यस्तो कुरा सोच्नुभयो जसको फलस्वरूप परमेश्वरले तपाईंलाई धार्मिक ठहराउनुभयो ? धर्मीकरणको योग्य बन्नलाई के तपाईंले कुनै काम गर्नुभयो ? परमेश्वरले तपाईंलाई पूर्ण रूपमा र सदाकालको निम्ति धार्मिक ठहराउनुभएको छ भन्ने तथ्यबारे तपाईं निश्चित बन्नुभएको छैन भने, के सो हुनुभन्दा अघि तपाईंले गर्नुपर्ने आवश्यक कुनै काम छ ? कुन कुराले तपाईंलाई यो विश्वास दिलाउने छ कि परमेश्वरले तपाईंलाई निश्चय नै धार्मिक ठहराउनुभएको छ ?

२. न्यायको दिन तपाईंले आफैलाई परमेश्वरको सामुन्ने उभिरहनुभएको कल्पना गर्नुभयो भने तपाईंका पापहरू क्षमा भएका कुरा मात्र पर्याप्त हो भनी के तपाईं सोच्नुहुन्छ वा ख्रीष्टको धार्मिकता तपाईंको लेखामा गनिएको पनि आवश्यक छ भनी तपाईं सोच्नुहुन्छ ?

३. के धर्मीकरणबारे रोमन क्याथलिक र प्रोटेस्टेन्ट माझको भिन्नता महत्त्वपूर्ण छ भनी तपाईं सोच्नुहुन्छ ? यदि तपाईंले रोमन क्याथलिकको धर्मीकरणसम्बन्धी अड़ानलाई विश्वास गर्नुभयो भने परमेश्वरसँग तपाईंको सम्बन्धबारे तपाईंले के अनुभूति गर्नुहुनेथियो सो वर्णन गर्नुहोस् ? तपाईंले चिन्नुहुने आधुनिक रोमन क्याथलिकहरूले धर्मशास्त्रबारे यो परम्परावादी रोमन क्याथलिक दृष्टिकोण मानेका देखिन्छ वा तिनीहरूको भिन्नै दृष्टिकोण छ ?

४. तपाईंले पहिले वा धेरैअघि गर्नुभएका पापहरूका निम्ति परमेश्वरले तपाईंलाई अझै पनि समय-समयमा दण्ड दिइरहनुभएको जस्तो तपाईंलाई लाग्छ ? यी अनुभूतिहरूबारे छलफल गर्न के तपाईंलाई धर्मीकरणको धर्मसिद्धान्तले सहायता गर्छ ?

## विशेष शब्दावली

| | |
|---|---|
| न्यायिक | हालिएको (भित्र राखिएको) धार्मिकता |
| आरोपित गर्नु | धर्मीकरण |

## पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे. । सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यानजेल्इकल् प्रणालीगत ईश्वरशास्त्रहरूका खण्डहरू

१. एङ्गलिकन (इपिस्कपलियन)

| | |
|---|---|
| १८८२-९२ | लिट्टन, २६५-३२० |
| १९३० | थोमस, १८४-९८, २१०-२० |

२. अर्मेनी (वेजलिएन वा मेथडिस्ट)

| | |
|---|---|
| १८४७ | फिनी, ३८२-४०२ |
| १८७५-७६ | पोप, २:३५८-६२,४०२-५१ |
| १८९२-९४ | मिली, २:३०९-२६ |
| १९४० | विली, २:३७९-४०१ |
| १९६० | पुर्किसर, २८७-९२ |

३. ब्याप्टिस्ट

| | |
|---|---|
| १७६७ | जिल, १:२९१-३००; २:६८-९३ |
| १८८७ | बोइस, ३९४-४०४ |
| १९०७ | स्ट्रङ्ग, ८४६-६८ |
| १९१७ | म्यूलिन्स्, ३८९-४०१ |
| १९८३-८५ | एरिक्सन, ९५४-६१ |

४. डिसपेन्ससेशनल

| | |
|---|---|
| १९४७ | शेफर, ३:२३८-४६ |
| १९४९ | थीसन, २७१-७६ |
| १९८६ | राइरि, २९८-३०० |

५. लुथरन

| | |
|---|---|
| १९१७-२४ | पाइपर, २:३-५४, ५०३-५७ |
| १९३४ | म्युएलर, २४२-५४, ३६७-८३ |

६. रिफमर्ड (वा प्रेज्बिटरियन)

| | |
|---|---|
| १५५९ | क्यालभिन, I, ७२५-८३३ (३.११-१८) |
| १८६१ | हिपि, ५४३-६४ |
| १८७१-७३ | होज, ३:११४-२१२ |
| १८७८ | डेब्नी, ६१८-५० |
| १८८७-१९२१ | वारफील्ड, *BTS*, २६२-६८ |
| १८८९ | शेड, २ख:५३८-५२ |
| १९३७-६६ | मरे, *CW*, २:२०२-२२; *RAA*,११७-३१ |
| १९३८ | बर्खोफ, ५१०-२६ |
| १९६२ | बुसवेल, २:१८७-९६ |

७. रिन्यूअल (वा क्यारिज्म्याटिक/पेन्टिकोस्टल)

| | |
|---|---|
| १९८८-९२ | विल्यम्स, २:६१-८२ |

## रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रका प्रातिनिधिक खण्डहरू

१. रोमन क्याथलिक : परम्परावादी

| | |
|---|---|
| १९५५ | ओट, २५०-६९ |

## अन्य पुस्तक/लेखहरू

Berkouwer, G. C. *Faith and Justification.* Trans. by Lewis B. Smedes. Grand Rapids: Eerdmans. 1954.
Carson, D. A., ed. *Right with God: Justification in the Bible and the World.* Grand Rapids: Baker ,1992.
Hoekema, Anthony A. "Justification." In *Saved by Grace.* Grand Rapids: Eerdmans, and Exeter : Paternoster, 1989, pp.152-91.
McGrath, Alister E. *Iustitia Dei: A History of the Christian Doctrine of Justification.* 2 Vols. Cambridge: Cambridge University Press, 1986.
———. *Justification by Faith: An Introduction.* Grand Rapids: Zondervan, 1988.
Morris, Leon. *The Apostolic Preaching of the Cross.* 3d. ed. Grand Rapids: Eerdmans,1965, pp. 251-98.
Murray, John. "Justification." In *Redemption Accomplished and Applied.* Grand Rapids: Eerdmans,1955, pp. 117-31.
Packer, J. I. et al. *Here We Stand: Justification by Faith Today.* London: Hodder and Stoughton, 1986.
———. "Justification" In *EDT,* pp. 593-97.
Pink, A. W. *The Doctrine of Election and Justification.* Grand Rapids: Baker, 1974.
Wright, N. T. "Justification." In *NDT,* pp. 359-61.
Ziesler, J. A. *The Meaning of Righteous in Paul.* Cambridge: Cambridge University, 1972.

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**रोमी ३:२७-२८** : *तब हाम्रो घमण्ड कहाँ गयो? त्यसको त ठाउँ नै छैन। कुन सिद्धान्तमा यसो गर्ने त? यो कर्मको सिद्धान्तद्वारा हुने? कदाचित् होइन। यो त विश्वासको सिद्धान्तबाट मात्र हुन सक्छ। यसकारण व्यवस्थाका कर्महरूको पालनविना विश्वासद्वारा नै मानिस धर्मी ठहरिन्छ भनी हामी ठान्छौं।*

## भजन

"येशू, तपाईंका रगत र धार्मिकता"

येशू तपाईंका रगत र धार्मिकता
हुन् मेरा सौन्दर्य, मेरा महिमामय पहिरन;
जल्दो संसारमाझ यी पहिरनहरूमा,
उठाउनेछु माथि मेरो शिर।
निर्भीक बनी उभिनेछु म तपाईंको महान् दिनमा;
किनकि कसले तोकिदिने मेरो जिम्मा ?

यी सबैबाट पूर्ण रूपमा भए म क्षमा
पाप र डर, दोष र लाजबाट।
उठनेछु जब म मृत्युको त्यो धूलोबाट
गर्न दाबी स्वर्गहरूमा मेरो भवन,
हुनेछ त्यस बेला पनि याचना मेरो यही,
येशू जिउनुभएको छ, मर्नुभएको छ मेरो निम्ति।
येशू होस् सीमाहीन प्रशंसा तपाईंलाई,
जसको सीमाहीन कृपाले -
पूर्ण प्रायश्चित्त गरिएको छ,
अनि तिरिएको छ सदाकालको छुटकाराको मोल मेरो निम्ति।
सुनोस् मृतकहरूले सोर तपाईंको;
दिनोस् अब आज्ञा ती निर्वासितहरूलाई गर्न रमाहट;
येशू हो तपाईंका रगत र धार्मिकता,
तिनीहरूका सौन्दर्य-वस्त्र महिमामय तिनीहरूका।

*रचयिता* : Count Nikolaus Ludwig Von Zinzendorf, 1739
(अनु : John Wesley, 1740, वैकल्पिक भजन)

अध्याय ३७

# धर्मपुत्र-ग्रहण

# (परमेश्वरको परिवारमा सदस्यता)

# Adoption
# (Membership in God's Family)

***परमेश्वरको परिवारका सदस्य बन्नुका लाभहरू के-के हुन् ?***

## व्याख्या र धर्मशास्त्रीय आधार

पुनर्जीवनमा परमेश्वरले हामीभित्र नयाँ आत्मिक जीवन दिनुहुन्छ। धर्मीकरणमा परमेश्वरले हामीलाई उहाँको सामुन्ने सही वैधिक स्थिति दिनुहुन्छ। तर धर्मपुत्र-ग्रहण/अङ्गीकरणमा परमेश्वरले हामीलाई उहाँको परिवारका सदस्यहरू बनाउनुहुन्छ। त्यसकारण, मुक्तिले हामीलाई परमेश्वरसँग र उहाँका जनहरूसँग जुन व्यक्तिगत सम्बन्ध दिन्छ त्यसमाथि धर्मपुत्र-ग्रहण/अङ्गीकरणबारे बाइबलीय शिक्षाले विशेष ध्यान दिन्छ।

### क. धर्मपुत्र-ग्रहणको धर्मशास्त्रीय प्रमाण

धर्मपुत्र-ग्रहणलाई हामी निम्नलिखित ढङ्गमा परिभाषित गर्न सक्छौं : धर्मपुत्र-ग्रहण *परमेश्वरद्वारा हुने त्यो कार्य हो जसद्वारा उहाँले हामीलाई उहाँको परिवारका सदस्यहरू बनाउनुहुन्छ।*

यूहन्नाले उनको सुसमाचारको शुरुमै धर्मपुत्र-ग्रहण उल्लेख गर्छन् जहाँ उनी भन्छन्, "तर जतिले उहाँलाई ग्रहण गरे, र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो" (यूह १:१२)। तिनीहरूका तुलनामा ख्रीष्टलाई विश्वास नगर्नेहरू परमेश्वरका सन्तान होइनन् वा उहाँको परिवारमा ग्रहण गरिएका छैनन् तर तिनीहरू "क्रोधका सन्तान" हुन् (एफि २:३) र "अनाज्ञाकारिताका सन्तान" हुन् (एफि २:२; ५:६)। ख्रीष्टलाई इन्कार गर्ने यहूदीहरूले परमेश्वर तिनीहरूका पिता हुनुहुन्थ्यो भनी दाबी गरेका भए तापनि (यूह ८:४१) येशूले तिनीहरूलाई भन्नुभयो, "परमेश्वर तिमीहरूका पिता हुनुहुँदो हो त तिमीहरूले मलाई प्रेम गर्नेथियौ...। तिमीहरू आफ्नो पिता दियाबलसका हौ र तिमीहरूका पिताको इच्छा पूरा गर्ने तिमीहरूको सङ्कल्प छ" (यूह ८:४२-४४)।

हामी विशेष अर्थमा अब परमेश्वरका सन्तान हौं, अर्थात् उहाँको परिवारका

सदस्यहरू हौं भन्ने तथ्यका बारम्बारका गवाही नयाँ करारका धर्मपत्रहरूले दिन्छन्। पावल भन्छन् :

> किनभने सबै, जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन्। किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरूले पाएका छैनौ, तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौ। यसैले जब हामी परमेश्वरलाई "अब्बा, पिता" भनी पुकाछौं, त्योचाहिँ हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको हो। र सन्तान हौं भनेता उत्तराधिकारी पनि हौं, परमेश्वरका उत्तराधिकारी र ख्रीष्टसँग साझे-उत्तराधिकारी। उहाँसँग दुःख भोग्छौं भनेता हामी उहाँसँगै महिमित पनि हुनेछौं। (रोमी ८:१४-१७)

तर यदि हामी परमेश्वरका सन्तान हौं भने के परिवारका सदस्यहरूका रूपमा एका-अर्कासँग हाम्रो सम्बन्ध छ? निश्चय नै छ। वास्तवमा, परमेश्वरको परिवारमा यो धर्मपुत्र-ग्रहणले हामीलाई पुरानो करारका विश्वास गर्ने यहूदीहरूसँग पनि एउटै परिवारका हकदारहरू बनाउँदछ किनकि पावल भन्छन् कि हामी अब्राहामका पनि सन्तान हौं : "नता अब्राहामका सन्तान हुँदैमा सबै तिनका सन्तान हुन्। तर धर्मशास्त्रमा भनेअनुसार, 'इसहाकबाट नै तिमीहरूको सन्तान गनिनेछ।'" यसको अर्थ यो हो कि शरीरबाट जन्मेकाहरू परमेश्वरका सन्तान होइनन्, तर करारबाट उत्पन्न भएकाहरू नै अब्राहामका सन्तान हुन्" (रोम ९:७-८)। पावलले गलातीमा अझ बुझाउँछन्, "अब हे भाइ हो, इसहाकजस्तै हामी पनि प्रतिज्ञाका सन्तान हौं ... यसकारण भाइ हो, हामी कमारीका होइनौं, तर 'स्वतन्त्र स्त्रीका सन्तान हौं'" (गला ४:२८, ३१; तु. १ पत्र ३:६, यहाँ पत्रुसले विश्वास गर्ने स्त्रीहरूलाई नयाँ करारमा साराका छोरीहरू हुन् भनी हेर्छन्।

पावलले यो बझाउँछन् कि परमेश्वरका सन्तानका रूपमा धर्मपुत्र-ग्रहणको यो दर्जा पुरानो करारमा पूर्ण रूपमा व्यवहारमा ल्याइएको थिएन। उनी भन्छन्, "तर विश्वास आउनअघि हामी व्यवस्थाको वशमा थियौं; र विश्वास (ख्रीष्ट) प्रकट नभएसम्म हामी थुनिएका थियौं ... तर अब विश्वास आएको हुनाले अब उप्रान्त हामी संरक्षकको अधीनमा छैनौं; *किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ"* (गला ३:२३-२६)। यसको अर्थ यो भन्नु होइन कि पुरानो करारले परमेश्वर हाम्रा पिता हुँदैहुनुहुन्न भन्ने कुरा बताएन किनभने परमेश्वरले आफैलाई इस्राएलका सन्तानका पिता हुँ भनी भन्नुभयो अनि विभिन्न स्थानहरूमा तिनीहरूलाई उहाँका सन्तान भन्नुभयो (भज १०३:१३; यशै ४३:६-७; मला १:६; २:१०)। परमेश्वर इस्राएलीहरूका पिता हुनुहुन्छ भन्ने चेतना भए तापनि परमेश्वरको परिवारका सदस्यताका पूरा हित र विशेषाधिकारहरू त्यो सदस्यताको पूर्ण कार्यान्वयन ख्रीष्ट नआउञ्जेलसम्म अनि हामी परमेश्वरका सन्तान थियौं भन्ने गवाही परमेश्वरका पुत्रका आत्माले हाम्रो आत्मासँग नदिइञ्जेलसम्म आएन।

हामी परमेश्वरका सन्तान हौं भन्ने कुन प्रमाण हामी हाम्रो जीवनमा देख्छौं?

पावलले यसको स्पष्ट प्रमाण यस तथ्यमा देख्छन् कि हामी परमेश्वरका सन्तान हौं भन्ने गवाही पवित्र आत्माले हाम्रा हृदयमा दिनुहुन्छ: "तर समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो। उहाँ एउटी स्त्रीबाट जन्मनुभयो, तथा व्यवस्थाको अधीनमा जन्मनुभयो। व्यवस्थाको अधीनमा रहनेहरूलाई मोल तिरेर छुटाउनलाई उहाँ पठाइनुभयो, ताकि हामी *पुत्रको पूरा हक* पाउन सकौं। *तिमीहरू पुत्र भएका हुनाले* परमेश्वरले आफ्ना पुत्रका आत्मा हाम्रा हृदयमा पठाइदिनुभयो, जसले, 'हे अब्बा, पिता !' भनेर पुकार्नुहुन्छ। यसैकारण, परमेश्वरद्वारा तिमी अब उप्रान्त दास होइनौ, *तर पुत्र हौ, र पुत्र हौ भनेता उत्तराधिकारी पनि हौ"* (गला ४:४-७)।

हामी परमेश्वरका सन्तान हौं भन्ने हाम्रो जुन दर्जा छ त्यसमाथि यूहन्नाको धर्मपत्रले अति नै जोड़ दिन्छ, "हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं, र साँचै हौं पनि। प्रिय हो,अहिले हामी परमेश्वरका सन्तान हौं" (१ यूह ३:१-२; यूहन्नाले उनका पाठकहरूलाई अक्सरै "बालकहरू" वा "साना बालकहरू"भन्छन्) ।[1]

येशूले हामीलाई उहाँका "भाइहरू" भन्नुहुन्छ (हिब २:१२) र त्यसकारण एउटा अर्थमा उहाँ परमेश्वरको परिवारमा हाम्रा दाज्यु हुनुहुन्छ (तु. हिब २:१४), र उहाँलाई "धेरै भाइहरूमध्ये ज्येष्ठ" भन्न सकिन्छ (रोम ८:२९) तरै पनि परमेश्वर जुन प्रकारले हाम्रा स्वर्गमा हुनुहुने पिता हुनुहुन्छ र उहाँ स्वयम्ले जुन प्रकारले पिता परमेश्वरसँग सम्बन्ध राख्नुहुन्छ तीबीच स्पष्ट भिन्नता छुट्ट्याउन येशू होसियार हुनुहुन्छ। उहाँले मरियम मग्दलिनीलाई भन्नुहुन्छ, "*मेरा पिता र तिमीहरूका पिता, र मेरा परमेश्वर र तिमीहरूका परमेश्वरकहाँ* गइरहेछु" (यूह २०:१७); यसरी उहाँले अझ ठूलो र अनन्त अर्थमा परमेश्वर कसरी उहाँका पिता हुनुहुन्छ र कुन अर्थमा परमेश्वर हाम्रा पिता हुनुहुन्छ सोबीच स्पष्ट विभेदीकरण गरिरहनुभएको छ।

नयाँ करारले हामीलाई परमेश्वरका सन्तान भने तापनि (१ यूह ३:२), हामीले यस कुरामाथि पनि ध्यान दिनुपर्दछ कि अर्को यस्तो अर्थ पनि छ जसअनुसार हाम्रो धर्मपुत्र-ग्रहण अझै पनि भविष्यमा नै हुनेछ किनभने जबसम्म ख्रीष्ट फेरि आउनुहुन्न र जबसम्म हामीले नयाँ गरी पुनरुत्थान गरिएका शरीरहरू प्राप्त गर्दैनौं तबसम्म हामीले धर्मपुत्र-ग्रहणका पूर्ण लाभ र विशेषाधिकारहरू पाएका हुन्नौं। "सृष्टि मात्र होइन, तर हामी आफै पनि, जसमा पवित्र आत्माको पहिलो फल छ, सन्तानको रूपमा ग्रहण गरिनलाई, अर्थात् *हाम्रो देहको उद्धारको निम्ति* प्रतीक्षा गरेर हामी आफै पनि भित्र-भित्रै आर्तनाद गर्दछौं" (रोम ८:२३) भन्दा पावलले पछिबाट र अझ पूर्ण अर्थमा हुने धर्मपुत्र-ग्रहणबारे बताउँछन्। पावलले नयाँ गरी पुनरुत्थान भएका शरीरहरूलाई हाम्रो धर्मपुत्र-ग्रहणका विशेषाधिकारहरूका परिपूर्तिको रूपमा लिन्छन्, यति विस्तृत अर्थमा कि उनले यसलाई हामी "छोराहरूका रूपमा सन्तान बनाइएका" हौं भनी हेर्छन्।

[1]परमेश्वरका छोराछोरीका रूपमा हाम्रो स्थिति वा उहाँको परिवारमा हाम्रो सदस्यताबारे बताउने अनेकौं खण्डहरू छन् (हे. मत्ती ५:४८; ७:११; २ कोर ६:१८; एफि ५:१; फिलि २:१५; हिब २:१३-१४;

**ख. मतान्तरण/हृदय-परिवर्तनपछि धर्मपुत्र-ग्रहण आउँछ अनि यो उद्धारकारी विश्वासको परिणाम हो**

पुनर्जीवनमा हुने "नयाँ गरी जन्मनु"-को बिम्बविधानले हामीलाई मानव परिवारमा बालबालिकाहरू जन्मेका कल्पना गर्न लाउने हुनाले हामी आरम्भमा यो सोचौंला कि हामी पुनर्जीवनद्वारा परमेश्वरका सन्तान बन्नेछौं। तर नयाँ करारले धर्मपुत्र-ग्रहण र पुनर्जीवनबीच सम्बन्ध छ भनी कहिल्यै पनि भन्दैन : वास्तवमा, *धर्मपुत्र-ग्रहण*को धारणा एउटा परिवारमा जन्मनु बुझाउने धारणाको विपरीत हुन्छ !

बरु, नयाँ करारले धर्मपुत्र-ग्रहणलाई उद्धारकारी विश्वाससित जोड्दछ, अनि भन्दछ हामीले ख्रीष्टलाई भरोसा गरेका फलस्वरूप परमेश्वरले हामीलाई उहाँको परिवारमा दत्तक (धर्मपुत्र) सन्तान बनाउनुभएको छ। पावल भन्छन्, "किनकि *विश्वासद्वारा* तिमीहरू सबै ख्रीष्ट येशूमा *परमेश्वरका सन्तान* हौ" (गला ३:२३-२६)। अनि यूहन्ना लेख्छन्, "तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो" (यूह १:१२)।[२] यी दुईवटा खण्डहरूले यो स्पष्ट पार्दछन् कि धर्मपुत्र-ग्रहण मतान्तर वा हृदय-परिवर्तनपछि आउँछ अनि धर्मपुत्र-ग्रहण हाम्रो विश्वासप्रति परमेश्वरको उत्तर हो।

यसप्रतिको एउटा आपत्ति पावलको यस वक्तव्यबाट उठाउन सकिन्छ, *"तिमीहरू पुत्र भएका हुनाले* परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रा हृदयमा पठाइदिनुभयो, जसले 'हे अब्बा, पिता' भनेर पुकार्नुहुन्छ" (गला ४:६)। कसैले यो पदको अर्थ यो हो भनी बुझ्लान् कि परमेश्वरले सर्वप्रथम हामीलाई उहाँका सन्तानको रूपमा अङ्गीकार गर्नुभयो र त्यसपछि हाम्रा हृदयमा पुनर्जीवन ल्याउनलाई उहाँले हामीलाई पवित्र आत्मा दिनुभयो। तर केही पदहरू अघि पावलले यो भनेका थिए कि हामी "विश्वासद्वारा" परमेश्वरका सन्तान बनेका थियौं (गला ३:२६)। त्यसकारण गलाती ४:६ मा पावलको वक्तव्यले पुनर्जीवनमा पवित्र आत्मा दिइने कुरा बुझाएको होइन बरु पवित्र आत्माका अतिरिक्त क्रियाकलाप बुझाएको हो भनी बुझ्नु नै सर्वोत्तम हुन्छ जुन अतिरिक्त क्रियाकलापमा उहाँले हाम्रा आत्मासँग गवाही दिन र हामी परमेश्वरको परिवारका सदस्यहरू हौं भनी हामीलाई आश्वासन दिन शुरु गर्नुहुन्छ। पवित्र आत्माको यस कामले हामीलाई हाम्रो धर्मपुत्र-ग्रहणको आश्वासन दिन्छ र यस अर्थमा पावलले यो भन्छन् कि हामी सन्तान बनेपछि हाम्रा हृदयभित्र हुनुहुने पवित्र आत्मालाई परमेश्वरले यसो भन्न बाध्य बनाउनुहुन्छ, "हे अब्बा ! पिता !" (तु. रोम ८:१५-१६)।

**ग. धर्मपुत्र-ग्रहण धर्मीकरणभन्दा भिन्नै हो**

धर्मपुत्र-ग्रहण हामी ख्रीष्टियान बनेको समयमा आउने विशेषाधिकार भए तापनि

१२:५-११; १ पत्र १:१४; १ यूह ३:१०)।

[२]यो सत्य हो कि यूहन्ना १:१३ मा उनले यी मानिसहरू "परमेश्वरबाट जन्मेका" थिए भन्छन् तर यो काम तिनीहरूका बारेमा अतिरिक्त जानकारी दिने कार्य मात्र हो (अर्थात्, तिनीहरू परमेश्वरद्वारा पुनर्जीवित तुल्याइएका थिए)। तर यसले यस तथ्यलाई खण्डन गर्दैन कि "उहाँको नाउँमाथि विश्वास गर्नेहरू" नै ती मानिसहरू थिए जसलाई ख्रीष्टले परमेश्वरका सन्तान बन्ने शक्ति दिनुभयो।

(यूह १:१२; गला ३:२६; १ यूह ३:१-२) यो यस्तो विशेषाधिकार हो जो धर्मीकरणभन्दा भिन्नै हुन्छ अनि पुनर्जीवनभन्दा भिन्नै हुन्छ। प्रार्थना र उपासनामा परमेश्वरसँग सम्बन्ध गाँस्न सक्ने र ग्रहणशील हृदयले उहाँको वचन सुन्न सक्ने बनाइँदै पुनर्जीवनमा हामीलाई आत्मिक रूपमा सजीव पारिन्छ। तर यो पनि सम्भव छ कि परमेश्वरले यस्ता प्राणीहरू पनि बनाउन सक्नुहुन्थ्यो जो आत्मिक रूपमा जीवित छन् तर जो उहाँको परिवारका सदस्यहरू होइनन् र परिवारका सदस्यहरूका खास विशेषाधिकारहरूबम सहभागी हुँदैनन् – उदाहरणार्थ, स्वर्गदूतहरू स्पष्टतः त्यही वर्गमा पर्छन्।[३] त्यसकारण परमेश्वरको परिवारमा सन्तानका रूपमा ग्रहण गरिने त्यो महान् विशेषाधिकारविना हामीलाई पुनर्जीवन दिने निर्णय गर्नु परमेश्वरको निम्ति सम्भव हुनेथियो।

यसबाहेक, परमेश्वरले हामीलाई उहाँको परिवारमा धर्मपुत्र-ग्रहणका विशेषाधिकार हरूविना हामीलाई धर्मीकरण दिन सक्नुहुन्थ्यो किनकि उहाँले हाम्रा पापहरूलाई क्षमा दिन सक्नुहुन्थ्यो र हामीलाई उहाँका सन्तान नबनाउनुभई हामीलाई उहाँको सामुन्ने सही वैधिक दर्जा दिन सक्नुहुन्थ्यो। यो कुरा बुझ्न महत्त्वपूर्ण छ किनभने यसले हामीलाई यो बुझ्न सहायता गर्छ कि धर्मपुत्र-ग्रहण हुइँदा हाम्रा विशेषाधिकारहरू कति महान् हुन्छन्। धर्मीकरण हामी भित्रको हाम्रा आत्मिक जीवनसित सम्बन्धित छ। धर्मीकरण परमेश्वरको व्यवस्थाको सामुन्ने हाम्रो दर्जासित सम्बन्धित छ। तर धर्मपुत्र-ग्रहण पिताका रूपमा हुनहुने परमेश्वरसँग हाम्रो *सम्बन्ध*को कुरा हो अनि धर्मपुत्र-ग्रहणमा हामीलाई ती महानतम् आशिषहरूमध्ये अनेकौं हामीलाई दिइन्छ जसलाई हामी सम्पूर्ण अनन्ततकालभरि जान्नेछौं। हामीले यी आशिष्हरूको उत्कृष्टता बुझ्न आरम्भ गर्नथाल्यौं भने अनि हामीलाई तीमध्ये एउटै पनि आशिष् दिन परमेश्वरको कुनै  बाध्यता छैन भन्ने कुरा बुझ्यौं भने हामी प्रेरित यूहन्नासँग यसरी विष्मित् बन्न सक्छौं, "हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं, र साँच्चै हौं पनि" (१ यूह ३:१)।

### घ. धर्मपुत्र-ग्रहणका विशेषाधिकारहरू

धर्मपुत्र-ग्रहणसित आउने लाभहरू सर्वप्रथम परमेश्वर हामीसँग जसरी सम्बन्धित हुनुहुन्छ त्यस देखिन्छ, त्यसपछि परमेश्वरको परिवारमा दाज्यु-भाई दिदी-बहिनीको रूपमा एकापसमा हामी जसरी सम्बन्धित छौं, त्यसमा देखिन्छ।

परमेश्वरसँग कुराकानी गर्नु र एक असल र प्रेमिलो *पिता*का रूपमा *उहाँसँग सम्बन्ध राख्नु* हाम्रो धर्मपुत्र-ग्रहणको एउटा सर्वमहान् विशेषाधिकार हो। हामीले

[३]धर्मशास्त्रको एउटा पदमा असल र खराब दुवै किसिमका स्वर्गदूतहरूलाई "परमेश्वरका सन्तान" भनिएको छ (अयू १:६) तरै पनि यस पदले स्पष्टतया सन्तानको त्यस दर्जालाई बुझाएको हुनुपर्दछ जुन दर्जा परमेश्वरले तिनीहरूलाई सृष्टि गर्नुभएको कारण रहेको हुन्छ। यसले यो बुझाएको देखिन्न कि प्रायः सबै स्वर्गदूतहरू (विशेष गरी दुष्ट स्वर्गदूतहरू) ती विशेषाधिकारहरूमा सहभागी हुन्छन् जुन विशेषाधिकार परमेश्वरका सन्तान भएर हामी प्राप्त गर्दछौं। वास्तवमा हिब २:१४-१६ ले परमेश्वरका सन्तानका रूपमा हाम्रो दर्जा र स्वर्गदूतहरूको दर्जामाझ स्पष्ट भिन्नता देखाउँछ। यसबाहेक, स्वर्गदूतहरू परमेश्वरको परिवारका सदस्यहरू हुन् वा परमेश्वरका सन्तानका रूपमा हामीसँग हुने पारिवारिक विशेषाधिकारहरू तिनीहरूसित हुन्छन् भनी कहीँकतै बताइएको छैन। (उत ६:२-४ ले स्वर्गदूतहरू बताएको हुनै सक्दैन; हे. Wayne Grudem, *The First Epistle of Peter*, पृ. २११-१५)

गर्नुपर्ने प्रार्थना यो हो : "हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ" (मत्ती ६:९) अनि हामीले यो बुझ्नुपर्दछ कि हामी अबोप्रान्त "दास होइनौं, तर पुत्र हौं" (मत्ती ४:७)। त्यसकारण जसरी एउटा दासले मालिकसँग सम्बन्ध राख्छ परमेश्वरसँग अब हामी त्यसरी नै सम्बन्ध राख्दैनौं तर जसरी बालकले तिनका पितासँग सम्बन्ध राख्छ त्यसरी नै परमेश्वरसँग सम्बन्ध राख्छौं। वास्तवमा परमेश्वरले हामीलाई पवित्र आत्माबाट भित्रीय गवाही दिनुहुन्छ जसले हामीलाई स्वाभाविक तरिकामा परमेश्वरलाई पिता भन्न लगाउनुहुन्छ। "जब हामी परमेश्वरलाई 'अब्बा, पिता' भनी पुकार्छौं, त्योचाहिँ हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको हो" (रोम ८:१५-१६)। पिताका रूपमा परमेश्वरसँग यो सम्बन्ध ख्रीष्टियान जीवनका अन्य धेरै आशिषहरूको आधार हो अनि यो त्यो आधारभूत तरिका बन्दछ जसअनुसार हामी परमेश्वरसँग सम्बन्ध राख्दछौं। यो सत्य हो कि परमेश्वर हाम्रा सृष्टिकर्ता, हाम्रा न्यायाधीश, हाम्रा प्रभु र स्वामी, हाम्रा शिक्षक, हाम्रा संभरक र रक्षक हुनुहुन्छ अनि उहाँ नै ती व्यक्ति हुनुहुन्छ जसले उहाँको परमेश्वरीय वास्ताद्वारा हाम्रा अस्तित्वलाई सम्भालिराख्नुहुन्छ। तर त्यो भूमिका, जो घनिष्ठतम् छ, अनि त्यो भूमिका जसले अनन्तको निम्ति परमेश्वरसँग सङ्गतिका सर्वोच्च विशेषाधिकारहरू बताउँछ त्यो भूमिका स्वर्गमा हुनुहने पिताको भूमिका हो। परमेश्वरले हामीसँग पिताका रूपमा सम्बन्ध राख्नुहुन्छ भन्ने तथ्यले यो स्पष्ट गरी देखाउँछ कि उहाँले हामीलाई *प्रेम गर्नुहुन्छ* (यूह ३:१६), उहाँले हामीलाई *बुझ्नुहुन्छ* ("जसरी बाबुले आफ्ना छोराछोरीलाई टिठ्याउँछन्, त्यसरी नै उहाँको भय मान्नेहरूलाई परमप्रभुले टिठ्याउनुहुन्छ। किनभने उहाँ जान्नुहुन्छ, हाम्रो सृष्टि कसरी भएको हो, हामी धूलो मात्र हौं भनी उहाँ सम्झनुहुन्छ" (भज १०३:१३-१४) अनि उहाँले *हाम्रा अभावहरू पूरा गरिदिनुहुन्छ* ("किनकि अन्यजातिहरूले यी सब थोक खोज्दछन्, र तिमीहरूका स्वर्गमा हुनुहुने पिताले तिमीहरूलाई यी सबै थोकको खाँचो छ भनी जान्नुहुन्छ" (मत्ती ६:३२)। यसबाहेक, पिताका रूपमा उहाँको भूमिकामा परमेश्वरले हामीलाई *धेरै असल वरदानहरू दिनुहुन्छ,* "तिमीहरू दुष्ट भएर आफ्ना छोराछोरीहरूलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढ़ी गरेर असल चीज दिनुहुनेछ !" (मत्ती ७:११)। हामीलाई सान्त्वना दिनलाई, हामीलाई सेवकाइमा सशक्त बनाउनलाई र ख्रीष्टियान जीवन जिउनलाई उहाँले *हामीलाई विशेष गरी पवित्र आत्माको वरदान दिनुहुन्छ* (लूक ११:१३)।[४] वास्तवमा परमेश्वरले हामीलाई यस जीवनमा दिनुहुने वरदानहरू मात्र होइनन् तर उहाँले हामीलाई *स्वर्गमा* महान् *उत्तराधिकार* पनि दिनुहुन्छ किनभने हामी ख्रीष्टसँग साझे-उत्तराधिकारी बनेका छौं। पावल भन्छन्, "यसैकारण, परमेश्वरद्वारा तिमी अब उप्रान्त दास होइनौ, तर पुत्र हौ,

[४]यस पदमा येशूले भन्नुहुन्छ "तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई असल थोकहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढ़ी गरेर पवित्र आत्मा दिनुहुन्छ !" यहाँ उहाँले पनुर्जीवनमा पवित्र आत्मा आउनुभएर हामीभित्र वास गर्नुहुने वरदान बताउन खोज्नुभएको जस्तो देखिँदैन, तर यो वरदान थप सेवकाइको निम्ति दिइएको वरदान हो, अर्थात् सेवकाइमा प्रयोग गर्नुपर्ने वा ख्रीष्टियान जीवनका निम्ति वरदानहरू भन्ने उनको अर्थ भएको देखिन्छ।

र पुत्र हौ भनेता उत्तराधिकारी पनि हौ" (गला ४:७); हामी वास्तवमा "परमेश्वरका उत्तराधिकारी र ख्रीष्टसँग साझे-उत्तराधिकारी" हौं (रोम ८:१७)। "स्वर्गमा ... साँचिराखिएको अविनाशी, विशुद्ध र नओइलाउने किसिमका" महान् र अनन्तको उत्तराधिकारमाथि उत्तराधिकारीहरूका रूपमा हाम्रो अधिकार छ (१ पत्र १:४)। स्वर्गका सबै महान् विशेषाधिकार र आशिषहरू हाम्रा निम्ति र हाम्रो अधिकारमा राखिएका छन् किनभने हामी राजाका सन्तान, राजकीय परिवारका सदस्यहरू, नयाँ आकाश र पृथ्वीमा ख्रीष्टसँग राज गर्ने राजकुमार र राजकुमारीहरू हौं (प्रका २:२६-२७; ३:२१)। यस महान् विशेषाधिकारको पूर्वस्वादको रूपमा हामीलाई सेवकाइ दिन र हाम्रो सेवा गर्नलाई अहिले पनि स्वर्गदूतलाई पठाइन्छन् (हिब १:१४)।

परमेश्वरसँग हाम्रो सम्बन्ध पितासँग हुने सम्बन्धजस्तै छ जुन पिता स्वर्गमा हुनुहुन्छ। यही सम्बन्धको सन्दर्भमा हामीले त्यो प्रार्थना बुझ्नुपर्दछ जुन प्रार्थना दिनहुँ गर्नू भनी येशूले उहाँका चेलाहरूलाई भन्नुभयो, "हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ. ... *हाम्रा अपराध क्षमा गर्नुहोस्,* जसरी हामीले पनि हाम्रा विरुद्धमा पाप गर्नेहरूलाई क्षमा गरेका छौं" (मत्ती ६:९-१२; लेखकको अनुवाद)। पापको क्षमाका निम्ति गरिएको यो दिनहुँको प्रार्थना त्यो प्रार्थना होइन जसको निम्ति परमेश्वरले हामीलाई हाम्रो सम्पूर्ण जीवनकालभरि नै बारम्बार धर्मीकरण गर्नुहुन्छ किनकि धर्मीकरण एकैपटक हुने घटना हो जुन घटना हामीले उद्धारको विश्वाससित ख्रीष्टलाई भरोसा गरेका तुरुन्तैपछि आउँछ। पापको क्षमाको निम्ति गरिएको दैनिक प्रार्थना बरु हामीसँग उहाँको त्यो पितातुल्य सम्बन्ध फेरि स्थापित होस् भन्ने प्रार्थना हो, जुन सम्बन्ध परमेश्वरलाई अप्रसन्न बनाउने पापद्वारा विच्छिन्न बनाइएको र आफ्ना सन्तानलाई प्रेम गर्नहुने पिताले जस्तै परमेश्वरले हामीसँग फेरि सम्बन्ध बनाऊन् भन्ने प्रार्थना हो। "हाम्रा अपराध क्षमा गर्नुहोस्" भन्ने प्रार्थना यस्तो प्रार्थना हो जसमा हामीले आफैहरूलाई विश्वका न्यायाधीशका रूपमा हुनुभएका परमेश्वरसँग होइन तर पिताका रूपमा हुनहुने परमेश्वरसँग सम्बन्ध गाँसिरहेका छौं। यो यस्तो प्रार्थना हो जुन प्रार्थनामा हामी हाम्रा पितासँग त्यो खुल्ला सङ्गति पुनर्स्थापना गर्न चाहन्छौं जुन सम्बन्ध पापको कारण विच्छेद भएको छ (१ यूह १:९; ३:१९-२२ पनि हे.)।

*पवित्र आत्माद्वारा डोऱ्याइने* विशेषाधिकार पनि धर्मपुत्र-ग्रहणको एउटा लाभ हो। पावलले यो नैतिक लाभ हो भनी देखाउँछन् जसद्वारा पवित्र आत्माले हामीभित्र परमेश्वरको आज्ञापालन गर्ने र उहाँको इच्छाअनुसार जिउने इच्छाहरू हालिदिनुहुन्छ। उनी भन्छन्,"सबै जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन्" (रोम ८:१४) अनि उनले यसलाई त्यो *कारणको* रूपमा हामीलाई दिन्छन् जसले गर्दा ख्रीष्टियानहरूले तिनीहरूभित्र काम गरिरहनुभएका पवित्र आत्माका माध्यमबाट (प १३; पद १४ को शुरुमा भएको "किनभने" शब्दमा ध्यान दिनुहोस्) "शरीरका कार्यहरू" निर्मूल पार्नुपर्दछ। उनले पवित्र आत्माले परमेश्वरका सन्तानलाई परमेश्वरप्रति आज्ञाकारितको मार्गमा अगवाइ र मार्गदर्शन गरिरहनुभएको देख्छन्।

परमेश्वरको परिवारमा सन्तान भनी अङ्गीकार गरिँदाको अर्को विशेषाधिकार,

यद्यपि हामीले यसलाई विशेषाधिकार भनी सदैव चिन्दैनौं, यो तथ्य हो कि परमेश्वरले हामीलाई उहाँका सन्तान भनी अनुशासनमा ल्याउनुहुन्छ। "हे मेरो पुत्र, परमप्रभुको ताड़नालाई हलुका नसम्झ, उहाँबाटको दण्डमा हरेस नखाऊ, किनभने जसलाई परमप्रभुले प्रेम गर्नुहुन्छ त्यसैलाई ताड़ना दिनुहुन्छ, र आफूले ग्रहण गर्नुभएको हरेक छोरालाई उहाँले दण्ड दिनुहुन्छ" (हिब १२:५-६, हितो ३:११-१२ लाई उद्धृत गर्दै)। हिब्रूका लेखकले बुझाउँछन्, "परमेश्वरले तिमीहरूलाई छोरालाई झैं व्यवहार गर्नुहुन्छ। किनकि बाबुले ताड़ना नदिएको कुनचाहिँ छोरा हुन्छ र ? ... तर हामी उहाँका पवित्रताको सहभागी हुन सकौं भनेर हाम्रो फायदाको निम्ति उहाँले ताड़ना दिनुहुन्छ" (हिब १२:७, १०)। जसरी सांसारिक छोराछोरीहरू तिनीहरूका सांसारिक बाबुहरूद्वारा समुचित प्रकारले अनुशासनमा हुर्काइँदा आज्ञाकारितमा हुर्किन्छन् त्यसरी नै हाम्रा स्वर्गमा हुनुहुने पिताद्वारा अनुशासनमा ल्याइँदा हामी धार्मिकता र पवित्रतामा बढ्दैजान्छौं।

परमेश्वरको यो पितातुल्य अनुशासनसित सम्बन्धित तथ्य यो हो कि परमेश्वरका सन्तान र ख्रीष्टसँग साझे उत्तराधिकारीहरूका रूपमा हामीसित *उहाँका कष्टहरू र त्यसपछिका उहाँको महिमा दुवै*मा सहभागी बन्ने विशेषाधिकार छ। जसरी "ख्रीष्टले यी कष्टहरू भोग्नु र आफ्नो महिमामा प्रवेश गर्नु आवश्यक" थियो त्यसरी नै पछि आउने जीवनमा हामीले महान् महिमा पाऔं भन्ने खातिरले कष्टहरू सहँदै परमेश्वरले हामीलाई त्यही मार्गमा हिँड्ने विशेषाधिकार दिनुहुन्छ जुन मार्गमा ख्रीष्ट हिँड्नुभयो : "र सन्तान हौं भनेता उत्तराधिकारी पनि हौं, परमेश्वरका उत्तराधिकारी र ख्रीष्टसँग साझे-उत्तराधिकारी। *उहाँसँग दुःख भोग्छौं भनेता* हामी *उहाँसँगै महिमित पनि हुनेछौं*" (रोम ८:१७)।

परमेश्वरसँग हाम्रो सम्बन्ध अनि उहाँसँगको सङ्गतिसित सम्बन्धित यी महान् विशेषाधिकारहरूबाहेक धर्मपुत्र-ग्रहणका हाम्रा यस्ता विशेषाधिकारहरू पनि छन् जसले हामीले एका-अर्कासँग कसरी सम्बन्ध राख्छौं त्यसलाई र हाम्रा आफ्नै व्यक्तिगत आचरणहरूलाई पनि प्रभाव पार्दछन्। हामी परमेश्वरका सन्तान भएका कारण एका-अर्कासँगको हाम्रो सम्बन्ध, उदाहरणार्थ, स्वर्गदूतहरूका आपस्तमा भएका सम्बन्धहरूभन्दा पनि, अति नै गहिरो र घनिष्ठ हुन्छ *किनकि हामी एउटै परिवारका सदस्यहरू हौं।* नयाँ करारले अनेकौं पटक ख्रीष्टियानहरूलाई "भाइ हो" र "बहिनी हो" भनी सम्बोधन गर्छन् रोम १:१३; ८:१२; १ कोर १:१०; ६:८; याक १:२; मत्ती १२:५०; रोम १६:१; १ कोर ७:१५; फिले १:२; याक २:१५)। यसबाहेक, सम्पूर्ण मण्डलीलाई "भाइ हो," भनी सम्बोधन गर्ने धेरैवटा पदहरूले मण्डलीमा भएका पुरुषहरूलाई मात्र होइन तर सम्पूर्ण मण्डलीलाई जातिगत रूपमा बुझाएका हुन् भनी हामीले बुझ्नुपर्दछ अनि सन्दर्भले यस्तो होइन भनी स्पष्ट गरी नबताएसम्म "भाइ हो" भन्ने सम्बोधनले "प्रभुमा दाज्यु-भाइहरू र दिदीबहिनीहरू"-लाई नै बुझाएको हो भनी हामीले मान्नुपर्दछ। धर्मपत्रहरूमा "भाइ/वा दाज्यु"-को पदवी यति सामान्य छ कि नयाँ करारका लेखकहरूले अन्य जुन ख्रीष्टियानहरूलाई लेखिरहेका थिए तिनीहरूलाई सम्बोधन गर्ने प्रमुख तरिका नै यही भएको देखिन्छ।

मण्डली परमेश्वरको परिवार हो भन्ने जुन बलियो चेतना थियो त्यसलाई यस सम्बोधनले औंल्याउँछ। वास्तवमा पावलले तिमोथीलाई एफिससमा भएको मण्डली र यसमा भएका विभिन्न व्यक्तिहरूसँग त्यसरी नै सम्बन्ध गाँस्नु भन्छन् जसरी तिमोथीले एउटा ठूलो परिवारका सदस्यहरूसँग सम्बन्ध गाँस्थे : "वृद्ध मानिसलाई नहप्काऊ, तर तिनलाई बाबुलाई जस्तै गरी सम्झाऊ। आफू भन्दा सानाहरूसँग भाइसमान व्यवहार गर। वृद्ध स्त्रीहरूलाई आमाझैँ र युवतीहरूसँग चाहिँ सम्पूर्ण पवित्रतासाथ बहिनीसमान व्यवहार गर" (१ तिमो ५:१-२)।[५]

मण्डलीलाई परमेश्वरको परिवारको रूपमा हेर्ने यो अवधारणाले हामीलाई मण्डलीको कार्यबारे एउटा नौलो परिप्रेक्ष्य दिनुपर्दछ; यो "पारिवारिक काम" हो अनि यस परिवारका विभिन्न सदस्यहरूले एका-अर्कासँग कहिल्यै प्रतियोगिता गर्नुहुन्न वा तिनीहरूका प्रयासहरूमा एका-अर्कालाई बाधा पुऱ्याउनुहुन्न तर एका-अर्कालाई प्रोत्साहन दिनुपर्दछ र परिवारको जुनै पनि सदस्यकहाँ आउने कुनै पनि प्रगतिसम्बन्धी धन्यवादी बन्नुपर्दछ किनकि सबैले परिवारको भलाइ र पिता परमेश्वरको सम्मानमा देन दिइरहेका छन्। वास्तवमा एउटा सांसारिक परिवारले एउटै परियोजनामा एकसाथ काम गर्दा जसरी यसले अक्सरै ठूलो रमाहट र सङ्गतिको समय उपभोग गर्छ, त्यसरी नै मण्डलीको निर्माणमा वृद्धि गर्दैलगिने समय एका-अर्कासँगको ठूलो रमाहट र सङ्गतिको समय हुनुपर्दछ। यसबाहेक, सांसारिक परिवारमा नयाँ गरी सन्तान बनाइएका दाज्यु-भाइ वा दिदी-बहिनीहरूलाई परिवारमा उत्सुकतासित स्वागत गर्दा जसरी सांसारिक परिवारले यसका मातापिताको सम्मान गर्छ र पूर्ण मात्रामा परिवारको उद्देश्यलाई पूरा गर्छ त्यसरी नै हामीले ख्रीष्टका परिवारका नयाँ सदस्यहरूलाई उत्सुकता र प्रेमसित स्वागत गर्नुपर्दछ।

परमेश्वरको परिवारमा हाम्रो सदस्यताको अर्को पक्ष यो हो-हामीले परमेश्वरका सन्तान भई हामीले हाम्रा सबै आचरणहरूमा स्वर्गमा हुनुहुने हाम्रा *पिताको अनुकरण गर्नुपर्दछ*। पावल भन्छन्, "प्रिय बालकहरूझैं परमेश्वरको देखासिकी गर्नेहरू होओ" (एफि ५:१)। पत्रुसले यो भन्दा यही मुख्य विषयलाई प्रतिविम्बित गर्छन्, "आज्ञाकारी बालकहरू भएका हुनाले अगाड़िको अजान अवस्थाका कुइच्छाहरूमा तिमीहरू अब नलाग। तर तिमीहरूलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनका सबै रहनसहनमा पवित्र हाओ किनभने यो लेखिएको छ 'तिमीहरू पवित्र हाओ, किनभने म पवित्र छु'" (१ पत्र १:१४-१६)। पत्रुस र पावल दुवैले यो बुझ्दछन् कि छोराछोरीहरूले तिनीहरूका सांसारिक बाबुआमाको अनुकरण गर्नु स्वाभाविक हो। हामीले हाम्रा स्वर्गमा हुनुहुने पिताको अनुकरण गर्नुपर्दछ भन्ने कुरा हामीलाई स्मरण गराउनलाई पावल र पत्रुसले नानीहरूमा भएको यो स्वाभाविक प्रवृत्तिलाई देखाउँछन् – साँच्चै नै यस्तो कुरा हो जसलाई हामीले स्वभावतः गर्न चाहनुपर्दछ र जसमा हामीले आनन्द मान्नुपर्दछ। यदि स्वर्गमा हुनुहुने हाम्रा पिता

[५]परिवारको रूपमा मण्डलीबारे नयाँ करारको शिक्षाको विस्तृत विश्लेषण Wayne Grudem र J. Piper सम्पा Recovering Biblical Manhood and Womanhood, पृह. २३३-४७ मा भएको Vern S. Poythress, "The Church as a Family: Why Male Leadership in the Family Requires Male Leadership in the Church as Well" पाइन्छ।

पवित्र हुनुहुन्छ भने हामी आज्ञाकारी सन्तान भई पवित्र हुनुपर्दछ।

हामी धार्मिक आचरणको मार्गमा हिँड्दा हामीले हाम्रा स्वर्गमा हुनुहुने पितालाई सम्मान गर्छौं र उहाँलाई महिमा दिन्छौं। परमेश्वरलाई प्रसन्न बनाउने तरिकामा हामीले उठबस गर्दा अरू मानिसहरूले हाम्रा "सुकर्म देखून्, र स्वर्गमा हुनुहुने" हाम्रा "पिताको महिमा गरून्" (मत्ती ५:१६)। अविश्वासीहरूका सामन्ने शुद्ध आचरण कायम राख्नु भनी पावल फिलिप्पीहरूलाई प्रोत्साहित गर्छन् ताकि तिनीहरूचाहिँ "निर्दोष र सुधा भएर टेढ़ा र बरालिएका पुस्ताको बीचमा परमेश्वरका निस्खोट सन्तान होऊ, जुन पुस्ताको बीच संसारमा तिमीहरू ताराहरूझै चम्कऊन् (फिलि २:१)। एकरूपी नैतिक आचरणको ढाँचा हामी साँचो रूपमा परमेश्वरका सन्तान हौं भन्ने साँच्चैको प्रमाण पनि हो। यूहन्ना भन्छन्, "परमेश्वरको सन्तान को हो र दियाबलसको सन्तान को हो, यसैबाट प्रस्ट हुन्छ – (ठीक काम नगर्ने व्यक्ति परमेश्वरको सन्तान होइन, र त्यो व्यक्ति पनि होइन, जसले आफ्नो दाज्यु-भाइलाई प्रेम गर्दैन" (१ यूह ३:१०)।

## व्यक्तिगत प्रयोगका निम्ति प्रश्नहरू

१. हामीलाई परमेश्वरका सन्तान बनाइँदा प्राप्त हुने विशेषाधिकारहरूको तालिकालाई फेरि दोहोऱ्याएर हेर्नोस्। तपाईं नयाँ गरी जन्मनुभएको कारण यी विशेषाधिकारहरू स्वाभाविक तवरमा तपाईंका हुन् भनी के तपाईंले यसअघि सोच्नुभएको थियो? हामीसित पुनर्जीवन र धर्मीकरण अनि मुक्तिसित आउने अरू धैरैवटा विशेषाधिकारहरू मात्र भएर हामी तर परमेश्वरको सन्तानमा नअपनाइएका भए हाम्रो अनन्त जीवन कस्तो हुनेथियो के तपाईं सो वर्णन गर्न सक्नुहुन्छ? तपाईंले यो अध्याय पढ्नुभन्दा पहिला जुन प्रकारले अनुभूति गर्नुहुन्थ्यो त्यसको तुलनामा परमेश्वरले तपाईंलाई उहाँको परिवारमा अपनाउनुभएको छ भन्ने तथ्यको कारण तपाईंले अब कस्तो अनुभूति गर्नुहुन्छ?

२. तपाईं ख्रीष्टियान बन्नुभएको फलस्वरूप तपाईंको आफ्नै परिवारभित्र तपाईंको सम्बन्ध अझ राम्रो भएको छ वा अझ नराम्रो भएको छ? यदि तपाईंको सांसारिक परिवारसित तपाईंको सम्बन्ध अझ कठिन भएको छ भने एउटा ख्रीष्टियानको रूपमा तपाईंको जीवनमा मर्कूस १०:२९-३० कसरी सत्य बनेको छ भनी तपाईंले कुन प्रकारले पत्ता लाउनुभएको छ?

३. प्रेम नगर्ने वा क्रूर पिताहरू भएका मानिसहरूले कहिलेकाहीँ परमेश्वरबारे तिनीहरूका सोचाइमा अनि स्वर्गमा बस्नुहुने पिताका रूपमा परमेश्वरसँग सम्बन्ध गाँस्नमा तिनीहरूका पृष्ठभूमिले कठिनाइ सिर्जना गरेको पाएका छन्। पापी सांसारिक पिताहरूसँग स्वर्गमा हुनुहुने हाम्रा सिद्ध पिताको तुलना गर्ने हिब्रू १२:१०, मत्ती ७:११ र लूका ११:१३ त्यस परिस्थितिमा कसरी तपाईंको निम्ति सहायतामूलक हुन सक्छ? के यस

परिस्थितिमा १ पत्रुस १:१८ पनि सहायतामूलक नहोला र ? क्रूर र प्रेम नगर्ने पिता भएका एउटा व्यक्तिले परमेश्वर को हुनुहुन्छ अनि उहाँ कस्ता किसिमका पिता हुनुहुन्छ सोबारे उत्तरोत्तर असल मूल्याङ्कन हासिल गर्नलाई के गर्न सक्छ ? पहिलो शताब्दीमा ख्रीष्टियान बन्नेहरूमध्ये कुनै मानिसहरूका क्रूर र प्रेम नगर्ने पिताहरू थिए कि वा तिनीहरूका पिताहरू नै थिएनन् कि ? यस स्थितिमा पुरानो करारका कुन शिक्षाहरूले तिनीहरूलाई सहायता गर्न सक्थे ? एउटा असल पिता कस्ता हुन्छन् सोबारे खराब पिताहरू भएका मानिसहरूमा परमेश्वर-प्रदत्त भित्रीय अनुभूति हुन्छ ?

४. ती मानिसहरूका बारेमा सोच्नुहोस् जो तपाईंको मण्डलीका सदस्यहरू हुन्। तिनीहरू तपाईंका दाज्यु-भाइ र दिदी-बहिनीहरू (वा उनीहरू उमेर पुगेका मानिसहरू हुन् भने उनीहरू तपाईंका "पिताहरू" वा "माताहरू" हुन्) हुन् भनी ठान्न के तपाईंलाई यस अध्यायले सहायता गरेको छ ? मण्डली परिवार हो भन्ने धारणाबारेको यो थप असल मूल्याङ्कन कसरी तपाईंको मण्डलीको निम्ति सहायतामूलक हुनेछ ? यस धारणाबारेको अझ उत्तम मूल्याङ्कनलाई तपाईं कसरी प्रोत्साहित गर्नुहुनेछ ?

५. के तपाईंको मण्डलीको अरू मण्डलीहरूसित प्रतियोगिताको भावना छ जुन भावनालाई धर्मपुत्र-ग्रहणको अझ उत्तम मूल्याङ्कनले हटाउन सकिन्छ ?

६. मानव परिवारमा एउटा नानीले अपराध गर्दा र त्यसलाई सबैले थाहा पाउने गरी दण्ड दिइँदा सम्पूर्ण परिवारले शर्म भोग्नुपर्दछ। तर परिवारको एउटा सदस्यले अभूतपूर्व सफलताको निम्ति सम्मान पाउँदा सम्पूर्ण परिवारले गर्व र रमाहट गर्छ। मानव परिवारमा हुने यी घटनाहरूको सादृश्यले जीवनमा तपाईंको पवित्रताको निजी स्तरबारे र तपाईंको आत्मिक परिवारका अरू सदस्यहरूमा हुने यसको प्रतिबिम्बले तपाईंलाई कस्तो अनुभूति गराउँछ ? मण्डलीमा भएका तपाईंका दाज्यु-भाइ र दिदी-बहिनीहरूमाझ आवश्यक पर्नजाने व्यक्तिगत पवित्रताबारे तपाईंलाई यसले कस्तो अनुभूति गराउँछ ? के तपाईंको आचरणमा स्वर्गमा हुनुहुने तपाईंका पिताको अनुकरण गर्ने तपाईंभित्र बलियो आन्तरिक चाहना छ (एफि ५:१; १ पत्रुस १:४-१६) ?

७. तपाईं परमेश्वरको बालक हुनुहुन्छ भनी तपाईंभित्र भएर तपाईंको आत्मासँग साक्षी दिनुहुने पवित्र आत्मालाई के तपाईं अनुभूति गर्नुहुन्छ (रोम ८:१५-१६; गला ४:६) ? त्यो अनुभूति कस्तो हुन्छ के तपाईं वर्णन गर्न सक्नुहुन्छ ?

८. अरू जातिहरूका वा अरू सामाजिक वा आर्थिक स्थिति भएका ख्रीष्टियानहरूप्रति कुनै भेदभाव भएको तपाईंलाई लाग्छ ? धर्मपुत्र-ग्रहणसम्बन्धी धर्मसिद्धान्तले मण्डलीमा भएका यस्ता भेदभावहरूलाई कसरी मेटाइदिनुपर्दछ सो के तपाईं बुझ्न सक्नुहुन्छ (हे. गला ३:२६-२८) ? पुरुष वा स्त्रीले विपरीत लिङ्गलाई मण्डलीमा अझ धेरै वा अझ कम महत्त्वको छ भनी हेर्नु हुँदैन भनी धर्मसिद्धान्तले बुझाउँछ भन्ने कुरा पनि के तपाईं देख्नुहुन्छ (हे.

गला ३:२८) ?

## विशेष शब्दावली

धर्मपुत्र-ग्रहण (adoption)

## पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे. । सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट चयनित खण्डहरू

१. एङ्गलिकन (इपिस्कपलियन)
१८८२-९२ लिट्टन (कुनै स्पष्ट छलफल छैन)
२. अर्मेनी (वेजलिएन वा मेथडिस्ट)
१८७५-७६ पोप, ३:१-२७
१८९२-९४ मिली, २:३३७-३८
१९४० विली, २:४०२-३९
१९६० पुर्किसर, २९७-९८
३. ब्याप्टिस्ट
१७६७ गिल, १:२८८-९१; २:९३-१०७
१८८७ बोइस, ४०४-९
१९१७ म्यूलिन्स, ४०१-९
१९८३-८५ एरिक्सन, ९६१-६६
४. डिसपन्सेशनल
१९४७ शेफर, ३:२४१-४३
१९४९ थीसन, २७८-८२
१९८६ राइरि, ३०१-२,३०६-७
५. लुथरन
१९१७-२४ पाइपर, २:४०८-९
६. रिफमर्ड (वा प्रेज्बिटरियन)
१५३७-६६ मरे, *CW,* २:२२३-३४; *RAA,* १३२-४०
१९६२ बुसवेल, २:२१२-११३

### रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रका प्रातिनिधिक खण्डहरू

१. रोमन क्याथलिक : परम्परावादी
१९५५ ओट, (कुनै स्पष्ट छलफल छैन)
२. रोमन क्याथलिक : भेटिकन दोस्रोपछि

१९८० म्याकब्राइन (कुनै स्पष्ट छलफल छैन)

## अन्य पुस्तक/लेखहरू

Davids, P. H. “Adoption.” In *EDT,* p. 13.
Murry, John. “Adoption.” In *Redemption Accomplished and Applied.* Grand Rapids: Eerdmans, 1955, pp. 132-40.

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**रोमी ८:१४-१७ :** *किनभने सबै जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन्। किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरूले पाएका छैनौ, तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौ। यसैले जब हामी परमेश्वरलाई “अब्बा, पिता” भनी पुकार्छौं, त्योचाहिँ हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको हो। र सन्तान हौं भनेता उत्तराधिकारी पनि हौं, परमेश्वरका उत्तराधिकारी र ख्रीष्टसँग साझे-उत्तराधिकारी। उहाँसँग दुःख भोग्छौं भनेता हामी उहाँसँगै महिमित पनि हुनेछौं।*

## भजन

“स्वर्गमा हुनुहुने पिताको सन्तान”

स्वर्गमा हुनुहुने पिताको सन्तान
भेला होओ सुरक्षित उहाँको छातीमा;
तारालाई दिइएको थियो यस्तो शरण।

स्याहार्नुहुन्छ अनि गर्नुहुन्छ पोषण परमेश्वरले उहाँका आफ्नैहरूलाई,
उहाँको पवित्र दरबारमा तिनीहरू फस्टाउँछन्;
सबै खराब कुराहरू हुनदिनुहुन्न उहाँले तिनीहरूलाई,
बोक्नुहुन्छ उहाँका शक्तिशाली पाखुरामा उहाँले तिनीहरूलाई।

परमेश्वरबाटको न जीवन न मृत्युबाट
काँप्नेछैनन् उहाँका सन्तान कहिल्यै पनि;
देखाउनुहुन्छ उहाँको अनुग्रह तिनीहरूमाथि,
जान्नुहुन्छ उहाँले सबै व्यथा तिनीहरूका।

रमाहटको भेलामा गर प्रशंसा प्रभुको,
सुत्नुहुन्न कहिल्यै पनि तिम्रा रक्षक;

तिम्रो रक्षकको इच्छामा
हरेक तिम्रो बैरीले गर्नैपर्छ आत्मसमर्पण।

यद्यपि दिनुहुन्छ वा लिनुहुन्छ उहाँले,
त्याग्नुहुन्न कहिल्यै पनि परमेश्‍वरले उहाँको सन्तान;
हो उहाँको प्रेमिलो उद्देश्य एउटै
साँचेर राख्नु तिनीहरूलाई शुद्ध र पवित्र बनाई।

*रचयिता* : Caroline V. Sandell Berg, लगभग १८५५
(अनु : Earnst W. Olson, 1925)

पाण्डुलिपि © बोर्ड अव् पब्लिकेशन, लुथरन चर्च इन अमेरिका। अस्बर्ग फोटरेसको अनुमतिसित पुनर्मद्रित।